# इतिहास

# कक्षा १०

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

प्रथम संस्करण : वि.स. २०७६

मुद्रक : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर

मूल्य : रु.

ISBN : 978-9937-

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकवान्, अनुशासित र स्वावलम्बी, सिर्जनशील, चिन्तनशील भई समावेशी समाज निर्माणमा योगदान दिन सक्ने, भाषिक तथा गणितीय सिपका साथै विज्ञान, सूचना तथा सञ्चार प्रविधि, वातावरण, स्वास्थ्य र जनसङ्ख्यासम्बन्धी ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण तथा संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ । समतामूलक समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा समाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । माध्यमिक शिक्षा (कक्षा ९-१०) को इतिहास विषयको पाठ्यक्रमलाई मूल आधार मानी शिक्षासम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाबाट प्राप्त पृष्ठपोषणसमेतलाई समेटी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

यस पाठ्यपुस्तकको लेखन डा. शोभाखर कँडेल र श्री होमनाथ पौडेलद्वारा भएको हो । यस पाठ्यपुस्तकलाई यो स्वरूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक डा. लेखनाथ पौडेल, डा. कर्ण बाँनिया, डा. राजाराम सुवेदी, डा. निलप्रसाद पन्त, श्री ज्ञानु जोशी, श्री प्रेम भट्टराईलगायतका महानुभावहरूको विशेष योगदान रहेको छ । यस पाठ्यपुस्तकको विषयवस्तु सम्पादन श्री गणेश भट्टराई र श्री सरस्वती भट्टराई, भाषा सम्पादन श्री चिनाकुमारी निरौला, लेआउट डिजाइन श्री खडोस सुनुवारबाट भएको हो । यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

वि.स. २०७६

विषयसूची पृष्ठसङ्ख्या


| | | |
|---|---|---|
| एकाइ - एक | मध्यकालीन नेपाल | १ |
| पाठ - १ | सिंजा राज्यको सभ्यता | १ |
| पाठ - २ | सिमरौन गढ राज्यको सभ्यता | ६ |
| पाठ - ३ | बाइसी राज्यहरू | १० |
| पाठ - ४ | चौबिसी राज्यहरू | १५ |
| पाठ - ५ | सेन राज्यहरू | २१ |
| पाठ - ६ | काठमाडौँ उपत्यकाका राज्यहरू | २६ |
| पाठ - ७ | मध्यकालीन नेपालको आन्तरिक तथा वैदेशिक सम्बन्ध | ३४ |
| एकाइ - दुई | आधुनिक नेपाल | ३९ |
| पाठ- १ | पञ्चायती व्यवस्थाको उदय र अन्त्य | ३९ |
| पाठ- २ | निर्दलीय शासन व्यवस्था असफल हुनुका कारणहरू | ४४ |
| पाठ- ३ | वि.सं. २०४६ को जनआन्दोलन र उपलब्धि | ५६ |
| पाठ- ४ | आम निर्वाचन | ६२ |
| पाठ- ५ | वि.सं. २०५२ देखि वि.सं. २०६२ सम्मका घटनाक्रम | ७० |
| पाठ- ६ | जनआन्दोलन बैसट्ठी-त्रिसट्ठी | ७४ |
| पाठ- ७ | संविधान सभा | ७९ |
| पाठ- ८ | वि.सं. २०६३ देखि वि.सं. २०७४ सम्मका मुख्य मुख्य घटनाहरू | ९२ |
| पाठ- ९ | सङ्घीय शासन पद्धति | ८७ |
| पाठ- १० | सङ्घताको स्वरूप | ९० |
| एकाइ- तीन | विश्वका सभ्यताहरू | ९४ |
| पाठ- १ | ग्रिक सभ्यता | ९४ |
| पाठ- २ | रोमन सभ्यता | ९८ |
| पाठ- ३ | वैदिक सभ्यता | १०२ |

| | | |
|---|---|---|
| एकाइ- ४ | विश्वका क्रान्तिहरू | १०६ |
| पाठ- १ | रुसी क्रान्ति (सन् १९१७ ) का कारणहरू | १०६ |
| पाठ- २ | रुसी क्रान्ति: घटना र परिणामहरू | १११ |
| पाठ- ३ | भारतीय स्वतन्त्रता सङ्ग्राम (१९४७) का कारणहरू | ११५ |
| पाठ- ४ | भारतीय स्वतन्त्रता सङ्ग्रामका घटनाहरू | ११८ |
| पाठ- ५ | भारतीय स्वतन्त्रता सङ्ग्रामका परिणामहरू | १२४ |
| पाठ- ६ | चीनको जनवादी क्रान्ति (१९४९) का कारण र परिणाम | १२८ |
| पाठ- ७ | चीनको जनवादी क्रान्ति (१९४९) को सफलता र परिणाम | १२४ |
| एकाइ- पाँच : | विश्वयुद्ध | १३८ |
| पाठ- १ | द्वितीय विश्वयुद्धका कारणहरू | १३८ |
| पाठ- २ | द्वितीय विश्वयुद्धका घटनाहरू | १४३ |
| पाठ- ३ | द्वितीय विश्वयुद्धका परिणामहरू | १४६ |
| एकाइ- छ : | विश्वव्यापी सङ्गठनको अवधारणा | १५० |
| पाठ- १ | संयुक्त राष्ट्रसङ्घको स्थापना | १५० |
| पाठ- २ | संयुक्त राष्ट्रसङ्घको योगदान | १५४ |
| पाठ- ३ | संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका | १५७ |
| एकाइ- सात : | प्रयोगात्मक क्षेत्र | १६० |
| पाठ - १ | ऐतिहासिक खोज | १६० |
| पाठ - २ | देशका विभिन्न घटनाक्रमहरूको सङ्कलन | १६२ |
| पाठ - ३ | द्वितीय विश्वयुद्धका घटनाहरू | १६३ |

# मध्यकालीन नेपाल

एकाइ
एक

## पाठ १ सिंजा राज्यको सभ्यता

### परिचय

नेपालको इतिहासलाई राजनीतिक विभाजनका आधारमा तीन कालखण्डमा विभाजन गरी अध्ययन गर्ने गरिन्छ । ती कालखण्डहरू प्राचीन काल, मध्य काल र आधुनिक काल हुन् । वि.स. ९३७ भन्दा अगाडिको कालखण्ड प्राचीन काल, वि.स. ९३७ देखि १८२५ सम्मको मध्य काल र त्यसपछिको समयलाई आधुनिक काल भनिन्छ ।

प्राचीन कालमा गोपाल, महिषपाल, किरात तथा लिच्छवी सभ्यताहरूको विकास भएको थियो । लिच्छवी कालमा नेपालको आकार झन्डै अहिलेको नेपाल जत्तिकै ठुलो थियो ।

मध्यकाललाई पूर्वमध्यकाल र उत्तर मध्यकालका रूपमा विभाजन गरिएको छ । पूर्वमध्यकालीन अवस्थाका बारेमा प्रयाप्त जानकारीहरू नभएका कारणले यसलाई अन्धकारको युगसमेत भनिएको छ । पूर्वमध्यकालमा हालको नेपाल मुख्य रूपले तीन खण्डहरूमा विभाजित थियो । तिनीहरू सिंजा क्षेत्र वा खस राज्य, सिम्रौनगढ क्षेत्र वा तिरहुत वा डोय राज्य र नेपाल मण्डल वा नेपाल राज्य थिए । नेपाल मण्डल बागमती क्षेत्र वा काठमाडौँ उपत्यकाका नामले परिचित थियो ।

उत्तरमध्य कालमा आएर ती राज्यहरू पनि कमजोर हुँदै गए र हालको नेपालको कर्णाली प्रदेशमा बाइसी राज्य, गण्डकी प्रदेशमा चौबिसी राज्य, बागमती प्रदेशमा तीन मल्ल राज्य र पाल्पादेखि पूर्वी दक्षिणको प्रदेशमा तीनओटा सेन राज्यहरू थिए । गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकालाई विजय गरी काष्ठमण्डप क्षेत्रलाई राजधानी बनाएर त्यहीबाट शासन गर्न थालेपछि आधुनिक कालको सुरुआत हुन्छ ।

### सिंजा राज्य

पूर्व मध्यकालमा नागराजले स्थापना गरी विकसित भएको कर्णाली प्रदेशको सिंजा राज्य चौधौँ पुस्ताका राजा अभय मल्ल नि:सन्तान रहँदा वि.स. १४५० देखि यो साम्राज्य छिन्नभिन्न हुन गयो । प्रमुख खस राजाहरूको सङ्क्षिप्त परिचय यस प्रकार छ ।

### १. नागराज

तिब्बतको गुगेबाट आएका नागराजले बाह्रौँ शताब्दीको सुरुतिर कर्णाली प्रदेशको सिंजा उपत्यकालाई राजधानी बनाई खस राज्यको स्थापना गरेका थिए । उनले राज्य सञ्चालनको लागि स्थिति र बन्दोवस्त मिलाएका

थिए । यो राज्यको सिमाना स्पष्ट बताउन सकिँदैन तर राज्यको पूर्ण रूपमा विकास र विस्तार भएको अवस्थामा यसको सिमाना पूर्वमा त्रिशुली नदी, पश्चिममा लद्दाख, उत्तरमा तिब्बतको गुगे नदी र दक्षिणमा भारतको भागीरथी नदीसम्म फैलिएको थियो । नागराजपछि उनको वंशका चाप, चापिल्ल, क्राशिचल्ल, क्राधिचल्ल आदि राजा भए ।

### २. क्राचल्ल

काक्रे बिहास



क्राशिचल्लपछि क्राचल्ल राजा भएका हुन् । यिनी सिंजाका छैटौं राजा थिए । उनी नागराजपछिका शक्तिशाली राजा थिए । यिनी आवश्यक्ताअनुसार विभिन्न कुटनीतिक योजनाहरू बनाउने र कार्यान्वयन गर्ने काममा निकै सिपालु थिए । कुमाउँको बालेश्वर महादेवको मन्दिरमा राखिएको सिलालेखमा क्राचल्लको योगदानको चर्चा गरिएको छ । यिनले आफ्नो राज्य कुमाउँसम्म विस्तार गरेका थिए । यिनको राज्यारोहणपछि खस राज्यको प्रमाणिक इतिहास सुरु भएको मानिन्छ । सुर्खेतको काँक्रेबिहारको निर्माण यिनैले गराएका थिए ।

### ३. अशोकचल्ल

अशोकचल्ल क्राचल्लका छोरा हुन् । उनी आफ्ना बाबुजस्तै प्रतापी र विजयी थिए । गढवाल, गया तथा बोधगयामा समेत यिनका प्रशस्तिका स्तम्भहरू प्राप्त भएका छन् । यिनी न्यायप्रेमी तथा धार्मिक राजा थिए ।

### ४. जितारी मल्ल

जितारी मल्ल अशोकचल्लका छोरा हुन् । यिनी मल्ल उपाधि ग्रहण गर्ने पहिलो राजा मानिन्छन् । यिनले काठमाडौँ उपत्यकाका मल्ल राजाहरूमाथि विजय प्राप्त गरेर मल्ल उपाधि लिएको अनुमान इतिहासकारहरूले गरेका छन् । यिनले तीनपटक काठमाडौँ उपत्यकामाथि आक्रमणसमेत गरेका थिए । खसहरूको आक्रमणबाट आत्तिएर त्यसबेलाका काठमाडौँ उपत्यकाका राजा अनन्त मल्लले जितारी मल्लसँग सम्झौता गरेका थिए ।

### ५. रिपु मल्ल

रिपु मल्ल अशोक चल्लका नाति जितारी मल्लका भाइ आनन्द मल्लका छोरा थिए । यिनी राज्यका उत्तराधिकारी नभए पनि बाजे जितारी मल्लको मृत्युपछि उत्तराधिकारी खाली भएपछि राजा बनेका थिए । धार्मिक तथा विद्वान हुनाले यिनले नेपाल मण्डलको यात्रा गर्नुका साथै लुम्बिनीको पनि भ्रमण गरेको कुरा अशोक स्तम्भमा अङ्कित रिपु मल्ल र उनका छोरा सङ्ग्राम मल्लको नामले स्पष्ट पार्दछ ।

### ६. आदित्य मल्ल

आदित्य मल्ल अशोक चल्लका नाति तथा जितारी मल्लका कान्छा छोरा हुन् । यिनी राज्यका उत्तराधिकारी

नभएका हुनाले भोटको मठमा भिक्षु बनी बसेका थिए । यसबेला खस राज्यमा षडयन्त्र सुरु भइसकेको थियो । यिनले रिपु मल्लका छोरा सङ्ग्राम मल्ललाई उत्तराधिकारीबाट हटाई राज्यको शासन आफ्नो हातमा लिए । यसबेला उपत्यकाको अवस्था खस राज्यहरूको काबुबाहिर जान लागेको हुनाले यिनले काठमाडौँमाथि आक्रमण गरी आफ्नो आधिपत्य कायम राखे । यिनका छोरा नभएका हुनाले ज्वाइँ पुण्य मल्ललाई राज्यको उत्तराधिकारी बनाइयो ।

### ७. पुण्य मल्ल

राजा आदित्य मल्लकी छोरी सकुनमालाका पति पुण्य मल्ल धार्मिक सहिष्णु राजा थिए । बुद्धको आराधाना गर्दथे । उनले विभिन्न स्थानमा देवल, मठ, गुम्बा तथा मन्दिरहरू निर्माण गराई पूजा र संरक्षणका लागि गुठीको समेत व्यवस्था गरेका थिए । यिनले काठमाडौँ उपत्यकामा आक्रमण गरी ५ महिनासम्म कब्जा जमाएका थिए ।

### ८. पृथ्वी मल्ल

पृथ्वी मल्ल पुण्य मल्लका छोरा हुन् । यिनले देशको सिमाना बढाउने मात्र काम नगरी राज्यको आन्तरिक प्रबन्धमा समेत ध्यान दिँदै प्रशासन सुधारका लागि मन्त्री र महाअमात्यहरूको नियुक्ति गरेका थिए । यिनले विद्या र सिपको कदर गर्दै विभिन्न सिप र योग्यता भएका मानिसहरूलाई पुरस्कार दिने र उनीहरूको आम्दानीमा कुनै किसिमको कर नलगाउने व्यवस्था गरेका थिए । यिनले भोट र भारतसँगको व्यापारलाई सुगम बनाउनका लागि सडक निर्माण गराएका थिए । यिनको शासनकालबाट तिब्बत र डोटी स्वतन्त्र भएकाले खस राज्यको अस्तित्वमाथि सङ्कट पैदा हुँदै गयो ।

दुल्लुको कीर्तिस्तम्भ यिनैले स्थापना गरेका हुन् । यो खस राज्यको भरपर्दो ऐतिहासिक स्रोत हो । नेपाली भाषाको विकास र विस्तारमा समेत यो स्तम्भमा कुँदिएका लिपिहरूको योगदान रहेको छ ।

### ९. अभय मल्ल

अभय मल्ल विशाल खस राज्यका अन्तिम राजा हुन् । पृथ्वी मल्लको शासनकालपछि भारदारहरूमा शक्ति सङ्घर्षको थालनी भयो । त्यसलाई अभय मल्लले नियन्त्रण गर्न सकेनन् । अभय मल्लपछि सिंजाका शक्तिशाली भारदार मलय वर्माले सत्ता कब्जा गरे । यो घटनासँगै खस राज्य विभिन्न टुक्राहरूमा विभाजित भयो ।

## सिंजा राज्यको सभ्यता

आजको नेपाली सभ्यतामा खस सभ्यताको गहिरो प्रभाव परेको छ । खस सभ्यताका बारेमा तल चर्चा गरिएको छ ।

### १. राजनीतिक अवस्था

खस राजाहरूले विकेन्द्रीकारणको अभ्यास गरेका थिए । कर्णाली प्रदेशभन्दा अन्यत्रका क्षेत्रहरूमा स्थानीयहरूको जिम्मा लगाइएको थियो । प्रशासन, सैनिक सङ्गठन तथा न्यायका प्रमुख राजा हुने हुँदा राज्यका तीनओटै अङ्गहरू उनैद्वारा नियन्त्रित र निर्देशित हुने व्यवस्था थियो । राजाको जेठा छोरा राज्यको उत्तराधिकारी

हुने र अन्य राजकुमारहरूले सेनापति, मण्डलेश्वर, अमात्य आदिका रूपमा रहेर शासनमा सहयोग गर्दथे । राजा पुत्रहीन भएमा ज्वाइँमा राज्यको उत्तराधिकार जाने गरेको देखिन्छ । राजकाजमा सहयोग गर्नका लागि महाअमात्य, अमात्य, भण्डारी, राजगुरु आदिको नियुक्ति गरिन्थ्यो । त्यसैगरी गुप्तचर, भूमि, प्रशासनिक, न्यायिक, तथा ग्राम प्रशासन हेर्नका लागि प्रेक्षक, अडै, अधिकारी, कार्की/कारिक, रोकाया, महातारा आदि जस्ता पदहरूको सिर्जना गरिएको थियो । यसरी हेर्दा सिंजाको राजनीतिक सभ्यता व्यवस्थित रहेको देखिन्छ ।

### २. सामाजिक अवस्था

मध्यकालीन खस समाज सुरुमा बौद्ध धर्मबाट प्रभावित हुनाले यो समाजमा वर्ण व्यवस्थामा आधारित जातअनुसारका कार्य विभाजन गरिएको थिएन । यिनीहरूले खस भाषा बोल्दथे र यहीँबाट नै खस भाषाको उत्पत्ति भएको हो । हाल आएर त्यही खस भाषा नेपाली भाषाको रूपमा विकसित भएको छ । समाजमा सर्वसाधारण वर्गका नारीको अवस्था कस्तो थियो भन्ने कुराको जानकारी पाईँदैन । तर राजपरिवारका नारीहरू भने निकै सम्मानित र उच्च ओहदामा थिए । दैलेख पादुकास्थानको सउना कार्की र सउना कर्क्यानीको देवलमा नारी पात्रको नाम हुनाले समाजमा नारीहरूको स्थान पुरुष समान रहेको बुझिन्छ ।

### ३. धार्मिक अवस्था

सिंजा राज्य बौद्ध तथा हिन्दु धर्मको सङ्गमस्थल थियो । राजाहरू आफूलाई वोधिसत्वको अवतार मान्दथे भने हिन्दु धर्मअनुसारका संस्कारगत कार्यहरू पनि गर्दथे । यस कालमा धार्मिक सहिष्णुताको राम्रो विकास भएको थियो । वेलावेला खस राजाहरू काठमाडौँ आई पशुपतिनाथ, स्वयम्भूनाथ तथा मच्छेन्द्रनाथको दर्शनसमेत गर्दथे । प्रसिद्ध खस राजा क्राचल्लले कुमाउँमा बालेश्वर महादेवको मन्दिर स्थापना गरी भूमिदान गरेका थिए भने क्राचल्लले सुर्खेतमा काँक्रे बिहार बनाउनुका साथै गडवालमा महादेवको मन्दिर स्थापना गरी त्रिशूल चढाएका थिए । रिपु मल्लले लुम्बिनीको दर्शन गरी अशोक स्तम्भमा आफ्नो नाम कुदाएका थिए ।

### ४. चाडपर्व

खस राज्यमा विभिन्न किसिमका चाडपर्वहरू मनाइन्थ्यो । ती चाडपर्वहरू हिन्दु तथा बौद्ध संस्कारसँग सम्बन्धित थिए । कुलपूजा, दसैँतिहार, बुद्ध जयन्ती, एकादशी, चैते दसैँ, नव वर्ष, वैशाख पूर्णिमा आदि सिंजामा मनाइने महत्त्वपूर्ण चाडपर्वहरू थिए ।

### ५. आर्थिक अवस्था

कृषि, पशुपालन, घरेलु उद्योग र उत्तरदक्षिण व्यापार आदि खस राज्यका प्रमुख आर्थिक अर्थोपार्जन गर्ने माध्यमहरू थिए ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) खस राज्यका संस्थापक राजा कहाँबाट सिंजा आएका थिए ?

(ख) कुन खस राजाको पालादेखि सिंजा राज्यको अस्तित्व सङ्कटमा पर्दै गयो ?

(ग) सुर्खेतको काँक्रे बिहार कुन खस राजाले निर्माण गराएका हुन् ?

(घ) दुल्लुको कीर्तिस्तम्भ कहिले निर्माण भएको थियो ?

(ङ) सिंजाका अन्तिम खस राजा को हुन् ?

२. **तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) नेपालको नक्सा हेरेर सिंजा राज्यका चारै सिमानाहरू पत्ता लगाउनुहोस् र चार सिमानको नाम लेख्नुहोस् ।

(ख) प्रमाणिक इतिहासको परिचय दिनुहोस् कुन राजाको पालादेखि सिंजा राज्यमा प्रमाणिक इतिहासको थालनी भएको मानिन्छ ?

(ग) सिंजा राज्यका खस राजाहरू प्रभावशाली थिए भन्ने कुरालाई उनीहरूको राज्य विस्तार तथा अन्य राज्यहरूसँग भएका सन्धिका आधारमा छोटकरीमा लेख्नुहोस् ।

(घ) "सिंजा राज्यमा पृथ्वी मल्ल निकै महत्त्वपूर्ण मानिन्छन् ।" यो भनाइलाई उनको योगदानका आधारमा पुष्टि गर्नुहोस् ।

(ङ) सिंजा राज्यको अन्त्य कसरी भयो ? छोटकरीमा कारणसहित लेख्नुहोस् ।

(च) मध्यकालीन सिंजा राज्यमा कस्तो किसिमको राजनीतिक सभ्यताको विकास भएको थियो ? पाठ्यपुस्तकका आधारमा लेख्नुहोस् ।

(छ) सिंजा राज्यको सभ्यताबाट आजको सभ्यतामा कस्तो प्रभाव परेको छ ? चर्चा गर्नुहोस् ।

(ज) कुन काललाई नेपालको इतिहासमा अन्धकारको युग भनेर चिनिन्छ ? कारणसहित पुष्टि गर्नुहोस् ।

# पाठ २ सिम्रौनगढ राज्यको सभ्यता

नान्यदेव नाम गरेका व्यक्तिले वि.स. ११५४ मा सिमरालाई राजधानी बनाई सिम्रौनगढ राज्य स्थापना गरेका थिए । यिनी कर्नाटकका राजा विक्रमादित्य छैटौँका प्रधान सेनापति थिए । उत्तर भारतमा आएर पहिले नै यिनले नान्यपुरम्लाई राजधानी बनाएका थिए । उनले स्थापना गरेको सिम्रौनगढ राज्यलाई तिरहुत तथा डोय राज्यको नामले समेत चिनिन्थ्यो । यो राज्यको सिमाना पूर्वमा कोशी नदी, पश्चिममा राप्ती नदी, उत्तरमा चुरे पर्वत तथा दक्षिणमा भागीरथी नदीसम्म फैलिएको थियो । यो राज्यका संस्थापक नान्यदेवले आफ्नो राज्य विस्तारका लागि काठमाडौँ उपत्यकामाथि समेत आक्रमण गरेका थिए । यो आक्रमणमा उपत्यकाका फौजले नान्यदेवको फौजलाई खड्गले काटेर पराजित गरेका थिए । नान्यदेवपछिका मल्ल देव, गङ्गा देव, नरसिंह देव, रामसिंह देव, हरसिंह देव आदि यहाँका प्रसिद्ध राजाहरू हुन् ।

नान्यदेवपछि उनका छोराहरू मल्ल देव र गङ्गा देव राजा भएको भन्ने पाइन्छ । गङ्गा देव राजकाजलाई व्यवस्थित गर्नका लागि राज्यलाई विभिन्न प्रगन्नाहरूमा विभाजन गरी प्रत्येक प्रगन्नामा "चौधरी" हरूको नियुक्ति गर्ने प्रावधान बनाएका थिए । प्रगन्ना भनेको धेरै गाउँहरू मिलाई बनाएको ठुलो भूभाग हो । यो भूभागको प्रशासन चलाउने जिम्मेवारी चौधरीलाई दिइन्थ्यो । गङ्गा देवको मृत्युपछि नरसिंह देवले यहाँको राज्यभार सम्हालेका थिए । यिनी धर्मात्मा र दयालु राजा थिए । इतिहासकारहरूले रामसिंह देवलाई तिरहुतका कुशल तथा प्रतापी राजाका रूपमा व्याख्या गरेका छन् । यिनले आफ्नो दरबार र राज्यको सुरक्षाका लागि निकै बलियो किल्ला बनाएका थिए । किल्लाभित्र यिनको दरबार थियो । दरबारलाई शत्रुहरूबाट सुरक्षित राख्नका लागि सातओटा पर्खाल र एक्काइसओटा खाल्टाहरू बनाइएको थियो । हरेक खाल्टालाई पानीले भरिएको थियो । दरबारमा एघारओटा ढोकाहरू थिए । प्रत्येक ढोकामा धनुर्विद्यामा कुशल योद्धाहरू राखिएका थिए । यिनको शासनकालमा कला, संस्कृति, भाषा तथा साहित्यको राम्रो विकास भएको थियो । यिनले विद्वानहरूको निकै सम्मान गर्दथे । कानुनी राज्यको स्थापनाका लागि सनातन विधिअनुसार अनेक नियमहरू बनाई कार्यान्वयन गरेका थिए ।

प्रसिद्ध तथा अन्तिम कर्नाटक राजा हरसिंह देव कसका उत्तराधिकारी हुन् भन्ने कुरा स्पस्ट छैन । हरसिंह देवले आफ्नो शासनकालमा काठमाडौँ उपत्यकामाथि पटक पटक हमला गर्दा यहाँको जनजीवन तहसनहस भएको थियो । यिनले इष्टदेवी तलेजु भवानीलाई सिम्रौनगढबाट भक्तपुरमा ल्याई स्थापित गरेका थिए । वि.स. १३८२ मा हरसिंह देवको शासनकालमा दिल्लीका सुल्तान गयासुद्धीन तुगलकले सिम्रौनगढमाथि आक्रमण गरी यो राज्य ध्वस्त पारिदिए । युद्धमा पराजित भएपछि राजा हरसिंह देव घाइते भई सपरिवार दोलखातिर भाग्ने क्रममा बाटैमा उनको मृत्यु भयो । राजाको मृत्युले रानी देवलदेवी, छोरा जगतसिंह तथा अन्य सहयोगीहरू अलपत्र परिरहेका

थिए । यस अवस्थामा काठमाडौँ उपत्यकाका राजा रुद्र मल्लले उनीहरूलाई भादगाउँ दरबारमा शरण दिएर राखे । देवलदेवीले आफ्नो साथमा तुलजा भवानी पनि ल्याएकी थिइन् । यिनलाई भक्तपुरमै स्थापित गरियो र मल्ल राजाहरूले समेत तुलजा भवानीलाई आफ्नी इष्टदेवी मानेर उनको आराधना गर्न थाले । यसपछि देवलदेवी काठमाडौँ उपत्यकामा समेत सक्रिय भएको पाइन्छ । देवलदेवी राजा रुद्र मल्लकी दिदी हुन् ।

कर्नाटक वंशीय राजाहरूको पतन भएपछि दिल्लीका सुल्तान गयासुद्दीनले कामेश्वर ठाकुर नामक एक ब्राहमणलाई सिम्रौनगढको राजा बनाए । यो वंशले पनि करीब २०० वर्षसम्म यहाँ राजकाज सञ्चालन गरे ।

**सिम्रौनगढको सभ्यता**

अन्वेषण र उत्खनन्का आधारमा सिम्रौनगढ राज्यको सभ्यताको अध्ययन भएको छ । त्यहाँको सभ्यतालाई निम्नअनुसार वर्णन गर्न सकिन्छ :

सिम्रौनगढ



१. **वास्तुकला**

सिम्रौनगढमा पाइएका विभिन्न अवशेषहरूको अध्ययन गर्दा त्यहाँ वास्तुकलाको राम्रो विकास भएको पाइएको थियो । किल्ला वास्तु, सुरक्षा वास्तु, प्रासाद वास्तु, भवन वास्तु तथा इनार आदि यहाँका वास्तुकलाका उदाहरणहरू हुन् । यहाँ विभिन्न संरचनाहरूको निमार्णका लागि पाकेका इँटाहरूको प्रयोग हुने गरेको थियो ।

२. **मूर्तिकला**

मूर्तिकला सिम्रौनगढको महत्त्वपूर्ण सभ्यता तथा संस्कृति मानिन्छ । ढुङ्गाका मूर्ति तथा माटाका विभिन्न खेलौनाहरू समेत यहाँ उपलब्ध भएका छन् । तलेजुको मूर्ति, कङ्काली देवीको मूर्ति र गढीमाइको मूर्ति त्यसकालको मूर्तिकलाका नमुनाहरू हुन् । तर दिल्लीका सुल्तान गयासुद्दीन तुगलकले सिम्रौनमा गरेको आक्रमणमा धेरै मूर्तिहरू खण्डित वा क्षतिग्रस्त हुन पुगेको देखिन्छ ।

३. **सिम्रौनगढको भोजन**

सिम्रौनगढको उत्खनन गर्दा माछाका काँडा, बँदेलका नङ्ग्रा तथा घोँगीका अवशेषहरू पाइएका छन् । यी अवशेषहरू अध्ययन गर्दा माछा मासु तत्कालीन सिम्रौनगढको भोजनका परिकारहरू थिए भन्ने अनुमान गर्न सकिन्छ ।

४. **लिपि**

सिम्रौनगढका राजा रामसिंह देवका केही अभिलेखका अवशेषहरू पाइएका छन् । ती अभिलेखहरूमा मैथिली भाषा र लिपिको प्रयोग भएको देख्दा सिम्रौनगढमा मैथिली भाषा र लिपिको प्रचलन गरेको कुरा बुझिन्छ ।

## ५. मुद्राको विकास

सिम्रौनगढ राज्यमा मुद्राको अवशेष नपाइएको र बोराका बोरा कौडाहरू पाइएकाले मुद्राका रूपमा कौडाको प्रयोग भएका हुन सक्छ । पैसालाई कौडी भन्ने चलन यहींबाट चलेको हुनसक्छ ।

## ६. धर्म

सिम्रौनगढ राज्य हिन्दु सनातन धर्ममा आधारित थियो । यहाँका मानिसहरूले मूर्तिपूजा गर्दथे । यहाँका राजा तथा जनताले सनातन धर्मको अवलम्बन गरे पनि अन्य धर्महरूको सम्मान गर्दथे । राजा रामसिंह देवले तिब्बती भिक्षुहरूप्रति अगाध आदर र सम्मान प्रकट गरेका थिए ।

सैनिक सङ्गठनका दृष्टिकोणले यो सभ्यता निकै बलियो र सशक्त थियो । नान्यदेव तथा हरिसिंहदेवले पटकपटक उपत्यका माथि हमला गरी यहाँको जनजीवन तहसनहस बनाउनु, सिम्रौनगढमा बलियो सातपत्रे किल्ला निर्माण गर्नु तथा गयासुद्दीन तुगलकसँग मुकाविला गर्न तयार हुनुले यहाँको सैनिक सङ्गठन बलियो थियो भन्ने कुरा पुष्टि गर्दछ । त्यसैगरी राज्यको आन्तरिक प्रशासनसमेत निकै बलियो र प्रभावकारी थियो । राज्य सञ्चालनका लागि विकेन्द्रीकरणको अभ्यास गर्न थालिएको थियो । कर सङ्कलन र व्यवस्थापनका लागि चौधरी र पटवारीहरू नियुक्त गर्ने चलन चलेको थियो । न्याय व्यवस्थाका लागि सनातन विधिमा आधारित कानुन निर्माण गरी कानुनी राज्यको अवधारणासमेत अघि बढेको थियो । यहाँ भाषा र साहित्यको पनि राम्रै विकास भएको र विद्वानवर्गले सम्मान पाएका उदाहरणहरू पाइन्छन् । धार्मिक दृष्टिले यो राज्य सनातन हिन्दु संस्कृतिमा आधारित थियो । यहाँ शक्तिदेवीको आराधना तथा पूजापाठ हुने गर्दथे । राजपरिवारले तुलजा/तलेजुलाई आफ्नी इष्टदेवी मान्दथे । त्यसैगरी गढीमाईको स्थापना पनि यही कालमा भएको थियो । हरिसिंहदेवले काठमाडौँ उपत्यकामा आक्रमण गरेपछि पशुपतिनाथको दर्शन गरेका र तुलादान गरेका प्रमाणहरूले कर्नाटक वंशीय राजाहरू निकै धार्मिक थिए भन्ने कुरा स्पष्ट पार्दछन् । त्यस सभ्यतामा साधारण वर्गका नारीको स्थान के थियो भन्ने कुरा स्पष्ट नभए पनि राजदरबारका नारीहरू सम्मानित हुन्थे । देवलदेवी भक्तपुर दरबारमा समेत सक्रिय भएको हुँदा उक्त समयमा नारीहरूको भूमिका उच्च रहेको देखिन्छ ।

सिम्रौनगढको सभ्यताले काठमाडौँ उपत्यकामा पनि प्रभाव पारेको थियो । सिम्रौनगढका किल्लाहरूबाट प्रभावित भएर उपत्यकाका राजाहरूले विभिन्न किल्लाहरूको निर्माण गरेका थिए । उपत्यकाका मठमन्दिर तथा पाटी पौवाहरूको निर्माणमा समेत सिम्रौनगढ सभ्यताको प्रभाव परेको थियो । तलेजु भवानीलाई सिम्रौनगढबाट ल्याई यहाँ स्थापित गरिएको थियो । उपत्यकाको साहित्य र सङ्गीतमा मैथिली भाषाको व्यापक प्रयोग हुन्थ्यो । कतिपय मल्ल राजाहरूले त मैथिली भाषामा नाटकसमेत लेखेर मञ्चन गराउँथे । उपत्यकाका विभिन्न मन्दिरको नित्य पूजा तथा अन्य धार्मिक कार्यका लागि मल्ल राजाहरूले मैथिली ब्राह्मणको नियुक्ति गरेका थिए । उपत्यकाका विभिन्न मठमन्दिरहरूमा गाइने भजनमा मैथिली शब्दहरूको प्रयोग भएको छ । यस प्रकार सिम्रौनगढको सभ्यताले राजनीतिक, सामाजिक, धार्मिक तथा कुटनीतिक क्षेत्रमा राम्रो उन्नति गरेको बुझिन्छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) सिम्रौनगढ राज्यका प्रथम राजाको नाम लेख्नुहोस् ।

(ख) सिम्रौनगढमा कर्नाटक वंशले जम्मा कति वर्ष शासन चलाएको थियो ?

(ग) सिम्रौनगढका कुन राजाले कला, भाषा र संस्कृतिको विकासमा जोड दिएका थिए ?

(घ) कर्नाटक वंशपछि सिम्रौनगढमा कुन वंशको शासन स्थापित भयो ?

(ङ) सिम्रौनगढको सभ्यताले कुन ठाउँमा प्रभाव पारेको थियो ?

२. **तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) सिम्रौनगढका राजाहरूमा नान्यदेव र हरिसिंहदेव प्रसिद्ध हुनुका कारणहरूको सूची बनाउनुहोस ।

(ख) प्रगन्ना र चौधरी भनेको के हो ? स्पष्ट पार्नुहोस् ।

(ग) गङ्गादेवलाई तपाईं के कारणले सिम्रौनगढका प्रतापी राजा मान्नुहुन्छ ?

(घ) देवलदेवी को हुन् र उनी कसरी भक्तपुर दरबारमा आइपुगिन् ?

(ङ) तुलजा भवानीलाई कर्नाटक तथा मल्ल राजाहरूले आफ्नी इष्टदेवी मान्दथे । इष्टदेवी भनेको कस्ता देवी हुन् र तपाईंको परिवारका इष्टदेवी के हुन् ?

(च) सिम्रौनगढको सभ्यताले काठमाडौँ उपत्यकाको सभ्यतामाथि के कस्तो प्रभाव पारेको थियो ? उदाहरण दिएर लेख्नुहोस् ।

(छ) सिम्रौनगढ राज्यको सभ्यताका मुख्य विशेषताहरूलाई बुँदागत रूपमा चर्चा गर्नुहोस् ।

# पाठ ३ बाइसी राज्यहरू

उत्तर मध्यकालीन नेपाल आजको जस्तो अवस्थामा थिएन । प्राचीन नेपालका शासकहरू कमजोर हुँदै जाँदा केन्द्रीय सरकार पनि कमजोर हुँदै गयो । कमजोर केन्द्रीय सरकारको फाइदा उठाउँदै शासकका परिवार, सामन्त तथा अन्य पदाधिकारीहरूले छुट्टाछुट्टै स्वतन्त्र राज्यहरू स्थापना गर्न थाले । यसको परिणामस्वरूप एकीकरण हुनुभन्दा अगाडि नेपालको कर्णाली प्रदेशमा बाइसी, गण्डकी प्रदेशमा चौबिसी, उपत्यकामा मल्ल र पूर्वी नेपालमा सेन राज्यहरू स्थापना भए । त्यसै गरी गण्डकी प्रदेशमा गोरखा र त्यसैको हिमालतिर मुस्ताङ राज्यको समेत स्थापना भयो । यसरी हेर्दा कर्णाली प्रदेशका २२, गण्डकी प्रदेशका २४, उपत्यकाका ३, पूर्वका ३, गोरखा १ र मुस्ताङ १ गरी हालको नेपालमा ५४ ओटा स्वतन्त्र राज्यहरू स्थापना भएको देखिन्छ । तैपनि तिनीहरूको सङ्ख्यामा परिवर्तन भइरहन्थ्यो ।

कर्णाली प्रदेशको सिंजा राज्य कमजोर हुँदै जाँदा राजपरिवारका सदस्य, राज्यद्वार नियुक्त शासक, भारदार, सामन्त तथा अन्य पदाधिकारीहरूले स्वतन्त्र राज्यहरू स्थापना गरी शासन गर्न थाले । राजा अभय मल्ल नि:सन्तान भएकाले यो राज्य खसहरूको हातबाट बाहिर गयो । अभय मल्लपछि भारदार मलय वर्मा यहाँका राजा बने । यिनको मृत्युपछि उनका छोरा र ज्वाइँहरूले ससाना राज्यहरू बनाई स्वतन्त्र शासन गर्न थाले । यसपछि यो विशाल कर्णाली राज्य बाइसी राज्यहरूमा विभाजित भयो । नेपाल एकीकरणको समयका प्रमुख बाइसी राज्यहरू निम्नानुसार रहेको पाइन्छ :

### १. बझाङ

बझाङ राज्यको स्थापना वि.स. १५०३ मा शक्तिसिंहले गरेका हुन् । वि.सं. १८४७ मा यहाँका राजा समुन्द्र सिंहले नेपालसँग सन्धि गरी नेपालको आधिपत्य स्वीकार गरे । सन्धिअनुसार यो राज्यले नेपाललाई बर्सेनी ५ सय रुपियाँ सिर्तो बुझाउनुपर्ने भयो र बझाङलाई आश्रित राज्यका रूपमा राखी यहाँका राजालाई रजौटाका रूपमा राखियो ।

### २. थलहरा

थलहरा राज्यको स्थापना जक्तिसिंहले वि.स. १५०३ मा गरेका थिए । राजा गजेन्द्र सिंहको शासनकालमा वि.स.१८४६ मा यो राज्यको नेपालमा एकीकरण भएको थियो ।

### ३. बाजुरा

राजा डुँगरसिंहले बाजुरा राज्यको स्थापना वि.स. १६५० मा गरेका थिए । यो राज्यलाई वि.स. १८४७ मा नेपालमा एकीकरण गरिएको हो । यसका अन्तिम राजा अनन्तपाल हुन् ।

### ४. डोटी

मध्यकालीन डोटी राज्यमा हालका डोटी, बैतडी, दार्चुला, कञ्चनपुर जिल्ला र भारतको गडवालसमेत पर्दथे । यो राज्यको स्थापना कहिले भएको भन्ने स्पष्ट नभए पनि वि.स. १४०९ मा निरयपालले यहाँ शासन गरिरहेको कुरा ताम्रपत्रमा उल्लेख भएको छ । राजा दीप शाहीको शासनकालमा वि.स. १८४६ मा डोटी राज्यको नेपालमा एकीकरण भएको हो ।

### ५. अछाम

अछाम राज्य वि.स. १४५३ जगती वर्माले स्थापना गरेका थिए । वि.स. १८४७ मा देव चन्द्र शाहको शासनकालमा नेपाली फौजले यो राज्यलाई विशाल नेपालमा गाभेको थियो ।

### ६. दर्ना

दर्ना राज्य अछाम राज्यअन्तर्गत पर्दथ्यो तर वि.स. १४९४ मा उदय वर्माले दर्नालाई स्वतन्त्र राज्य घोषित गरे । वि.स. १८४७ मा राजा रुद्र शाहले नेपालको आधिपत्य स्वीकार गरी नेपाल एकीकरणमा समेत सहयोग गरेका हुनाले यिनलाई रजौटाको पदवी दिइयो ।

### ७. दैलेख

वि.स. १४५३ मा मलय वर्माले दैलेख राज्यको स्थापना गरेका थिए भने वि.स. १८४६ मा राजा कर्ण शाहीको शासनकालमा नेपालमा यो राज्यको एकीकरण भएको थियो ।

### ८. दुल्लु

दुल्लु राज्यको स्थापना पनि वि.स. १४५३ मा मलय वर्माले गरेका थिए । यहाँका राजा उत्तिम शाहीले वि.स. १८४६ मा नेपाली फौजसँग सन्धि गरी नेपालको आधिपत्य स्वीकार गरेका थिए ।

### ९. जाजरकोट

जाजरकोट राज्यको स्थापना वि.स. १४६१ मा भएको हो । यहाँका राजा गजेन्द्र शाहले वि.स. १८४३ मा नेपालको आधिपत्य स्वीकार गरी नेपाल एकीकरणमा समेत सहयोग गरेका हुनाले यो राज्यलाई आश्रित राज्यका रूपमा राखियो ।

### १०. जुम्ला

यो राज्यको स्थापना वि.स. १४५० मा बलिराजले गरेका थिए । यो राज्य कर्णाली प्रदेशको सबैभन्दा ठुलो र बलियो थियो । वि.स. १८४६ मा राजा सूर्यभान शाहको शासनकालमा जुम्ला राज्यको नेपालमा एकीकरण भएको हो ।

### ११. धुलीकोट

धुलीकोट राज्यका प्रथम र अन्तिम राजाहरू क्रमश: प्रभात राय र भूपनारायण शाही थिए । यो राज्यको स्थापना वि.स. १६२५ मा भएको थियो भने वि.स. १८४६ मा विशाल नेपालमा एकीकरण भएको थियो ।

### १२. सल्यान

सल्यान राज्यको स्थापना सुमेरु वर्माले वि.स. १४७५ मा गरेका हुन् । यो राज्यले नेपाल एकीकरणमा सहयोग गरेको हुनाले यसलाई "आश्रित राज्य" का रूपमा राखियो । नेपालमा जाजरकोट, सल्यान, बझाङ र मुस्ताङ गरी चारओटा आश्रित राज्यहरू थिए । ती राज्यका राजालाई रजौटा भनिन्थ्यो । आश्रित राज्य भनेको ठुलो राज्यको आधिपत्य स्वीकार गर्ने र सो राज्यलाई सीतौ तिर्ने राज्य हो । सीर्तो भनेको कर हो । रजौटा भनेका आश्रित राज्यको शासनभारको जिम्मेवारी पाएका राजा हुन् ।

### १३. रुकुम

रुकुम राज्यको स्थापना वि.स. १४७५ मा नरि वमले गरेका हुन् भने वि.स. १८४६ मा राजा राज शाहीको शासन कालमा यसको नेपालमा एकीकरण भएको हो ।

### १४. जहारी

जहारी राज्यको स्थापना वि.स. १४७५ मा राजा माधव वमले गरेका थिए । यो राज्यलाई वि.स. १८४७ मा विशाल नेपालमा मिलाइएको हो ।

### १५. पल्लो मुसीकोट

मध्यकालीन नेपालमा मुसीकोट नामका दुई राज्यहरू थिए । बाइसी मुसीकोट राज्यलाई पल्लो मुसीकोट भनिन्थ्यो भने चौबिसी मुसीकोट राज्यलाई वल्लो मुसिकोट भनिन्थ्यो । यो राज्यको स्थापना जयतु वर्माले वि.स. १४७५ मा गरेका थिए । राजा मुकुन्द शाहीको शासनकालमा वि.स. १८४६ मा यो राज्यको नेपालमा एकीकरण भएको थियो ।

### १६. गजुल

गजुल राज्यको स्थापना जुधासिंह नामका राजाले वि.स. १५५० मा गरेका हुन् भने वि.स. १८४३ मा गजेन्द्रपाल सेनको शासनकालमा यो राज्यको नेपालमा एकीकरण भएको हो ।

### १७. खुम्री

खुम्री राज्य "गजुल" राज्यको एक भाग थियो । वि.स. १६२३ बाट इन्द्रपाल सेनले यसलाई स्वतन्त्र राज्य घोषणा गरी शासन गर्न थालेका थिए । गजुल राज्यको नेपालमा एकीकरण हुँदा यो राज्य पनि विशाल नेपालमा मिलेको थियो ।

### १८. मालनेटा

राजा मदनराजले वि.स. १७९० मालनेटा राज्यको स्थापना गरेका थिए । राजा रूपनारायण शाहको शासनकालमा वि.स. १८६३ मा यो राज्यको नेपालमा एकीकरण भएको हो ।

### १९. फलाबाङ

हालको दाङ जिल्लाको उत्तर र सल्यान जिल्लाको दक्षिणतर्फको पहाडी भेगमा फलाबाङ राज्यको स्थापना

भएको थियो । पछि यो राज्यलाई सल्यानले आफूमा मिलायो ।

२०. **दाङ**

राजा दलीसिंहले यो राज्यको स्थापना गरेका हुन् । राजा नवलसिंहले राज्य छाडी भागेपछि वि.स. १८४३ मा यो राज्य नेपालमा मिलाइएको थियो ।

२१. **छिल्लीकोट**

छिल्लीकोट राज्यको स्थापना वि.स. १७०३ मा भएको हो । राजा वीरभद्र शाहको शासनकालमा वि.स. १८४७ मा नेपालले यो राज्यलाई आफूमा मिलाएको थियो ।

२२. **बाँफीकोट**

बाँफीकोट राज्यको स्थापना वि.स. १४७५ भएको थियो । यसका संस्थापक राजा जगदीश बम थिए । वि.स. १८४६ मा यो राज्यलाई विशाल नेपालमा एकीकरण गरिएको थियो । यसका अन्तिम राजा अति मल्ल थिए ।

बाइसी राज्यहरूको सङ्ख्या निश्चित हुदैनथ्यो । शक्तिशाली राज्यले कमजोर राज्यमाथि आक्रमण गरी गाभ्ने र सामन्तहरूले आफ्नो इलाकामा शक्ति आर्जन गरी स्वन्त्र राज्य स्थापना गर्ने गर्दथे । बाइसी राज्यहरूका अलावा कर्णाली क्षेत्रमा अन्य राज्यहरू पनि अस्तित्वमा थिए जस्तै : गोताकोट, थुनी, दार्मा, बोसाकोट, भ्याँकोट, मजाल, रोल्पा पाँजाखोला ढाकाढाम र सान्नी राज्यहरू पनि भएको इतिहासमा उल्लेख छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) मध्यकालमा हालको नेपालभित्र कतिओटा राज्यहरू थिए ?

(ख) खस राज्यको स्थापना कसले गरेका थिए ?

(ग) सिंजाका अन्तिम खस राजा को थिए ?

(घ) जुम्ला राज्यको स्थापना कहिले भएको थियो ?

(ङ) कुन बाइसी राज्य सबैभन्दा पहिला स्थापना भएको थियो ।

२. **तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) कस्तो परिस्थितिका कारणले बाइसी र चौबिसी राज्यहरूको स्थापना भएको थियो ?

(ख) मध्यकालीन खस/सिंजा राज्यको सिमाना कहाँसम्म फैलिएको थियो ? चार किल्ला खुलाई लेख्नुहोस् ।

(ग) सिंजा राज्य कसको शासनकालपछि कसरी चौबिसी राज्यमा विभाजित भयो ?

(घ) कुन कुन चौबिसी राज्यहरू एकै समयमा स्थापना भएका थिए ? स्थापनाको मितिका आधारमा लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको कापीमा तलको जस्तै तालिका बनाई पाठ्यपुस्तक तथा अन्य स्रोतहरूका आधारमा विवरण भर्नुहोस् ।

| क्र.सं. | राज्यको नाम | स्थापना वि.स. | प्रथम राजा | एकीकरण वि.स. | अन्तिम राजा |
|---|---|---|---|---|---|
| १. | बाँफी | १४७५ | प्रभात राय | १८४६ | भूपनारायण शाही |
| | | | | | |
| | | | | | |
| | | | | | |

# पाठ ४ चौबिसी राज्यहरू

नेपाल मण्डलको शासन कमजोर हुँदै गएपछि गण्डकी प्रदेशमा चौबिसी राज्यहरू स्थापना भए । पूर्वमा त्रिशूलीदेखि पश्चिममा राप्ती आसपाससम्म २४ ओटा राज्यहरू थिए । समय समयमा यी राज्यहरूको सङ्ख्यामा थपघट भइरहन्थ्यो । दाजुभाइ बिचमा भागबन्डा वा नातेदारहरूलाई दिनु वा सामन्तहरूले आफ्नो शक्ति सुदृढ गरी छुट्टै राज्य निर्माण गर्नु तथा कुनै राज्यले अर्को राज्यमाथि आक्रमण गरी आफ्नोमा गाभ्नु आदि कार्यले गर्दा राज्यहरूको सङ्ख्यामा थपघट हुन्थ्यो । नेपाल एकीकरणको समयमा कायम रहेका चौबिसी राज्यहरूको सङ्क्षिप्त विवरण तल दिइएको छ ।

### १. प्युठान

प्युठान राज्यको स्थापना वि.स. १५६० मा राजा लटराजले गरेका हुन् । यो राज्य वि.स. १८४२ मा रुद्र प्रताप चन्दको शासनकालमा विशाल नेपालमा एकीकरण भएको थियो ।

### २. अर्घा

वि.सं. १४९० मा जिल्ल राईले अर्घा राज्यको स्थापना गरेका हुन् । नेपाली सेनाले वि.स. १८४३ मा यो राज्य नियन्त्रण गरी पाल्पालाई दिएको थियो । पाल्पाको एकीकरणसँगै यो राज्यको पनि नेपालमा एकीकरण भएको थियो ।

### ३. खाँची

खाँची राज्यको स्थापना वि.स. १४९२ मा जयन्त शाहले गरेका हुन् । राजा दुर्गा भजन शाहको शासनकालमा नेपाली सेनाले वि.स. १८४३ मा यो राज्य नियन्त्रण गरी पाल्पालाई दिएको थियो । पाल्पा राज्यको नेपालमा एकीकरण हुँदा खाँची राज्य पनि नेपालमा मिल्न गएको थियो ।

### ४. गुल्मी चारपाला

राजा वीर शाहद्वारा वि.सं. १४९३ मा स्थापित यो राज्यलाई चारपाला राज्यसमेत भनिन्थ्यो । वि.स. १८४३ मा यहाँका राजा शिवनारायण शाह नेपाली फौजसँग पराजित भएपछि यो राज्य पाल्पाको नियन्त्रणमा आयो र पाल्पासँगै नेपालमा एकीकृत भयो ।

### ५. धुर्कोट

धुर्कोट राज्यको स्थापना वि.स.१४६५ मा राजा खड्गराज मल्लले गरेका हुन् । राजा रण मल्लको शासनकालमा वि.स. १८४३ मा नेपाली सेनाले यो राज्य पाल्पालाई दियो र पाल्पासँगै धुर्कोट पनि नेपालमा एकीकृत भयो ।

६. **इश्मा**

वि.स. १५५० मा च्यवनराज भट्ट अर्जेलले इश्मा राज्यको स्थापना गरी कुनै ठकुरीलाई राजा बनाएका थिए । गोविन्द नारायण राठोर यहाँका राजा भएका बखत वि.स. १८४३ मा यो राज्य पाल्पाको मातहतमा आएको थियो । पाल्पा राज्यसँगै इश्मा पनि विशाल नेपालमा एकीकृत भएको थियो ।

७. **मुसीकोट**

यो चौबिसी राज्य मुसीकोटलाई वल्लो मुसीकोट भनिन्थ्यो । हालको गुल्मी जिल्लामा पर्ने यो राज्यमा ३ हजार घरधुरी रहेका थिए । यसको स्थापना वि.स. १५५० मा जयचन्द्र सिंहले गरेका थिए । राजा वीरकुमार सिंहको कार्यकालमा वि.स. १८४३ मा यो राज्य पाल्पा राज्यमा गाभिएको थियो । पाल्पाको एकीकरण हुँदा यसको पनि नेपालमा एकीकरण भएको थियो ।

८. **गलकोट**

वि.स. १६३१ मा जितारी मल्लले गलकोट राज्यको स्थापना गरेका हुन् । वि.स. १८४२ मा राजा जगतबम मल्लको शासनकालमा यो राज्यको नेपालमा एकीकरण भएको थियो । यहाँका राजाले राजौटाको मान्यता पाएका थिए । रजौटा भनेको ठुलो राज्यको अधीन स्वीकार गरेको आश्रित राज्यको राजा हो ।

९. **पर्वत**

पर्वत राज्यको स्थापना आनन्द वमले वि.सं. १४९३ मा गरेका थिए । राजा कीर्तिवम मल्लको शासनकालमा वि.स. १८४३ असोज १४ गते यो राज्य विशाल नेपालमा गाभिएको थियो ।

१०. **कास्की**

नेपालको इतिहासमा कास्की राज्य महत्त्वपूर्ण छ । यहींका राजा कुलमण्डन खाणले सर्वप्रथम शाहको उपाधि ग्रहण गरेका थिए । नेपालको एकीकरण गर्ने राजा पृथ्वीनारायण शाहका पूर्वज यिनै कस्केलीहरू थिए । यो राज्यको स्थापना वि.स. १५२४ मा विचित्र खाणले गरेका थिए । वि.स. १८४२ मा सिद्धिनारायण शाहको शासनकालमा कास्की राज्य नेपालमा एकीकरण भएको थियो ।

११. **लमजुङ**

कास्कीका राजकुमार यशोब्रम्ह शाहले वि.सं. १५५० मा लमजुङ राज्यको स्थापना गरेका हुन् । राजा वीरभूपाल शाहको शासनकालमा वि.स. १८४२ मा यो राज्यको नेपालमा एकीकरण भएको थियो ।

१२. **तनहुँ**

राजा भृङ्गी सेनले वि.स. १६१० मा तनहुँ राज्यको स्थापना गरेका थिए । वि.स. १८४१ मा हरकुमारदत्त सेनको शासनकालमा यो राज्यको नेपालमा एकीकरण भएको हो ।

१३. **रिसिङ**

रिसिङ राज्यको स्थापना वि.स. १५५० मा जयचन्द्र सिंहले गरेका थिए । राजा हरिनारायण सेन यहाँका अन्तिम राजा हुन् । वि.स. १८४२ मा यो राज्यको नेपालमा एकीकरण भएको थियो ।

### १४. घिरिङ

मध्यकालीन घिरिङ राज्यको स्थापना वि.स. १६०० मा भएको थियो भन्ने प्रमाण पाइएको भए तापनि यहाँको राजबंशावली स्पष्ट हुन सकेको छैन तापनि खान वंशीय ठकुरीहरूले यो राज्यलाई आफ्ना पूर्खाहरूले आर्जेको राज्य भन्दै आएको पाइन्छ । यसको विशाल नेपालमा वि.सं. १८४२ मा एकीकरण भएको थियो ।

### १५. ढोर

राजा दशरथ खाणले ढोर राज्यको स्थापना वि.स. १५१० मा गरेका थिए भने राजा शिवनारायण खाणको शासनकालमा वि.स. १८४२ मा यो राज्यको नेपालमा एकीकरण भएको थियो ।

### १६. सतहु

राजा शिरशिम्बु खाणले वि.स. १५१० मा हालको स्याङजा जिल्लामा २ हजार घरधुरी भएको यो राज्यको स्थापना गरेका हुन् । वि.स.१८४२ मा राजा दीर्घ शाहीको शासनकालमा यो राज्यको एकीकरण भएको हो ।

### १७. गह्रौं

वि.स. १५१० मा राजा दसरथ खाणले गह्रौं राज्यको स्थापना गरेका थिए । वि.स. १८४२ मा राजा घेरु खाणको शासनकालमा नेपालले यो राज्यलाई आफूमा एकीकरण गरेको थियो ।

### १८. भीरकोट

वि.स. १५०० मा राजा जैन खाणले भीरकोट राज्यको स्थापना गरेका थिए । यो राज्यका अन्तिम राजा प्रेम अमर खाण हुन् र उनैको शासनकालमा वि.स. १८४२ मा नेपाली सेनाले यो राज्यलाई विशाल नेपालमा मिलाएको थियो ।

### १९. नुवाकोट

नेपालमा नुवाकोट भन्ने दुईओटा स्थानहरू रहेका छन् । स्याङजा जिल्लामा पर्ने यो नुवाकोटलाई मध्यकालमा पल्लो नुवाकोट भनेर चिनिन्थ्यो । यो राज्यका प्रथम राजा मिन्चा खान थिए भने अन्तिम राजा इन्द्रभूपाल शाही थिए । यसको स्थापना वि.स. १५१० मा भएको थियो भने वि.स. १८४२ मा नेपालमा एकीकरण भएको थियो ।

### २०. पैंयु

वि.स. १५०२ मा रामसिंह सेनले पैंयु राज्यको स्थापना गरेका थिए । प्रसिद्ध धार्मिक क्षेत्र सेतीवेणी यही राज्यमा पर्दथ्यो । राजा अकवरसिंह सेनको शासनकालमा वि.स. १८४२ मा यो राज्यलाई नेपालले एकीकरण गरेको थियो ।

### २१. पाल्पा

पाल्पा राज्यको स्थापना राजा रुद्रसेनले वि.स. १५५० मा गरेका हुन् । पाल्पाले नायव बहादुर शाहलाई नेपाल एकीकरणमा सहयोगसमेत गरेको थियो । वि.स. १८६१ मा नेपालले पाल्पाको एकीकरण सम्पन्न गरेको

थियो । सेन वंशको स्थापना पाल्पाबाटै भएको हो ।

२२. **रामपुर**

चौबिसी राज्य रामपुरको स्थापना वि.स. १६१० मा राजा खड्ग सेनले गरेका थिए । राजा दुर्लभ सेनको शासनकालमा वि.स. १८४२ मा यसको नेपालमा एकीकरण भएको थियो ।

२३. **विनायकपुर**

विनायकपुर राज्यको स्थापना वि.स. १६१० मा विनायक सेनले गरेका थिए । यो राज्यले हालको बुटवल आसपासका क्षेत्रहरू ओगटेको थियो । उनी मुकुन्द सेनकी जेठी रानीका छोरा थिए । यो राज्य स्थापनाको सय वर्षपछि पाल्पाका राजा त्रिलोक सेन नि:सन्तान भएकाले बुटवलका राजा अमर सेनलाई नै पाल्पाको राजगद्दी सुम्पियो । यसपछि बुटवल राज्य पाल्पामा मिल्न गएकाले यसको अस्तित्व सकियो ।

२४. **बलिहाङ**

हालका गुल्मी, अर्घाखाँची, कपिलवस्तु, रुपन्देही, पाल्पा र नवलपरासी जिल्लाहरू समेटिने गरी वि.स. १४०० बलिहाङ राज्यको स्थापना भएको थियो । वि.स. १५८० मा गुल्मी, अर्घा, खाँची र पाल्पा आपसमा मिलेर यो राज्यमाथि आक्रमण गरी यसका भूभाग एक अर्कामा बाँडेर लिएका थिए । यसपछि यो राज्यको अस्तित्व समाप्त भएको थियो ।

चौबिसी राज्यहरूको सङ्ख्यामा पनि एकरूपता पाइँदैन । माथि उल्लेख गरिएको राज्यहरूमध्ये केही राज्यहरू नेपाल एकीकरण हुनुभन्दा अगाडि नै अस्तित्वविहीन भइसकेका थिए । चौबिसी राज्यहरूमा मनाङ, सराङकोट, अर्कुलकोट, लिगलिगकोट, नयाँकोट, मुसीकोट, र ओखरकोट राज्यहरूको नाम पनि इतिहासमा उल्लेख गरेको पाइन्छ ।

### गण्डकी प्रदेशका अन्य राज्यहरू

१. **मुस्ताङ**


मुस्ताङ गण्डकी प्रदेशमा पर्ने भए पनि यो चौबिसी राज्यहरूको गणनामा पर्दैन्थ्यो । यो एक स्वतन्त्र राज्य थियो । यो राज्यको स्थापना राजा मिचे धिउँकल विष्टले वि.स. १३७० मा गरेका थिए । यसको वि.स. १८४६ मा विशाल नेपालमा एकीकरण भएको थियो । त्यसबेलाका यहाँका राजा बघेल विष्ट थिए । नेपालले यो राज्यलाई आश्रित राज्यका रूपमा राखेको थियो । राजा बघेल विष्टलाई रजौटाका रूपमा राखिएको थियो । ठुलो राज्यको अधीनमा रहेका आश्रित राज्यका राजालाई रजौटा भनिन्छ । रजौटाले ठुलो राज्यको आदेशबमोजिम आश्रित राज्यको शासन व्यवस्था सञ्चालन गर्ने जिम्मेवारी पाएका हुन्छन् ।

२. **गोरखा**

गण्डकी प्रदेशको प्रभावशाली राज्य गोरखाको स्थापना वि.स. १६१६ मा लमजुङका राजकुमार द्रव्य शाहले गरेका हुन् । यो राज्यलाई चौबिसी राज्यभित्र मानिँदैन । द्रव्य शाहका बंशज यही गोरखा राज्यका राजा

पृथ्वीनारायण शाहले राज्य विस्तार गर्ने क्रममा नेपालको एकीकरण गर्ने कार्यको थालनी गरेका थिए र उनका बंशजहरूले पूरा गरेका थिए । पृथ्वीनारायण शाहसम्मको वंशावली तल उल्लेख गरिएको छ ।

## शाह वंशावली



## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) कुन क्षेत्रका राज्यलाई चौबिसी राज्य भनेर चिनिन्थ्यो ?

(ख) नेपालको एकीकरण हुनुभन्दा अगाडि चौबिसी राज्यहरूको सङ्ख्या कति पुगेको थियो ?

(ग) कुन कुन राज्यहरूलाई त्रिशक्ति भनिन्छ ?

(घ) रजौटा भनेको के हो ?

(ङ) पाल्पा राज्यको एकीकरण कहिले भएको थियो ?

२. **तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) पर्वत राज्यको सङ्क्षिप्त परिचय दिनुहोस् ।

(ख) चौबिसी राज्यहरूमा कास्की राज्यलाई किन महत्त्वपूर्ण मानिन्छ ?

(ग) पाल्पाले किन चौबिसी राज्यहरूका बिरुद्ध नेपाललाई सहयोग गरेको होला ? यसबाट पाल्पालाई के फाइदा भयो, लेख्नुहोस् ।

(घ) विनायकपुर राज्यले आफ्नो अस्तित्व कसरी गुमायो ? कुनै दुई कारण लेख्नुहोस् ।


# पाठ ५ सेन राज्यहरू

एघारौँ शताब्दीमा मुसलमानको आक्रमणबाट जोगिनका लागि सेनहरू बङ्गालबाट उत्तरतिर अगाडि बढ्दै नेपाल प्रवेश गरे र विभिन्न स्थानहरूमा बसोबास गर्दै पाल्पा पुगे । वि.स. १५५० मा रुद्र सेनले पाल्पा राज्यको स्थापना गरेका थिए । उनका उत्तराधिकारी मुकुन्द सेनले निकै प्रतापी हुनाले आफ्नो राज्यलाई पाल्पा राज्यको सिमाना पूर्वमा कोशी नदीसम्म विस्तार गरे । तर यिनले सो राज्य आफ्ना छोराहरूमा विभाजित गरिदिए ।


राजा मुकुन्द सेनको शालिक

राजा मुकुन्द सेनले जेठी रानीतर्फका छोरा विनायक सेनले विनायकपुर र माइली रानीका छोरा माणिक्य सेन पाल्पाको राज्यको जिम्मेवारी दिए । त्यसैगरी साहिँली रानीका दुई छोराहरूमध्ये भृङ्गी सेनलाई तनहुँ र लोहाङ सेनलाई मकवानपुरको जिम्मेवारी दिए । यसरी राजा मुकुन्द सेनले पाल्पा राज्यको विभाजन गरे पनि सेन राज्य चार छुट्टाछुट्टै राज्यमा विभाजित भयो । समय क्रमअनुसार पूर्वतर्फ मकवानपुर, चौदण्डी र विजयपुर राज्यहरू स्थापना भए । यी राज्यलाई पूर्वका सेन राज्य भनेर चिनिन्थ्यो । यी राज्यहरूको सङ्क्षिप्त विवरण यस प्रकार छ :

## सेन वंश




**मकवानपुर**

पाल्पाली राजा मुकुन्द सेनका छोरा लोहाङसेन मकवानपुर राज्यका प्रथम राजा हुन् । यो राज्यको स्थापना वि.स. १६१० मा भएको हो । यिनले कोचे राजा विजयनारायणलाई युद्धमा पराजित गरी आफ्नो राज्यको सिमाना पूर्वमा टिस्टा नदीसम्म विस्तार गरेका थिए । लोहाङ सेन आफ्ना बाबु जस्तै प्रतापी र महायोद्धा थिए । यिनले कोशी नदीको किनारामा चतरा भन्ने स्थानमा विष्णु अवतार बराह भगवानको स्थापना गराएका थिए । हाल यो स्थान “बराह क्षेत्र धाम” का नामले प्रसिद्ध छ ।

लोहाङ सेनका नाति हरिहर सेनले आफ्नो राज्यलाई दक्षिणसम्म विस्तार गरी बलियो बनाए । यिनले "हिन्दुपति"को उपाधिसमेत धारण गरेका थिए । यिनैको प्रतापले सेन राजाहरूलाई "हिन्दुपति" तथा "पूर्वका वादशाह" भनेर सम्बोधन गर्न थालियो । यो राज्यको सिमाना पूर्वमा टिस्टा, पश्चिममा तनहुँ उत्तरमा चुरेपर्वत तथा काठमाडौँ उपत्यका र दक्षिणमा चम्पारनसम्म फैलिएको थियो । चम्पारन हाल भारतको बिहार प्रदेशको एक जिल्ला हो ।


बराह मन्दिर, बराह क्षेत्र

हिन्दुपति हरिहर सेनकै शासन कालमा मकवानपुर राज्यमा गृह कलहको थालनी भयो । यसको परिणामस्वरूप युवराज शुभ सेनले पितालाई गद्दीच्युत गरी आफूले गद्दी आरोहण गरे । यसैबखत शुभ सेनका भतिज विधाता इन्द्र सेनले विजयपुरमा स्वतन्त्र राज्यको स्थापना गरे । यी दुवै राज्यमा द्वन्द्वको अवस्था भएकाले दुवै राजाहरू दिल्लीमा कैद गरिए । यसको परिणामस्वरूप दुवै राज्यका राजगद्दीहरू रिक्त भए । यस अवस्थामा भारदारहरूले मकवानपुरका राजा शुभ सेनका जेठा छोरा माणिक सेनलाई मकवानपुर र कान्छा छोरा महिपति सेनलाई विजयपुरको राजा बनाए । माणिक सेनको मृत्युपछि यिनका छोरा हेमकर्ण सेन मकवानपुरका राजा भए । यिनले आफ्नी छोरी इन्द्रकुमारीको विवाह गोरखाका राजा पृथ्वीनारायण शाहसँग गराएका थिए । वि.स. १८१९ मा राजा दिग्बन्धन सेनको शासनकालमा पृथ्वीनारायण शाहले मकवानपुर राज्यलाई नेपालमा एकीकरण गरेका थिए ।

### चौदण्डी

हिन्दुपति हरिहर सेनको शासनकालदेखि मकवानपुर दरबारमा आन्तरिक कलहको थालनी भएको थियो । यसको परिणामस्वरूप यो राज्य टुक्रिन थाल्यो । मकवानपुरका राजा माणिक सेनको मृत्युपछि हेमकर्ण सेनले मकवानपुरको गद्धी सम्हाले । तैपनि दरबारको आन्तरिक समस्या समाधान भएन । फलस्वरूप, हेमकर्ण सेनका माइला भाइ जगत् सेनले वि.स. १७६४ मा चौदण्डी राज्यको स्थापना गरे । यो राज्यले कमला र कोशी नदीबिचको पहाड र तराईको भूभाग ओगटेको थियो । यसको राजधानी उदयपुर/चौदण्डीगढीमा रहेको थियो । जगतसेन नि:सन्तान भएकाले उनको मृत्युपछि जगत् सेनका भाइ ब्रिकम सेन यहाँका राजा भए । बिक्रम सेनका छोरा कर्ण सेनको शासनकालमा वि.स. १८३० मा यो राज्यको विशाल नेपालमा एकीकरण भएको हो ।


### विजयपुर

मकवानपुरका राजा लोहाङ सेनले कोचे राजा विजयनारायणलाई पराजित गरी मोरङ/विजयपुर राज्यमा समेत आफ्नो अधिकार कायम गरेका थिए । यिनै कोचे राजा विजयनारायणको नामबाट यो राज्यको नाम "विजयपुर" रहन गएको हो भन्ने इतिहासकारहरूको राय रहेको छ । मकवानपुर राज्यमा आन्तरिक कलह

सुरु भएको बखत त्यहाँका राजा शुभ सेनका भतिज विधाता इन्द्र सेनले स्वतन्त्र विजयपुर राज्यको स्थापना गरे । यो राज्यको सिमाना पूर्वमा टिस्टा, पश्चिममा कोशी, उत्तरमा पहाड र दक्षिणमा तराईको भूभागसम्म पर्दथ्यो ।

मकवानपुरमा शुभ सेन र विजयपुरमा विधाता इन्द्र सेनकै शासन चलिरहेको बखत भारदारहरूले षडयन्त्र गरी यी दुवै राजालाई दिल्लीमा लगेर कैद गरे । यसरी दुवै राज्यका राजगद्दी खाली भएपछि भारदारहरूले मकवानपुरका राजा शुभ सेनका जेठा छोरा माणिक सेनलाई मकवानपुर र कान्छा छोरा महिपति सेनलाई विजयपुरको गद्दीमा राखे । अब भने ठुलो बाबु र भतिजाको सट्टा दुई भाई दुई राज्यका राजा भए । महिपति सेनपछि उनका छोरा कामदत्त सेन विजयपुरका राजा भए । तर त्यहाँका मन्त्री बुद्धिकर्ण राईले षडयन्त्रपूर्वक राजा कामदत्त सेनको हत्या गरिदिए ।

यहाँका अन्तिम राजा कर्णसेन थिए । विजयपुर र चौदण्डीका अन्तिम राजा कर्ण सेन एउटै व्यक्ति हुन् । वि.स. १८३० मा चौदण्डी राज्यको नेपालमा एकीकरण भएपछि राजा कर्ण सेन विजयपुरमा शरण लिन गएका थिए । त्यसबेला विजयपुरमा राजा नभएको हुनाले मन्त्री बुद्धिकर्ण राईले कर्ण सेनलाई विजयपुरको राजा बनाई राखेका हुन् । उनैको शासनकालमा वि.स. १८३१ म विजयपुरको पनि नेपालमा एकीकरण भएको थियो ।




माथि उल्लेख गरिएका केही प्रमुख राज्यहरू हुन् । यी राज्यहरू यसबाहेक मध्यकालमा अनेक भूरे, टाकुरे राज्यहरूसमेत स्थापना भएका थिए । हालको नेपालको त्रिशूली नदीदेखि महाकाली नदीबिचको भूभागमा मध्यकालमा बाइसी र चौबिसी राज्यहरू रहेका थिए । यिनीहरूको सङ्ख्या २२ र २४ भनिए पनि घटबढ भइरहन्थ्यो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) सेनहरू किन नेपाल प्रवेश गरेका थिए ?

(ख) पाल्पा राज्यको स्थापना कुन राजाले गरेका हुन् ?

(ग) गण्डकी क्षेत्रको पहिलो स्वतन्त्र सेन राज्यको नाम लेख्नुहोस् ।

(घ) हिन्दुपति भनेर कुन सेन राजालाई सम्बोधन गरिन्छ ?

(ङ) चौदण्डी राज्यका प्रथम र अन्तिम राजाहरूको नाम लेख्नुहोस् ।

(च) विजयपुर राज्यको नाम कसको नामबाट रहन गएको अन्दाज गरिन्छ ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) राजा मुकुन्द सेनको मृत्युपछि पाल्पा राज्यको अवस्थाका बारेमा चर्चा गर्नुहोस् ।

(ख) सेन राज्यको स्थापना र विकासमा लोहाङ सेनको योगदानको चर्चा गर्नुहोस् ।

(ग) लोहाङ सेनलाई किन महत्त्वाकांक्षी र प्रतापी राजा मानिन्छ ?

(घ) मकवानपुर फुटेर विजयपुर राज्यको निर्माण हुनुमा तपाईं कसको भूमिका महत्त्वपूर्ण देख्नुहुन्छ ? हिन्दुपति हरिहर सेनको शासनकालको अन्तिम अवस्थातिरको राजनीतिक परिस्थितिका आधारमा आफ्ना विचारहरू राखेर चर्चा गर्नुहोस् ।

(ङ) विजयपुर राज्यको स्थापना कालदेखिनै स्थिर राजनीतिक अवस्था कायम हुन सकेको थिएन भन्ने तथ्यसँग तपाईं सहमत हुनुहुन्छ कि हुनुहुन्न ? कारणसहित स्पष्ट पार्नुहोस् ।

(च) कर्ण सेन कसरी चौदण्डी र विजयपुरका अन्तिम राजा भए ? सङ्क्षेपमा लेख्नुहोस् ।

## परियोजना कार्य

हाल तपाईंको घर रहेको स्थान मध्यकालमा कुन राज्यअन्तर्गत पर्दथ्यो । तपाईंका घर नजिकै त्यस राज्यको कुनै किल्ला वा त्यस वेलाका कुन अवशेषहरू होलान् । तिनीहरूको बारेमा २०० शब्दमा वर्णन गर्नुहोस् ।

# पाठ ६ काठमाडौँ उपत्यकाका राज्यहरू

मध्यकालमा काठमाडौँ उपत्यकामा मल्ल वंशको शासनसत्ता स्थापित थियो । मगधमा गुप्त सम्राटहरूको उदयले जसरी लिच्छवीहरू वैशालीबाट धपिएर नेपाल उपत्यकामा प्रवेश गरे त्यसैगरी कुशीनगरको छेउछाउका मल्लहरू गण्डकी प्रदेशतिर पसेको अनुमान गरिन्छ । यिनीहरूले कसरी आफ्नो राज्यसत्ता स्थापित गर्न सफल भए भन्ने कुरा स्पष्ट हुन नसक पनि लिच्छवीकालदेखि नै काठमाडौँ उपत्यकामा मल्लहरूको काजी, अमात्य तथा भारदारको रूपमा सक्रिय सहभागीता रहेको कुरा बुझिन्छ । नवौँ शताब्दीबाट नेपाल मण्डल (काठमाडौँ उपत्यका) मा लिच्छवी शासनको अन्त्य भए पनि बाह्रौँ शताब्दीको अन्त्यतिरबाट मल्लहरू यहाँको सत्तामा स्थापित भएको देखिन्छ । यो नवौँदेखि बाह्रौँ शताब्दीको बिचका ऐतिहासिक प्रमाण र स्रोतहरू निकै कम उपलब्ध छन् । यसकारण यस अवधिका ऐतिहासिक कुराहरूको खासै जानकारी पाउन सकिएको छैन । त्यसै हुनाले यो काललाई नेपालको इतिहासमा "अन्धकारको युग" भनेर चिनिन्छ । ऐतिहासिक स्रोतहरूका अनुसार मल्ल उपाधि धारण गर्ने काठमाडौँ उपत्यकाका पहिला राजा अरिदेव) मल्ल हुन् र उनले वि.स. १२५७ -१२७४ सम्म शासन गरेका थिए । कुस्ती खेललाई "मल्लयुद्ध" भनिन्छ र अरिदेव कुस्ती खेलिरहेको बेला उनका पुत्रको जन्म भएकाले उनले "मल्ल" भन्ने उपाधि ग्रहण गरेका हुन् भनिन्छ । अरिदेव मल्लपछि उनका छोरा अभय मल्ल काठमाडौँ उपत्यकाको राजा भएका थिए । उनको शासनकालमा देशमा अनिकाल, महामारी, भूकम्प, बाह्य आक्रमण आदि जस्ता विपत्तिहरू आई परेका थिए । वि.स. १३१२ को भूकम्पमा परी राजा अभय मल्लको ज्यानसमेत गएको थियो । यिनले पशुपतिमा लक्ष्यहोम गराएका थिए ।

### जयस्थिति मल्लको उदय

जयस्थिति मल्लको शासनकालपछिको काठमाडौँ उपत्यकाको शासन व्यवस्थाबारे केही प्रमाणहरू पाइए तापनि जयस्थिति मल्लको स्पष्ट परिचय दिने स्रोतहरूको अभाव नै छ । यिनको जन्म काठमाडौँ उपत्यकाको राजघरानामा भएको थिएन । उनलाई बाहिरबाट डोलाजी गरी झिकाइएको थियो । डोलाजी भनेको कुनै परिवारकी कन्यासँग विवाह गर्नका लागि अन्यत्रबाट दुलाहा ल्याई दुलहीको घरमा (माइती) राख्ने प्रचलन हो ।



जयस्थिति मल्ल

उपत्यकाका राजा रुद्र मल्ल खसहरूको आक्रमणमा मारिएका थिए । उनका छोरा नभएका कारणले रुद्र मल्लको मृत्युपछि उनकी छोरी नायकदेवीले "उपराज" बनेर राजकाज सञ्चालन गर्न थालिन् ।

"उपराज" भनेको देशमा राजा नभएको वा कुनै कारणले राजाले शासनसत्ता सञ्चालन गर्न असक्षम भएको अवस्थामा राजकाज सञ्चालन गर्ने व्यक्ति हो । यसलाई "नायव" पनि भनिन्छ । उपराज नायक देवीको कोखबाट राजल्लदेवीको जन्म भयो र सुत्केरी अवस्थामा नै नायकदेवीको स्वर्ग भयो । टुहुरी बालिका राजल्लदेवीलाई उनकी बुढीआमा देवलदेवीले स्याहार सुसार गरी हुर्काइन् । राजल्लदेवी ८ वर्षकी भएपछि वि.सं. १४११ मा देवलदेवीले राजल्लदेवी र जयस्थिति मल्लको विवाह गराइदिइन् । यसरी राजदरबारमा जयस्थिति मल्लको प्रवेश भयो । बाह्य आक्रमण, भूकम्प, भोकमरी, महामारी आदिले काठमाडौँ उपत्यका तहसनहस भएको अवस्थामा जयस्थिति मल्लको उदय भएको थियो । जयस्थिति मल्लले आफ्नो राज्यको सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक अवस्था र परराष्ट्र सम्बन्धमा समेत सुधार गरेका हुनाले यिनको शासन काललाई "राम राज्य" भनिन्छ । यसकालसम्म लिच्छवीहरूको पनि शासनसत्तामा प्रभाव रहेको थियो र द्वैध शासनसमेत चल्दथ्यो । जयस्थिति मल्ल लिच्छवी वंशको अन्त्य गरी एकलौटी शासक भएका थिए । यसकालबाट द्वैध शासनको अन्त्य भएको थियो ।

**जयस्थिति मल्लको योगदान**

सामाजिक सुधारका क्षेत्रमा जयस्थिति मल्ल नेपालका राजाहरूमध्ये अग्र स्थानमा पर्दछन् । समसुद्दीन इलियासको आक्रमणका कारणले नेपालको सामाजिक बनोट खलबलिन गएको थियो । वर्ण व्यवस्थामा आधारित तत्कालीन समाजमा बेथिति सिर्जना भएको थियो । यस प्रकारको सामाजिक व्यवस्थामा सुधार गर्नका लागि जयस्थिति मल्लले लामा तथा पण्डितहरूको सहयोग लिएका थिए । भारतबाट कीर्तिनाथ उपाध्याय, रघुनाथ झा, श्रीनाथ भट्ट, महिनाथ भट्ट र रामनाथ झा गरी पाँच जना ब्राहमणहरूसमेत झिकाइएका थिए । यिनीहरूकै सल्लाहबमोजिम वर्ण व्यवस्था तथा जातीय व्यवस्थाको पुनरुत्थान गराए । आर्थिक क्षेत्रमा समय सापेक्ष सुधार गर्दै जग्गा जमिनलाई चार श्रेणीमा विभाजन गरे र त्यसको मूल्य निर्धारण गरे । नापतौललाई व्यवस्थित गर्नका लागि मानापाथी र ढक तराजुको प्रचलन तथा परिमार्जन गरे ।

यस कालमा देशको न्याय व्यवस्था अवैज्ञानिक र अव्यवस्थित थियो । जयस्थिति मल्लले अपराधको प्रकृति हेरी सजाय दिने व्यवस्था मिलाए । यिनी एक धार्मिक राजा भएका हुनाले विभिन्न देवस्थलहरूको निर्माण गर्ने र यज्ञ अनुष्ठानहरू गर्ने कार्य गरेका थिए । पशुपतिनाथका उन्मत्त भैरव र लवकुशको मूर्ति यिनैले स्थापना गरेका हुन् । भादगाउँको नृसिँह तथा पाटनको कुम्भेश्वर मन्दिरको निर्माण पनि जयस्थिति मल्लले नै गराएका हुन् । यस्तै सुधारका कारणले जयस्थिति मल्ल अरू राजाहरूभन्दा सम्मानित छन् । वि.स. १४५२ मा यिनको मृत्यु भएपछि यिनका माहिला छोरा ज्योति मल्ल काठमाडौँ उपत्यकाका राजा बने ।

**यक्ष मल्ल**

दिग्विजयी र पराक्रमी राजा यक्ष मल्ल जयस्थिति मल्लका नाति हुन् । यिनले आफ्नो राज्यको सिमाना पूर्वमा बङ्गाल, पश्चिममा गोरखा पाल्पा, उत्तरमा सिकारजोङ तथा दक्षिणमा गङ्गाको तटसम्म फैलाएका थिए । यी यस्ता प्रतापी राजा भए पनि यिनका छोराहरूको महत्त्वाकांक्षा तथा भारदार-सामन्तहरूको विद्रोहका कारणले

यो राज्य एउटा सिङ्गो राज्यका रूपमा टिक्न सकेन । यक्ष मल्लको यो विशाल राज्य उनको मृत्युपछि तीन स्वतन्त्र राज्यहरूमा विभाजन भयो । यो विभाजनसँगै नेपाल मण्डलको पनि अन्त्य भयो । नेपाल मण्डलको भूभाग पूर्वमा कोशीदेखि पश्चिममा त्रिशुलीसम्म फैलिएको थियो । यसभित्र १३ ओटा विषयहरू थिए । प्राचीन तथा मध्यकालमा जिल्लालाई विषय भनिन्थ्यो । वि.स. १३८१ पछि नेपाल मण्डलको अन्त्य भयो । यसकालपछि नेपाल मण्डल नभनेर काठमाडौँ उपत्यकाका राज्यहरू भन्न थालियो ।

### उपत्यकाका राज्यहरू

#### (क) कान्तिपुर

हालको काठमाडौँको पुरानो नाम कान्तिपुर हो । यो राज्यको स्थापना यक्ष मल्लका माहिला छोरा रत्न मल्लले वि.स. १५३८ मा गरेका हुन् । पूर्व वाग्मती, पश्चिम त्रिशूली, उत्तर नीलकण्ठ पर्वत र दक्षिण पाटनको सिमानासम्म यो राज्य फैलिएको थियो । यो राज्यमा करिब १४ जना राजाहरूले स्वतन्त्र रूपमा शासन सञ्चालन गरेका थिए । महीन्द्र मल्ल, प्रताप मल्ल, जयप्रकाश मल्ल आदि यहाँका प्रसिद्ध राजाहरू हुन् ।


हनुमान ढोका

महीन्द्र मल्ल कान्तिपुरका कुशल तथा प्रजा पालक राजाको रूपमा चिनिन्छन् । यिनले आफ्ना प्रजाहरूले खाना खाएको यकिन भएपछि मात्र आफूले खाना खाने गर्दथे । त्यसैले उनलाई “सबैले खाएपछि खाने राजा” भनेर चिनिन्छ । देशको प्रशासनिक सुधारको लागि महीन्द्र मल्लले विकेन्द्रीकरणको अभ्यास गरेका थिए । नेपालमा चाँदीको मुद्रा प्रचलनमा ल्याउने पहिलो राजा महीन्द्र मल्ल हुन् । उनले प्रचलनमा ल्याएको मोहोरलाई “महीन्द्र मल्ली” भनेरसमेत चिनिन्थ्यो ।

कान्तिपुरका दशौँ मल्ल राजा प्रताप मल्ल लक्ष्मीनरसिंह मल्लका छोरा हुन् । यिनले कान्तिपुर दरबारको मूल द्वारमा रहेको हनुमानको मूर्ति स्थापना गरेका हुनाले सो दरबारको नाम हनुमानढोका रहन गएको हो । राजकुमार चक्रबर्तेन्द्र मल्लको मृत्युले चिन्तित भएकी रानीलाई सान्त्वना दिनका लागि यिनले वि.स. १७२७ मा रानी पोखरीको निर्माण गराएका थिए । यिनी विद्वान राजा थिए र यिनले दरबारको भित्तामा विश्वका १५ भाषाका लिपिहरू कुदाएका थिए । उनी साहित्य अनुरागी भएका हुनाले आफ्नो नामको अगाडि “कवीन्द्र” लेख्ने गर्दथे ।

जयप्रकाश मल्ल कान्तिपुरका अन्तिम मल्ल राजा हुन् । यिनले राजकाज सम्हाल्दा कान्तिपुरको आन्तरिक तथा वाह्य राजनीतिक अवस्था राम्रो थिएन । राज्यमा गुटबन्दी भएको थियो र राज्यको उत्तराधिकार तथा

शासन सत्ताबाट यिनलाई हटाउन कैयौँ प्रयासहरू समेत भएका थिए । यस्ता आन्तरिक तथा बाह्य असहज परिस्थितिहरूका कारणले यिनले राज्यको सुधारमा समय दिन सकेनन् । कान्तिपुरमा कुमारी राख्ने चलन यिनैले चलाएका हुन् ।

वि.स. १८२५ असोज १३ मा पृथ्वीनारायण शाहले कान्तिपुर विजय गरी आधुनिक नेपालको सिलान्यास गरे ।

**पाटन**

हालको ललितपुरलाई मध्यकालमा पाटन भनेर चिनिन्थ्यो । यक्ष मल्लको शेषपछि उनकी छोरीको हातमा पर्न आएको पाटन राज्य लामो समयसम्म स्वतन्त्र रूपले चल्न सकेन । कान्तिपुरका राजा रत्न मल्लले पाटनमाथि आफ्नो अधिकार कायम गरी शासन सञ्चालन गर्न सुरु गरे । तर रत्न मल्लको मृत्युपछि विष्णु सिंहले पाटनलाई स्वतन्त्र बनाई राज्य गरेका हुनाले उनैलाई स्वतन्त्र पाटनका पहिलो राजा मानिन्छ । तर सत्रौँ शताब्दीको अन्त्यतिर कान्तिपुरका राजा शिवसिंह मल्लले पाटनमाथि केही कालका लागि अधिकार गर्न सफल भएका थिए । शिवसिंह मल्लका नाति तथा हरिहरसिंह मल्लका छोरा सिद्धिनरसिंह मल्लले स्वतन्त्र पाटनमा मल्लहरूको शासन सत्ता स्थापित गरे । यी राजा कान्तिपुरका राजा लक्ष्मीनरसिंह मल्लका भाइ थिए ।



पाटनको कृष्ण मन्दिर ।

स्वतन्त्र पाटनको पहिलो मल्लराजा सिद्धिनरसिंह मल्ल राजनीतिक रूपले चलाख हुनाले कान्तिपुर तथा भादगाउँबाट यो राज्यलाई सुरक्षित राख्नका लागि गोरखाका राजा राम शाहसँग मित्रता कायम गरेका थिए । व्यावहारिक रूपले यिनी निकै सरल र धार्मिक प्रकृतिका राजा थिए । यिनले चन्द्रायणको व्रत गरी गर्मीमा पञ्चाग्नी ताप्ने र जाडोमा चिसो ढुङ्गामा बसी तपस्या गर्ने गर्दथे । वि.स. १६९३ मा यिनैले पाटनको कृष्ण मन्दिरको निर्माण गराएका थिए ।

श्रीनिवास मल्ल पाटनका दोस्रा मल्ल राजा हुन् । कान्तिपुरका प्रताप मल्ल र भादगाउँका जगत्प्रकाश मल्ल यिनका समकालीन राजाहरू हुन् । उपत्यकामा यी तीन राजाहरूको शासन चलिरहेको बेला आपसी द्वन्द्व र प्रतिस्पर्धाका कारण शान्तिको अवस्था थिएन । तर कान्तिपुर र भादगाउँका राजाहरूको मृत्युपछि भने श्रीनिवास मल्ल नै उपत्यकाका सर्वमान्य राजा भए । यिनको व्यक्तित्वबाट प्रभावित भएर मकवानपुरका राजा शुभसेनले चारओटा हात्ती उपहार दिएका थिए ।

श्रीनिवास मल्लपछि पाटनको सत्ता उनका छोरा योगनरेन्द्र मल्लको हातमा गयो । यिनी कुटनीतिमा कमजोर राजा थिए । यिनको राज्यकालदेखि पाटनको राजनीतिक अवस्था बिग्रिँदै जान लाग्यो । उपत्यकाका मल्ल राजाहरूका बिचमा पटक पटक युद्धहरू भए । भादगाउँसँगको युद्धमा यिनले चाँगुमा बसेर बन्दोवस्त

मिलाइरहेका थिए । यसै बखत भादगाउँका जासुसले उनको तमाखुमा विष हालिदिएका हुनाले वि.स. १७६२ मा यिनको मृत्यु भयो । यिनले पाटन दरबार अगाडि शिरमा चरा भएको आफ्नो शालिक स्थापना गराए । यिनले आफ्ना मन्त्रीहरूसँग "जबसम्म यो सालिकको रङ्ग खुइलिँदैन र शिरको चरा उडेर जाँदैन, तबसम्म म जीवित छु भन्ने सम्झनू" भनेका थिए । राजा जीवितै छन् भन्ने विश्वासका आधारमा अहिले पनि पाटन दरबारको एउटा झ्याल खुला राख्ने र एउटा कोठामा ओछ्यान तयार पारेर राख्ने गरिन्छ ।

योगनरेन्द्र मल्लका छोराहरू नभएको हुँदा पाटनको उत्तराधिकारमा सङ्कट पर्न गयो । यही सङ्कटको समयदेखि त्यहाँ छ प्रधानहरूको उदय भयो । यिनीहरूले पालैपालो विभिन्न व्यक्तिहरूलाई राजगद्दीमा स्थापित र विस्थापित गर्ने गर्न लागे । अन्त्यमा तेजनरसिंह नामक व्यापारीलाई छ प्रधानहरूले पाटनको राजगद्दीमा राखे । उनैको शासनकालमा वि.स. १८२५ असोज २४ गते पृथ्वीनारायण शाहले पाटन विजय गरे ।

### भादगाउँ

हालको भक्तपुरलाई मध्यकालमा भादगाउँ भनिन्थ्यो । नेपाल मण्डलको शासन व्यवस्था यहीँबाट नै चलाइन्थ्यो । नेपाल मण्डलका उत्तराधिकारी राय मल्ल कमजोर स्वभावका थिए भने उनका भाइहरू बिद्रोही स्वभावका थिए । राय मल्लले भाइहरूलाई आफ्नो नियन्त्रणमा राख्न नसकेका कारण यो राज्य टुक्रिन गयो । राय मल्ल आफ्ना पिता यक्ष मल्लको मृत्युपछि उपत्यकाको राजा भए । उनी नै स्वतन्त्र भादगाउँका प्रथम राजा थिए ।



भादगाउँको पाँचतले मन्दिर ।

भादगाउँका प्रसिद्ध राजाहरूमध्ये जगज्योर्ति मल्ल पनि एक हुन् । उनी यहाँका पाँचौँ राजा थिए । यिनी भाषा साहित्यका अनुरागी राजा थिए । यिनले अनन्त लिङ्गेश्वरमा नेपाली भाषामा अभिलेख राख्न लगाएका थिए । यो अभिलेख नै उपत्यकामा पाइएको नेपाली भाषाको पहिलो अभिलेख हो । त्यसैले यिनलाई उपत्यकामा नेपाली भाषाको प्रचलन गराउने राजा मानिन्छ । कुमारीको पूजा गर्ने तथा भक्तपुरको विस्केट जात्रा र ठिमीको भैरव जात्राको चलन यिनैले चलाएका हुन् ।

भादगाउँका अर्का प्रसिद्ध राजा जगत्प्रकाश मल्ल जगज्योति मल्लका नाति हुन् । भादगाउँ दरबारको पश्चिमतिर राखिएको ढुङ्गाका सिंह तथा गरुढका मूर्तिहरू यिनैले बनाउन लगाएका हुन् । यिनले आफ्नी इष्टदेवी तलेजु भवानीको मण्डप बनाई आफ्नो शालिक स्थापना गरे । यो मण्डपलाई "स्नेह मण्डप" भनिन्छ । हाल आएर हरेक वर्षको फागुन महिनामा मात्र सो शालिक मण्डपमा राखिन्छ । यिनले "नेपाल चूडामणि" को पदवीसमेत ग्रहण गरेका थिए ।

जगत्प्रकाश मल्लका छोरा जितामित्र मल्ल आफ्ना कलाकृतिका कारणले प्रसिद्ध छन् । यिनले विभिन्न देवस्थलहरूको निर्माण र जीर्णोद्धार गरेका थिए । उनले खानेपानीको आपूर्तिका लागि ढुङ्गे धारा र सिँचाइका लागि राजकुलोको निर्माण गरी यसको प्रयोगसम्बन्धी नियमसमेत बनाएका थिए । दरबार चोकको ढुङ्गाले बनेको शिखरशैलीको वत्सलादेवी मन्दिर यिनैले बनाएका हुन् । यिनले आफूलाई सबै विधामा निपूर्ण सोच्दथे र आफ्नो नामको अगाडि "सुमति" लेख्ने गर्दथे ।

त्यसैगरी भूपतीन्द्र मल्ल जितामित्र मल्लका छोरा हुन् । यिनले विभिन्न राज्यहरूको सहयोगमा पाटनका राजा योग नरेन्द्र मल्ललाई आफ्नो वशमा पारेका थिए । यिनी कलाकौशलका सौखिन राजा थिए । हाल भक्तपुरमा भएका अधिकांश कलाका नमुनाहरू यिनैको शासनकालमा निर्माण भएका हुन् । यिनै कलाका कारणले यिनलाई भक्तपुरको सौन्दर्यका संस्थापक भनिन्छ । मालती चोकमा सुन्धाराको निर्माण, दरबारको ढोकामा नृसिंह र हनुमानको स्थापना आदि यिनैका योगदान हुन् । वि.स. १७५९ मा निर्मित सिद्धिलक्ष्मीको न्यातः पौ (पाँचतले) मन्दिर, ५५ झ्याले दरबार र स्वर्णद्वार यिनको कलाका विशेष नमुनाहरू हुन् । यिनले ५५ झ्याले दरबार अगाडि ढुङ्गाको स्तम्भमा आफ्नो सालिक स्थापना गराएका थिए । यसलाई अहिले पनि देख्न सकिन्छ ।

भूपतीन्द्र मल्लका छोरा रणजीत मल्ल भादगाउँका मात्र नभएर उपत्यका नै अन्तिम मल्ल राजा हुन् । वि.स. १७७९ मा यिनी भादगाउँका राजा भएका थिए । यसै वर्ष कान्तिपुरमा जगज्जय तथा पाटनमा योगप्रकाश मल्ल राजा भएका थिए । रणजीत मल्ल प्रजातान्त्रिक विचार धाराका राजा भएका हुनाले आफ्नो लहडका आधारमा कुनै पनि निर्णय नगरी सामूहिक छलफलबाट निर्णय गर्दथे । वि.स. १८२६ मङ्सिर १ गते पृथ्वीनारायण शाहले भादगाउँ विजय गरी आधुनिक नेपालको जग बसाले ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) काठमाडौँ उपत्यकामा मध्यकालमा कुन बंशको शासन सत्ता स्थापित भएको थियो ?

(ख) उपराज भनेको के हो ?

(ग) यक्ष मल्ललाई प्रतापी राजा भनिनुको कुनै एक कारण लेख्नुहोस् ।

(घ) सबैले खाएपछि खाने राजा भनेर कुन राजालाई चिनिन्छ ?

(ङ) स्वतन्त्र पाटनका पहिलो राजा को हुन् ? नाम लेख्नुहोस् ।

(च) हालसम्म पनि पाटन दरबारको एउटा झ्याल खुला राख्ने र एउटा कोठामा ओछ्यान तयार पारेर राख्नुको कारण के हो ? एक वाक्यमा लेख्नुहोस् ।

(छ) महेन्द्र मल्ली भनेको के हो ?

२. तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :

(क) नेपालको इतिहासमा कुन युगलाई अन्धकारको युग भनेर चिनिन्छ,क किन ?

(ख) काठमाडौँ उपत्यकाको पहिलो मल्ल राजा को हुन्, उनले किन मल्ल उपाधि धारण गरेका हुन् ?

(ग) देवलदेवी, नायकदेवी र राजल्लदेवीबिचको नाता सम्बन्ध स्पष्ट पार्नुहोस् ।

(घ) "राम राज्य" भनेको के हो र किन जयस्थिति मल्लको शासन काललाई "राम राज्य" को उपमा दिइएको होला ? कुनै चार कारणहरू खोजी गरी सूची बनाउनुहोस् ।

(ङ) वर्ण व्यवस्था भनेको कस्तो सामाजिक व्यवस्था हो ? यो व्यवस्थाका दुई दुईओटा राम्रा र नराम्रा पक्षहरू सोधखोजी गरी लेख्नुहोस् ।

(च) प्रताप मल्लका योगदानहरू बुँदागत रूपमा लेख्नुहोस् ।

(छ) पाटनमा मल्ल राजाहरूको प्रवेश कसरी भयो ? सङ्क्षेपमा लेख्नुहोस् ।

(ज) छ प्रधान भनेको के हो र पाटनमा कसरी यिनीहरूको उदय भयो ?

(झ) कुन राजालाई भक्तपुरको सौन्दर्यका संस्थापक भनिन्छ ? उदारहरणसहित स्पष्ट पार्नुहोस् ।

(ञ) खण्ड 'क' मा भएका कुराहरू कसले बनायो/कसले चलायो ? सँगैको खण्ड 'ख' को कोठाहरूमा लेख्नुहोस् ।

| | खण्ड 'क' | खण्ड 'ख' |
|---|---|---|
| १. | पशुपतिनाथका उन्मत्त भैरव र लवकुशको मूर्ति | जयस्थिति मल्ल |
| २. | भादगाउँको नृसिंह र पाटनको कुम्भेश्वर मन्दिर | |
| ३. | चाँदीको मोहोर | |
| ४. | कान्तिपुरमा कुमारी राख्ने चलन | |
| ५. | पाटनको कृष्ण मन्दिर | |
| ६. | पाटन दरबार अगाडि शिरमा चरा भएको शालिक | |
| ७. | अनन्तलिङ्गेश्वरमा नेपाली भाषामा अभिलेख राख्न लगाउने | |
| ८. | कुमारीको पूजा गर्ने चलन | |
| ९. | भक्तपुरको विस्केट जात्रा र ठिमीको भैरव जात्राको चलन चलाउने | |
| १०. | भादगाउँमा ढुङ्गाका सिंह तथा गरूढका मूर्तिहरू बनाउन लगाउने | |

| | | |
|---|---|---|
| ११. | भादगाउँमा “स्नेह मण्डप” बनाई आफ्नो शालिक स्थापना गर्ने | |
| १२. | भादगाउँमा ढुङ्गे धारा र राजकुलोको निर्माण गराउने | |
| १३. | भादगाउँमा वत्सलादेवी मन्दिर बनाउने | |
| १४. | भादगाउँमा सुन्धारा न्यातः पौ (पाँचतले) मन्दिर र ५५ झ्याले दरबारको निर्माण | |
| १५. | भादगाउँमा ढुङ्गाको स्तम्भमा आफ्नो सालिक निर्माण | |

(**ट**) **तलका उपनामले ककसलाई चिनिन्छ ?**

(क) सुमति (ख) नेपाल चूडामणि (ग) कवीन्द्र

# पाठ ७ मध्यकालीन नेपालको आन्तरिक तथा वैदेशिक सम्बन्ध

मध्यकालमा नेपाल विभिन्न राज्यहरूमा विभाजित थियो । यी राज्यहरूले आफ्नो आवश्यकता र स्वार्थअनुसार सम्बन्ध स्थापना गर्दथे । ती राज्यहरूबिचको सम्बन्धलाई तल चर्चा गरिने छ ।

## (क) आन्तरिक सम्बन्ध

मध्यकालीन नेपालका राज्यहरूबिचको सम्बन्ध समय र सन्दर्भअनुसार फेरबदल भइरहन्थ्यो । हरेक राज्यका आआफ्ना नीजि इच्छा र स्वार्थ हुन्थे । त्यसैले कुनै बेला कुनै राज्यहरूका समान आकांक्षाहरू भएमा तिनीहरूका बिचनिकट सम्बन्ध हुन्थ्यो । आफ्नो स्वार्थ पूरा भएपछि ती राज्यका बिचफुट र आपसी आक्रमण प्रत्याक्रमणको अवस्था सिर्जना हुन्थ्यो । कतिपय राज्यहरूको आफ्ना छिमेकी राज्यसँग राम्रो सम्बन्ध थिएन् र टाढाको राज्यसँग सम्बन्ध थियो । साना तथा कमजोर राज्यहरूले ठुलो र शक्तिशाली राज्यहरूसँग सम्बन्ध स्थापना गरी आफूहरू सुरक्षित हुन चाहन्थे । राज्यहरूबिचको सम्बन्ध पनि दिगो थिएन ।

पूर्वमध्यकालमा हालको नेपालमा मुख्यत: सिंजा, नेपाल मण्डल र सिम्रौनगढ राज्यहरू थिए । यिनीहरूका बिचमा पनि कुनै किसिमको दिगो सम्बन्ध थिएन । यी राज्यहरूमा नेपाल मण्डल निकै पुरानो थियो भने सिंजा राज्य सबैभन्दा पछि स्थापना भएको थियो । यी राज्यहरू निकै सम्पन्न तथा शक्तिशाली हुनाले यिनीहरूलाई "पूर्वमध्यकालका त्रिशक्ति" भनेर चिनिन्थ्यो । बेला बखत सिम्रौनगढले उपत्यकामाथि आक्रमण गर्दा कमजोर पक्षले सिंजासँग सहयोग लिने गर्दथे ।

सिंजा र उपत्यकाको सम्बन्ध पनि कुनै किसिमले दीर्घकालीन देखिँदैन । खस राजाहरू र मल्ल राजाहरूका बिच वैवाहिक सम्बन्ध पनि स्थापित भएको थियो । यिनीहरू दुवै मिलेर तिब्बतसँग व्यापार पनि गर्दथे । सिंजाका खस राजाहरू उपत्यकामा आई देवदेवीहरूको दर्शन गर्ने गर्दथे । जितारी मल्ल, रिपु मल्ल तथा पुण्य मल्लले उपत्यकामा ७ पटकसम्म आक्रमण गरी ठुलो नोक्सानी पुऱ्याएका थिए । उनीहरूले यहाँका देवस्थलहरू माथि कुनै किसिमको नोक्सानी भने पुऱ्याएनन् । तर यिनीहरूको सम्बन्ध भने दीर्घकालीन देखिँदैन ।

उपत्यकाका मल्ल राजाहरूको सिम्रौनगढसँग वैवाहिक सम्बन्ध पनि स्थापना भएको थियो । भादगाउँका राजा रुद्रमल्लकी दिदी देवलदेवीको विवाह हरसिंह देवसँग भएको थियो । मुसलमान आक्रमणमा सिम्रौनगढ राज्य ध्वस्त भएपछि राजा हरसिंहदेवकी रानी देवलदेवी र छोरा जगतसिंहले रुद्रमल्लको दरबारमा शरण लिई बसेका थिए । अर्कोतर्फ नान्यदेव, हरसिंहदेव तथा अन्य राजाहरूले पटक पटक उपत्यकामाथि आक्रमण गरी यहाँको जनजीवन तहसनहस पार्ने, सम्पत्ति लुट्ने, कर उठाउने र देवस्थलहरूलाई आघात पार्नेसमेत गरेका थिए ।

उपत्यकाका राज्यहरूले कहिले खस त कहिले डोय/राज्यहरूको आक्रमणको समाना गरिरहनु पर्दथ्यो । सिंजा

राज्य खस राज्य थियो भने सिम्रौनगढ डोय राज्य थियो । त्यसैले यिनीहरूले खसहरूको आक्रमण हुँदा डोय तथा डोयहरूको आक्रमण हुँदा खसहरूको सहयोग लिने गर्दथे । एक आपसमा मदतको लेनदेन गरिने भएकाले यो समयलई गुहारको युगसमेत भन्ने गरिन्छ ।

उत्तरमध्य कालमा यी सबै राज्यहरू टुक्रिएर कर्णाली प्रदेशमा बाइसी, गण्डकी प्रदेशमा चौबिसी, उपत्यकामा छुट्टै तीन राज्य तथा पूर्वी भागमा तीनओटा सेन राज्यहरू स्थापित भएका थिए । यिनीहरूका बिचको आपसी सम्बन्ध पनि दीर्घकालीन हुन सकेको थिएन । काठमाडौँ उपत्यकामा खस र डोयहरूको प्रभाव बढेको थियो ।

**चौबिसीहरू राज्यबिचको आपसी सम्बन्ध**

चौबिसी राज्यहरूमा पाल्पा, पर्वत र लमजुङ निकै शक्तिशाली थिए । यिनीहरूलाई "त्रिशक्ति" भनेर चिनिन्थ्यो । गोरखा राज्य चौबिसीहरूमा पर्दैन्थ्यो तर निकै महत्वाकांक्षी भएको हुनाले सबै चौबिसीहरूले गोरखा विरुद्ध एकता गर्न चाहन्थे । तर गोरखाले पालैपालो पाल्पा, तनहुँ तथा लमजुङसँग विभिन्न किसिमले मित्रता कायम गर्ने, खाँची, पर्वत, पाल्पा आदि राज्यहरूसँग वैवाहिक सम्बन्ध स्थापित गर्ने तथा अन्य राज्यहरूसँग दौत्य सम्बन्ध स्थापना गर्ने गर्दथ्यो । गोरखाको यस्तो नीतिका कारण गोरखा विरुद्ध चौबिसीहरूको बलियो सङ्गठन बन्न सकेको थिएन ।

**बाइसी राज्यहरूबिचको आपसी सम्बन्ध** : बाइसी राज्यहरूमा जुम्ला र डोटी निकै शक्तिशाली थिए । डोटीले अन्य बाइसी राज्यहरूमा आफ्नो प्रभाव देखाउँथ्यो । बाइसीहरूले जुम्लासँग सहयोग लिई छिमेकीमाथि हस्तक्षेप गर्ने प्रयास गर्दथे भने जुम्लाले पनि बाइसीहरूलाई आफ्नो प्रभावमा राख्ने प्रयास गर्थ्यो । यी राज्यहरूबिचको आपसी सम्बन्ध केवल देखावटी मात्र थियो ।

**उपत्यकाका राज्यहरूको आपसी सम्बन्ध** : उपत्यकाका राज्यहरूबिच राम्रो सम्बन्ध थिएन । यिनीहरू जम्मा तीनओटा थिए । पालैपालो दुई राज्यहरू मिल्ने र अर्को राज्यउपर आक्रमण गर्ने क्रम सुरुदेखि अन्त्यसम्म नै कायम रह्यो । अर्को राज्यलाई दबाउनका लागि सेन राज्य तथा गोरखासँग पनि सहयोग लिने गर्दथे । वि.स. १८१४ मा गोरखाले कीर्तिपुरमाथि हमला गर्दा भने उपत्यकाका तीनै राज्यहरू मिली गोरखा विरुद्ध प्रत्याक्रमण गरेका थिए ।

**सेन राज्यहरूको आपसी सम्बन्ध** : सुरुमा पाल्पामा सेन राज्य स्थापना भएको थियो । तर पछि तनहुँ, मकवानपुर, विजयपुर र चौदण्डीमा समेत सेन राज्यहरू स्थापना भए । तनहुँ र पाल्पाका सेन राज्यहरू चौबिसी राज्यअन्तर्गत पर्दथे । तर मकवानपुर, विजयपुर र चौदण्डी भने पूर्वी सेन राज्यको नामले चिनिन्थे । यसरी पाल्पामा स्थापना भएको राज्य विभिन्न भागमा विभाजित भयो । यसरी एक राज्य टुक्रा पर्नुले नै यिनीहरूका बिच मनमुटाव रहेको कुरा स्पष्ट हुन्छ । यी पूर्वी सेन राज्यहरूले उपत्यकाका राज्यहरूसँग सम्बन्ध स्थापित गरेका थिए । उपत्यकाका राजाहरूको तराईसँग वैवाहिक सम्बन्ध थियो ।

गोरखाले नेपाल उपत्यकाका राज्यहरूसँग सम्बन्ध स्थापना गर्ने तथा सो सम्बन्धलाई विस्थापित गर्ने गरेको

थियो । रामशाहकै शासन कालदेखि उपत्यकाका राज्यहरूसँग गोरखाको सम्बन्ध थियो । उनले पाटनबाट व्यापारी झिकाई गोरखामा २४ कोठी खोल्न लगाई व्यापार चलाएका थिए । पृथ्वीनारायण शाहले भादगाउँसँग मितेरी सम्बन्ध नै स्थापना गरेका थिए भने कान्तिपुरका राजा जयप्रकाश मल्लसँग वाणिज्य सन्धि गरेका थिए । ती सन्धि र सम्बन्धहरू केवल देखावटी मात्र थिए । मकवानपुरसँग उनको वैवाहिक सम्बन्ध स्थापना भएको भए पनि आपसी शत्रुता कायमै थियो । बाइसी राज्यहरू जाजरकोट, सल्यान तथा बझाङको गोरखासँग राम्रो सम्बन्ध थियो । गण्डकी क्षेत्रको मुस्ताङले जुम्लालाई सिर्तो तिर्ने र घोडा तथा राडीपाखीहरू उपहार पठाउँने गर्दथ्यो । पाल्पाको मकवानपुर तथा अन्य राज्यहरूसँग राम्रो सम्बन्ध थिएन तर अवधका नवावसँग राम्रो सम्बन्ध थियो ।

मध्यकालमा गोरखा राज्यको शक्ति र महत्वाकांक्षाका कारणले यसको धेरै राज्यहरूको राम्रो सम्बन्ध थिएन । उपत्यकाले प्युठान र पर्वतलाई उचालेर गोरखामाथि हमला गराउँथ्यो । उपत्यका र मकवानपुरको राम्रो सम्बन्ध थियो । गोरखाले उपत्यकामा नाकाबन्दी गर्दा मकवानपुरले कम्पनी सरकारसँग व्यापार गर्ने बाटो दिएको थियो । उपत्यकाको तराइसँग वैवाहिक सम्बन्धसमेत रहेको थियो ।

(ख) **वैदेशिक सम्बन्ध** : मध्यकालका विभिन्न राज्यहरूले आफ्नै किसिमले वैदेशिक सम्बन्ध स्थापना गरेका थिए । सिंजा तथा काठमाडौँ उपत्यकाका राज्यहरूले तिब्बत तथा भारतसँग व्यापारिक सम्बन्ध कायम गरेका थिए । कान्तिपुरका राजा प्रताप मल्लले तिब्बतसँग सन्धि नै गरेका थिए । सिम्रौनगढको पनि भारतसँग राम्रो सम्बन्ध थियो । यहाँका विभिन्न राजाहरू दिल्ली तथा बङ्गालका राजाको सम्पर्कमा रहिरहन्थे । सिंजाका राजा पृथ्वी मल्लले भोट तथा भारतसँगको व्यापारका लागि बाटोसमेत बनाउन लगाएका थिए । खस राजाहरूले रेशम मार्ग (Silk Road) समेत आफ्नो नियन्त्रणमा पार्न चाहन्थे ।

त्यसैगरी उत्तर मध्यकालका राज्यहरूले पनि वैदेशिक सम्बन्ध स्थापना गरेका थिए । जुम्लाले मानसरोवरसम्म आफ्नो राज्य विस्तार गरेको थियो । भोटसँग व्यापारिक सम्बन्ध कायम गरेको थियो । भोटको सुनलाई जुम्ला ल्याई यहाँका सुनारहरूलाई गाल्न लगाइन्थ्यो । बझाङले आफ्नै बाटो खोली भोटसँग व्यापार गर्दथ्यो । यसरी हेर्दा कुनै न कुनै रूपले बाइसी राज्यहरूले भोटसँग प्रत्यक्ष तथा भारतसँग अप्रत्यक्ष सम्बन्ध स्थापना गरेका थिए ।

सल्यान, पाल्पा तथा तनहुँका भूमि भारतकै भूमिसँग जोडिन्थे । अत: यिनीहरूले भारतीय राज्यका रजौटाहरूसँग सम्बन्ध स्थापना गरेका थिए भने आवश्यक व्यापार पनि उतैबाट गर्दथे । पाल्पाले मुस्ताङसँग सम्बन्ध बढाई भोटसँग व्यापार गर्दथ्यो । मुस्ताङको भने भोटसँग वैवाहिक सम्बन्ध नै कायम भएकाले भोट-मुस्ताङ सम्बन्ध निकै सुमधुर थियो । गोरखाले लार्के भञ्ज्याङको बाटो हुँदै भोटमा आवतजावत तथा व्यापार गर्ने गर्दथ्यो ।

मकवानपुर र चौदण्डीले हालको नेपाल-भारत सिमानाभन्दा दक्षिणका धेरै भूभागहरू आफ्नो नियन्त्रणमा राखेका थिए । उनीहरूसँग सिर्तोसमेत उठाउँथे । विजयपुर र मोरङ राज्यको सिमाना टिस्टा र पश्चिम बङ्गालसँग जोडिएको हुनाले यिनीहरूले भारतीय रजौटाहरूसँग सम्बन्ध स्थापना गरेका थिए ।

काठमाडौँ उपत्यकाका तीनै राज्यहरूको भारत तथा भोटसँग राम्रो सम्बन्ध थियो । त्यसबेला तिब्बत र भारतका बिचको मध्यस्थ व्यापार केन्द्रका रूपमा काठमाडौँ उपत्यका रहेको थियो । तिब्बतीहरू सिधै भारत र भारतीहरू सिधै तिब्बत गएर व्यापार गर्न सक्दैन्थे । यसकारण काठमाडौँबाट दुवै देशसँग व्यापार सञ्चालन हुन्थ्यो । काठमाडौँ उपत्यकाका मानिसहरू ल्हासा पुगेर व्यापार गर्दथे । कतिपय व्यापारीहरूले तिब्बती महिलासँग विवाहसमेत गर्दथे । नेपाली पुरुष र तिब्बती महिलाबाट जन्मेका सन्तानलाई खेचडा भनिन्थ्यो ।

काठमाडौँ उपत्यकाका राजाहरूले मोहोरको टकमरीका लागि भारतबाट चाँदी ल्याउँथे र यहाँ पैसा बनाई भोट पठाउने गर्दथे । यसो गर्दा उनीहरूलाई प्रशस्त आर्थिक लाभ हुन्थ्यो । मङ्गोलियाको बुकी सुन भोट हुँदै उपत्यकामा ल्याएर गालिन्थ्यो । शुद्ध नपारिएको काँचो सुनलाई बुकी सुन भनिन्छ । त्यसै गरी तिब्बतबाट नेपालमा मुगाहरू मगाइन्थ्यो । कास्मिरी गोसाईँ व्यापारीहरूले मुगाको व्यापार गर्दथे । काठमाडौँ उपत्यकाका व्यापारीहरू ल्हासा तथा भोटका अन्य स्थानहरूमा बसेर व्यापार गर्दथे । भोटमा प्रशस्त नुन खानीहरू थिए । त्यहाँको नुन नेपालका सबै राज्यहरूले प्रयोग गर्दथे । भोटमा अन्नको उब्जनी निकै कम हुने भएकाले नेपालबाट खाद्यान्न पठाइन्थ्यो । बाइसी चौबिसी सबै राज्यका मानिसहरू अन्न बोकेर भोटमा नुन साट्न जान्थे ।

यसरी नेपाल उपत्यकाको एकीकरण हुनुभन्दा अगाडि नेपालका बाइसी, चौबिसी, सेन तथा उपत्यकाका राज्यहरूको आपसी सम्बन्ध दिगो थिएन । यी सबै राज्यहरूको वैदेशिक सम्बन्ध भने भोट (तिब्बत) र भारतसँग रहेको थियो ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) मध्यकालीन राज्यहरूका बिचको सम्बन्ध दिगो हुन नसक्नुका कुनै एक कारण लेख्नुहोस् ।

(ख) पूर्वमध्यकालमा नेपालमा कतिओटा राज्यहरू थिए ?

(ग) गोरखा बिरुद्ध चौबिसीहरूको बलियो सङ्गठन बन्न नसक्नुका कारणहरू के के थिए ?

(घ) सबैभन्दा शक्तिशाली कुनै एक बाइसी राज्यको नाम लेख्नुहोस् ।

(ङ) मध्यकालीन नेपालका राज्यहरूबिचको सम्बन्ध किन समय र सन्दर्भअनुसार फेरबदल भइरहन्थ्यो होला ?

(च) राम शाह कहाँका राजा हुन् ?

२. **तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) साना राज्यहरूले ठूलो राज्यहरूसँग सम्बन्ध स्थापना गर्दा ती साना राज्यहरूलाई के कस्ता फाइदाहरू हुन्थे होला ? कुनै चार बुँदाहरू लेख्नुहोस् ।

(ख) पूर्वमध्यकालमा कुन कुन राज्यहरूलाई "त्रिशक्ति" भनिन्थ्यो ? ती राज्यहरूलाई किन त्रिशक्ति भनिएको होला ?

(ग) "पूर्वमध्यकालमा नेपाल मण्डल (उपत्यका राज्य) आक्रमणको निशाना बनेको थियो ।" तपाईं यो भनाइसँग सहमत हुनुहुन्छ कि हुनुहुन्न ? कारणसहित स्पष्ट पार्नुहोस् ।

(घ) उपत्यकाका तीन मल्ल राज्यहरूको आपसी सम्बन्ध कस्तो थियो ?

(ङ) बाइसी तथा चौबिसी राज्यहरूको वैदेशिक सम्बन्ध उल्लेख गर्नुहोस् ?

## परियोजना कार्य

मध्यकालीन राज्यहरूको आन्तरिक सम्बन्धसम्बन्धी अध्ययन गर्नुहोस् र तलका उपशीर्षकहरूका आधारमा छोटो प्रतिवेदन तयार पार्नुहोस् ।

(क) शीर्षक

(ख) परिचय

(ग) अध्ययनको उद्देश्य

(घ) अध्ययन विधि


(ङ) तथ्याङ्क सङ्कलन विधि

(च) पत्ता लगाइएका पक्षहरू

(छ) निष्कर्ष

## पाठ १ पञ्चायती व्यवस्थाको उदय र अन्त्य

### पृष्ठभूमि



राजा महेन्द्र

वि.स. २०१५ सालमा संसद्को प्रतिनिधि सभाका १०९ स्थानका लागि आमनिर्वाचन भयो । सो निर्वाचनमा नेपाली काङ्ग्रेसले ७४ स्थानमा विजय हासिल गऱ्यो । वि.स. २०१६ साल जेठ १३ गते वि.पी. कोइरालाको प्रधानमन्त्रीत्वमा १९ सदस्यीय मन्त्रिमण्डलको गठन भयो र असार १६ गते प्रधानमन्त्रीले पद तथा गोपनीयताको सपथ ग्रहण गरे । आफ्नो नीतिबमोजिम सरकारले भ्रष्टाचार निवारण आयोग तथा लोकसेवा आयोगका कार्यहरूलाई प्रभावकारी र पारदर्शी बनाउने कार्यहरू गर्न सुरु गऱ्यो । कृषि, व्यापार र उद्योगको क्षेत्रमा आमूल परिवर्तन र अन्य मुलुहरूसँग असल कुटनीतिक सम्बन्ध स्थापना गर्ने यो सरकारको लक्ष्य थियो । यसले गर्दा नेपाली काङ्ग्रेसको यो सरकार जनतासमक्ष निकै लोकप्रिय भयो । तथापि विर्ता उन्मूलन, वनको राष्ट्रियकरण, रजौटा र भत्ताको उन्मूलन, भूमिसुधार एवम् कर प्रणाली र न्याय प्रणालीको विरोध, गोरखाको गोलीकाण्डले सरकारको व्यापक आलोचना पनि भइरहेको थियो । तत्कालीन सरकारको विरोधमा काङ्ग्रेस विरोधीहरूले राजासमक्ष बिन्तिपत्र बुझाउन थाले । त्यसैलाई आधार मानेर राजा महेन्द्रको सक्रियता बढ्न थाल्यो । परिणाम स्वरूप जननिर्वाचित सरकारलाई विभिन्न आरोपहरू लगाई अपदस्त गर्ने र दुई तिहाइको बहुमत भएको प्रतिनिधि सभालाई समेत भङ्ग गर्ने काम गरे । तत्कालीन राजा श्री ५ महेन्द्रले २०१७ साल पौष १ गते नेपालमा बहुदलीय व्यवस्थाको अन्त्य गरी निर्दलीय पञ्चायती व्यवस्थाको स्थापना गरेका थिए । दलहरूले यसलाई कालो दिनका रूपमा लिएका थिए । तर प्रजातन्त्र विरोधीहरूले भने यस दिनमा राजाको समर्थनमा दीपावलीसमेत गरेका थिए । यो व्यवस्था वि. सं.२०४६ साल चैत्र २६ गतेसम्म करिब ३० वर्ष कायम रह्यो । यसलाई ३० वर्षे पञ्चायती व्यवस्था पनि भनिन्छ । वि.स. २०४६ को जनआन्दोलनले यो व्यवस्थाको अन्त्य गरी बहुदलीय व्यवस्थाको पु:नर्स्थापना गरेको थियो ।

### (क) पञ्चायती व्यवस्थाको स्थापना

वि.स.२०१७ साल पौष १ गते राजा महेन्द्रले देशको शासन सत्ता आफ्नो हातमा लिएपछि आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन गरे । नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीका माथिल्लो तहका नेताहरूलाई

गिरफ्तार गरियो । पौष २२ गतेका दिन राजनीतिक दलहरूमाथि पनि प्रतिबन्ध लगाइयो । राजाले पञ्चायती व्यवस्थाप्रति समर्थन जुटाउन बुद्धिजीवीहरूको सम्मेलन गरेका थिए । त्यसपछि नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो । गाउँमा गाउँसभा र गाउँ पञ्चायत, जिल्लामा जिल्ला सभा र जिल्ला पञ्चायत, अञ्चलमा अञ्चल सभा र अञ्चल पञ्चायत व्यवस्था गरियो । केन्द्रमा व्यवस्थापिकाका रूपमा राष्ट्रिय पञ्चायतको व्यवस्था थियो । पञ्चायतका यी सबै सङ्गठनहरू निर्दलीय थिए ।

राजा महेन्द्रले वि.स. २०१९ साल पौष १ गतेका दिन नेपालको संविधान २०१९ जारी गरे । यो संविधानमा ९७ धारा, ६ अनुसूची र २० भाग थिए । संविधानअनुसार नेपालको सार्वभौमसत्ता तथा देशको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका सबै अधिकारहरू राजामा केन्द्रित हुने प्रावधान थियो । वि.स.२०२३ सालमा नेपालको संविधान २०१९ को पहिलो संशोधन गरी पञ्चायती व्यवस्थालाई “निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्था” बनाइयो । संविधानमा प्रजातन्त्र शब्दको प्रयोग गरिए पनि राजनीतिक दल वा सङ्गठनको स्थापनामा भने प्रतिबन्ध लगाइएको थियो । राजाले कार्यान्वयन गरेको यो व्यवस्थालाई “पञ्चायती प्रजातन्त्र” भनिन्थ्यो ।



राजा वीरेन्द्र

राजा महेन्द्रको वि.स. २०२८ सालमा देहावसान भएपछि उनका जेठा छोरा युवराज वीरेन्द्र नेपालको गद्दी आरोहण भए । उनले इङ्ग्ल्यान्ड जस्तो प्रजातान्त्रिक मुलुकमा अध्ययन गरेका थिए । त्यसकारण नयाँ राजाबाट जनचाहनाअनुसार शासन सञ्चालन होला भन्ने आशा गरिएको थियो । राजाले पनि आफ्ना भाषणहरूमा जनचाहनाअनुसार सुधार गर्दै जाने अभिव्यक्तिहरू दिन्थे । तर वि.स.२०३२ सालमा नेपालको संविधानमा दोस्रो संशोधन गरियो । यसमा स्नातकहरूमध्येबाट राष्ट्रिय पञ्चायतका सदस्यहरूको निर्वाचन हुने प्रावधान हटाइयो । त्यसबेलाको संसद्लाई राष्ट्रिय पञ्चायत भनिन्थ्यो र यसका सदस्यहरूमध्ये ४ जनालाई स्नातकहरूको निर्वाचक मण्डलले निर्वाचित गर्नुपर्ने संवैधानिक प्रावधान थियो । स्नातक भनेको कुनै पनि विषयमा स्नातक तह पास गरेको व्यक्ति हो । स्नातकहरूबाट निर्वाचित हुने राष्ट्रिय पञ्चायत सदस्यहरू राजनीतिक रूपले सचेत तथा प्रजातान्त्रिक विचारका हुन्थे । उनीहरूले पञ्चायती व्यवस्थाको विरोध गर्ने, प्रजातान्त्रिक व्यवस्थाको माग गर्ने, जनतालाई अधिकारहरूको बारेमा सचेत गराउने तथा निर्भिक भएर आफ्ना विचारहरू राख्ने हुनाले यो प्रावधान हटाइएको थियो । पञ्चायतलाई मजबुत बनाउन “गाउँफर्क राष्ट्रिय अभियान” लाई संवैधानिक अङ्ग बनाइयो । “गाउँफर्क राष्ट्रिय अभियान” ले केन्द्रको निर्देशनमा स्थानीय शासन व्यवस्था चलाउने र निर्वाचन गराउने कार्य गर्दथ्यो । पञ्चायतका कुनै पनि निकायको निर्वाचनमा उम्मेदवार बन्नका लागि “गाउँफर्क राष्ट्रिय अभियान” ले अनुमोदन पत्र दिनुपर्दथ्यो । यसको अनुमोदन पत्रबिना कुनै पनि व्यक्ति निर्वाचनमा उम्मेदवार हुन पाउँदैन्थ्यो । पछिल्लो समयमा राजपरिवारले चाहेका व्यक्तिले मात्र निर्वाचनमा भाग लिन पाउने स्थिति सिर्जना भएको थियो ।

गाउँफर्क राष्ट्रिय अभियानलाई राजनीतिक व्यवस्थालाई परिचालन गर्ने, पञ्चहरूलाई प्रशिक्षण दिने,

पञ्चभेलाहरू गर्ने आदि अधिकारहरू प्रदान गरिएको थियो । मन्त्रिमण्डललाई भन्दा पनि बढी अधिकार गाउँफर्क राष्ट्रिय अभियानलाई दिइएको थियो । संवैधानिक राजतन्त्र भएको प्रजातान्त्रिक मुलुकमा पढेका राजाबाट जनचाहनाअनुसार शासन सञ्चालन होला भन्ने विश्वास हराउँदै गयो । जनतामा पञ्चायती व्यवस्थाप्रति वितृष्णा बढ्दै जान लाग्यो र जनविरोधको स्थिति सिर्जना भयो । तर शक्तिको राम्रो अभ्यास गर्नका लागि केही राजनीतिक नेताहरू पञ्चायती व्यवस्थामा सामेल भएका थिए ।

**(ख) २०३६ को आन्दोलन र जनमत सङ्ग्रह**

पञ्चायती व्यवस्थालाई मजबुत बनाउँदै गर्दा शिक्षा क्षेत्रमा पनि नयाँ व्यवस्थाहरू गरिएको थिए । शिक्षालाई गुणस्तरीय बनाउन सरकारले वि.स.२०२८ सालमा “राष्ट्रिय शिक्षा पद्धतिको योजना” लागु गऱ्यो । जसअनुसार क्याम्पस प्रवेशका लागि प्रवेश परीक्षा, राष्ट्रिय विकास सेवा र स्नातकोत्तर तहमा शोधपत्र अनिवार्य बनाइयो । राष्ट्रिय शिक्षा पद्धतिको योजनाले नैतिक तथा सामाजिक अध्ययन शिक्षालाई पाठ्यक्रमबाट हटाएर नेपाली संस्कृति र परम्परालाई चुनौती दियो ।

विद्यार्थीहरूले आआफ्ना सङ्गठनहरू स्थापना गरी वि.स. २०२० सालदेखि नै शैक्षिक मागहरू राख्ने र राजनीतिक गतिविधिसमेत सञ्चालन गर्दै आएका थिए । त्यसकारण वि.सं २०३५ सालमा त्यस्ता विद्यार्थी सङ्गठनहरू खारेज गरियो । चरणबद्ध रूपमा वि.स. २०२८ सालदेखि नै विद्यार्थी सङ्गठनहरूमाथि अङ्कुश लगाउँदै स्कुल तथा क्याम्पसहरूमा सदनको व्यवस्था गरिएको थियो । यस व्यवस्थाअनुसार विद्यार्थीहरूलाई विभिन्न सदनहरूमा विभाजन गरिन्थ्यो र सदनअनुसारका प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गरिन्थ्यो । यो सदनको उद्देश्य विद्यार्थीको व्यक्तित्त्व विकास गर्ने थिएन । यसको उद्देश्य त प्रजातन्त्र विरोधी विद्यार्थी उत्पादन गर्नु थियो । यसको विरोधमा तत्कालीन प्रमुख विद्यार्थी सङ्ठनहरू नेपाल विद्यार्थी सङ्घ (प्रजातान्त्रिक), अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (चिनिया साम्यवादी) र नेपाल राष्ट्रिय विद्यार्थी फेडरेसनले संयुक्त रूपमा विरोध जनाए । त्रिचन्द्र कलेजमा विद्यार्थीहरूले सम्मेलनको आयोजना गरे । सम्मेलनपश्चात् शान्तिपूर्ण ऱ्याली निकाले तर प्रशासनले हस्तक्षेप गरी विद्यार्थीहरूलाई धरपकड गर्ने कार्य गऱ्यो । कैयौँ विद्यार्थीहरू घाइते भए भने कैयौँ जनालाई गिरप्तार गरियो । सरकारको निर्देशनमा पञ्चायती व्यवस्थाको समर्थन गर्ने विद्यार्थीहरूको अर्को सङ्गठन स्थापना भयो । यसको नाम “नेपाल विद्यार्थी सङ्गठन” थियो र पछि यसलाई “राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल” नामाकरण गरियो । यही सङ्गठनको आडमा सरकारले अन्य विद्यार्थी सङ्गठनहरूलाई दमन गरेको थियो ।

शिक्षा क्षेत्रमा भएको यसप्रकारको डर त्रासको समयमा वि.स. २०३५ चैत्र १ मा पाकिस्तानको सैनिक सरकारले जननिर्वाचित प्रधानमन्त्री जुल्फीकार अलि भुट्टोलाई फाँसीको सजाय दियो । भुट्टोलाई फाँसी दिएको विरोधमा अन्तर्राष्ट्रिय क्षेत्रमा विरोध भयो । नेपालमा पनि त्यसको असर पऱ्यो । न्याय प्रेमी विद्यार्थीहरूले त्यसको विरोधमा जुलुस निकाले । लैनचौरस्थित पाकिस्तानी राजदुतावासमा विरोध पत्र बुझाउन जाँदा शान्तिपूर्ण जुलुसमा प्रहरीले लाठीचार्ज गऱ्यो । केही विद्यार्थी घाइते भए भने केहीलाई गिरप्तार गरियो । विद्यार्थीहरूले, प्रहरीको धरपकडबारे छानबिन हुनुपर्ने, गिरफ्तार गरिएका विद्यार्थीलाई रिहाई गर्नुपर्ने, नयाँ शिक्षा पद्धतिका

अव्यावहारिक प्रावधानहरू खारेज गर्नुपर्ने माग राख्दै शैक्षिक संस्थाहरूमा प्रहरी प्रवेशको विरोध गरे । तर प्रहरी प्रशासनले विद्यार्थीहरूमाथि दमन जारी राख्यो । यसको विरोधमा देशका विभिन्न स्कुल तथा क्याम्पसका विद्यार्थीहरूले पनि सङ्घर्ष गर्न थाले । जनताले पनि विद्याथीहरूको आन्दोलनमा साथ दिए । यस प्रकार देशको स्थिति गम्भिर हुन थालेपछि राजा वीरेन्द्रले वि.स. २०३६ साल वैशाख १९ गतेका दिन न्यायाधीश धनेन्द्रबहादुर सिंहको अध्यक्षतामा पाँच सदस्यीय शाही आयोग गठन भयो । यो आयोगले विद्यार्थी नेताहरूसँग वार्ता गऱ्यो । जाँचबुझ समितिले विद्यार्थीका मागहरू पूरा गर्ने वचन दिएकाले विद्यार्थी नेताहरूले पनि आन्दोलन स्थगित गर्न आह्वान गरे । तर आन्दोलनकारी विद्यार्थीहरूले यसलाई धोकाका रूपमा लिएर अमृत साइन्स क्याम्पसमा भेला भई सम्झौताको विरोध गरे । वार्तामा संलग्न विद्यार्थीहरूमाथि अभद्र व्यवहार गरे । वार्तामा संलग्न विद्यार्थी नेताहरूलाई जोगाउन प्रहरीले नेपाल वायुसेवा निगमको भवनमा ल्याएर राख्यो तर असन्तुष्ट विद्यार्थीहरूले भवनमा ढुङ्गामुढा गरे । केही सबैारी साधनमा आगजनी गरे । विद्यार्थीको भिडले गोरखापत्र संस्थानमा पुगेर तोडफोड गऱ्यो । न्युरोड आसपासमा आगजनी भयो । राजनीतिक अवस्था दिन प्रतिदिन गम्भिर भएपछि राजा वीरेन्द्रले वि.स. २०३६ साल जेष्ठ १० गतेका दिन शाही सन्देशमार्फत् जनमत सङ्ग्रह गर्ने घोषणा गरे । जनमत सङ्ग्रहमा नेपाली जनतालाई सुधारिएको पञ्चायती व्यवस्था वा बहुदलीय व्यवस्थामध्ये कुनै एक छनोट गर्न भनिएको थियो ।



Students' Demonstration

जनमत सङ्ग्रहलाई व्यवस्थित र शान्तिपूर्ण बनाउनका लागि सर्वोच्च अदालतका पूर्वन्याधीश भगवतीप्रसाद सिंहको अध्यक्षतामा १५ सदस्यीय राष्ट्रिय निर्वाचन आयोग गठन गरियो । यो आयोगले वि.स. २०३७ साल वैशाख २० गतेका दिनमा जनमत सङ्ग्रह गरायो । पञ्चहरू असन्तुष्ट देखिए पनि राजनीतिक दलका नेताहरूले यसलाई सकारात्मक रूपमा लिएर जनमत सङ्ग्रहको स्वागत गरे । बहुदलीय प्रजातन्त्रको पक्षमा कार्यक्रमहरू लिएर निर्वाचनमा भाग लिने निर्णय गरे ।

पञ्चहरूले पनि वालिग मताधिकारका आधारमा निर्वाचन गर्ने, प्रधानमन्त्रीको निर्वाचन राष्ट्रिय पञ्चायतका सदस्यहरूबाट गर्ने, सर्वसाधारण जनतालाई राजनीतिक सङ्गठन खोल्न दिनेबाहेक अन्य मौलिक अधिकार प्रयोग गर्न दिने र गाउँफर्क राष्ट्रिय अभियान खारेज गर्ने जस्ता कार्यक्रमहरू लिएर जनमत सङ्ग्रहमा गए ।

निर्धारित समयमा जनमत सङ्ग्रह भयो । जनताले उत्साहका साथ जनमत सङ्ग्रहमा भाग लिए । वि.स. २०३७ जेष्ठ १ गते निर्वाचन आयोगले परिणाम घेषणा गऱ्यो । जसअनुसार निर्दलको पक्षमा २४ लाख ३३ हजार ४ सय ५२ मत रह्यो भने बहुदलको पक्षमा २० लाख ७ हजार ९ सय ६५ मत रह्यो । थोरै मतले बहुदलवादीहरू पराजित भए । यो निर्वाचनमा प्रजातान्त्रिक व्यवस्था विरुद्ध पञ्चायती व्यवस्थालाई जिताउनका लीग सरकारले अनेक हतकण्डा प्रयोग गऱ्यो भन्ने आरोप लगाए पनि जनमत सङ्ग्रहलाई सबैले स्वीकार गरे ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) वि.स. २०१५ सालको संविधानमा प्रतिनिधि सभाका सदस्यहरूको सङ्ख्या कति थियो ?

(ख) प्रथम जननिर्वाचित प्रधानमन्त्री को थिए ?

(ग) पञ्चायती व्यवस्था कहिलेबाट सुरु भयो ?

(घ) नेपालको संविधान २०१९ कहिले जारी भएको थियो ?

(ङ) नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना कहिले लागु भएको थियो ?

(च) विद्यार्थीहरूद्वारा शैक्षिक मागहरू राख्ने कार्य कहिलेदेखि सुरु भएको थियो ?

(छ) कुन विद्यार्थी सङ्गठनको आडमा सरकारले अन्य विद्यार्थी सङ्गठनहरूलाई दमन गर्‍यो ?

(ज) वि.स. २०३६ सालको शाही आयोग कसको अध्यक्षतामा गठन भएको थियो ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) वि.पी. कोइरालाको नेतृत्वको सरकारले के के लोकप्रिय कार्यहरू गर्‍यो ? सूची बनाउनुहोस् ।

(ख) पञ्चायती व्यवस्थाको स्वरूप कस्तो थियो तालिका वनाएर देखाउनुहोस् ।

(ग) बुद्धिजिवीहरूको सम्मेलनले के के काम गर्‍यो, लेख्नुहोस् ।

(घ) राजा महेन्द्रले किन पञ्चायती व्यवस्था लागु गरे होलान् तपाईंको विचार लेख्नुहोस् ।

(ङ) नेपालको संविधान २०१९ माथि वि.स. २०३२ सालमा भएको संशोधनमा के के गरियो ।

(च) गाउँफर्क राष्ट्रिय अभियानका मुख्य कार्यहरू के के थिए, लेख्नुहोस् ।

(छ) संवैधानिक राजतन्त्र भन्नाले के बुझ्नुहुन्छ ? तपाईंको विचार लेख्नुहोस् ।

(ज) पञ्चायतकालका प्रमुख विद्यार्थी सङ्गठनहरूको सूची तयार गर्नुहोस् ।

(झ) कुन कुन घटनाले वि.स. २०३६ सालको विद्यार्थी आन्दोलनको सुरुवात भएको थियो ?

(ञ) विद्यार्थीहरूले दमनका विरुद्ध कुन कुन मागहरू राखेका थिए बुँदागत रूपमा लेख्नुहोस् ।

(ट) वि.स.२०३६ सालमा विद्यार्थीहरूले किन आन्दोलन गरे होलान् कारणहरूको विवरण तयार पारी वर्णन गर्नुहोस् ।

(ठ) तपाईंको विद्यालयमा विद्यार्थीहरूको पठन पाठनलाई राम्रो बनाउन के के गर्नु पर्ला ? तपाईंको विचार लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको क्षेत्रमा वि.स. २०३६ सालको विद्यार्थी आन्दोलनमा भाग लिएको वा आन्दोलनकाबारेमा सुनेको व्यक्तिसँग पत्ता लगाई घटनाका बारेमा सोधेर एउटा घटना वर्णन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ २ निर्दलीय शासन व्यवस्था असफल हुनुका कारणहरू

**पृष्ठभूमि**



जनआन्दोलन २०४६ को आन्दोलनको झलक

जनमत सङ्ग्रहबाट सुधारसहितको पञ्चायती व्यवस्थामा वालिग मताधिकारबाट जनप्रतिनिधिहरू निर्वाचन हुने भए पनि शासन गर्ने शैलीमा भने परिवर्तन आएन । जनताका समस्या समाधान भएनन् । पार्टीहरू प्रतिबन्धितनै रहे । पञ्चायतलाई सुधारिएको बनाउन प्रयास गरियो । तर यो संवैधानिक, संस्थागत तथा नेतृत्वसम्बन्धी समस्याले ग्रिसत रह्यो । देशमा शान्ति सुरक्षा कायम गर्नु, व्यवस्थाप्रति लोकप्रियता बढाउनु, आधारभूत मानव अधिकारको प्रत्याभुति गर्नु र जनप्रतिनिधिहरूमा उत्तरदायित्वको बोध हुनु कुनै पनि व्यवस्थाका आधारभूत मान्यता हुन् । ती कुरामा पञ्चायती व्यवस्था असफल रह्यो ।

नेपाली काङ्ग्रेस र विभिन्न साम्यवादी पार्टीका घटकहरू मिलेर बनेको संयुक्त वाममोर्चाले संयुक्त रूपमा आन्दोलनमा सहभागी भए । अन्य वामपन्थी पार्टीहरूले पनि छुट्टै संयुक्त जनआन्दोलन समिति गठन गरेर आन्दोलनमा ऐक्यबद्धता जनाए । व्यापक जनसहभागितामा वि.स. २०४६ सालको आन्दोलन सम्पन्न भई बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भएको थियो । निर्दलीय पञ्चायती व्यवस्था अन्त्य हुनका निम्नलिखित कारणहरू थिए ।

### १. पञ्चहरूमा विभाजन

पञ्चायती व्यवस्थाका समर्थक र प्रतिनिधिहरूलाई पञ्च भनिन्थ्यो । यो व्यवस्थामा ती प्रतिनिधिहरू निर्वाचित भए पनि उनीहरू जनउत्तरदायी हुनको साटो राजा र गाउँ फर्क राष्ट्रिय अभियानप्रति उत्तरदायी हुनु पर्दथ्यो । गाउँ फर्क राष्ट्रिय अभियानले चुनावका लागि पञ्चहरूको मनोनयन गर्दथ्यो । राष्ट्रिय जनमत सङ्ग्रहपछि गाउँ फर्कको ठाउँमा “पञ्चायत नीति तथा जाँचबुझ समिति” (प.नि.जा.बु.स.) को स्थापना गरियो । हुन त गाउँ फर्कले मनोनयन गरेका उम्मेदवारहरूका विरुद्ध छुट्टै मनोनयन गरी पञ्चहरूले विद्रोह गर्दै आएका थिए । उनीहरूमा विभाजनका रेखाहरू देखिएका थिए । राजा र पञ्चायत नीति तथा जाँचबुझ समितिका समर्थकहरू सरकारी पञ्च थिए भने जनप्रतिनिधिहरू जनउत्तरदायी हुनुपर्छ भन्ने विचार राख्ने पञ्चहरू गैरसरकारी पञ्च थिए ।

“पञ्चायत नीति तथा जाँचबुझ समिति” को गठन पनि पञ्चहरूबिचमा अनुशासन कायम गर्न स्थापना गरिएको थियो । यो एउटा स्वायत्त संस्थाका रूपमा स्थापित भएको थियो तर यो सिद्धान्तमा मात्र सीमित

रह्यो । किनभने यसका अध्यक्षलगायत सदस्यहरू अप्रत्यक्ष रूपमा राजाबाट नै मनोनित हुन्थे । यसले आफ्नो लक्ष्यमा सफलता हासिल गर्न सकेन । पञ्चहरूलाई ग्राह्य हुने सर्वसम्मत काम गर्न सकेन । शासक पञ्च र अन्य पञ्चहरू गरी दुई भागमा विभाजित भए । जसले आफू अपहेलित भएको सम्झे । उनीहरूले खुला रूपमा सरकारी पञ्च भनेर सत्तामा रहेका पञ्चहरूको आलोचना गर्न थाले । परिणामस्वरूप राष्ट्रिय पञ्चायतका सदस्यहरूले राष्ट्रिय पञ्चायतमा असन्तोषको आवाज उठाए । नेपालको संविधान २०१९ मा संशोधनको माग गरे । उनीहरू पनि प्रजातान्त्रिक पद्धतिको विकास गर्न नभई पञ्चायतलाई बदलिँदो परिस्थितिअनुसार सुदृढ बनाउन आवश्यक सुधार चाहन्थे ।

"पञ्चायत नीति तथा जाँचबुझ समिति" ले पञ्चहरूलाई पञ्चायतको सिद्धान्तअनुसार निश्चित सीमाभित्र रहन र अनुशासन कायम राख्न प्रयास गर्‍यो । सकभर अन्य विचार धारामा विश्वास राख्ने व्यक्तिहरूलाई चुनावमा सहभागी हुन नदिने यदि सहभागी हुन चाहेमा वर्गीय सङ्गठनको सदस्यता दिलाई पञ्च बनाएर मात्र चुनावमा लड्न पाउने व्यवस्था थियो । वर्गीय सङ्गठनको सदस्यता लिएर भए पनि केही साम्यवादी र प्रजातन्त्रवादीहरू गाउँ पञ्चायत, नगर पञ्चायत र राष्ट्रिय पञ्चायतमा निर्वाचित भए । उनीहरूले आआफ्नो ठाउँबाट पञ्चायती व्यवस्थाको विरोध गर्दै बहुदलीय पद्धतिको स्थापना गर्नुपर्ने माग राखे । यसरी बहुदलीय प्रजातन्त्रको माग गर्ने राष्ट्रिय पञ्चायत सदस्य र गाउँ तथा नगर पञ्चायतका प्रधानपञ्चहरू आफ्नो पदबाट निलम्बितसमेत भए । उनीहरूलाई पञ्चायतको सिद्धान्त भित्र राख्न पञ्चायत नीति तथा जाँचबुझ समिति सफल भएन ।

जनआन्दोलनको बेलामा पञ्चहरू विभिन्न समूहमा विभाजित थिए । एकाथरी सत्ता पक्षका पञ्चहरू मरिचमान सिंह श्रेष्ठको नेतृत्वमा थिए । अर्को थरी पञ्चहरू सूर्यबहादुर थापाको नेतृत्वमा थिए भने केही लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा सङ्गठित थिए । अर्को थरी पञ्चहरू थोरै भए पनि साम्यवादी र प्रजातन्त्रवादीहरूको बहुमतबाट निर्वाचित भएका थिए । उनीहरूले प्रतिपक्षले जस्तो भूमिका खेलिरहेका थिए ।

यसप्रकार पञ्चहरू कुनै खास निर्दिष्ट सिद्धान्त र लक्ष्यमा नभई वैयक्तिक रूपमा विभाजित थिए उनीहरूलाई निश्चित पद्धतिमा एकताबद्ध गर्न असफल थिए । वि.स. २०४६ सालको जनआन्दोलनको पूर्वसन्ध्यामा पञ्चहरू एकअर्काका विरोधी थिए । उनीहरू पञ्चायत पद्धतिको सुदृढीकरणभन्दा पनि व्यक्तिगत स्वार्थले ग्रसित थिए । राष्ट्रिय मेलमिलाप गर्नुपर्ने अवस्थामा पनि विभाजनको रेखा पुरिएन । यसले जनआन्दोलनकारीहरूलाई अप्रत्यक्ष रूपमा सहयोग प्रदान गर्‍यो ।

### २. राजा र जनताबिचमा दुरी

नेपालमा पञ्चायती व्यवस्थाको स्थापना भएदेखि नै पञ्चहरू जनताप्रति उत्तरदायी भएनन् । उनीहरूको उद्देश्य जनताका आवश्यक्ताको सम्बोधन गर्नुभन्दा पनि चाकरी र चाप्लुसीका आधारमा राजाको नजिक हुनु थियो । उनीहरूले पञ्चायती व्यवस्थाप्रति जनताको समर्थन छ भन्ने देखाउन पञ्च र्‍यालीहरूको आयोजना

गर्दथे । राजा त्यही पञ्चऱ्यालीमा विश्वास गरी बस्दथे । पञ्चायतको विरोध गर्ने र सुधारको माग गर्नेहरूलाई दबाइन्थ्यो र उनीहरूका कुराहरू राजाको कानसम्म पुग्न पाउदैनथ्यो ।

वि.स.२०३६ सालमा विद्यार्थी तथा अन्य वर्गका जनताको अत्याधिक असन्तुष्टिको विस्फोटनले पञ्चहरूले नचाहँदा नचाहँदै पनि राजाले जनमत सङ्ग्रहको घोषणा गर्न बाध्य हुनु परेको थियो । पञ्चहरूले आफूलाई राजावादी घोषणा गर्दै शक्तिको अत्याधिक दुरूपयोग गरी पञ्चायतलाई नै विजयी गराउन सफल भए । राजालाई जनतादेखि परै राख्ने प्रयासमा ठुलो मदत पुग्यो ।

भारतको आर्थिक नाकाबन्दीले देशमा गम्भीर सङ्कट उत्पन्न भएको बेलामा पनि पञ्चहरूले ऱ्यालीको आयोजना गरी राजालाई झुक्याउने प्रयास गरिरहे । राजालाई पनि यथार्थ अवस्थाको जानकारी भएन । पोखरामा गरिएको पञ्चऱ्यालीलाई सम्बोधन गर्दै राजा वीरेन्द्रले पञ्चायती व्यवस्था वि.स. २०३७ सालको जनमत सङ्ग्रहबाट जनअनुमोदित भएको भन्ने कुरा बताए । सरकारी संचार माध्यमहरूले "सच्चा प्रजातन्त्र, राष्ट्रियता र एकता पञ्चायत व्यवस्थाका खम्बा हुन्" भनी लेख्ने गर्दथे । जनआन्दोलन सुरुवात हुने दिन वि.स. २००७ साल फागुन ७ गतेका दिन राजा सोझै पोखराबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नयाँ भवनको उद्घाटन गर्न काठमाडौँ आएका थिए । यो दिनसम्म पनि राजाले प्रजातन्त्रप्रेमीहरूलाई सम्बोधन गरेनन् । राजा यसरी उदासिन रहनुको कारण पञ्चहरूको सक्रियता थियो ।

यसरी पञ्चहरूले राजा र जनताका बिचको दुरी कायम गरी देशको आवश्यकता र जनताका मागहरूबाट राजालाई टाढै राख्ने प्रयास गरिरहेका थिए । केही हदसम्म सफल पनि भएका थिए । वि.स. २०४६ सालको संविधान दिवसको उपलक्ष्यमा राजाबाट दिइएको सन्देश भनिएको थियो । "हामी नबिर्सौं कि पञ्चायती व्यवस्था नेपाली मात्रले आपसी छलफल गरी मतभेद टुङ्ग्याउने र सामूहिक चिन्तन गर्ने साझा चौतारी हो । हाम्रो देशको मर्म नै सामाञ्जस्य र एकतामा रहेकाले पञ्च भेलामा नेपालीहरूबिचको विचार आदान प्रदान, समझदारी र मतैक्यताले ठुलो महत्त्व राख्छ" ।

वि.स. २०४६ साल फाल्गुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवसको दिन पारेर पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापनाका लागि जनआन्दोलनको थालनी भएको हो । यसै दिन, राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा देशवासीलाई दिएको सन्देशमा राजा वीरेन्द्रले यस्तो भाषणमा भनेका थिए-

जनआकाङ्क्षा तथा राष्ट्रिय हित, मूल्य र मान्यताप्रति प्रतिबद्ध प्रजातान्त्रिक आदर्शको विकासका लागि वि.स. २०१७ सालमा नेपालले दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्था अँगालेको हो । राष्ट्रिय जनमत सङ्ग्रहबाट अनुमोदित देशको आवश्यकताअनुरूप यो व्यवस्था निश्चय पनि जनइच्छाअनुकूल भएको कुरा प्रमाणित भइसकेको छ ।


गणेशमान सिंह

वि.स. २०४६ साल चैत्र ३ गतेका दिन पोखरामा भएको पञ्चभेलालाई

सम्बोधन गर्दै राजा वीरेन्द्रले "हाम्रो राजनीतिक परम्परामा लोकसम्मति नै राजनीतिक प्रणालीका आधार मानिएकाले राष्ट्रिय जनमत सङ्ग्रहद्वारा जनताको निर्णयअनुरूप पञ्चायती व्यवस्था कायम रहेको तथ्य सबैलाई थाहै छ ।" भनेर जनताको चाहनालाई लत्याएका थिए । यदि राजाले समयमै जनचाहना बुझेको र आवश्यक सुधार गरेको भए आन्दोलन नहुन सक्थ्यो । त्यसकारण जनआन्दोलन वि.स. २०४६ को कारणहरूमध्ये राजा र जनताबिचको खाडल पनि एक थियो ।

### ३. मानव अधिकारको हनन्

नेपालको संविधान २०१९ अनुसार राज्य तथा सरकार प्रमुख राजा हुन्थे र दरबारले देशको र कर्मचारीहरूमाथि नियन्त्रण कायम गरेको थियो । मानव अधिकार केवाल संविधानमा सीमित थियो, व्यवहारमा थिएन् । वाक स्वतन्त्रता, सङ्गठन गर्ने अधिकार, हातहतियार बिना सभा गर्ने अधिकार, राजनीतिक अधिकार, वयस्क/वालिग मताधिकार, प्रकाशन स्वतन्त्रता आदि जस्ता जनताका मौलिक अधिकारको सुरक्षा थिएन । पञ्चायती व्यवस्था, सरकार, राजा र राजपरिवारका गलत कार्यहरूको टिकाटिप्पणी गर्ने सबै नागरिकलाई कठोर सजाय गरिन्थ्यो ।



मानव अधिकारको उलङ्घन

देशमा स्वतन्त्र न्यायपालिका पनि अस्तित्वमा थिएन । न्यायधीशहरूको नियुक्ति तथा बर्खास्ती स्वयम् राजाले नै प्रक्रिया मिलाई गर्दथे । न्यायालयले गरेका निर्णयहरूमा राजाले पुनर्विचार गर्ने आदेश दिन्थे । यसले गर्दा न्यायालय केवल नाम मात्रको थियो ।

त्यसैगरी नेपालको व्यवस्थापिका अर्थात् राष्ट्रिय पञ्चायत पनि राजदरबारको इच्छाअनुरूप चल्नु पर्दथ्यो । यद्यपि यसको निर्वाचन वालिग मताधिकारबाट हुन्थ्यो । तर उम्मेदवारहरू कुनै कार्यक्रम पार्टीहरूको घोषणा पत्रका आधारमा चुनाव लड्दैनथे । पञ्चायत नीति तथा जाँचबुझ समितिले प्रकाशित गरेका कार्यक्रमका आधारमा घोषण पत्र तयार गर्नुपर्दथ्यो । अन्यथा उनीहरू अनुशासनको कारबाहीमा पर्दथे ।

त्यसबेला एक किसिमको स्वेच्छाचारी कानुन थियो । स्थानीय सुरक्षा कानुन २०४६, राज्य विरुद्ध दण्ड कानुन २०४२ तथा ध्वंसात्मक अपराध कानुन २०४२ ले प्रतिपक्षको राजनीतिलाई हानी गरेको थियो । राज्य विरुद्ध अपराध ऐनको आधारमा वि.पी. कोइरालालाई थुनामा राखिएको थियो । नेपालको संविधान २०१९ मा भएको तेस्रो संशोधनले पञ्चायतलाई उदारीकरणको दिशातिर अग्रसर गराएको थियो । तर अधिकारमै नभएको कार्यहरू गर्ने र मानव अधिकारको उलङ्घन गर्ने कार्य जारी नै रह्यो । यदि कसैले पञ्चायतको विरोध गर्दछ भने उपयुक्त कानुनहरूका आधारमा बिना मुद्दा र बिना सुनुवाइमा गिरप्तार गर्ने र कैद गर्ने गरिन्थ्यो । स्थानीय सुरक्षा कानुनअन्तर्गत अञ्चलाधीश, प्रमुख जिल्ला अधिकारी र गृह मन्त्रालयका अन्य अधिकारीहरूले मानिसहरूलाई सोझै गिरप्तार गर्दथे । प्रमुख जिल्ला अधिकारीले कुनै पनि सुनुवाइ बिना तीन महिनासम्म कैद गर्न सक्ने अधिकार

थियो । त्यसपछि अञ्चलाधीशले अतिरिक्त तीन महिना र गृह मन्त्रालयले पुन: तीन महिनाका लागि म्याद थप गर्न सक्थे । यसरी ९ महिनासम्म व्यक्तिलाई बिना मुद्दा, बिना सुनुवाइ कैद गर्न सक्ने अधिकार थियो । त्यतिमात्र होइन प्रहरीले अनुसन्धानका लागि भनेर २२ दिनसम्म कुनै मुद्दा नचलाई राख्न सक्थ्यो । विशेष नियन्त्रण र दण्ड कानुन २०४२ ले विस्फोटक पदार्थ र हातहतियारद्वारा कसैको हत्या गर्दछ भने त्यस अभियुक्तलाई मृत्युदण्डको सजायको व्यवस्था गरेको थियो । सबैले आआफ्नो धर्म मान्ने अधिकार भए पनि धार्मिक स्वतन्त्रता थिएन । निष्पक्ष मानव अधिकारको वकालत गर्ने संस्थाहरूको स्थापना गर्न पाइँदैन्थ्यो । सबैभन्दा पहिले ऋषिकेश शाहले वि.स. २०४५ सालमा मानव अधिकार सङ्गठनको स्थापना गरेका थिए । तर सरकारले यसमाथि तत्काल प्रतिबन्ध लगायो । तर भूमिगत रूपमा भने यो सङ्गठन विस्तारित हुँदै गयो र एउटा ठुलो सङ्गठनका रूपमा विकसित भयो । यसले सरकारका गैरकानुनी क्रियाकलापको भण्डाफोर गऱ्यो । त्यसपछि प्रजातन्त्रवादीहरू संलग्न रहेको नेपाल मानव अधिकार सङ्गठन र वामपन्थीहरू संलग्न रहेको मानव अधिकार संरक्षण मञ्चको स्थापना भएको थियो । यी दुवै सङ्गठनका सदस्यहरूले सरकारको मानव अधिकार उलङ्घनकारी कार्यहरूको विरोध गरे । दुवैका कार्यकर्ताहरूलाई सरकारले नियन्त्रण गर्ने प्रयास गऱ्यो ।

यसप्रकार नेपाल विश्वव्यापी मानव अधिकारको विरुद्धमा भएको देखिन्छ । नेपालको संविधान एउटा सुनौलो पिँजडा थियो जहाँ मानव अधिकार एउटा चराजस्तै बन्धक गरिएको थियो । त्यसकारण मानव अधिकारका पक्षधर देशहरूबाट नेपाल एक्लिएको थियो । जब मानव अधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनलले वि.स.२०४४ सालमा नेपालमा मानव अधिकार उलङ्घन गरिएको सम्बन्धमा एउटा विशेष रिपोर्ट पेस गऱ्यो तब पञ्चायती सरकार झन् उदाङ्गियो । उक्त रिपोर्टमा योगी नरहरिनाथले एउटा अन्तरवार्तामा राजाले रानीको प्रभावमा परी राजकाज गरेको भन्ने कथनलाई छापेको भनी दुई पत्रकारहरू हरिहर विरही र केशवराज पिडालीलाई गिरप्तार गरिएको समेत उल्लेख गरिएको थियो । त्यसैले अन्त्यमा के भन्न सकिन्छ भने नेपालमा मानव अधिकारवादी संस्थाहरू प्रतिबन्धित भए पनि भूमिगत रूपमा जनताहरूलाई आफ्ना अधिकारबाट सचेत गराएका थिए ।

### ४. संवैधानिक सुधारको अपर्याप्तता

नेपालको संविधान २०१९ अप्रजातान्त्रि थियो । यसको निर्माण जनप्रतिनिधिहरूबाट भएको थिएन । राजाले गठन गरेको आयोगले बनाएको संविधान राजाबाट नै जारी गरिएको थियो । त्यसैले नेपाली काङ्ग्रेसलगायत प्रजातान्त्रिक शक्तिहरूले सुरुदेखि नै यसको विरोध गरेका थिए । तर राजाका आफन्तहरू, चाकडीवाजका कारणले प्रजातन्त्रवादी शक्तिहरू बलियो हुन नसकेको देखिन्छ ।

राजा महेन्द्रबाट पञ्चायती व्यवस्थालाई नेपालको हावा, पानी, माटो सुहाउँदो र निर्विकल्प भन्ने घोषणा गरियो । राजाले नेपालको संविधान २०१९ लाई वि.स.२०२३ सालमा पहिलो संशोधन गर्ने नाममा उदारवादीकरणको साटो निर्दलीयतालाई जोड दिँदै प्रजातन्त्रवादी शक्तिहरूलाई दबाए । प्रजातन्त्रवादी नेताहरूलाई गिरफ्तार गरी यातनापूर्वक जेल चलान गर्न थालियो । पञ्चायतको यस्तो कठोर दमनप्रति कतिपय पञ्चहरूले समेत

असन्तुष्टि प्रकट गरेका थिए ।

राजा महेन्द्रको स्वर्गारोहणपछि युवराज वीरेन्द्र राजगद्दीमा बसे । उदारवादी र सुधारवादीहरू एकपटक आशावादी भए किनकि राजा वीरेन्द्रले बेलायतको इटन कलेज, जापानको टोकियो विश्वविद्यालय र संयुक्त राज्य अमेरिकाको हार्वाड विश्वविद्यालयमा अध्ययन गरेका थिए र प्रजातान्त्रिक पद्धतिप्रति उनको विश्वास थियो । तर राजा वीरेन्द्रले उदारवादी पञ्चहरू र विपक्षीहरूको आवाजलाई अस्वीकार गरे । असन्तोषको वातावण छाइरह्यो । परिणामस्वरूप वीरेन्द्रको राज्यारोहण भएको एक वर्षभित्रमा देशमा केही संवेदनशील घटनाहरू घटे । नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूबाट पूर्वी नेपालको हरिहरपुर स्थित प्रहरीपोस्ट लुटियो । ३० लाख (३ मिलियन) रुपियाँ लिएर गइरहेको शाही नेपाल वायु सेवा निगमको विमान अपहरण गरियो । विराटनगरमा राजाको औपचारिक भ्रमणको बेलामा ग्रिनेड विस्फोटन गरियो, सिंहदरबारमा आगो लाग्यो तथा पञ्चहरूले गाउँफर्क राष्ट्रिय अभियानका उम्मेदवारहरूका विरुद्ध छुट्टै मनोनयन गरेर विद्रोह गरे । यी घटनाहरूको मतलब यदि राजाले राष्ट्रिय सहमति कायम गर्न सक्दैनन् र पञ्चहरूको पनि माग पूरा गर्दैनन् भने एउटा ठुलो राजनीतिक अस्थिरता हुन सक्छ भन्ने थियो ।

यी घटनाहरूबाट प्रभावित भई राजा वीरेन्द्रले वि.स. २०३२ सालमा एउटा संविधान सुधार आयोग गठन गरे । आयोगले पनि आफ्ना विचारहरू प्रस्तुत गर्दै समयअनुसार संविधानमा सुधार गर्नुपर्दछ भन्ने सिफारिस प्रस्तुत गऱ्यो । राजाबाट वि.स.२०३२ सालमा नेपालको संविधान २०१९ मा दोस्रो संशोधन भयो । यसमा पनि विपक्षी तथा प्रजातन्त्रवादीहरूका मागलाई सम्बोधन गरिएन । उल्टै पञ्चायतमा प्रवेश गर्न चाहनेहरूका लागि कडा निश्चित सीमाहरू निर्धारण गरियो । जसले पञ्चायतका निर्वाचनहरूमा भाग लिन चाहन्छ उसले पञ्चायतका वर्गीय सङ्गठनहरूमध्ये कुनै एकको सदस्यता लिनुपर्ने बाध्यता भयो । यो संशोधनले राष्ट्रिय पञ्चायतका लागि छुट्टै स्नातकहरूको मतदान क्षेत्रलाई पनि हटायो । राष्ट्रिय पञ्चायत सदस्यहरूको सङ्ख्या पनि ९० बाट बढाएर ११२ बनाइयो । गाउँफर्क राष्ट्रिय अभियानलाई अझ सक्रिय पारियो । यसलाई सरकारी उम्मेदवारको चयन गर्ने अधिकार दिइयो । कुनै पनि कर्मचारी वा राजनेतालाई खराब आचरण र पञ्चायत विरोधीको आरोप लगाई पदबाट हटाउन सक्ने अधिकार पायो । यसले देशमा राजनीतिक अस्थिरता बढ्दै गयो र प्रजातन्त्रवादीहरूलाई दबाउने काम पनि जारी रह्यो ।

नेपालको बिग्रँदो राजनीतिक अवस्थाले भारतमा निर्वासित जीवन बिताइरहेका नेपाली काङ्ग्रेसका नेता वि.पी. कोइराला चिन्तित भए । नेपालभित्र नेपाली काङ्ग्रेसको कार्यकर्ताहरू गिरफ्तार भइरहेका थिए भने वि.पी. कोइरालालाई समेत भारतीय भनेर आलोचना गरिएको थियो । अर्कोतिर अन्तर्राष्ट्रिय परिस्थिति पनि नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूको निमित्त अनुकुल थिएन किनकि भारतले सिक्किमलाई आफूमा गाभिसकेको थियो । बङ्गलादेश तथा श्रीलङ्कामा पनि अस्थिरता थियो । भारतमा वि.स. २०३२ जेठतिर नै सङ्कटकालीन स्थिति घोषणा भएको थियो । नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू भारतमा पनि गिरफ्तार भएका थिए ।

नेपालका प्रजातान्त्रिक पक्ष पनि राज्यभन्दा टाढा भएका थिए । प्रजातन्त्रका विरोधी प्रतिक्रियावादीहरूले टाउको उठाइरहेका थिए । देशमा अन्तर्राष्ट्रिय हस्तक्षेपको सम्भावना थियो । यसप्रकार देश एउटा राष्ट्रिय सङ्कटबाट गुज्रिएको थियो । नेपाली प्रजातन्त्रवादीहरू निराश भएका थिए । यस बखत वि.पी. कोइरालाले आफूलाई धेरै अपहेलित भएको महसुस गरी वि.स. २०३३ साल पौष १६ गते राष्ट्रिय मेलमिलापको नीति लिएर भारतबाट नेपाल फर्किए । वि.पी.को यस नीतिका सिद्धान्तहरू निम्न थिए :

१. राजाको शान्ति क्षेत्रको प्रस्तावलाई समर्थन गर्नुपर्छ ।

२. भारतीय प्रभावबाट नेपाल मुक्त हुनुपर्छ ।

३. जनताको र राष्ट्रको विकास संवैधानिक राजतन्त्रको अधीनमा हुन्छ ।

४. राजा र राष्ट्र रहेमा मात्र प्रजातन्त्र र राष्ट्रियता रहन्छन् ।

५. श्रीपेच प्रजातन्त्रको संरक्षक हो

६. प्रजातन्त्रवादीहरू र राजा दुवैको राष्ट्र बचाउने संयुक्त दायित्व हो ।



वी.पी. कोइराला

राष्ट्रिय मेलमिलापको नीति लिएर वी.पी. कोइराला र अन्य नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूको नेपाल आगमनले प्रजातन्त्रवादीहरूको क्रियाकलाप पुनः एक पटक वृद्धि भयो भने पञ्चायतले पनि दमनलाई अझै तीव्र पार्‍यो । वि.स. २०३५ माघ २४ मा क्याप्टेन यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई सरकारले मृत्युदण्ड दियो ।

यसैबिच पाकिस्तानका शासक जनरल ज्याउल हकले त्यहाँका भूतपूर्व राष्ट्रपति तथा प्रधानमन्त्री जुल्फिका अलि भुट्टोलाई वि.स. २०३५ साल चैत्र २१ गते राती फाँसीको सजाय दिएका थिए । त्यसको विराधमा नेपाली विद्यार्थीहरूले वि.स. २०३५ साल चैत्र २४ गतेका दिन विशाल प्रदर्शन गरे । सो प्रदर्शन विरुद्ध प्रहरीले लाठी चार्ज गर्‍यो । नेपालमा एउटा राजनीतिक अस्थिरता उत्पन्न भयो । विद्यार्थीहरूले प्रहरी हस्तक्षेपको विरोध गरे र २२ सूत्रीय माग पेस गरे । सरकारले वि.स. २०३५ चैत्र ३१ देखि २०३६ वैशाख ८ गतेसम्म नेपालका क्याम्पसहरू बन्द गर्‍यो ।

वि.स. २०३६ वैशाख १५ का दिन वि.पी. कोइराला नजरबन्दमा परे । देशका ३५ जिल्लामा विद्रोह भयो । वि.स. २०३६ जेष्ठ ९ का दिन काठमाडौँमा ७०० प्रहरी बाँकी राखी अन्यलाई विभिन्न ठाउँमा पठाइयो । यस्तो परिस्थितिमा अप्रत्यासित रूपमा राजा वीरेन्द्रबाट वि.स. २०३६ साल जेष्ठ १० का दिन जनमत सङ्ग्रहको घोषणा गरियो । जनमत सङ्ग्रहका लागि हालकै पञ्चायत व्यवस्था कायम राखी त्यसमा समसामयिक सुधार

गर्दै जाने अथवा त्यसको बदलामा बहुदलीय शासन व्यवस्था स्थापना गर्ने भन्ने विकल्प दिइएको थियो ।

राजा वीरेन्द्र पञ्चायती व्यवस्थाको क्रमिक सुधार गर्ने नाममा वि.स. २०३७ साल पौष १ गते नेपालको संविधान २०१९ को तेस्रो संशोधन गरेको घोषणा गरे । यो संशोधनले केही प्रजातान्त्रिक विशेषताहरूको व्यवस्था गर्‍यो । वालिग मताधिकारका आधारमा राष्ट्रिय पञ्चायतको निर्वाचन र निर्वाचित सदस्यहरूमध्येबाट मन्त्रिमण्डलको गठन तथा त्यो मन्त्रिमण्डल राष्ट्रिय पञ्चायतप्रति उत्तरदायी हुने कुराहरूलाई मान्यता दिएको थियो । गाउँफर्क राष्ट्रिय अभियानका ठाउँमा पञ्चायत नीति तथा जाँचबुझ समितिको स्थापना गरियो ।

पार्टी माथिको प्रतिबन्ध, चुनावमा उम्मेदवार बन्नका लागि वर्गीय सङ्गठनको सदस्यता लिनुपर्ने, राजाले मन्त्रिपरिषद्माथि हस्तक्षेप गर्न सक्ने अधिकार कायमै रहेको थियो । यस्तो अवस्थाले नेपाली नागरिकहरू बहुदलीय प्रजातन्त्र तथा मानव अधिकारको पुनर्स्थापना गर्न आन्दोलन गर्ने निष्कर्ष पुगे ।

### ५. पूर्वी युरोपको प्रभाव

वि.स. २०४६ को सुरुतिर युरोप र एसियामा राजनीतिक उथलपुथलहरू भए । सोभियत सङ्घका राष्ट्रपति मिखाइल गोर्वाचेभले ग्लासनोस्तोभ (खुलापन) र पेरेस्त्रोइका (खुला बजारउन्मुख आर्थिक पुनर्व्यवस्था) को नीति कार्यान्वयन गरे । ग्लासनोस्तोभ भनेको आर्थिक खुलापन हो र पेरेस्त्रोइका भनेको खुला बजारउन्मूख आर्थिक पुनर्व्यवस्था हो । यी दुवै रुसी भाषाका शब्दहरू हुन् । यस प्रकारको आर्थिक नीतिले गर्दा पूर्वी युरोपबाट कम्युनिस्ट राज्य पद्धतिको अन्त्य हुन लाग्यो । परिणामस्वरूप जर्मनीको बर्लिनको पर्खाल ढल्यो । रुमानियाका कम्युनिस्ट तानाशाह चाउचेस्को को पतन भयो । बुल्गेरियाको क्रान्ति सफल भयो । यसले मङ्गोलिया, बङ्गलादेश तथा म्याडागास्कर पनि प्रभावित भए । वि.स. २०४६ आषाढमा चीनमा तियानमेन स्क्वाएर घटना घट्यो । त्यसैगरी पाकिस्तानको सैनिक शासन पतन भै प्रजातान्त्रिक सरकारको गठन भयो ।

यी घटनाहरूले नेपालका प्रजातन्त्रवादीहरूमा आत्मविश्वासको विकास गरे । उनीहरूले विश्वका यस्ता घटनाहरूलाई पञ्चायत व्यवस्थाको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्न सकिन्छ भन्ने सन्देशको रूपमा बुझे । त्यसैबेला अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरूले नेपालमा मानव अधिकारको उल्लङ्घन भएको छ भनी नेपाल सरकारको आलोचना गरेका थिए । माथिका कुराहरूबाट प्रभावित भएर नेपाली काङ्ग्रेसले आफ्नो कार्यकर्ताहरूलाई गतिमान गर्‍यो । यो कुरालाई दृष्टिगत गरी सर्वोच्च नेता गणेशमान सिंहले वि.स. २०४६ वैशाख १९ गतेका दिन भनेका थिए- "तपाईंहरू ढुक्क हुनुहोस् अन्तर्राष्ट्रिय वातावरण हाम्रो प्रस्तावित आन्दोलनको पक्षमा छ ।"

सितयुद्धको अन्त्य, कम्युनिस्ट मुलुकमा आएको परिवर्तन र संसारभरि प्रजातन्त्रको सुरुवातले नेपाली जनतालाई आन्दोलन सञ्चालन गर्न अनुकुल वातावरण तयार भएको थियो ।

### ६. नेपाल–भारत सम्बन्ध

वि.स. २०३१ फाल्गुण १२ गतेका दिन राजा वीरेन्द्रको शुभराज्याभिषेक सम्पन्न भएको थियो । सो अवसरमा

आएका स्वदेशी तथा विदेशी पाहुनाहरूको बिदाइ समारोहमा राजाले नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव उठाएका थिए । अमेरिका, इङ्ल्यान्ड, रुस तथा चीनलगायत ११६ राष्ट्रहरूले त्यसको समर्थन पनि गरिसकेका थिए । तर छिमेकी देश भारतले यसको समर्थन गरेको थिएन । किनभने भारतले नेपालको शान्ति क्षेत्रको प्रस्तावलाई नेपाल-भारतबिचमा भएको शान्ति र मैत्री सन्धिको भावना विपरीत भएको सम्झन्थ्यो । वास्तवमा भारतले नेपाललाई आफ्नो सुरक्षा छाता (Security Umbrella) भित्र देख्दथ्यो । नेपालको विश्वमा फैलिएको प्रभाव भारतका लागि चुनौतीको विषय बनेको थियो ।

वि.स. २०४५ सालमा नेपालले चीनबाट हातहतियार पनि खरिद गऱ्यो । वैकल्पिक स्रोतहरूका रूपमा चीनबाट हतियार खरिद गर्दा राजदरबारले आफ्नो स्थानीय सुरक्षा गर्न खोजेको जस्तो देखियो । जब शत्रुका वायुयान नष्ट गर्ने यन्त्रहरू (Anti-air-craft-guns) सहितका हातहतियारहरू बोकेका ट्रकहरू काठमाडौँको गल्लीमा देखा परे तब भारत साह्रै चिढियो । वि.स. २०४५ चैत्र १० देखि नेपाल भारत व्यापार तथा पारवाहन सन्धिको म्याद समाप्त भयो र भारतले सो सन्धिलाई नवीकरण नगरी नेपालसँग व्यापार गर्ने २१ नाकाहरूमध्ये १९ नाकाहरू बन्द गरिदियो ।

त्यसै गरी पारवाहनका १५ नाकामध्ये १३ नाकाहरू बन्द गरिदियो । भारतीय तेल कम्पनीले नेपाललाई पेट्रोलियम पदार्थ, लुब्रिकेन्ट बिक्री गर्न इन्कार गरे । जसले नेपालको अर्थतन्त्रलाई समेत प्रभाव पाऱ्यो । काठमाडौँका गल्लीहरूमा कुनै पनि सवारी साधन चल्न छाडे । जताततै अत्यावश्यक खाद्य पदार्थ र मटितेल, चिनीका लागि मानिसका लाइनहरू देखिए । कुपन बाँडेर मटितेल उपलब्ध गराउन थालियो । नेपाल-भारत सम्बन्धमा सुधार ल्याई देशमा सिर्जना भएको अभावको अवस्था अन्त्य गर्न तत्कालीन पञ्चायती सरकार असमर्थ रह्यो ।

अब सरकारले यसलाई राष्ट्रिय समस्याका रूपमा लियो र राष्ट्रिय एकताको कुरा उठायो । तर विपक्षीहरूले यदि यो राष्ट्रिय समस्या हो भने राजाले सबै पार्टीहरूलाई समावेश गरी राष्ट्रिय सरकारको गठन गर्नुपर्दछ र पञ्चायतको अन्त्यबाट नै यो समस्याबाट राहत पाइन्छ भन्ने तर्क प्रस्तुत गरे । तर विपक्षीको कुरा सुन्न पञ्चायत सरकार र राजा तयार भएनन् । तब विपक्षीहरूले वि.स. २०४७ साल फागुन ७ गतेदेखि आन्दोलन गर्ने निर्णय गरे ।

### ७. आन्दोलनप्रति अन्तर्राष्ट्रिय समर्थन

३० वर्षसम्मको एकाधिकारपूर्ण शासन व्यवस्थामा पनि पञ्चायती व्यवस्थाले नेपाली जनताको आर्थिक अवस्थामा गुणात्मक परिवर्तन ल्याउन सकेन । यसले झन् जनताका दु:खलाई नै बढावा दियो । पञ्चायती राज्यसत्ता अरबौँ रुपियाँको बाह्य सहयोगमा निर्भर थियो । तथापि दातृ राष्ट्रहरूसमेत जनआन्दोलनको पक्षमा उभिए ।

नेपालका छिमेकी देशका राजनीतिक कार्यकर्ताहरू, सरकार अन्य मित्र राष्ट्रका राजनेता, तथा अन्य

संस्थाहरूबाट आन्दोलनलाई समर्थन प्राप्त भयो । वि.स. २०४५ चैत्र १० गतेदेखिको भारतीय आर्थिक नाकाबन्दीले नेपालको अर्थ व्यवस्थालाई कमजोर पारिदियो । यद्यपि यो राष्ट्रियहित विपरीत थियो । तर प्रजातन्त्रवादीहरूले यसको सम्पूर्ण दोष सरकारमाथि थोपरे र पञ्चायतको अन्त्यबाट मात्र यो समस्या समाधान हुन्छ भनी आवाज उठाए ।

भारतीय नेताहरू पनि नेपालमा प्रजातन्त्रको पुनर्स्थापनाको पक्षमा थिए । उदाहरणका लागि भारतका शीर्षस्थ नेता चन्द्रशेखरसहित अन्य नेताहरू वि.स. २०४६ साल माघ ५, ६ र ७ को नेपाली काङ्ग्रेसको सम्मेलनमा भाग लिई प्रस्तावित आन्दोलनप्रति आफ्नो सद्भावना प्रकट गरेर समर्थन जनाए । उक्त सम्मेलनमा आफ्नो मन्तव्य दिदै चन्द्रशेखरले भनेका थिए-"भारतबाट नेपालमा प्रजातन्त्र आउँछ भनेर सोच्नु हुँदैन र भारतले दिन पनि सक्दैन । तर नेपाल एउटा छिमेकीका हैसियतले प्रजातन्त्र र मानव अधिकारका सबैालमा भारतको समर्थन रहनेछ र सधैं जनताको पक्षमा रहनेछ ।" उनको ओजिलो भाषणले नेपाली प्रजातन्त्रवादी युवाहरूलाई आन्दोलनप्रति उत्साहित पाऱ्यो ।

त्यसैगरी भारतीय संसद्का २०७ जना सदस्यहरूले संयुक्त विज्ञप्ति निकालेर नेपालको जनआन्दोलनलाई समर्थन गर्न भारत सरकारलाई अपिल गरेको थिए । वि.स. २०४६ साल फाल्गुन १२ गतेका दिन भारतीय प्रधानमन्त्री भी.पी. सिंहले नेपालका आन्दोलनकारीहरूलाई कुटनीतिक शब्दमा समर्थन गरेको विज्ञप्ति निकाले । भारतीय विदेश मन्त्री आई. के. गुजरालले भारतीय लोकसभामा भनेका थिए -"भारतले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्न त चाहन्न तर प्रजातान्त्रिक देश भएको कारण, भारत प्रजातन्त्र, मानव मूल्य मान्यता र समानताप्रति प्रतिबद्ध छ । विश्वमै प्रजातान्त्रिक लहर आइरहेको बेलामा भारत नेपाली जनताको भावना विपरीत जान्न र नेपालमा प्रजातन्त्र र संवैधानिक राजतन्त्रप्रति चलाइएको आन्दोलनलाई अस्वीकार गर्न सक्दैन ।"

छिमेकी राष्ट्रका अतिरिक्त अन्य मित्र राष्ट्रहरू तथा अन्तर्राष्ट्रिय समुदायले पनि नेपालको आन्दोलनलाई समर्थन जनाएका थिए । राज्य मामिलासम्बन्धी अमेरिकी सचिवालयले वि.स.२०४६ साल फाल्गुन ११ गतेका दिन नेपालमा आन्दोलनकारीमाथि दमन गरेको विरोधमा नेपाल सरकारको आलोचना गरेको थियो । त्यसैगरी मुख्य दाता राष्ट्रहरू इङ्ल्यान्ड, जर्मनी, जापान, स्विटजरल्यान्ड आदिले जनआन्दोलनको समर्थन गरेका थिए । जापानले दिँदै आएको सहयोगमा ३४ प्रतिशतले कटौती गऱ्यो भने जर्मनीले आन्दोलनकारीहरूको दमन र मानव अधिकारको उल्लङ्घन नरोकेसम्म सम्पूर्ण सहयोग रोक्ने सार्वजनिक घोषणा नै गऱ्यो ।

अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था एमनेस्टी इन्टरनेसनलले विश्व मानव अधिकारका सिद्धान्तहरूको उल्लघङ्न गरेको भनी नेपाल सरकारलाई आरोप लगायो । त्यसैगरी विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष आदिले पनि नेपालको तत्कालीन राजनीतिक अवस्था देखेर नेपालमा लगानी गर्न हिच्किचाएका थिए ।

एकातिर पञ्चायत सरकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा छवि धमिलिएको थियो भने अर्कोतिर नेपाली

जनताले वैदेशिक समर्थन पाइरहेका थिए । त्यसकारण नेपाली जनताले त्यो समय आन्दोलनका लागि उपयुक्त ठाने ।

**८. विपक्षीहरूमा एकता**

नेपालमा पञ्चायती व्यवस्थालाई निर्विकल्प बनाउन राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाइएको थियो । तर राजनीतिक दलहरू भूमिगत रूपमा आफ्ना क्रियाकलापहरू अगाडि बढाइरहेका थिए । त्यसबेला नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टी (माले) शक्तिशाली दलका रूपमा थिए र विभिन्न रूपले आफ्ना भातृसङ्गठन र कार्यकर्ताहरूलाई पञ्चायती व्यवस्थाको विरोधमा उतारेका थिए ।

वि.स. २०४६ सालको जनआन्दोलनको पूर्वसन्ध्यामा विभिन्न घटकमा विभक्त नौओटा कम्युनिस्ट पार्टीहरू आन्तरिक रूपमा एक जुट भई "संयुक्त वाममोर्चा" को गठन गरेका थिए । पञ्चायती व्यवस्थाको अन्त्यका लागि नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाबिच कार्यगत एकता कायम भएको थियो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) जनमत सङ्ग्रह वि.स. २०३७ सालमा कुन पक्ष विजयी भयो ?

(ख) गाउँफर्क राष्ट्रिय अभियानको स्थानमा अर्को कुन संस्थाको स्थापना गरिएको थियो ?

(ग) पञ्चायती व्यवस्थामा निर्वाचन लड्न कुन सङ्गठनको सदस्यता लिनु पर्दथ्यो ?

(घ) भारतमा कहिले सङ्कटकाल घोषणा गरिएको थियो ?

(ङ) वि.पी. कोइराला नेपाल फर्किदा के नीति लिएर फर्केका थिए ?

(च) वि.स. २०३६ सालको आन्दोलनको समयमा शिक्षामन्त्री को थिए ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) वि.पी.कोइरालाको मेलमिलापको नीतिलाई बुँदागत रूपमा लेख्नुहोस् ।

(ख) कुनै पनि व्यवस्थाका आधारभूत मान्यता के के हुन् ? आफ्नो विचार लेख्नुहोस् ।

(ग) वि.स. २०४६ सालको जनआन्दोलन हुनाका कारणहरू के के हुन्, कुनै दुईको वर्णन गर्नुहोस् ।

(घ) पञ्चायत नीति तथा जाँचबुझ समितिको काम के थियो, स्पष्ट गर्नुहोस् ।

(ङ) पञ्चहरूमा आपसी विभाजन हुने कारणहरू के के थिए ? उल्लेख गर्नुहोस् ।

(च) पञ्चहरूले नचाहँदा नचाहँदै पनि किन राजा वीरेन्द्रले जनमत सङ्ग्रहको घोषणा गरेका थिए ? आफ्नो विचार लेख्नुहोस् ।

(छ) वि.स. २०४६ सालको आन्दोलनका विभिन्न कारणहरूमध्ये मानवअधिकार उलङ्घन एउटा प्रमुख कारण थियो, स्पष्ट पार्नुहोस् ।

(ज) नेपालको संविधान २०१९ मा कहिले कहिले संशोधन भयो ? मितिसहित उल्लेख गर्नुहोस् ।

(झ) "तपाईंहरू ढुक्क हुनुहोस्, आन्तर्राष्ट्रिय वातावरण हाम्रो प्रस्तावित आन्दोलनको पक्षमा छ", भन्ने गणेशमान सिंहका तर्कलाई पुष्टि गर्नुहोस् ।

(ञ) वि.स. २०४५ सालको भारतीय नाकाबन्दीका बारेमा आफ्नो भनाइ १० वाक्यमा उल्लेख गर्नुहोस् ।

(ट) वि.स. २०४६ सालको जनआन्दोलन सफल हुनुका कारणहरूमध्ये विपक्षीहरूको एकता प्रमुख कारण थियो । पुष्टि गर्नुहोस् ।

## समूह कार्य

५-१० जनाको समूह बनाई जनआन्दोलन वि.स. २०४६ सालमा तपाईंको स्थानबाट प्रत्यक्ष भाग लिएका वा जनआन्दोलनका बारेमा अरूबाट सुनेका मानिसहरू पहिचान गरी छुटुटाछुट्टै प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ ३ वि.स. २०४६ को जनआन्दोलन र उपलब्धि


प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई

वि.स. २०४६ साल फागुन ७ गतेदेखि नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाको सहभागितामा पञ्चायती व्यवस्थाको अन्त्यका लागि जनआन्दोलनको थालनी भयो । यस अवस्थामा पञ्चायती सरकारले कैयौँ प्रजातन्त्रवादी नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गऱ्यो । सरकारको आदेशमा प्रहरीले लाठीचार्ज, अश्रुग्याँस र पानीका फोहोराले प्रहार गर्दा आन्दोलनकारीहरू घाइते भए । आन्दोलनकारीहरू आफ्नो उद्देश्यमा दृढ भएका हुनाले सरकारले जति नै तर्साउन खोजे पनि उनीहरूका गतिविधिहरूमा कमी आएन । शान्तिपूर्ण जुलुसमाथि पञ्चायती व्यवस्थाले अन्धाधुन्ध गोली चलाउँदा कैयौँ प्रजातन्त्रवादीहरूले सहादत प्राप्त गरे । पञ्चायती व्यवस्थाका विपक्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्ले समेत आवाज उठाएपछि राजा वीरेन्द्रलाई जनतासचेत भएको कुरा बल्ल थाहा भयो । वि.स. २०४६ चैत्र २६ गते राति राजाले दलमाथि लागेको प्रतिबन्ध हटाएको घोषणा गरे । यही घोषणाबाट नेपालमा प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापन भयो । वि.स. २०४६ सालको जनआन्दोलनका उपलब्धिहरू यसप्रकार छन् :

### १. प्रजातन्त्रको पुनर्स्थापना र लोकतान्त्रिक अभ्यास

पञ्चायती व्यवस्थाको अन्त्यका लागि संयुक्त जनआन्दोलन समिति गठन गरियो । यसमा मुख्यत: नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चा थिए । यो समितिले गणेशमान सिंहलाई जनआन्दोलनका सर्वोच्च कमान्डर तोक्यो । जनता आन्दोलनमा उत्रे र पञ्चायती व्यवस्थाको अन्त्य भयो । पञ्चायतका सम्पूर्ण निकायहरू विघटन भए । प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले राजिनामा दिए ।

राजा वीरेन्द्रबाट जनआन्दोलनका सर्वोच्च कमान्डर गणेशमान सिंहलाई नयाँ मन्त्रिमण्डलको अध्यक्षता गर्न आग्रह गरे । तर गणेशमान सिंहले आफ्नो स्वास्थ्यको कारण देखाई संयुक्त वाममोर्चाको पनि सल्लाहअनुसार नेपाली काङ्ग्रेसका सभापति श्री कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्रीका लागि सिफारिस गरे । राजाले वि.स. २०४७ वैशाख ६ गतेका दिन नेपाली काङ्ग्रेसका सभापति श्री कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीत्वमा ११ सदस्यीय अन्तरिम मन्त्रिमण्डलको गठन भयो । प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले नयाँ सरकारको प्राथमिकता सम्बन्धमा स्पष्ट पार्दै आर्थिक सङ्कटबाट मुक्ति पाउने, नयाँ संविधान बनाउने र त्यसअनुसार एक वर्षभित्र आमनिर्वाचन गराउने वचनबद्धता प्रकट गरेका थिए । जनआन्दोलनको भावनाअनुसार देशमा काम गर्नका लागि नेपाली काङ्ग्रेस, वाममोर्चा र स्वतन्त्र व्यक्तिहरू रहेको ११ सदस्यीय मन्त्रिमण्डल गठन

भयो । प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले नियुक्तिकै दिनमा राजाबाट पद तथा गोपनीयताको सपथ लिए र मन्त्रिमण्डलका सदस्यहरूलाई पनि सपथ ग्रहण गराए । संयुक्त वाममोर्चाका सदस्यहरूबाहेक अरू मन्त्रीले ईश्वरका नाममा सपथ खाए भने दुई जना मन्त्रीहरू निलाम्बर आचार्य र डा. मथुराप्रसाद श्रेष्ठले सत्य र निष्ठामा रहेर काम गर्ने सपथ ग्रहण गरे । उक्त मन्त्रिमण्डल यस प्रकारको थियो :

| क्र.सं. | नाम | राजनीतिक दल | जिम्मेवार |
|---|---|---|---|
| १. | प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराई | (ने.का.) | राजदरबार, रक्षा तथा परराष्ट्र |
| २. | मन्त्री श्रीमती सहना प्रधान | (ने.क.पा. मार्क्सवादी) | उद्योग तथा वाणिज्य |
| ३. | मन्त्री श्री डा. केशरजङ राजमाझी | (ने.क.पा.) | शिक्षा, सांस्कृतिक तथा सामान्य प्रशासन |
| ४. | मन्त्री श्री अच्युदराज रेग्मी | (राजाबाट सिफारिस) | आवास तथा भौतिक योजना |
| ५. | मन्त्री श्री महेन्द्रनारायण निधि | (ने.का.) | जलस्रोत तथा स्थानीय विकास |
| ६. | मन्त्री श्री योगप्रसाद उपाध्यय | (ने.का.) | गृह तथा सञ्चार |
| ७. | मन्त्री श्री निलाम्बर आचार्य | (ने.क.पा.) | न्याय, कानुन, श्रम तथा पर्यटन |
| ८. | मन्त्री श्री मार्सल जुलुम शाक्य | (ने.का.) | आपूर्ति निर्माण तथा यातायात |
| ९. | मन्त्री श्री झलनाथ खनाल | (मा.ले.) | कृषि, भूमि सुधार तथा व्यवस्था, भू-संरक्षण |
| १०. | मन्त्री श्री डा. देवेन्द्रराज पाण्डे | (स्वतन्त्र) | अर्थ |
| ११. | मन्त्री श्री डा. मथुराप्रसाद श्रेष्ठ | (स्वतन्त्र) | स्वास्थ्य |

प्रधानमन्त्रीको सपथ ग्रहणपश्चात् कृष्णप्रसाद भट्टराईले अन्तरिम सरकारका प्राथमिकताहरू निम्नअनुसार रहेको कुरा स्पष्ट पारेका थिए :

- भारतसँग सम्बन्ध सुधार गर्ने
- मानव अधिकार, कानुनी राज्य, संसदीय सरकार, संवैधानिक राजतन्त्र र स्वतन्त्र न्यायपालिकालाई समेटी नयाँ संविधानको घोषणा गर्ने
- नयाँ संविधानको आधारमा वि.स. २०४८ जेठ महिनाको मध्यसम्म आम चुनाव सम्पन्न गर्ने
- वालिग मताधिकारका आधारमा आम चुनाव गर्ने
- भोट हाल्ने अधिकार १८ वर्ष पूरा भएका नेपाली नागरिकले पाउने
- कृषि र उद्योगको विकासलाई बढावा दिने ।

### २. राजनीतिक स्थिरताको स्थापना

अन्तरिम सरकार गठनपश्चात् पनि नेपालको राजनीति स्थिर रहेन । पूर्वपञ्चहरूले एक पटक टाउको उठाउने प्रयत्न गरेका थिए । देशका विभिन्न स्थानहरूमा पञ्चायतका समर्थकहरूले लुटपाट तथा आगजनी

गरेर आतङ्कको अवस्था सिर्जना गरेका थिए । त्यसैगरी कलकारखानाका कर्मचारीहरूले विभिन्न माग राखेर हडतालका कार्यक्रमहरू अगाडि सार्न थाले । अन्तरिम सरकारले यी समस्याहरूलाई सजिलै सम्बोधन गऱ्यो । वि.स. २०४७ वैशाख १५ गते गाउँ र नगर पञ्चायत पनि विघटन गरियो । १६ गतेका दिन पूर्व प्रधानमन्त्री मरीचमान सिंह श्रेष्ठले पनि बहुदलीय व्यवस्थाको स्वागत गरे । राजाले अञ्चलाधीशहरूलाई पनि बर्खास्त गरे । अब अन्तरिम सरकारले आफ्ना कार्यको थालनी गऱ्यो । यसपछि भने देशको अवस्था प्रजातन्त्रवादी शक्तिको काबुमा आयो ।

### ३. माल्लिक आयोग गठन

वि.स. २०४६ फागुन ७ गतेदेखि चैत्र मसान्तसम्म मुलुकमा घटेका घटनाहरूबाट भएको जनधनको क्षतिको जाँच गरी रायसहितको प्रतिवेदन २ महिनाभित्र पेस गर्ने गरी पूर्वाञ्चल क्षेत्रीय अदालतका मुख्य न्यायधीश जनार्दनलाल मल्लिकको अध्यक्षतामा एउटा आयोग गठन गऱ्यो । जसलाई मल्लिक आयोगको नामले चिनिन्छ । यस प्रतिवेदनले १५० भन्दा बढी व्यक्तिलाई कारबाही गर्नुपर्ने सिफारिस गरेको थियो । तर सरकाले भने मन्त्रिपरिषद् सचिवालयका ५ जना उच्चपदस्थ कर्मचारीलाई निलम्बन गऱ्यो र मरिचमान श्रेष्ठ र लोकेन्द्रबहादुर चन्दको मन्त्रिमण्डलका सदस्यहरूको राहदानी जफत गऱ्यो ।

### ४. कर्मचारी समस्या समाधान

अन्तरिम सरकारले मे १ का दिन उद्योग तथा कारखानामा काम गर्ने मजदुरलाई सार्वजनिक बिदा दिने र श्रमिक दिवस मनाउने निर्णय गऱ्यो । यसै बखत त्रिभुवन विश्वविद्यालय तथा महेन्द्र संस्कृत विश्वविद्यालयका पदाधिकारीहरूको बर्खास्तीको माग राखी प्राध्यापकहरूले भोक हड्ताल गरे । निजामति कर्मचारीहरू पनि आफ्नो पेसागत हक हितका लागि आन्दोलनमा उत्रने धम्की दिए । सरकारी तथा गैरसरकारी कर्मचारीहरूले हड्ताल गर्न थाले । सरकारले कर्मचारीहरूका मागबारे जाँचबुझ गर्न एउटा आयोग गठन गरेपछि मात्र कर्मचारी आन्दोलन शान्त भयो ।

### ५. आर्थिक सङ्कट समाधान

नेपाल-भारत वाणिज्य तथा पारवाहन सन्धिको समय सकिएको र सो सन्धिको नवीकरण हुन नसकेका कारणले नेपालको अर्थतन्त्र तहसनहस भएको थियो । अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले भारतका तत्कालीन प्रधानमन्त्री वी.पी. कोइरालाले सिंहको निमन्त्रणामा दुई दिने भारत भ्रमण गरे । यही भ्रमणले १५ महिनादेखि नेपाल-भारत सम्बन्धलाई पुनर्स्थापित गऱ्यो । वि.स. २०४७ असार १७ बाट सम्पूर्ण नाकाहरू खोलिए ।


यस प्रकार आफ्नो प्रतिबद्धताअनुसार अन्तरिम सरकारले नेपाल-भारतबिचमा सम्बन्ध पुनर्स्थापना गरी नेपालमा भएको आर्थिक सङ्कटलाई समाधान गर्न सफल भएको थियो ।

## ५. नयाँ संविधानको निर्माण

प्रजातन्त्रको स्थापना भएपछि प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको सिफारिसमा राजा वीरेन्द्रले २०४७ जेठ १६ गते सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायधीश विश्वनाथप्रसाद उपाध्यायको अध्यक्षतामा निम्न सदस्य रहेको ९ सदस्यीय संविधान सुधार सुझाव आयोगको गठन भएको थियो ।

| क्र.सं. | नाम | जिम्मेवारी |
|---|---|---|
| १. | विश्वनाथप्रसाद उपाध्याय | अध्यक्ष |
| २. | श्री पद्मुम्नलाल राजभण्डारी | सदस्य |
| ३. | श्री रमानन्दप्रसाद सिंह | सदस्य |
| ४. | श्री लक्ष्मण अर्याल | सदस्य |
| ५. | श्री मुकुन्द रेग्मी | सदस्य |
| ६. | श्री दमन ढुङ्गाना | सदस्य |
| ७. | श्री निर्मल लामा | सदस्य |
| ८. | श्री भरत मोहन अधिकारी | सदस्य |
| ९. | श्री माधवकुमार नेपाल | सदस्य |

संविधान मस्यौदा आयोगले आफ्नो कार्य थालनी गऱ्यो । देशका सम्पूर्ण जनताहरूबाट सुझावहरू आह्वान पनि गऱ्यो । आयोगका सदस्यहरू नेपालका विभिन्न स्थान र विभिन्न मुलुकहरूमा समेत गएर सुझाव सङ्कलन गरे । यो आयोगले आफ्नो जिम्मेवारीबमोजिम संविधानको मस्यौदा तयार गरी वि.स. २०४७ भाद्र २५ का दिन राजासमक्ष पेस गऱ्यो । यो मस्यौदामाथि राजा र राजपरिवारले चित्त नबुझाई केही संशोधनको सुझावसमेत दिएका थिए ।




विश्वनाथप्रसाद उपाध्याय

संविधानको मस्यौदा तयार गर्ने क्रममा जे जस्ता समस्या तथा झन्झटहरू आइपरे पनि आयोगले सफलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गऱ्यो । वि.स. २०४७ कार्तिक २३ गते राजदरबारमा आयोजित विशेष समारोहमा राजा वीरेन्द्रले नेपाल अधिराज्यको संविधान २०४७ को घोषणा गरे । यो संविधानका केही विशेषताहरू यसप्रकार थिए ।

- देशको सार्वभौमसत्ता नेपाली जनतामा निहित
- वालिग मताधिकार
- कानुनी शासन
- नागरिकका मौलिक हकको प्रत्याभूति
- संवैधानिक राजतन्त्र
- दुई सदनात्मक व्यवस्थापिका
- स्वतन्त्र न्यायपालिका

- प्रस्तावनाको भावनाको प्रतिकूल नहुने गरी संविधान संशोधनको प्रावधान
- २३ भाग १३३ धारा र ३ अनुसूचीमा विभाजित ।

नेपाली काङ्ग्रेस र अरू प्रजातान्त्रिक पार्टीहरूले यस संविधानलाई हृदयदेखि नै स्वागत गरे भने नेपाल कम्युनिस्ट दल (एमाले) ले भने आलोचनात्मक समर्थन गऱ्यो । नेपाल कम्युनिस्ट दल (चौथो महाधिवेसन) लगायत अन्य उग्रपन्थी कम्युनिस्टहरूले आफ्नो माग पूरा नगरिएकाले अस्विकार गरे । ने.क.पा. (मसाल) ले सम्प्रभुताको स्थानान्तर प्रक्रियाको विरोध गऱ्यो । सम्प्रभुताको स्थानान्तरण कि त राष्ट्रव्यापी जनमत सङ्ग्रहबाट कित संविधान सभाबाट यात जननिर्वाचित प्रतिनिधि सभाबाट हुनुपर्छ भन्ने तर्क प्रस्तुत गरे ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) स्वास्थ्यको कारण देखाई प्रधानमन्त्री पदसमेत अस्वीकार गर्ने जनआन्दोलनका नेता को थिए ?

(ख) नयाँ संविधान निर्माणका लागि गठित आयोगलाई कति समय दिइएको थियो ?

(ग) वि.स. २०४७ जेष्ठ १७ गते गठित संविधान सिफरिस आयोगका अध्यक्षको नाम के थियो ?

(घ) राजा वीरेन्द्रले कहिलेदेखि संवैधानिक राजा हुने घोषणा गरेका थिए ?

(ङ) नेपाल अधिराज्यको संविधान २०४७ कहिले घोषणा भयो ?

(च) नेपाल अधिराज्यको संविधान २०४७ मा कति जना प्रतिनिधि सभा सदस्य सङ्ख्या तोकिएको थियो ?

(छ) नेपाल अधिराज्यको संविधान २०४७ लाई कुन पार्टीले आलोचनात्मक समर्थन गरेको थियो ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) प्रधानमन्त्रीमा नियुक्त भएपछि कृष्णप्रसाद भट्टराईले कस्तो विचार व्यक्त गरेका थिए, लेख्नुहोस् ।

(ख) वि.स. २०४६ साल वैशाख ५ गते गठित मन्त्रिमण्डलको नामावली तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ग) वि.स. २०४६ सालपछि बनेको मन्त्रिमण्डलको प्राथमिकताको सूची बानाउनुहोस् ।

(घ) वि.स. २०४६ सालको जनआन्दोलनपश्चात् बनेको मन्त्रिमण्डलका कार्यहरूको तालिका बनाउनुहोस् ।

(ङ) वि.स. २०४७ वैशाख १० गते घटेको घटनाको विवरण तयार पार्नुहोस् ।

(च) मल्लिक आयोग कार्यान्वयन हुन नसक्नुका कारणहरूको चर्चा गर्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) वि.स. २०४६ पछि गठन भएको सरकारले आर्थिक समस्यालाई कसरी समाधान गऱ्यो ? उल्लेख गर्नुहोस् ।

(ख) नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा उल्लेख भएका राम्रा पक्षहरूको सूची बनाउनुहोस् ।

(ग) नेपाल अधिराज्यको संविधान २०४७ को संविधान पूर्ण प्रजातान्त्रिक थियो भन्ने कुरा प्रमाणसहित पुष्टि गर्नुहोस् ।

## समूह कार्य

नेपाल अधिराज्यको संविधान २०४७ को संविधान खोजेर त्यसमा भएका मौलिक अधिकार र नागरिक कर्तव्यहरूको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ४ आम निर्वाचन



निर्वाचन

वालिग मताधिकारका आधारमा देशका सबै वालिगहरूको सहभागीतामा हुने राष्ट्रिय तथा स्थानीय तहका निर्वाचनलाई आम निर्वाचन भनिन्छ । नेपालमा वि.स. २०१५ सालमा प्रतिनिधिसभाका लागि आम निर्वाचन भएको थियो । त्यसपछि वि.स. २०३८ र वि.स. २०४३ सालमा पनि राष्ट्रिय पञ्चायतका लागि निर्वाचनहरू भएका थिए । तर ती निर्वाचनहरू स्वतन्त्र थिएनन् । केवल पञ्चहरूले मात्र ती निर्वाचनमा आफ्नो उम्मेदवारी दर्ता गराउन पाएका थिए । प्रजातन्त्रवादीहरूलाई यी निर्वाचनमा सहभागी हुन प्रतिबन्ध थियो ।

नेपालमा प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना भएपछि आम निर्वाचन सम्पन्न भए । जसलाई तलका बुँदाहरूमा चर्चा गरिएको छ ।

## (क) आम निर्वाचन वि.स. २०४८

नेपाल अधिराज्यको संविधान २०४७ अनुसार २०५ स्थान भएको प्रतिनिधि सभा, ६० स्थान भएको राष्ट्रिय सभाको व्यवस्था गरिएको थियो । वालिग मताधिकारबाट निर्वाचित प्रतिनिधिहरूद्वारा राज्य व्यवस्थाका बारेमा नीति नियमहरू बनाइने भयो । १८ वर्ष पुगेका व्यक्तिहरूलाई मताधिकार हुने भयो । संविधानको निर्माण र कार्यान्वयन भइसकेपछि सबैको ध्यान आगामी निर्वाचनमा केन्द्रित भयो ।

वि.स. २०४८ वैशाख महिनामा भएको आम निर्वाचनमा संयुक्त जनमोर्चाका नाममा उग्रपन्थी कम्युनिस्टहरूले पनि भाग लिए । साम्प्रदायिक पार्टी, सद्भावना पार्टी, भूतपूर्व उग्रवादी पञ्चहरू तथा पञ्चायतलाई बचाउन हरप्रयास गर्ने मरिचमान सिंह श्रेष्ठलगायत पञ्चायतका अन्तिम प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसमेत सहभागी भए ।

नेपाल अधिराज्यको संविधानको घोषणापछि तेस्रो प्राथमिकताअनुसार अन्तरिम सरकारले आम निर्वाचनका लागि निर्वाचन आयोगलाई सक्रिय बनायो । वि.स. २०४८ वैशाख २९ मा प्रतिनिधिसभाका २०५ स्थानका लागि निर्वाचन गर्ने घोषणा भयो । प्रतिनिधिसभाका लागि यो निर्वाचन ३२ वर्षपछि हुन लागेको थियो । १८ वर्ष उमेर पुगेका नेपाली नागरिकलाई वालिग मानेर उनीहरूको मताधिकार सुरक्षित गरियो । । यसो गर्दा मतदाता सङ्ख्या १,११,९१,७७७ पुगेको थियो । एक व्यक्ति एक मत प्रणालीका आधारमा भएको निर्वाचनमा एउटा निर्वाचन क्षेत्रमा १,००,००० मतदाताभन्दा बढी नपर्ने गरी निर्धारण गरिएको थियो । जसअनुसार सबैभन्दा बढी झापा र मोरङमा

७/७ निर्वाचन क्षेत्र निर्धारण गरिएको थियो भने सबैभन्दा मतदाता कम भएको क्षेत्र मनाङमा एक जनामात्र सदस्य प्रतिनिधि सभाका लागि निर्वाचित हुने व्यवस्था गरिएको थियो । मनाङमा जम्मा ७,०२१ मतदाता मात्र थिए ।

निर्वाचन आयोगमा दर्ताका लागि निवेदन दिएका ४४ दलहरूमध्ये जम्मा ४० दलमात्र दर्ता भएका थिए । चार दलहरूलाई साम्प्रदायिक दल भनेर दर्ता खारेज गरिएको थियो । दर्ता गरिएका ४० दलहरूमध्ये निर्वाचनमा जम्मा २० दलले मात्र आफ्ना उम्मेदवारहरू खडा गरेका थिए । यो निर्वाचनमा विभिन्न राजनीतिक दलहरूबाट १,१२६ र स्वतन्त्र २१९ गरी जम्मा १,३४५ जनाको उम्मेदवारी दर्ता भएको थियो । त्यसमध्ये जम्मा ८० जना महिला उम्मेदवारहरू थिए ।

वि.स.२०३८ र वि.स.२०४३ सालका निर्वाचन पनि वालिग मताधिकारका आधारमा भएका थिए । तर सबैले चुनावमा भाग लिएका थिएनन् । ने.क.पा. (मसाल) ले मात्र वि.स. २०४७ को संविधान नमान्ने घोषणा गर्दै यो निर्वाचन बहिष्कार गरेको थियो । वि.स.२०४८ सालको निर्वाचन एकै दिन नेपाल अधिराज्यभरी सम्पन्न गर्ने व्यवस्था मिलाइएको थियो ।

राजनीतिक दलहरूले पनि आफ्नो निर्वाचन अभियानलाई सञ्चालन गरे । राजनीतिका नयाँ ध्रुवीकरणहरू देखिएका थिए । वि.स.२०४७ पौष २४ गतेका दिन वाममोर्चामा सामेल भएका दुई पार्टीहरू नेपाल कम्युनिस्ट पार्टी (माले) र नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी) एकीकृत भई नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी-लेनिनवादीको स्थापना गरियो ।

त्यसैगरी, अन्य कम्युनिस्ट पार्टीका विभिन्न घटकहरू मिलेर “नेपाल कम्युनिस्ट पार्टी एकता केन्द्र” र “संयुक्त जनमोर्चा नेपाल” को स्थापना गरेका थिए भने पूर्वपञ्चहरू मिलेर “नेपाल राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) ” र “नेपाल राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द)” को निर्माण गरे । कम्युनिस्टहरूले “एक ठाम एक बाम” भन्ने नारालाई अगाडि सारेर आपसमा चुनावी तालमेल गर्ने प्रयास पनि गरेका थिए ।

नेपाली काङ्ग्रेसको स्थापना वि.स. २००३ सालमा भएको हो । राणा शासन विरोधी आन्दोलन र पञ्चायती व्यवस्था विरोधी आन्दोलमा सक्रिय भूमिका निर्वाह गरेको नेपाली काङ्ग्रेसले आफ्ना भातृ सङ्गठनहरूलाई सुदृढ गरी निर्वाचनमा तयार भयो । उम्मेदवारीको समस्याका कारण नेपाली काङ्ग्रेसमा केही जटिल परिस्थिति सिर्जना भएको थियो । ती समस्या समाधान गर्न गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई तथा गिरिजाप्रसाद कोइराला सम्मिलित भएको बोर्डले उम्मेदवारको अन्तिम सूची तयार गर्‍यो र सम्पूर्ण निर्वाचन क्षेत्रमा उम्मेदवारी दियो । राष्ट्रियता, प्रजातन्त्र र समाजवादको नारालाई अगाडि सारेर निर्वाचनमा सहभागी भयो ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) पनि आफ्नो विजय अभियानमा जुटेको थियो । वि.स. २०१५ को निर्वाचनमा कम्युनिस्ट पार्टीले देशका कुल १०९ मध्ये जम्मा ४ स्थानमा विजय गरेको थियो भने जम्मा ७ प्रतिशत मत पाएको थियो । राजा महेन्द्रले सबै राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाए पछि कम्युनिस्ट पार्टी

विभाजित भएको थियो । महामन्त्री केशरजङ्ग रायमाझीले राजाको कदमलाई स्वागत गरेका थिए । पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, मोहनविक्रम सिंह आदिले कम्युनिस्ट पार्टीलाई अगाडि बढाएका थिए । वि.स. २०३५ मा नेपाल कम्युनिस्ट पार्टी (माले) को स्थापना गरिएको थियो । विभिन्न चिरामा विभाजित नेपाल कम्युनिस्ट पार्टी मध्ये "नेपाल कम्युनिस्ट पार्टी (माले) र नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी)" मिली वि.स. २०४७ पौष २२ मा "नेपाल कम्युनिस्ट पार्टी (एमाले)" बनाई वि.स. २०४८ को निर्वाचनमा सक्रिय रह्यो । नौलो जनवादका ठाउँमा बहुदलीय जनवादलाई पार्टीका आधार बनाई आफ्नो निर्वाचन घोषणा पत्र जारी गऱ्यो ।



मदन भण्डारी

एमालेले । गाँस, बास, कपासको व्यवस्था गर्ने प्रतिवद्धता जाहेर गरी आफ्नो निर्वाचन अभियान सञ्चालन गऱ्यो । "बेरोजगारलाई घरघडेरी, हेपिएकालाई मान" भन्ने खालका नाराहरू नेपाल अधिराज्यका कुना कुनामा देखिए । आफ्नो सङ्गठनात्मक कमजोरी र "एक ठाम एक वाम" को नीतिले गर्दा ने.क.पा. एमालेले जम्मा १९३ स्थानमा मात्र आफ्नो उम्मेदवारी दिएको थियो ।

त्यसैगरी पञ्चहरूका दुई दल नेपाल राष्ट्रिय प्रजातन्त्र दल थापा र चन्द एउटै नामले राष्ट्रवादको नारा लिएर अगाडि बढे । चन्दले १६२ र थापाले १७० उम्मेदवारी दिएकामा जनताले पञ्चहरूलाई पुरा नै दृष्टिकोणले हेरिरहेका थिए । त्यसकारण सूर्यबहादुर थापा आफ्नो निर्वाचन क्षेत्रमा स्वतन्त्र रूपले घुम्न पनि पाएनन् । तर पनि यी दुई पार्टीले ३ प्रतिशत मत ल्याएर राष्ट्रिय दलको दर्जा पाउन सफल भएका थिए ।

त्यसैगरी संयुक्त जनमोर्चा बहुदलीय व्यवस्थाको भण्डाफोर गर्न प्रतिनिधिसभामा जाने गरी जम्मा ९० स्थानमा उम्मेदवारी दिई निर्वाचनमा भाग लियो । नेपाल सद्भावना पार्टीको सङ्गठन तराईमा मात्र सीमित रहेकाले यसले जम्मा ७६ स्थानमा मात्र उम्मेदवारको मनोनयन गर्न सफल भयो । नेपाल मजदुर किसान पार्टीले ३८, ने.क.पा. प्रजातन्त्रवादीले ८४ स्थानमा उम्मेदवारी दिए ।

पूर्व निर्धारित कार्यक्रमअनुसार वि.स.२०४८ वैशाख २९ गतेका दिन निर्वाचन सम्पन्न भयो । देशका कुल १,१९,९१,७७७ मतदाता मध्ये ७२,९१,०८४ ले मात्र मतदान गरे । अर्थात् जम्मा ६५.१५ प्रतिशत मतदान भएको थियो । खसेको कुल मतमध्ये ६९,६९,०६१ मत सदर भए भने ३,२२,०२३ मत भएका थिए ।


यो निर्वाचनमा, ११० स्थानमा विजय हासिल गरी नेपाली काङ्ग्रेसले सबैभन्दा ठुलो दलको स्थान पायो भने नेपाल कम्युनिस्ट पार्टी एमालेले ६९ स्थानमा विजयी भई प्रमुख प्रतिपक्षी दलको स्थान लिन सफल भयो । त्यसैगरी संयुक्त जनमोर्चाले ९ स्थान, सदभावना पार्टीले ६ स्थान, राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) ले ३ र राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) ले २ स्थानमा विजय हासिल गरे । उनीहरूले क्रमश: ३७.७५, २७.९८, ४.८३, ४.१०, ६.५६ र ५.३८ प्रतिशत मत प्राप्त गरी राष्ट्रिय मान्यता प्राप्त दलका रूपमा मान्यता प्राप्त गरे ।

उक्त निर्वाचनमा ७५१ जना उम्मेदवारको जमानतसमेत जफत भएको थियो ।

निर्वाचन निष्पक्ष भए नभएको हेर्नका लागि विभिन्न देशहरूबाट मानव अधिकारवादी कार्यकर्ताहरू, कुटनीतिज्ञहरू, पत्रकारहरू तथा सामाजिक कार्यकर्ताहरू नेपालमा आई ठाउँ ठाउँमा गएर निरीक्षण गरेका थिए । २२ देशले नेपालको निर्वाचनको अवलोकन गर्न आफ्ना पर्यवेक्षकहरू पठाएका थिए ।

यो निर्वाचनमा प्रधानमन्त्री तथा नेपाली काङ्ग्रेसका अध्यक्ष कृष्णप्रसाद भट्टराई नेकपा एमालेका महासचिव मदन भण्डारीसँग ७५१ मतले मात्र पराजित भएका थिए ।

निर्वाचनमा देशकको पूर्वतर्फ नेकपा एमालेको पकड रह्यो भने पश्चिमतर्फ नेपाली काङ्ग्रेसको प्रभाव रह्यो । मध्य नेपालमा दुवै दलको प्रभाव समानुपातिक रूपमा रह्यो । यो निर्वाचन दक्षिण पूर्वी एसियाका लागि पनि अनुकरणीय भएको थियो ।



गिरिजाप्रसाद कोइराला

(ख) **मध्यावधि निर्वाचन** वि.स. २०५१

वि.स. २०४८ को आम निर्वाचनमा नेपाली कङ्ग्रेसले बहुमत प्राप्त गऱ्यो । संसदीय परम्परा र नेपाल अधिराज्यको संवैधानिक प्रावधानबमोजिम नेपाली काङ्ग्रेसले आफ्ना शीर्ष नेता गिरिजाप्रसाद कोइरालालाई संसदीय दलको नेता चयन गऱ्यो । संसदीय परम्पराबमोजिम देशको प्रधानमन्त्री बन्नका लागि संसदीय दलको नेतामा चयन हुनुपर्दछ । परिणामस्वरूप वि.स. २०४८ जेठ १५ गते गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा सरकार गठन भयो । यो सरकार नेपालको दोस्रो जननिर्वाचित सरकार थियो । पहिलो जननिर्वाचित प्रधानमन्त्री वि.पी. कोइराला हुन् भने दोस्रो जननिर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला हुन् । वि.पी. कोइराला वि.स. २०१५ सालको निर्वाचनपछि देशको प्रधानमन्त्री बनेका थिए । यी दुवै निर्वाचनमा नेपाली काङ्ग्रेसले नै बहुमत प्राप्त गरेको थियो ।

नेपाली काङ्ग्रेसको एकमना सरकार पूर्ण अवधि चल्न सकेन । यसै बखत नेपाली काङ्ग्रेसभित्र आन्तरिक मतभेदको थालनी भयो । पार्टी कोइराला पक्ष र देउवा पक्ष गरी दुई पक्षमा विभाजन भयो । यही विभाजनका कारणले प्रतिनिधिसभा (संसद) को नियमित अन्त्य हुने मितिभन्दा अगाडि नै विघटन भयो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद् विघटन गरी नयाँ जनादेशका लागि मध्यावधि निर्वाचनको घोषणा गरे ।

निर्वाचन निर्धारित समयमा स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न भएको थियो । सत्तारुढ दल नेपाली काङ्ग्रेसले पराजय भोग्नु पऱ्यो । नेपाली काङ्ग्रेसले २०५ स्थानमा उम्मेदवार उठाएकामा ८३ स्थान, नेकपा एमालेले

१९६ स्थानमा उम्मेदवार दिएकामा ८८ स्थान, राष्ट्रिय प्रजातन्त्र पार्टीले २०२ स्थानका लागि उम्मेदवारी दिएकामा २० स्थानमा विजयी भए । नेपाल सद्भावना पार्टीले ८६ मध्ये ३, नेपाल मजदुर किसान पार्टीले २७ स्थानमध्ये ४ र स्वतन्त्र उम्मेदवार ३८५ मध्ये ७ जनाले विजय प्राप्त गरे ।


मनमोहन अधिकारी

यो निर्वाचनमा कुनै पनि पार्टीले स्पष्ट बहुमत ल्याउन सकेनन् । कुनै पनि नेताले आफ्नो बहुमत देखाएर सरकार गठन गर्न सकेनन् । दुई दल मिलेर पनि सरकार गठन गर्न सकेनन् । नेपाल अधिराज्यको संविधान २०४७ अनुसार बहुमत देखाउन सक्ने संसदीय दलको नेतालाई राजाबाट प्रधानमन्त्रीमा नियुक्ति गर्ने व्यवस्था थियो भने त्यो नभएमा संसद्मा ठुलो दलको संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्ति गर्ने प्रावधान थियो । कुनै पनि नेताले संसद्मा प्रतिनिधित्व गर्ने दलहरूका बिचमा आपसी मेलमिलाप गरी बहुमत देखाउन सकेनन् । त्यसैले दोस्रो प्रावधानअनुरूप संसद्मा सबैभन्दा ठुलो दलको सरकार गठन गर्नु पर्ने परिस्थिति सिर्जना भयो । यस्तो सरकारलाई अल्पमतको सरकार भनिन्छ । एउटा मात्रै पार्टीले गठन गरेको सरकार अल्पमत वा बहुमत जे भए पनि त्यसलाई एकमना सरकार भनिन्छ । तत्कालीन संवैधानिक व्यवस्थाअनरूप नेकपा एमालेको संसदीय दलका नेता मनमोहन अधिकारीको नेतृत्वमा वि.स. २०५१ मङ्सिर १३ गते अल्पमतको वाम एकमना सरकार गठन भयो । नेपालमा पहिलो पटक कम्युनिस्ट पार्टीको सरकार गठन भएको थियो । यो सरकारले जनताको बहुदलीय जनवादको नारालाई मूर्तरूप दिन आफ्नो गाउँ आफैँ बनाऔँ, सामाजिक सुरक्षा भत्ता आदि लोकप्रिय कामहरू गऱ्यो ।

प्रधानमन्त्री मनमोहन अधिकारीले ६ महिनाभित्र बहुमत सिद्ध गर्नुपर्ने भएकामा संसद्मा बहुमत प्राप्त हुने स्थिति नआएकाले प्रतिनिधि सभा विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गरे । त्यो घोषणाका विरुद्ध सर्वोच्च अदालतमा रिट पऱ्यो । सर्वोच्च अदालतले मध्यावधि निर्वाचनको घोषणा कानुन विपरीत भएको फैसला गऱ्यो । प्रतिपक्षले विशेष अधिवेशनको माग गरी प्रधानमन्त्री मनमोहन अधिकारी विरुद्ध अविश्वासको प्रस्ताव पेस गरे । उक्त प्रस्तावको पक्षमा बहुमत आएपछि वि.स. २०५२ भाद्र २५ गते प्रधानमन्त्री मनमोहन अधिकारीले आफ्नो पदबाट राजिनामा दिए । गठन भएको ९ महिनामै नेकपा एमालेको सरकारको अन्त्य भयो । यो सरकार एमालेको ९ महिने सरकार भनेर पनि चिनिन्छ ।

सरकार निरन्तर चल्ने अविछिन्न संस्था भएकाले संविधानअनुसार सरकार निर्माणको नयाँ प्रक्रिया सुरु भयो । मनमोहन अधिकारीको राजिनामापछि क्रमशः शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीको रूपमा काम गरे ।

(ग) **आम निर्वाचन वि.स.२०५६**

पार्टीहरूबिच मिलिजुली सरकार गठन गर्न सक्ने स्थिति नआएपछि सबैभन्दा ठुलो दलको नेताको हैसियतले राजाबाट गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्रीमा नियुक्ति गरियो । यसरी अल्पमतको सरकार गठन भयो । बहुमत प्राप्त सरकार नभएकाले संसद्मा गम्भीर असहमतिको वातावरण बनिरह्यो । निकासका लागि निर्वाचनको विकल्प रहेन । गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारले वि.स.२०५६ वैशाख २० र जेष्ठ २ गते दुई चरणमा तेस्रो प्रतिनिधि सभाको निर्वाचन गर्ने घोषणा गऱ्यो ।

निर्धारित समयमा आमनिर्वाचन सम्पन्न भयो । यो निर्वाचनमा ३९ राजनीतिक पार्टीका १६०५ र स्वतन्त्र ६३३ गरी जम्मा २२३८ उम्मेदवारहरू चुनावी मैदानमा उत्रिए । ३९ दलहरूमध्ये सात राजनीतिक दलका उम्मेदवार मात्र विजयी हुन सफल भए । जसअनुसार नेपाली काङ्ग्रेसले २०५ स्थानमा उम्मेदवार उठाएकामा जम्मा १११, नेकपा एमालेले १९५ स्थानमा उम्मेदवार उठाएकामा ७१, राष्ट्रिय प्रजातन्त्र पार्टीले १९५ मध्ये ११, नेपाल सद्भावना पार्टीले ६८ मध्ये ५, राष्ट्रिय जनमोर्चाले ५३ मध्ये ५ स्थान, संयुक्त जनमोर्चाले ४० मध्ये १ र नेपाल मजदुर किसान पार्टी १ स्थानमा विजयी भए । राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) र नेकपा मालेले कुनै स्थानमा विजयी नभए पनि ३ प्रतिशत मत ल्याएकाले राष्ट्रिय पार्टीको मान्यता पाए । संसद्मा प्रतिनिधि भए पनि नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चाले ३ प्रतिशतभन्दा पनि कम मत पाएकाले राष्ट्रिय पार्टी बन्न सकेनन् । यस निार्वाचनमा २२ ओटा दलका ११६ र स्वतन्त्र २६ गरी १४२ महिला उम्मेदवार चुनावी मैदानमा उम्मेदवारी दिएका थिए जसमा १२ जना मात्रले विजय प्राप्त गरेका थिए ।

नेपाली काङ्ग्रेसका गिरिजाप्रसाद कोइराला, नेकपा एमालेका खड्गप्रसाद ओली र माधवकुमार नेपाल दुई दुई स्थानबाट विजयी भएकाले उनीहरूले एक एक स्थानबाट राजिनामा दिएपछि उपनिर्वाचन भयो । जसमा झापा क्षेत्र न. ५ बाट नेपाली काङ्ग्रेसका गोपाल कोइराला, मोरङ क्षेत्र न. १ बाट नेपाली काङ्ग्रेसका आमोदप्रसाद उपाध्याय र रौतहट क्षेत्र न. १ बाट नेकपा एमालेका प्रकाश कोइराला निर्वाचित भए । यसप्रकार संसद्मा नेपाली काङ्ग्रेसका ११३ र नेकपा एमालेका ६९ जना प्रतिनिधि सदस्य कायम भए ।

यो निर्वाचनमा नेपाली काङ्ग्रेसले कृष्णप्रसाद भट्टराईलाई भावी प्रधानमन्त्रीको रूपमा अगाडी सारेर निर्वाचनमा गएकाले वि.स. २०५६ जेष्ठ १३ गते उनलाई नै संसदीय दलको नेतमा चयन गऱ्यो । राजा वीरेन्द्रबाट वि.स. २०५६ जेष्ठ १७ गते कृष्णप्रसाद भट्टराईलाई प्रधनमन्त्रिमा नियुक्त गरियो । भट्टराई सरकारले माओवादीसँग वार्ता गरी शान्ति कायम गर्ने र भ्रष्टाचारलाई तथा तस्करीलाई हटाउने मुख्य एजेन्डाका साथ अगाडि बढिरहेका नेपालमा फेरि नकारात्मक मोड आयो ।

नेपालीमा देखिएको अपरिपक्वताका कारण घात र प्रतिघातको सिलसिला कायमै रह्यो । पार्टीमा देखिने आन्तरिक कलह, विभाजनको शृङ्खलाले नेपालको राजनीति स्थिर हुन सकेन । कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठन भएको सरकार पनि धेरै दिन टिक्न सकेन । उहाँलाई नेपाली काङ्ग्रेसकै ६९ जना सांसद्ले

अविश्वास छ भनी संसदीय दलमा प्रस्ताव दर्ता गराएपछि राजिनामा दिन बाध्य पारियो । उहाँले राजिनामा दिएपछि गिरिजाप्रसाद कोइराला संसदीय दलको नेतामा निर्वाचित गरियो र उनी वि.स. २०५६ चैत्र ८ गते प्रधानमन्त्रीमा नियुक्त भए ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) आमनिर्वाचन वि.स.२०४८ कुन महिना कति गते सम्पन्न भएको थियो ?

(ख) वि.स.२०४८ सालको आमनिर्वाचनमा जम्मा कति उम्मेदवारले उम्मेदवारी दिएका थिए ?

(ग) वि.स.२०४८ को निर्वाचन कुन पार्टीले बहिस्कार गरेको थियो ?

(घ) आम निर्वाचन वि.स.२०४८ मा कुन पार्टी ठुलो बन्यो ?

(ङ) मध्यावधि निर्वाचन कहिले भएको थियो ?

(च) मध्यावधि निर्वाचनपछि कसको नेतृत्वमा सरकार गठन भयो ?

(छ) आमनिर्वाचन वि.स.२०५६ कुन कुन महिना कति गतेमा भएको थियो ?

(ज) वि.स. २०५६ को निर्वाचनमा कति उम्मेदवार चुनावी मैदानमा भाग लिएका थिए ?

(झ) वि.स. २०५६ को निर्वाचनपछि कति ठाउँमा उपनिर्वाचन भएको थियो ?

(ञ) वि.स. २०५६ को निर्वाचनपछि को प्रधानमन्त्री भए ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) वि.स. २०४८ सालको निर्वाचनमा विभिन्न पार्टीहरूले प्राप्त गरेको मतलाई तालिका बनाई प्रतिशतका आधारमा वृत्तचित्रमा देखाउनुहोस् ।

(ख) वि.स. २०४८ को निर्वाचनमा कुन कुन देशबाट पर्यवेक्षणका लागि पर्यवेक्षकहरू आएका थिए ? विवरण तयार पार्नुहोस् ।

(ग) मध्यावधि निर्वाचन वि.स. २०५१ गर्नुपर्ने कारणहरू के के थिए ? उल्लेख गर्नुहोस् ।

(घ) अल्पमतको सरकारका लोकप्रिय कार्यहरू के के थिए, लेख्नुहोस् ।

(ङ) मनमोहन अधिकारी नेतृत्वको सरकारले किन प्रतिनिधि सभाको विघटन गरी अर्का निर्वाचनको घोषणाको सिफरिस गऱ्यो ? कारणहरू उल्लेख गर्नुहोस् ।

(च) वि.स. २०५६ को आम निर्वाचनको विवरण तयार पार्नुहोस् ।

(छ) वि.स. २०५६ को निर्वाचनपछि उपनिर्वाचन गर्नुपर्ने कारणहरू लेख्नुहोस् ।

(ज) प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले राजिनामा दिनुपर्ने कारण उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

वि.स. २०४८, वि.स. २०५१ र वि.स. २०५६ सालमा भएका निर्वाचनहरूमा भाग लिएका पार्टीहरू र उनीहरूले प्राप्त गरेको मत परिणामसमेत भएको विवरण तालिका बनाई तुलना गर्नुहोस् ।

# पाठ ५ वि.स. २०५२ देखि वि.स. २०६२ सम्मका घटनाक्रम

हरेक देशको इतिहासको अध्ययन गर्दा अनेकौँ सकारात्मक तथा नकारात्मक गतिविधिहरूको शृङ्खला भेटिन्छ । नेपालले पनि त्यस्तै उतार चढावहरूको अवस्था पार गर्दै विभिन्न कालहरू पार गरीरहेको छ । वि.स. २०५२ सालदेखि वि.स. २०६२ सालको अवधिमा नेपालमा भएका केही प्रमुख घटनाक्रमलाई सङ्क्षेपमा अध्ययन गरिने छ ।

## (क) माओवादी विद्रोह



माओवादी जनसेना

वि.स. २०४८ वैशाख २९ मा सम्पन्न आमनिर्वाचनमा देशका कतिपय राजनीतिक दलहरू सहभागी भए तर यो निर्वाचनलाई नेकपा मसालले बहिस्कार गऱ्यो । डा. बाबुराम भट्टराईले नेतृत्व गरेको संयुक्त जनमोर्चाले निर्वाचनमा भागलियो । प्रतिनिधिसभाका २०५ स्थानमध्ये ९ स्थानमा विजय प्राप्त गऱ्यो । यही दल मसाल र एकता केन्द्र हुँदै वि.स. २०५२ सालमा नेपकपा माओवादी बन्यो । यसलाई छोटकरीमा नेकपा माओवादी भनेर चिनिन्थ्यो । माओवादीले मार्क्सवाद, लेनिनवाद र माओवाद माओवादी पार्टीको मूल सिद्धान्त थियो । मार्क्स, लेनिन र माओका विचारलाई मार्क्सवाद, लेनिनवाद र माओवाद भनिन्छ । जर्मनीका मार्क्सले कम्युनिस्ट पार्टीका सिद्धान्त प्रतिपादन गरेका हुन् भने रुसका लेनिन र चीनका माओले सो सिद्धान्तलाई आआफ्नो देशमा कार्यान्वयन गरेका हुन् ।

नेकपा माओवादीले वि.स. २०५२ साल माघ महिनामा तत्कालीन सरकार समक्ष ४१ सूत्रीय माग राख्यो र वि.स. २०५२ फागुण ५ भित्र ती मागहरू पूरा नभएमा विद्रोह गर्ने चेतावनी दियो । तर सरकारबाट कुनै प्रतिक्रिया आएन । त्यसैले शोषणमुक्त समाजको निर्माण गर्ने र सर्वहारा वर्गको राज्य स्थापना गर्ने उद्देश्यका साथ वि.स. २०५२ साल फागुण १ गतेबाट सशस्त्र विद्रोहको थालनी गऱ्यो ।

वि.स. २०५२ साल फाल्गुण १ गते रोल्पा, रुकुम र सिन्धुली जिल्लाका एक एकओटा प्रहरीचौकीमा आक्रमण गरी माओवादीले सशस्त्र विद्रोहको थालनी गऱ्यो । विस्तारै विद्रोह नेपालभरि फैलियो र यसले डरलाग्दो रूपधारण गऱ्यो । यो समयमा माओवादीहरू रक्षात्मक अवस्थामा बसेका थिए । रक्षात्मक अवस्था भनेको आफू लुकेर अर्कामाथि आक्रमण गर्ने रणनीति हो । सरकार र माओवादीका बिचको आक्रमण तथा प्रत्याक्रमणमा कैयौँ सैनिक, प्रहरी, सशस्त्र प्रहरी, माओवादी तथा सर्वसाधारण नागरिकले समेत ज्यान गुमाउनु परेको थियो । यो द्वन्द्व चलिरहेको बेला सरकारको समर्थक भएको आरोपमा माओवादीले सर्वसाधारण नागरिकहरूलाई

जबरजस्ती चन्दा माग्ने, यातना दिने, बेपत्ता पार्ने तथा हत्या गर्ने कार्यसमेत गर्दथे। यता सरकारी पक्षले पनि माओवादीको आरोपमा कैयौँ सर्वसाधारण नागरिकलाई यातना दिने, बेपत्ता पार्ने तथा हत्या गर्ने गर्दथ्यो । यसरी दुवै पक्षले जनताको पक्षमा नारा लगाउँदै जनतालाई सास्ती दिने काम गरेका थिए । यो समयमा कैयौँ मानिसहरू आफ्नो स्थायी बसोबास छोडेर अन्यत्र विस्थापित हुन बाध्य भएका थिए । यो सशस्त्र विद्रोहका बेला १७ हजारभन्दा बढी मानिहरूले ज्यान गुमाएको दावी गरिएको छ । विस्थापित हुने र बेपत्ता पारिएकाहरूको ठिक तथ्याङ्क पत्ता लागेको छैन र कतिपय बेपत्ता पारिएकाहरूको आजसम्म पनि पत्ता लागेके छैन ।

यसरी देशमा अन्योल र आतङ्कको वातावरण सिर्जना भयो । ज्ञानेन्द्रको राज्यारोहणपछि भने आक्रमण र प्रत्याक्रमण अझै तीव्र भयो । जसले गर्दा देश प्राय: तहसनहस भयो । सुरक्षाकर्मी, माओवादी वा जासुसको नाममा कैयौँ नेपाली नागरिकहरूले ज्यान गुमाए । राजनीतिक दलहरूमाथि समेत राजा ज्ञानेन्द्रले कठोर नीतिको अवलम्बन गरे । राजामा निरङ्कुशता बढ्दै गयो । राजाका यस्ता गतिविधिहरूका कारणले देशले नयाँ मोड लियो । जनताको निर्णयलाई नेपालका राजाहरूले पटक पटक धोका दिएकाले तत्कालीन राजनीतिक दल र नेताहरूले माओवादी वा अन्य दलका रूपमा रहेका नेपालीहरू आपसमा मिल्नुपर्ने निर्णय गरे ।

स्थापना कालदेखि संवैधानिक राजतन्त्रको पक्षमा रहेको नेपाली काङ्ग्रेसले आफ्नो नीतिलाई परिवर्तन गरी निङ्कुश राजतन्त्रका विरुद्धमा जाने निर्णय गऱ्यो । तत्कालीन सात संसदवादी पार्टीहरूका बिचमा माओवादीसँग मिलेर निरङ्कुश राजतन्त्रको अन्त्य गर्ने र माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने सहमति भयो । यसका लागि नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको संयोजकत्वमा निम्नलिखित सात राजनीतिक दलहरूको मोर्चा बन्यो ।

- नेपाली काङ्ग्रेस
- नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)
- नेपाल कम्युनिस्ट पार्टी एमाले
- संयुक्त जनमोर्चा नेपाल
- नेपाल सद्भावना पार्टी
- नेपाल मजदुर किसान पार्टी
- संयुक्त वाम मोर्चा



राजा दीपेन्द्र

माओवादीलाई पनि जनताको मन जितेर रक्षात्मक स्थितिबाट अगाडि बढ्न अप्ठ्यारो भइरहेको हुनाले शान्तिवार्ता गर्नुपर्ने सोच बनाएको थियो । यसैबखत माओवादी पोलिटब्युरो बैठकले सात राजनीतिक दलहरूसँग मिलेर संयुक्त जनआन्दोलनमा जाने निर्णय गऱ्यो । यसै उद्देश्यका लागि वि.स. २०६२

मङ्सिर ७ गते भारत सरकारको मध्यस्थामा दिल्लीमा सात राजनीतिक दल र माओवादीबिच १२ बुँदे सहमति भयो । यही सहमतिअनुसार २०६२ चैत्र २४ गतदेखि जनआन्दोलन सुरु भयो । वि.स. २०६३ साल वैशाख ११ गते विघठित प्रतिनिधिसभाको पुनर्स्थापना भएपछि आन्दोलन समाप्त भयो ।

**(ख) दरबार हत्याकाण्ड, वि.स. २०५८**

लमजुङ राज्यका युवराज द्रव्य शाहले वि.स. १६१६ मा गोरखा राज्यको स्थापना गरेका थिए । उनैका वंशज पृथ्वीनारायण शाहले नेपाल एकीकरणको थालनी गरेका थिए । द्रव्य शाहका वंशज राजा वीरेन्द्रको शासनकालमा वि.स. २०५८ साल जेष्ठ १९ गते राति एउटा हिंसात्मक काण्ड भयो जसलाई नारायणहिटी दरबार हत्याकाण्ड भनिन्छ । यो हत्याकाण्डमा राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र, अधिराजकुमार निराजन, अधिराजकुमारी श्रुति, अधिराजकुमारी शारदा, अधिराजकुमारी शान्ति, शाहज्यादी जयन्ती, कुमार खड्गविक्रम शाह र पूर्व अधिराजकुमार धीरेन्द्रको ज्यान गयो । युवराज दीपेन्द्र नारायणहिटी दरबार क्षेत्रको त्रिभुवन सदन नामको भवनअगाडिको बगैँचामा अर्धमृत अवस्थामा भेटिए । यो घटनाको समयमा राजा वीरेन्द्रका माइला भाइ अधिराजकुमार ज्ञानेन्द्र काठमाडौँ बाहिर थिए । ज्ञानेन्द्रकी श्रीमती कोमललाई गोली लागेर पनि बाच्न सफल भइन् । यो गोली काण्डका मृतक र घाइतेहरू सबैलाई वीरेन्द्र सैनिक अस्पत्ताल लगियो । राजा वीरेन्द्रको मृत्यु भइसकेको हुनाले अर्धमृत अवस्थामा अस्पत्तालमा रहेका युवराज दीपेन्द्रलाई जेष्ठ २० गते नेपालको राजा घोषित गरियो । दीपेन्द्र तीन दिनसम्म नेपालको राजा भए । तर २२ गते अस्पतालले दीपेन्द्रलाई समेत मृत घोषणा गर्‍यो । यसप्रकार राजा वीरेन्द्रको भने वंश नै नाश भयो । वीरेन्द्रको वंशमा कोही पनि जीवित नहुनाले वि.स. २०५८ जेठ २३ गतेको दिनमा वीरेन्द्रका भाइ ज्ञानेन्द्रलाई नेपालका राजा घोषित गरियो ।

राजदरबारभित्र भएको यति ठुलो हत्याकाण्डको घटनाले देशभित्र र बाहिर समेत ठुलो तहल्का मच्चायो । घटनाको विषयलाई लिएर मानिसहरूले विभिन्न शङ्का तथा उपशङ्का गर्ने र अडलकल काट्ने गरे । दरबार हत्याकाण्ड र षडयन्त्रहरूको केन्द्र रहेछ भन्ने कुरा जनमानसमा पर्न गयो । यस घटनाको जाँचबुझ गरी प्रतिवेदन पेस गर्नका लागि राजा ज्ञानेन्द्रले सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायधी केशवप्रसाद उपाध्यायको अध्यक्षतामा प्रतिनिधि सभाका सभामुख तारानाथ रानाभाट र प्रतिनिधि सभामा प्रमुख प्रतिपक्ष दलका नेता माधवकुमार नेपाल रहेको तीन सदस्यीय उच्चस्तरीय छानबिन समिति गठन गरे । तर माधवकुमार नेपालले भने सो समितिमा बस्न अस्वीकार गरे ।

समितिले दिएको प्रतिवेदनअनुसार प्रत्येक महिनाको तेस्रो शुक्रवार राजदरबारमा शाही परिवारको पाविारिक जमघट हुने चलन थियो । यो घटना रहस्यपूर्ण रह्यो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई समेत घटनास्थल जान दिइएको थिएन । यस प्रतिवेदनले घटनाको वास्तविक विवरण ल्याउन नसककेकाले अपूर्ण मानिन्छ । दरबार घटनासम्बन्धी तथ्य अझै बाहिर आउन सकेको छैन ।

## अभ्यास

१. **तलका प्रशको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) नेकपा माओवदीले कहिलेदेखि सशस्त्र विद्रोहको थालनी गरेको थियो ?

(ख) नेकपा माओवादीले कहाँबाट सशस्त्र विद्रोह सुरु गरेको थियो ?

(ग) माओवादीको कुन बैठक शान्ति प्रक्रिया आरम्भ गर्नका लागि निर्णायक भयो ?

(घ) दरबार हत्याकाण्ड कहिले घटेको थियो ?

(ङ) दरबार हत्याकाण्डपछि को राजा भए ?

(च) दरबार हत्याकाण्ड छानबिनका लागि कसको नेतृत्वमा छानबिन समिति गठन भयो ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) नेकपा माओवादी कसरी निर्माण भयो ? छलफल गरी उत्तर लेख्नुहोस् ।

(ख) नेकपा माओवादीले किन सशस्त्र विद्रोह सुरु गरेको थियो ?

(ग) माओवादी सशस्त्र युद्धका प्रमुख नीतिहरू के के थिए ? उल्लेख गर्नुहोस् ।

(घ) दरबार हत्याकाण्डमा मारिनेहरूको नामावली तयार पारी प्रस्तुत गर्नुहोस् ।

(ङ) दरबार हत्याकाण्ड सम्बन्धमा उच्चस्तरीय छानबिन समितिको सिफारिसको विवरण प्रस्तुत गर्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) सात राजनीतिक दलहरू नेकपा माओवदीसँग किन वार्ता गर्न तयार भए ? कारणसहित उत्तर दिनुहोस् ।

(ख) नेकपा माओवादी पनि किन शान्ति प्रक्रियामा आउन चाहन्थ्यो ? तर्कसहित लेख्नुहोस् ।

## समूहकार्य

दरबार हत्याकाण्ड कसरी भयो भन्ने सम्बन्धमा आफूले सुनेका आधारमा विवरण लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ६ जनआन्दोलन बैसट्ठी–त्रिसट्ठी

## पृष्ठभूमि


जनआन्दोलन २०६२/०६३

प्रधानमन्त्री शेरबहादुर देउवाले आफू निकट कार्यकर्ताहरूको भेला गरी नेपाली काङ्ग्रेस पार्टीबाट अलग भएको घोषणा गरे । वि.स. २०५९ जेष्ठ ८ गतेका दिन प्रतिनिधि सभा भङ्ग गरी मध्यावधि निर्वाचन गर्नका लागि राजासमक्ष सिफारिस समेत गरे । राजाबाट पनि राती नै उक्त प्रस्ताव स्वीकृत गरी कात्तिक २७ गते निर्वाचनको मिति घोषण भयो । तर परिस्थिति निर्वाचन गर्न नसकिने भएको भन्दै प्रधानमन्त्री देउवाले निर्वाचन सार्नका लागि राजासमक्ष सिफारिस गरे । राजाले यही निहुमा निर्वाचन सम्पन्न गर्न असक्षम भन्दै निर्वाचित सरकारलाई अपदस्त गरी क्रमश: लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र पुन: शेरबहादुर देउवाको नेतृत्वमा सरकारहरू गठन गरे ।

सबै सरकारहरूलाई निर्वाचन गराउने जिम्मेवारी दिइएको थियो तर कसैले पनि निर्वाचन गराउन सक्ने स्थिति नै थिएन । अन्तमा वि.स. २०६१ माघ १९ गते राजाले सम्पूर्ण राजकीय सत्ता आफ्नो हातमा लिई आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन गरी राजनीतिक दलहरूलाई चुनौती दिए ।

दलहरूले राजाको यो कदमलाई प्रतिगमनको संज्ञा दिए । माओवादीसँग १२ बुँदे समझदारी गरी राजाको कदम विरुद्ध आन्दोलनको घोषणा गरे । यसैलाई वि.स. २०६२-०६३ को जनअन्दोलन भनिन्छ । यसका विभिन्न कारणहरूमध्ये केही कारणहरू यसप्रकार थिए:

## जनअन्दोलनका कारणहरू

वि.स. २०६२ साल चैत्र २४ गतेदेखि वि.स. २०६३ वैशाख ११ गतेसम्म जम्मा १९ दिने चलेको यो आन्दोलनलाई दोस्रो जनआन्दोलन तथा १९ दिने आन्दोलन भनिन्छ । उक्त आन्दोलनका विभिन्न कारणहरू निम्न थिए ।

### १. राजनीतिक दलहरू र राजाबिचको सङ्घर्ष

वि.स. २००७ सालमा प्रजातन्त्रको स्थापनापछि नै राजा र जनताबिचमा चिसोपन आउन थालेको थियो । तर वि.स. २०१७ सालको राजा महेन्द्रको शाही कदमले त यो सम्बन्धमा दरार नै पैदा गर्‍यो । राजा वीरेन्द्रले पनि यो सम्बन्ध सुधार गर्ने प्रयास गरेनन् । दरबार हत्याकाण्डपछि राजा ज्ञानेन्द्रका अप्रजातान्त्रिक गतिविधिहरूले त जनताबाट राजाप्रतिको विश्वास नै टुट्न गयो । राजा सँधै अप्रजातान्त्रिक र निरङ्कुश बन्दै गए भने राजनीतिक दलहरू सधैं प्रजातन्त्र र नागरिक अधिकारका लीग राजासँग सङ्घर्ष गर्न थाले । अत: यो सङ्घर्ष नै आन्दोलनको एक कारण बन्न गयो ।

## २. दरबार हत्याकाण्ड

राजदरबार हत्याकाण्डमा वीरेन्द्रको वंश नाश भएपछि देशको शासन सत्ताको बागडोर ज्ञानेन्द्रको हातमा आयो । यसलाई जनताले सहज रूपमा लिएनन् । राजा ज्ञानेन्द्रका गतिविधिले पनि जनता सशङ्कित भए । जब राजाले सम्पूर्ण शक्ति आफ्नो हातमा लिए तब यसलाई प्रतिगमनको रूप दिई जनता सडकमा उत्रिए । अत: दरबार हत्याकाण्ड पनि आन्दोलनको कारण बन्न गयो ।

## ३. समाचार पत्र र पत्रकारहरूको प्रभाव

शिक्षा र सञ्चार परिवर्तनका साधनहरू हुन् । राजा ज्ञानेन्द्रले सञ्चारमाथि प्रतिबन्ध लगाउने र पत्रकारहरूलाई दमन समेत गरे । यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार जगत् र आन्दोलित भयो । जनआन्दोलनको समयमा सञ्चार माध्यमले भूमिगत रूपमा समेत विचारहरू सम्प्रेषण गरे । जसको परिणामस्वरूप जनचेतनामा वृद्धि भयो र जनतामा आक्रोश उत्पन्न भयो । अत: सञ्चार जगत् पनि आन्दोलनको एउटा कारण बन्न गयो ।

## ४. नागरिक समाजको योगदान

नागरिक समाज भन्नाले कुनै राजनीतिक दल वा विचारले प्रभावित नभएको प्राध्यापक, शिक्षक, विद्यार्थी, वकिल, डाक्टर, मानव अधिकारकर्मी, समाजसेवी तथा गैरसरकारी संस्थाहरूको निष्पक्ष र अघोषित रूप हो । जनअधिकारको प्रत्याभूति, शान्ति स्थापना तथा सुशासन कायम गर्नका लागि नागरिक समाजले सडकमा उत्रिएर जनताको पक्षमा वकालत गर्ने र आन्दोलनमा सहभागी हुने गर्दछ । जनतामा राजा तथा राजनीतिक दलहरूप्रति विश्वासमा कमी आएकाले जनआन्दोलनको समयमा राजनीतिक दलहरूको आह्वानप्रति जनताको सक्रियता कम देखियो । यस अवस्थामा नागरिक समाजको आह्वानमा जनताहरू सडकमा उत्रिए । त्यसै गरी राजनीतिक दल र माओवादीका बिचमा समेत पानी बाराबारको अवस्था थियो । यो बेला नागरिक समाजले संसदवादी दल र माओवादीका बिच मध्यस्थता गराउन पनि सहयोग गरेको थियो । वि.स. २०६२-६३ को जनआन्दोलन सफल पार्न नागरिक समाजको पनि महत्त्वपूर्ण भूमिका रह्यो ।

## ५. माओवादी विद्रोह र सरकारी रवैया

वि.स. २०५२ सालदेखि माओवादीले सुरु गरेको सशस्त्र विद्रोहका कारण गाउँ तथा सहरको जीवन अस्थव्यस्त भयो । हरेक नेपालीमा केवल त्रासको वातावरण सिर्जना भयो । विष्फोटन, हत्या, अवरण, दोहोर भिडन्त आदि जस्ता विषयवस्तुहरू सञ्चार माध्यमका प्रमुख शीर्षक बन्न गए । विस्थापित मानिसहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दै जान थाल्यो । सरकार र माओवादी पक्षका गतिविधिले एक किसिमको उकुसमुकुसको स्थिति देखापऱ्यो । जनताहरू माओवादी र राज्य दुवैबाट प्रभावित भएका थिए । जनताले यस समयमा सशस्त्र द्वन्द्वको अन्त्य चाहन्थे ।

### ६. जनताको गुमेको अधिकार प्राप्तिको चाहना

वि.स. २०४६ को जनआन्दोलनले देशमा राजनीतिक परिवर्तन गराए पनि जनप्रतिनिधिहरूको जनताका अधिकारहरूतर्फ ध्यान पुग्न सकेन । भ्रष्टाचार बढ्दै गयो । राजा ज्ञानेन्द्रले झन् आफ्नो हातमा सत्ता लिएकाले प्राप्त जनताका अधिकारहरू समेत गुम्न गए । जनता आफ्ना मौलिक अधिकारहरू कुण्ठित भएको टुलुटुलु हेरेर बस्न सकेनन । ती गुमेका अधिकारहरू प्राप्तिका लागि सडकमा ओर्लिए ।

### ७. नेपाली काङ्ग्रेसको नीतिमा परिवर्तन

नेपाली काङ्ग्रेसको बहुदलीय राजतन्त्रको नीति थियो । माओवादी विद्रोहको समाधानका लागि सेना परिचालन गर्नुपर्छ भन्ने जननिर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रस्तावलाई राजा वीरेन्द्रले अस्विकार गरे । यसले जननिर्वाचित सरकारमाथि राजाको हस्तक्षेपको सङ्केत गऱ्यो । यसपछि नेपाली काङ्ग्रेसले आफ्नो विधानमा भएको संवैधानिक राजतन्त्रको बुँदामा तटस्थ बस्ने निर्णय गऱ्यो । राजा ज्ञानेन्द्रको 'शाही कू" पछि नेपाली काङ्ग्रेसले संवैधानिक राजतन्त्रलाई आफ्नो विधानबाट हटाउने निर्णय गऱ्यो र प्रतिगमन भन्दै आन्दोलनमा उत्रियो । नेपाली काङ्ग्रेसको यो निर्णयले अन्य गणतन्त्रवादी दलहरूसँग सहकार्य गर्न सजिलो भयो ।

### ८. सात राजनीतिक पार्टी र माओवादीबिच गठवन्धन

माओवादीलाई शाही सरकारसँग एक्लै युद्ध गरेर विजय प्राप्त गर्न कठिन भएको हुनाले अन्य राजनीतिक दलहरूँग सहकार्य गर्ने मनस्थितिमा पुगेको थियो । यता सात राजनीतिक दलहरूको गठबन्धन भइसकेको थियो । माओवादी र सात राजनीतिक दलको गठबन्धनबिचमा बाह्रबुँदे सम्झौता भएपछि यिनीहरूले संयुक्त रूपले जनआन्दोलन गर्न थाले । यो आन्दोलनको उद्देश्य गणतान्त्रिक बहुदलीय प्रजातान्त्रिक राजनीतिक राज्य व्यवस्था स्थापना गर्नु थियो ।

माओवादीले सहयोग गरेमा अन्य राजनीतिक पार्टीहरूले आन्दोलनलाई अगाडी बढाउन सक्छन् भन्ने कुरामा जनताहरू विश्वस्त भएर आन्दोलनमा उत्रिए ।

### ९. नेपाली जनतामा आएको राजनीतिक चेतना

प्रजातन्त्र र स्वतन्त्रताका बारेमा जनतामा आएको राजनीतिक चेतना जनआन्दोलनको अर्को कारण थियो । द्वन्द्वबाट छुटकारा तथा राजनीतिक निकास र शान्ति स्थापनाका लागि जनताहरू सचेत भइसकेका थिए । नेताहरूले पनि प्रजातन्त्र तथा मौलिक अधिकारका लागि जनतालाई सचेत पारिरहेका थिए । जनताले माओवादी द्वन्द्व र राजाको दमनलाई लम्ब्याउन चाहँदैनथे । वर्तमान राजनीतिक प्रणालीको अन्त्यबिना विकास सम्भव छैन भनी जनता सडकमा गए । यसरी जनता सचेत भएर अधिकार प्राप्ति आन्दोलनबाट सम्भव छ भन्ने कुरामा विश्वस्त भए ।

### १०. नेपालप्रति बाह्य जगत्को चासो

राजा ज्ञानेन्द्रले चालेको कदमपछि अन्तर्राष्ट्रिय जगत्ले पनि चासो लिन थाल्यो । संयुक्त राष्ट्रसङ्घीय मानव

अधिकार उच्च आयोगले अत्यधिक शक्ति प्रयोग प्रति चिन्ता व्यक्त गऱ्यो भने भारतीय नेताहरूले माओवादी र सात राजनीतिक गठबन्धनलाई वार्ताको अनुकूल स्थिति मिलाइदिने प्रयास गरे । युरोपियन युनियनले नेपालमा प्रजातन्त्रको पुनर्स्थापना र राजनीतिक पार्टीसँग वार्ता नथालेमा संयुक्त राष्ट्र सङ्घको शक्ति प्रयोग गर्न बाध्य हुने कुरा उल्लेख गऱ्यो । नेपालस्थित अमेरिकी राजदुत जेम्स एफ मोरियार्टीले राजासँग भेट गरी जनतालाई शक्ति प्रदान गर्नुपर्ने माग राखे । अन्तर्राष्ट्रिय समुदायले पनि राजाको प्रत्यक्ष शासन असफल भइसकेको हुनाले तुरुन्त प्रजातन्त्रको स्थापनाका लागि अपिल गरे ।

माथि उल्लेख गरिएका कारणहरूबाट वि.स. २०६२-६३ सालको जनआन्दोलन भएको थियो । १९ दिनसम्म भएको आन्दोलनले नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भयो । २५ जनाले सहादत प्राप्त गरे ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) प्रतिनिधि सभा कहिले भङ्ग गरिएको थियो ?

(ख) राजा ज्ञानेन्द्रले कहिले सम्पूर्ण राजकीय सत्ता आफ्नो हातमा लिएका थिए ?

(ग) जनआन्दोलन २०६२-६३ कहिलेबाट सुरु भएको थियो ?

(घ) समाचारपत्रहरूले जनतालाई आन्दोलनमा उत्रन के गरे ?

(ङ) वि.स. २०६२-६३ सालको जनआन्दोलन कति दिनसम्म चलेको थियो ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) राजा ज्ञानेन्द्रले किन शेरबहादुर देउवा नेतृत्वको सरकार विघटन गरेका थिए ? लेख्नुहोस् ।

(ख) जनआन्दोलन २०६२-६३ हुनाका कारणहरूको सूची तयार गर्नुहोस् ।

(ग) नेपाली काङग्रेस संवैधानिक राजतन्त्रको सम्बन्धमा किन तटस्थ वस्ने निर्णय गऱ्यो ? लेख्नुहोस् ।

(घ) जनआन्दोलनको समयमा गठित सात राजनीतिक दलहरूको गठबन्धनमा कुन कुन पार्टीहरू संलग्न थिए ? सूची बनाउनुहोस् ।

(ङ) जनआन्दोलन २०६२-६३ मा अन्तर्राष्ट्रिय जगतको चासोको बारेमा टिप्पणी गर्नुहोस् ।

३. **तलका प्रश्नकको लामो उत्तर लेख्नुहोस् :**

(क) दरबार हत्याकाण्डले आन्दोल चर्काउन कसरी मदत गऱ्यो ? आफ्नो विचारसहित प्रस्तुत गर्नुहोस् ।

(ख) २०६२-६३ सालको आन्दोलनका कारणहरू बुँदागत रूपमा तयार गरी नागरिक समाजको योगदानलाई वर्णन गर्नुहोस् ।

(ग) सात राजनीतिक पार्टीहरू र नेकपा मओवादीबिचको गठबन्धन नै २०६२-६३ सालको जनआन्दोलन सफल हुने कारण थियो आफ्नो विचारसहित कक्षामा प्रस्तुत गर्नुहोस् ।

## परियोजना कार्य

१. नेपालमा हुने आन्दोलनहरूको मुख्य कारण राजनीतिक हो भन्ने गरिन्छ । तपाईंको क्षेत्रमा उपलब्ध राजनीतिक नेता वा इतिहासकारबाट पत्ता लगाई सोधेर आफ्नो विचारसहित सानो विवरण प्रस्तुत गर्नुहोस् ।

# पाठ ७ संविधान सभा



संविधान सभा भवन

संविधान सभा भनेको देशमा संविधान बनाउनका लागि गठन गरिएको जन प्रतिनिधिहरूको संस्था हो । विश्वमा सर्वप्रथम संविधान सभाको गठन फ्रान्समा गरिएको थियो । तर संविधान सभाले बनाएको विश्वको पहिलो संविधान भने अमेरिकाको संविधान हो । नेपालमा वि.स. २००४ सालमा राणाहरूले नेपालको वैधानिक कानुन ल्याएका थिए । यो नेपालको पहिलो लिखित कानुन हो । तर यसको कार्यान्वयन भने भएन । प्रजातन्त्रको स्थापनापछि वि.स. २००७ साल चैत्रमा अन्तरिम शासन विधान लागु गरियो । नेपालमा संविधान सभाको प्रश्न वि.स. २००७ सालमा प्रजातन्त्र प्रादुर्भावपश्चात् उठेको हो । राजा त्रिभुवन भारत प्रवासपछि नेपाल फर्केर नेपाली जनताका नाममा दिएको सन्देशमा "जनताले निर्वाचनद्वारा बनाएको विधान परिषद्बाट संविधान बनाएर सोहीअनुसार नेपालको शासन व्यवस्था सञ्चालन हुने छ" भन्ने कुरा व्यक्त गरेका थिए । उनको मृत्युपछि राजा महेन्द्रले शासन भार आफ्नो हातमा लिए र नेपाल अधिराज्यको संविधान २०१५ आफैँले जारी गरे । सोहीअनुसार आमनिर्वाचन सम्पन्न भयो र नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गर्‍यो र वि.पी. कोइरालाको नेतृत्वमा प्रथम निर्वाचित सरकार गठन भयो । राजा महेन्द्रले निर्वाचित सरकार र संसद् भङ्ग गरी वि.स. २०१७ सालमा पञ्चायती व्यवस्थाको स्थापना गरे । वि.स. २०१९ सालमा नेपालको संविधान २०१९ जारी भई पञ्चायती व्यवस्थालाई सुदृढ बनाइयो । जनता पञ्चायती व्यवस्थाबाट पनि सन्तुष्ट नभएकाले विभिन्न समयमा आन्दोलित रहे । वि.स.२०४६ सालको आन्दोलन सफल भयो र प्रजातन्त्रको पुनर्स्थापना भयो । नयाँ सरकारले पनि संविधान मस्यौदा समिति बनाएर त्यसको सिफारिसमा नेपालको संविधान २०४७ निर्माण गरी राजाबाट नै जारी भयो ।



नेपालको संविधान जारी गर्दै राष्ट्रपति डा.रामवरण यादव, साथमा सभामुख सुवाशचन्द्र नेम्वाङ्ग

त्यो संविधानअनुसार भएका गतिविधिबाट जनता सन्तुष्ट भएनन् र वि.स. २०६२-६३ सालमा जनआन्दोलनमा उत्रिए । परिणाम स्वरूप वि.स. २०५६ को प्रतिनिधि सभाको पुनर्स्थापना भयो । संसद्ले माओवादी दललाई संसद्मा ल्याउन ३३३ सदस्यीय अन्तरिम संसद्को गठन गर्ने प्रावधान लागु गर्न वि.स. २०६३ माघ १ गते "नेपालको अन्तरिम संविधान २०६३" जारी गरियो । यो संविधानअनुसार वि.स. २०६४ साल चैत्र २८ गते

पहिलो संविधान सभाको निर्वाचन भई ६०१ जना प्रतिनिधि भएको संविधान सभाको गठन भयो । यसले व्यवस्थापिकाको काम समेत गर्ने अधिकार पाएको थियो । नेपाली जनताले उठाउँदै आएको संविधान सभाको माग वि.स. २०६४ सालमा मात्र पूरा भयो ।

संविधान निर्माण जस्तो जटिल कार्यमा सहमति जुट्न नसक्दा पहिलो संविधान सभाले निर्धारित समयमा संविधान जारी गर्न असफल भए पछि वि.स. २०७० कार्तिक ४ गते दोस्रो संविधान सभाको निर्वाचन भयो ।


**संविधान सभाको गठन प्रक्रिया**

संविधान सभाको गठन प्रक्रियासम्बन्धी कुनै किसिमको अन्तर्राष्ट्रिय वा विश्वव्यापी नियम छैन । सार्वभौम राष्ट्रहरूले आफ्नो अनुकूलता तथा राजनीतिक दलहरूबिचको सहमतिका आधारमा संविधान सभाको प्रारूप तयार गर्दछन् ।

नेपालमा संविधान सभाको गठन निर्वाचन र मनोनयनको प्रक्रियाबाट गरिएको थियो । निर्वाचनमा प्रत्यक्ष र अप्रत्यक्ष निर्वाचन प्रणाली अपनाइएको थियो । प्रत्यक्ष निर्वाचनअन्तर्गत "पहिलो हुने निर्वाचित हुने" प्रणालीअनुसार २४० जना प्रतिनिधिहरू निर्वाचित भएका थिए भने दोस्रो अप्रत्यक्ष प्रक्रियामा "समानुपातिक निर्वाचन" प्रणालीअनुसार ३३५ जना प्रतिनिधिहरू निर्वाचित भएका थिए । बाँकी रहेका २६ जना सदस्यहरू मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखद्वारा मनोनित भएका थिए ।

दोस्रो संविधान सभाले वि.स. २०७२ असोज ३ गते नेपालको संविधान जारी गऱ्यो । संविधान जारी गरेपछि संविधान सभा व्यवस्थापिका संसदमा परिणत भई वि.स. २०७४ माघ ७ गतेसम्म कायम रह्यो । नेपालको संविधानको प्रस्तवनामा निम्नलिखित कुरा उल्लेख गरिएको छ । जुन कुरा अपरिवर्तनीय छन् ।

हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनताहरू नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै;




राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटकपटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवम् सहिदहरू तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गर्दै; सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै; बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक

सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौँ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) नेपालको संविधान लेखन कार्य कति सालबाट सुरु भएको हो ?

(ख) संविधान सभा भनेको के हो ?

(ग) पहिलो संविधान सभाको निर्वाचन कहिले भएको थियो ?

(घ) दोस्रो संविधान सभाको निर्वाचन कहिले भयो ?

(ङ) संविधान सभामा कति जना सदस्यहरूको निर्वाचन हुने व्यवस्था थियो ?

२. **तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

(क) भारतमा संविधान निर्माण कसरी भएको थियो, लेख्नुहोस् ।

(ख) नेपालमा सविधान सभाका ६०१ जना प्रतिनिधिहरूको निर्वाचन प्रक्रियाको चर्चा गर्नुहोस् ।

(ग) पहिलो संविधान सभाले समयमा किन संविधान निर्माण गर्न सकेन ? आफ्नो भनाइ प्रस्तुत गर्नुहोस् ।

(घ) नेपालको संविधानको प्रस्तावनामा भएका कुनै पाँच ओटा अधिकारहरूको चर्चा गर्नुहोस् ।

## समूह कार्य

आफ्ना साथीहरूको विभिन्न समूह बनाई नेपालको संविधानको प्रस्तावनामा उल्लेख भएका कुराहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ८ वि.स. २०६३ देखि वि.स. २०७४ सम्मका मुख्य मुख्य घटनाहरू

**(क) प्रतिनिधि सभाको घोषणा**

राजा ज्ञानेन्द्रबाट वि.स. २०६३ वैशाख ११ गतेको शाही घोषणामार्फत आफ्नो शाही कदम सच्याउँदै वि.स. २०५९ जेष्ठ ८ गते विघटन गरेको प्रतिनिधि सभा पुनर्स्थापित गरे । वि.स. २०६३ वैशाख १२ गते सात राजनीतिक दलका तर्फबाट नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइराला प्रधानमन्त्रीमा नियुक्त भए । वि.स. २०६३ वैशाख १५ गते पुनर्स्थापित प्रतिनिधि सभाको बैठक बस्यो । सभामुख तारानाथ रानाभाटले राजिनामा दिएका कारण उपसभामुख चित्रलेखा यादवले बैठकको अध्यक्षता गरिन् । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला बिरामी भएका कारण आफू उपस्थित हुन नसकेकाले पत्रमार्फत् संविधान सभा, युद्धविराम र माओवादीसँग वार्ताको प्रस्ताव संसद्मा पेस गरे ।

वि.स. २०६३ वैशाख १७ गते बसेको पुनर्स्थापित प्रतिनिधिसभाको अर्को बैठकले संविधान सभाको निर्वाचनसम्बन्धी प्रस्तावलाई पारित गऱ्यो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माओवादीलाई वार्ताका लागि आह्वान गरे । वि.स. २०६३ वैशाख २० गतेको मन्त्रिपरिषद्को बैठकले माओवादीमाथि लगाएको आतङ्ककारीको आरोप फिर्ता गर्ने, रेडकर्नर नोटिस हटाउने निर्णय गऱ्यो । माओवादीले अनिश्चितकालीन युद्धविराम गर्ने निर्णय गऱ्यो ।

वि.स. २०६३ साल जेष्ठ ४ गतेको प्रतिनिधि सभाको बैठकले प्रतिनिधि सभाको घोषणा २०६३ पारित गऱ्यो । यो घोषणा निकै महत्त्वपूर्ण छ । यसलाई प्रतिनिधिसभाको ऐतिहासिक घोषणाका रूपमा चिनिन्छ । जसअनुसार राजामा रहेका विशेष अधिकार खारेज गरी राजकीय र सार्वभौम सत्ताको प्रयोग जनतामा निहित गऱ्यो । प्रतिनिधि सभा सार्वभौम सत्ता सम्पन्न भयो । जनता सर्वोच्च र राजा अधिकारविहीन भए । यो ऐतिहासिक घोषणामा निम्न कुराहरू उल्लेख गरिएको थिए ।

(क) नेपालको व्यवस्थापिकीय अधिकार प्रतिनिधिसभाले प्रयोग गर्ने

(ख) संविधान सभाको निर्माणसम्बन्धी प्रक्रिया प्रतिनिधि सभाले निर्धारण गरेबमोजिम हुने

(ग) संसद्को अधिवेशनको आह्वान प्रधानमन्त्रीले गर्ने र यसको अन्त्य निजको सिफारिसमा सभामुखले गर्ने

(घ) देशको सम्पूर्ण कार्यकारी अधिकार मन्त्रिपरिषद्मा रहने र उप्रान्त “श्री ५ को सरकार”लाई “नेपाल सरकार” भनिने

(ङ) मन्त्रिपरिषद् प्रतिनिधि सभाप्रति जबाफदेही रहने तथा देशको प्रशासन, सेना, प्रहरी तथा सरकारका सम्पूर्ण कार्यकारी अङ्गहरू मन्त्रिपरिषद्को नियन्त्रणमा रहने

(च) “शाही नेपाली सेना”को नाम “नेपाली सेना” हुने

(छ) नेपाली सेनाको नियन्त्रण र परिचालनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा “राष्ट्रिय सुरक्षा परिषद्” को गठन हुने

(ज) प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने र नेपाली सेनालाई समावेशी बनाइने

(झ) “राजपरिषद्”लाई खारेज गर्ने र सो संस्थाले गरिरहेका काम/कारबाहीहरू प्रतिनिधि सभाले गर्ने

(ञ) राजगद्दी उत्तराधिकारीसम्बन्धी नियम बनाउने, संशोधन गर्ने तथा खारेज गर्ने अधिकार प्रतिनिधि सभामा रहने

(ट) राजाको खर्च र सुविधा प्रतिनिधि सभाले निर्णय गरेबमोजिम हुने

(ठ) राजाको निजी सम्पत्ति र आयमा नियमअनुसार कर लाग्ने

(ड) श्री ५ ले गरेका काम/कारबाही र गतिविधिहरूमाथि प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन पाइने

(ढ) हालसम्म कायम रहेको “राज प्रासाद” सेवालाई “निजामति सेवा”मा परिवर्तन गर्ने

(ण) राजदरबारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले निर्णय गरेबमोजिम हुने

(त) हाल कायम रहेको नागरिकतासम्बन्धी समस्या तत्काल समाधान गर्ने

(थ) कायम रहेको “राष्ट्रगान” लाई परिवर्तन गर्ने

(द) नेपाल “धर्मनिरपेक्ष राज्य” हुने

(ध) देशको राज्य संयन्त्र प्रतिनिधि सभाप्रति बफादार रहने र प्रतिनिधि सभाको निर्णयअनुसार सञ्चालन हुने

(न) विशिष्ट पदाधिकारी तथा कर्मचारीहरूले प्रतिनिधि सभाबाट आफ्नो पद तथा गोपनीयताको सपथ लिनुपर्ने यसो गर्न नचाहने पदाधिकारीहरू पदमुक्त हुने

(प) यो घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ का प्रावधान तथा अन्य कानुनहरू बाझिएको हदसम्म रद्द हुने

(फ) यो घोषणाको कार्यान्वनयनमा आएका बाधा अड्काउ फुकाउने अधिकार प्रतिनिधि सभामा रहने ।

**(ख) माओवादीसँग शान्ति वार्ता**

सरकार र माओवादीबिचमा सशस्त्र सङ्घर्षकै क्रममा पनि वार्ताहरू भएका थिए । वि.स. २०५८ भदौ महिनामा प्रधानमन्त्री शेरबहादुर देउवाको पालामा पहिलो चरणको प्रथम वार्ता भएको थियो । वार्तामा कुरा नमिले पछि भङ्ग भयो । लोकेन्द्रबहादुर चन्दका पालामा वि.स. २०६० वैशाख १५ गते दोस्रो चरणको वार्ता भयो । यो वार्ता पनि सफल हुन सकेन । त्यसपछि प्रधानमन्त्री सूर्यबहादुर थापाका पालामा वि.स. २०६० श्रावण ३२ गते अर्को वार्ता भयो । यो वार्ताले पनि माओवादी समस्यालाई समाधान गर्न सकेन ।

जनआन्दोलन वि.स. २०६२-६३ पछि सरकारले माओवादीहरूलाई वार्ताका लागि औपचारिक रूपमा आह्वान गऱ्यो । वि.स. २०६३ जेष्ठ १२ गते नेपाल सरकार र नेकपा मओवादीबिच तेस्रो चरणको वार्ता भयो ।

पहिलो दिनको वार्तामा वार्ता अवधिभरका लागि २५ बुँदे आचार संहिता निर्माण गरियो । आचार संहितामा निम्न लिखित कुरा उल्लेख गरिएको थियो ।

“ऐतिहासिक जनआन्दोलनमार्फत पूर्ण लोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकारसम्बन्धी आधारभूत सिद्धान्तप्रति प्रतिबद्ध रहँदै सात राजनीतिक दल एवम् नेकपामाओवादीबिच भएको बाह्रबुँदे समझदारीलाई पूर्णरूपले पालन गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्यमान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाकधम्की र हिंसाको प्रभावबिना नै सहभगी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभुती गर्दै लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै, नेपाल सरकार र नेकपा माओवादीबिच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताका माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावनअनुरूप आचारसंहिता जारी गरिएको छ” ।

वि.स. २०६३ असार १ गते भएको अर्को वार्तामा नेकपा माओवादीका अध्यक्ष र सात दलका शीर्षस्थ नेताहरूका बिच वार्ता गर्ने निर्णय भयो । असार २ गते भएको शिखर वार्तामा आठ बुँदे सहमति पारित गरिएको थियो । सहमति पत्रमा सात राजनीतिक दलका तर्फबाट प्रधानमन्त्री तथा नेपाली कङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, नेकपा एमालेका महासचिव माधवकुमार नेपाल, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवा, उपप्रधानमन्त्री तथा जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचन, नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छे, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का उपाध्यक्ष भरत विमल यादव र वाममोर्चा नेपालका अध्यक्ष प्रभुनारायण चौधरीका साथै नेकपा माओवादीका तर्फबाट प्रचण्डले हस्ताक्षर गर्नुभएको थियो ।

“१९ दिनसम्म नेपाली जनताले गरेको आन्दोलन विश्वको इतिहासमा उदाहरणीय घटना भएको र नेपाली जनता सचेत भएको, संसदीय पार्टी र विद्रोहीबिच भएको १२ बुँदे समझदारी, वार्ता र सहमतिले विश्वलाई नयाँ पाठ सिकाएको छ” ।



सातदल र माओवादीवीच शिखर वैठक

### (ग) सातदल र माओवादीबिच शिखर बैठक

माओवादी र सरकारबिच पटक पटक वार्ता भएको तर सफल नभएको परिस्थितिमा वि.स. २०६३ कार्तिक २२ गते सात राजनीतिक दलहरू र माओवादीबिचमा बसेको शिखर

बैठकले तपसिलबमोजिमको सहमति गरेको थियो ।

“नेपाली जनताले वि.स. २००७ साल पहिलेदेखि पटक पटक गर्दै आएको ऐतिहासिक सङ्घर्ष र जनआन्दोलनमार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा भएको जनादेशको सम्मान गर्दै सात राजनीतिक दल र माओवादीबिच सम्पन्न १२ बुँदे समझदारी, ८ बुँदे सहमति र २५ बुँदे आचारसंहिता र संयुक्तराष्ट्र सङ्घलाई प्रेषित समान धारणाको पत्राचारप्रति पूर्ण प्रतिबद्धताको पुनः पुष्टि गर्दै देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्यालाई समाधान गर्दै प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणलगायत लोकतान्त्रिक मूल्यमान्यताप्रतिको पूर्ण प्रतिवद्धतालाई दोहऱ्याउँदै नेपाली जनताको भयमुक्त वातावरणमा संविधान सभाको निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभुति गर्दै लोकतन्त्र, शान्ति, सम्मृद्धि, अग्रगामी आर्थिक, सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै वि.स. २०६४ जेष्ठ महिनाभित्र सम्पन्न गर्ने दुवै पक्षको प्रतिबद्धतालाई कार्यान्वयन गर्न आज मिति वि.स. २०६३ कार्तिक २२ गते ७ दल र नेकपा (माओवादी)का शीर्ष नेताहरूको बैठकबाट ५ बुँदे निर्णय गरियो” ।

निर्णयमा मङ्सिर महिनाभित्र अन्तरिम सरकार गठन गर्ने, वि.स. २०६४ जेष्ठसम्म संविधान सभाको निर्वाचन गर्ने, अन्तरिम संविधानमा राजाका अधिकार कटौति गर्ने र सेना र हातहतियारको व्यवस्थापन पछि गर्ने आदि जस्ता कुराहरू समेटिएका थिए ।

### (घ) विस्तृत शान्ति सम्झौता



सरकार-माओवादी शान्ति सम्झौतामा हस्ताक्षर गर्दै

वि.स. २०६३ कार्तिक २२ गते सात राजनीतिक दलहरू र माओवादीबिचमा बसेको शिखर बैठकले गरेको निर्णयका आधारलाई टेकी वि.स. २०६३ मंसिर ५ गते सरकार र माओवादीबिच बृहत् शान्ति सम्झौता भयो । यो सम्झौताले राजनीतिक आर्थिक सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापन, सेना र हतियार व्यवस्थापन, युद्धविराम, युद्ध समाप्ति, मानव अधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना, मतभेद निरूपण तथा कार्यान्वयन संयन्त्र, कार्यान्वयन तथा अनुगमन र विविध शीर्षकमा शान्ति प्रक्रियाका सम्पूर्ण पक्षलाई समेटेको थियो । सात राजनीतिक पार्टीहरू र माओवादी पार्टीको शिखर बैठकले गरेका निर्णयलाई अक्षर: समावेश गरेको थियो । बृहत् शान्ति समझौताको अन्त्यमा “देश र जनताको भविष्यप्रतिको जिम्मेवारी बोध गर्दै र यस बृहत् शान्ति सम्झौताप्रति पूर्ण प्रतिबद्ध हुँदै हामी नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का तर्फबाट हस्ताक्षर गरी यो विस्तृत शान्ति सम्झौता सार्वजनिक गर्दछौँ” भन्ने कुरा उल्लेख थियो ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) प्रतिनिधि सभाको पुनर्स्थापनाको घोषणा कुन मितिमा भएको थियो ?

(ख) पुनर्स्थास्थापित प्रतिनिधि सभाको पहिलो बैठक कहिले बस्यो ?

(ग) पुनर्स्थापित सभाको बैठकको अध्यक्षता कसले गरेको थियो र किन ?

(घ) माओवादीसँग भएको पहिलो चरणको शान्तिवार्ता कुन प्रधानमन्त्रीको पालामा भएको थियो ?

(ङ) वि.स. २०६३ जेष्ठ १२ गतेको सरकार र माओवादीबिचको वार्ताले कति बुँदे आचारसंहिता जारी गऱ्यो ?

(च) नेपाल सरकार र माओवादीबिचमा विस्तृत शान्ति सम्झौता कहिले भएको थियो ?

२. **तलकका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) बाह्रबुँदे सहमतिमा मुख्य के के कुरा उल्लेख गरिएको थियो ? सूची बनाउनुहोस् ।

(ख) वि.स. २०६३ साल जेष्ठ ४ गते जारी भएको प्रतिनिधि सभाको ऐतिहासिक घोषणामा उल्लेख भएका बुँदाहरूमध्ये तपाईँलाई लागेका महत्त्वपूर्ण कुनै पाँचओटा बुँदाहरू छान्नुहोस् ।

(ग) वि.स. २०६३ साल असार २ गते भएको शिखर वार्तामा आठ बुँदे सहमतिमा हस्ताक्षर गर्ने राजनीतिक पार्टीका नेताहरूको सूची बनाउनुहोस् ।


(घ) सात राजनीतिक दल र माओवादीबिच २०६३ कार्तिक २२ गते भएको निर्णयमा समेटिएका मुख्य कुराहरूको सूची बनाउनुहोस् ।

## परियोजना कार्य

विस्तृत शान्ति सम्झौताले समग्र द्वन्द्वलाई अन्त्य गऱ्यो भन्ने भनाइलाई पुष्टि गर्दै आफ्नो विचारसहित एउटा लेख प्रस्तुत गर्नुहोस् ।

| पाठ ९ | सङ्घीय शासन पद्धति |
|---|---|

विश्वमा विभिन्न किसिमका राजनीतिक पद्धतिहरूको अभ्यास गरिन्छ । धेरैजसो मुलुकहरूले एकात्मक वा सङ्घीय शासन पद्धतिको अभ्यास गरेको पाइन्छ । एकात्मक शासन पद्धतिलाई केन्द्रीकृत शासन पद्धति पनि भनिन्छ । यस्तो शासन पद्धतिमा राज्यसत्ताका हक अधिकारहरू केन्द्रमा रहेका हुन्छन् । आवश्यकताअनुसार केन्द्रले थोरै हक र दायित्वहरू मात्र तल्ला निकायहरूमा हस्तान्तरण गर्दै जान्छ । नेपालमा प्रारम्भ कालदेखि राज्यसत्ताका हक र दायित्वहरू केन्द्रमा सीमित गरिएको थियो । त्यसैगरी सङ्घीयता भनेको राज्यसत्ताका हक र दायित्वहरू केन्द्रमा सीमित नराखी सङ्घ र एकाइहरूमा बाँडचुँड गर्ने राजनीतिक पद्धति हो । विशेष गरेर परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा र मौद्रिक नीतिसम्बन्धी अधिकार र दायित्व मात्र केन्द्रमा रहन्छ । शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यापार, जलविद्युत, सामजिक सुरक्षा, प्राकृतिक स्रोतसाधनको प्रयोग तथा स्थानीय विकासबारे निर्णय गर्ने अधिकार एकाइहरूमा हुन्छ । स्वायत्तता वा स्वशासन सङ्घीयताको मूल मर्म हो ।




स्वायत्तता भनेको देशको संविधानको अधीनमा रही विभिन्न प्रदेश र स्थानीय तहहरूले प्रादेशिक तथा स्थानीय विकासका लागि नीति नियम तथा योजना तर्जुमा र कार्यान्वयन गर्न सक्ने अधिकार हो । यसैलाई स्वशासनसमेत भनिन्छ । प्रादेशिक तथा स्थानीय विकासअन्तर्गत शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यापार, जलविद्युत, सामजिक सुरक्षा, प्राकृतिक स्रोतसाधनको प्रयोग आदि कुराहरू पर्दछन् ।

सङ्घीयताले अल्पसङ्ख्यकहरूको जातीय, भाषिक र सांस्कृतिक विविधतालाई स्वीकर गर्ने, राज्यमा तिनीहरूको समानुपातिक र न्यायोचित पहुँच पुऱ्याउन, एकाइहरूले राष्ट्रको साझा पहिचान, निर्णय गर्ने साझा संयन्त्र र निश्चित विषयमा सङ्घको निर्माणको सर्वोपरितालाई स्वीकार गर्ने, विधितामा एकताको व्यवस्था गर्ने आदि सङ्घीयताका विशेषताहरू हुन् । जुन मुलुक बहुजातीय, बहुभाषिक र बहसांस्कृतिक हुन्छ त्यस्ता मुलुकले सङ्घीय

शासन व्यवस्था अँगालेका हुन्छन् । नेपाल पनि सोही प्रकृतिको देश भएकाले सङ्घीय शासन प्रणालीमा गएको हो ।

नेपालमा सङ्घीय शासन पद्धतिको कुरा गर्दा पहिलो पटक वि.स. २००८ सालमा तराई काङ्ग्रेसले पहिलो पटक सङ्घीय शासनको माग अगि सारेको थियो । वि.स. २०१५ सालमा रघुनाथ ठाकुरले सङ्घीयताको मागलाई लिखित रूपमा उठाएका थिए । मधेस मुक्ति आन्दोलनले वि.स. २०२४ सालमा यो मागलाई अगाडि सारेको थियो भने नेपाल सद्भावना परिषद्ले वि.स. २०४० सालमा सङ्घीयताको मागलाई प्रस्तुत गरेको थियो । वि.स. २०४६ को जनआन्दोलनपश्चात् नेपाल राष्ट्रिय जनता पार्टी, सद्भावना पार्टी, नेपाल राष्ट्रिय जनमुक्ति मोर्चा, संयुक्त जनमोर्चा नेपाल आदिले पनि सङ्घीय शासन पद्धतिका बारेमा कुरा उठाएको पाइन्छ ।

वि.स. २०६३ मा भएको मधेस आन्दोलनको परिणामस्वरूप तत्कालीन आठ राजनीतिक दलहरूको सहमतिमा नेपाल सरकारले नेपालको शासन प्रणाली सङ्घीय स्वरूपको हुने घोषणा गरेको थियो । हाल नेपाल सातओटा प्रदेशहरूमा विभाजित भएको छ । वि.स. २०७४ मङ्सिर १० गते र मङ्सिर २१ गते गरी दुई चरणमा सङ्घीय तथा प्रादेशिक संसद्को निर्वाचन सम्मन्न भएको थियो ।

नेपालको संविधानअनुसार नेपाललाई स्थानीय, प्रादेशिक र सङ्घीय गरी तीन शासकीय तहमा व्यवस्थित गरिएको छ । स्थानीय तह भनेका गाउँपालिका र नगरपालिका हुन् । हाल नेपालमा स्थानीय तहहरूको सङ्ख्या ७५३ रहेको छ । त्यसमध्ये महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७६ र गाउँपालिका ४६० रहेका छन् । स्थानीय तहमा जननिर्वाचित प्रतिनिधिहरूको समूह रहेको हुन्छ । यही समूहलाई स्थानीय सरकार भनिन्छ । स्थानीय तहका प्रमुखहरू नै स्थानीय सरकार प्रमुखहरू हुन् । स्थानीय तहको निर्वाचन वि.स. २०७४ सालको वैशाख ३१ गते, असार १३ गते र असोज २ गते गरी विभिन्न तीन चरणमा सम्पन्न गरिएको थियो । प्रत्येक तहमा अलग अलग सरकारको गठन गरिएको छ ।

सङ्घीय सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यक्ता र राजस्वको क्षमताका अधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्दछ । राजस्वसम्बन्धी ऐन बनाउँदा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय तहको स्वायत्तता, प्रदेश र स्थानीय तहले जनतामा पुऱ्याउनुपर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय सन्तुलन, गरिबी र असमानताको न्यूनीकरण, वञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यक्ता पूरा गर्न सहयोग गर्नुपर्ने कुराहरूमा ध्यान दिइन्छ ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) सङ्घीयता भनेको के हो ?

(ख) सङ्घीयताको मूल मर्म के हो ?

(ग) नेपालमा सङ्घीयताको आवाज कहिलेदेखि उठेको हो ?

(घ) नेपालको संविधानअनुसार नेपालको प्रशासनिक ढाँचालाई कुन कुन तहमा विभाजन गरिएको छ ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर लेख्नुहोस् :**

(क) नेपालमा सङ्घीयताको आवाज उठेदेखिका घटनाक्रमहरूको सूची तयार पार्नुहोस् ।

(ख) नेपालको संविधानअनुसार स्थानीय र प्रदेश सरकारलाई के के आधारमा खर्चको बाँडफाँड गरिन्छ ? खोजी गरी तयार गरिएको प्रतिवेदन कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ग) सङ्घीयताका बारेमा तपाईंको विचार लेखेर कक्षमा प्रस्तुत गर्नुहोस् ।

## समूह कार्य

कक्षामा भएका साथीहरूको विभिन्न समूह बनाई नेपालको संविधान हेरेर स्थानीय र प्रदेश सरकारको काम, कर्तव्य र अधिकारहरूलाई तलको ढाँचामा तालिका तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | सरकार | काम | कर्तव्य | अधिकार |
|---|---|---|---|---|
| १. | स्थानीय सरकार | | | |
| २. | प्रदेश सरकार | | | |

# पाठ १० सङ्घीयताको स्वरूप

सङ्घीय संरचनाको विकास संयुक्त राज्य अमेरिकाबाट भएको हो । सङ्घीयता भनेको राज्यको शक्ति र नीति निर्माणमा जनताको समान सहभागिता हो । एकात्मक राज्य व्यवस्थाबाट दुई वा बढी तहका सरकारहरूमा राज्यको शासन गर्ने व्यवस्था गरिएको हुन्छ । जहाँ कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका अधिकार केन्द्र र स्थानीय तहमा बाँडिएको हुन्छ ।

सङ्घीयता विभिन्न प्रकारका हुन्छन् । खास गरी तीन प्रकारका सङ्घीयता प्रचलित छन् । पहिलो प्रकारको सङ्घीयता कतिपय राष्ट्रहरूमा रहेका राज्यहरू एक आपसमा मिलेर सहमतिको (Coming together) सिद्धान्तका आधारमा सङ्घीय राज्य बनाउँछन् । जसको उदाहरण अमेरिका, जर्मनी, अष्ट्रेलिया तथा स्विटजरट्ल्यान्ड आदि देश हुन् ।

दोस्रो प्रकारको सङ्घीयता एउटा देशलाई विभिन्न सङ्घीय एकाइमा बाड्ने सहमति (Holding together) को सिद्धान्तबाट निर्माण गरिन्छ । क्यानडा, ब्राजिल र नाइजेरिया यसका उदाहरण हुन् ।

तेस्रो प्रकारको सङ्घीयता विभिन्न अलग राज्यहरू सहमतिमा एकीकृत हुने तर कुनै पनि वेलामा एक आपसमा छुट्टिन पाउने (Secede) सिद्धान्तबाट निर्माण गरिएको हुन्छ । रुस, अर्जेटिना, अष्ट्रिया र भारत यसका उदाहरण हुन् ।

नेपालको सङ्घीयता दोस्रो प्रकारको सङ्घीयताको सिद्धान्तअनुसार निर्माण भएको हो । देशको केन्द्रीकृत राज्यलाई नेपालको संविधानको भाग २० को धारा २३२ अनुसार सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सङ्घीय संरचनामा सङ्घीयतलाई व्यवस्थित गरिएको छ ।

१. **सङ्घ**

(क) **सङ्घ कार्यपालिका**

नेपालको संविधानअनुसार केन्द्रमा सङ्घ कार्यपालिक हुन्छ । जसअन्तर्गत बढीमा २५ सदस्यीय मन्त्रिपरिषद् व्यवस्था गरिएको छ । देशको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा हुन्छ ।

(ख) **सङ्घीय व्यवस्थापिका**

त्यसै गरी देशको ऐन कानुन बनाउन सङ्घीय व्यवस्थापिकाको गठन हुने व्यवस्था गरिएको छ । यसअन्तर्गत २७५ जना सदस्य रहेको प्रतिनिधि सभाको गठन हुन्छ । जसमा १६७ जना निर्वाचित र समानुपातिक पद्धतिबाट ११० जना प्रतिनिधि सभा सदस्यहरू हुन्छन् । प्रतिनिधि सभा सदस्यहरूको पदावधी पाँच वर्षको हुन्छ ।

सङ्घ संसद्अन्तर्गत नै राष्ट्रिय सभाको गठन हुने व्यवस्था छ । जसमा ६० जना सदस्य रहने व्यवस्था छ ।

राष्ट्रिय सभा एक स्थायी सदनको रूपमा रहन्छ । राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुन्छ । किनकि संविधान प्रारम्भ भएपछि पहिलो पटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष, अर्को एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको छ वर्षको हुने गरी पदावधि कायम गरिएको छ ।

**(ग) न्यायपालिका**

न्यायपलिकालाई पनि तीन भागमा बाँडिएको छ । जसअनुसार केन्द्रमा सर्वोच्च अदालत, क्षेत्रीय स्तरमा उच्च अदालत र स्थानीय तहमा जिल्ला अदालतको व्यवस्था गरिएको छ । सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहने छन् । संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुन्छ ।

**२. प्रदेश**

नेपालको संविधानअनुसार नेपाललाई सातओटा प्रदेशमा विभाजन गरिएको छ । प्रत्येक प्रदेशमा निम्नलिखित निकायहरूको व्यवस्था गरिएको छ ।

**(क) प्रदेश कार्यपालिका**

प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिका रूपमा प्रदेश प्रमुखको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने व्यवस्था गरिएको छ ।

**(ख) प्रदेश मन्त्रिपरिषद्**

प्रदेश मन्त्रिपरिषद्को गठन प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गरी गर्ने व्यवस्था छ । निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुन्छ । प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्यमन्त्रीसहित प्रदेश सभाका कुल सदस्य सङ्ख्याको बिस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था छ ।

**(ग) प्रदेश व्यवस्थापिका**

प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुन्छ । जसलाई प्रदेश सभा भनिन्छ । सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोब्बर सङ्ख्यामा हुन आउने सदस्य र यसबमोजिम कायम हुने सदस्य सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य हुने गरी प्रदेश सभाको गठन हुन्छ । प्रदेश सभाको कार्यकाल पाँच वर्षको हुन्छ ।

**३. स्थानीय निकाय**

माथि उल्लेख गरिएअनुसार नेपालमा स्थानीय तहहरूको सङ्ख्या ७५३ रहेको छ । प्रत्येक स्थानीय तहमा रहने संरचनाको निम्नानुसार व्यवस्था गरिएको छ ।

### (क) स्थानीय कार्यपालिका

यसअन्तर्गत गाउँपालिका र नगरपालिकाको व्यवस्था गरिएको छ । संविधान र अन्य कानुनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुन्छ ।

#### (अ) गाउँपालिका

गाउँपालिकामा एक जना अध्यक्ष, एक जना उपाध्यक्ष र प्रत्येक वडामा एक जना अध्यक्ष र पाँच जना वडा सदस्य निर्वाचन हुने व्यवस्था गरिएको हुन्छ ।

#### (आ) नगर पालिका

नगरपालिकामा एक जना प्रमुख, एक जना उपप्रमुख र प्रत्येक वडामा एक एक जना वडा अध्यक्ष र पाँच पाँच जना वडा सदस्यहरूको निर्वाचन भई नगर कार्यपालिकाको गठन हने व्यवस्था गरिएको छ ।

### (ख) स्थानीय व्यवस्थापिका

स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहन्छ ।

#### (अ) गाउँ सभा

प्रत्येक गाउँपालिकामा एक गाउँ सभा रहन्छ । गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित पाँच जना निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहने छन् ।

#### (आ) नगर सभा

प्रत्येक नगरपालिकामा एक नगर सभा रहन्छ । नगर सभामा नगरकार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित पाँच जना सदस्यहरू रहने व्यवस्था छ ।

### (ग) जिल्ला सभा र जिल्ला समन्वय समिति

#### (अ) जिल्ला सभा

जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरूबिच समन्वय गर्न एक जिल्ला सभा रहने व्यवस्था छ । जिल्ला सभामा जिल्लाभित्रका गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिका प्रमुख र उपप्रमुख सदस्य रहने छन् ।

#### (आ) जिल्ला समन्वय समिति

जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्प सङ्ख्यकसहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्दछ । जिल्ला समन्वय समितिले जिल्ला सभाका तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्दछ ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) सङ्घ व्यवस्थापिकामा कति जना सदस्यहरू हुन्छन् ?

(ख) राष्ट्रिय सभामा कति जना सदस्यहरू रहने व्यवस्था छ ?

(ग) प्रदेश प्रमुखको नियुक्ति कसरी हुने व्यवस्था ?

(घ) प्रत्येक प्रदेशमा कति जना मुख्य मन्त्री नियुक्त हुन्छन् ?

(ङ) नेपालमा कतिओटा जिल्ला समन्वय समितिहरूको व्यवस्था गरिएको छ ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) सङ्घ कार्यपालिकामा कति जना मन्त्रीहरू रहने व्यवस्था छ, यसको मुख्य काम के हो ?

(ख) न्यायपालिकाका कति तह छन् ? नामसमेत उल्लेख गर्नुहोस् ।

(ग) स्थानीय कार्यपालिको मुख्य काम उल्लेख गर्नुहोस् ।

(घ) गाउँपालिकाको गठन कसरी हुन्छ ?

(ङ) नगरपालिकको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

(च) जिल्ला सभाको गठन कसरी हुन्छ ?

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) सङ्घ व्यवस्थापिकाको गठन कसरी हुन्छ ?

(ख) प्रदेश व्यवस्थापिकाको गठन प्रक्रिया वर्णन गर्नुहोस् ।

(ग) जिल्ला सभाको गठन कसरी गरिन्छ ? उल्लेख गर्नुहोस् ।

(घ) नेपालको सङ्घीय स्वरूपका बारेमा तपाईंको विचार के छ, कक्षामा प्रस्तुत गर्नुहोस् ।

## समूह कार्य

(क) तपाईंको गाउँ वा नगरपालिका गठन कसरी गरिएको छ, समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) कक्षामा भएका साथीहरूलाई दुई समूहमा बाँडी एक समूहले गाउँपालिका र अर्को समूहले नगरपालिकाको काम, कर्तव्य र अधिकारका बारेमा तालिका बनाई दाँजेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

## प्रतिवेदन लेखन

(क) तपाईंको गाउँपालिका वा नगरपालिकाम गएर गाउँ वा नगरपालिकाको काम कर्तव्य र अधिकारका बारेमा सोधेर छलफल गर्नहोस् र प्राप्त सूचनाका आधारमा एउटा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ १

# ग्रिक सभ्यता
**(Greek Civilization)**

## परिचय

सृष्टिकालदेखि मानिसले निरन्तर रूपमा गर्दै आएका विभिन्न किसिमका प्रगति, खोज, अनुसन्धान, आविष्कार र विकास निर्माणका कामहरूलाई सभ्यता भनिन्छ । यी पुराना सभ्यताहरूले अहिलेको युगलाई प्रभावित गरिरहेका हुन्छन् । कविला सभ्यतालाई मानव सभ्यताको प्रारम्भ मानिन्छ । यो सभ्यतामा एक परिवारका मानिसले अर्को परिवारका मानिससँग कुनै प्रकारको सम्बन्ध तथा सम्पर्क स्थापना गर्दैन्थे । जङ्गली युग, ढुङ्गे युग, धातु युग, कृषि युग, उद्योग र व्यापार युग, कम्प्युटर युग र अन्तरिक्ष युग आदि मानव सभ्यताका विभिन्न चरणहरू हुन् ।

ग्रिक सभ्यता विश्वको प्राचीन सभ्यता हो । यसलाई युनानी सभ्यतासमेत भन्ने गरिन्छ । यो सभ्यताको विकास हालको पूर्वी युरोपको वाल्कन प्रायद्विप स्थित ग्रिसमा भएको हो । यसको पूर्वमा एजियन सागर, पश्चिममा आयोनियन सागर, उत्तरमा अल्वानिया र मेसेडोनिया तथा दक्षिणमा भूमध्ये सागर पर्दछन् । यसरी तीनैतिरबाट समुद्रले घेरिएको हुनाले यहाँका मानिसलाई जलमार्गबाट विभिन्न स्थानहरूमा आवत-जावत तथा




ग्रीस राज्य

बन्दव्यापार गर्न निकै सहज थियो । यही यातायातको र व्यापारको सहजताले गर्दा प्राचीन ग्रिसले विभिन्न क्षेत्रमा उल्लेखनीय प्रगति गरेको थियो । यो सभ्यताको विकासको थालनी ई.पू. १२ औँ शताब्दीमा भएको मानिन्छ । ई.पू. ८ औँ शताब्दीमा भने ग्रिस साम्राज्यको पतनको युग सुरु भएको मानिन्छ । यसकालबाट विशाल ग्रिस साम्राज्यमा स्वतन्त्र नगर राज्यहरूको विकास हुन थाल्यो । यस्ता नगर राज्यहरूलाई त्यसबेला "पोलिस स्टेट" भनिन्थ्यो । यी नगरराज्यहरूमा भाषिक, धार्मिक तथा सांस्कृतिक एकता भएपनि राजनीतिक रूपले भने ठुलो मतान्तर थियो ।

### शासन पद्धति


प्राचीन ग्रिसमा कोरिन्थ, एथेन्स, थेब्स, मेगरा, स्पार्टा, आदि जस्ता नगर राज्यहरू थिए । ती नगर राज्यहरूमा स्पार्टा र एथेन्स प्रमुख थिए । यहाँका कुनै पनि नगर राज्यहरूमा आपसी मित्रता कायम हुन सकेको थिएन । यी नगर राज्यहरूले आ-आफ्नै प्रकारको शासन पद्धति अवलम्बन गरेका थिए । स्पार्टामा कुलीन वंशीय निरङ्कुश शासन पद्धति थियो भने एथेन्समा प्रजातान्त्रिक व्यवस्थाको अभ्यास गरिन्थ्यो । कुलीनतन्त्र, अधिनायकवाद र प्रजातान्त्रिक अभ्यासको थालनी ग्रिस नगरराज्यहरूबाटै भएको हो । यसरी हेर्दा ग्रिसमा सबै किसिमका राजनीतिक पद्धतिहरूको अभ्यास भएको पाइन्छ ।

ई.पू. ७५० देखि ६५० का बिचमा राजनीतिक चेतनामा बृद्धि भएकाले ग्रिसमा राजतन्त्र, कुलीनतन्त्र र अधिनायकवादका विकल्पहरू खोज्न थालिए । परिणामस्वरूप एथेन्सबाट प्रजातान्त्रिक शासन पद्धतिको विकास भयो । जनप्रतिनिधिहरूले जनताका चाहनाअनुसार देशको प्रशासन चलाउने पद्धति प्रजातान्त्रिक पद्धति हो । हाल विश्वका प्राय: मुलुकहरूमा प्रजातान्त्रिक व्यवस्थाको अभ्यास गरिन्छ ।

व्यवस्थित शासन पद्धतिका लागि निश्चित नियम आवश्यक पर्ने हुनाले ई.पू. ५०८ मा एथेन्समा संविधानको निर्माणसमेत गरियो र लोकसभा (General Assembly) तथा परिषद् (Council) रहने व्यवस्था गरियो । लोकसभामा जननिर्वाचित प्रतिनिधिहरू रहन्थे भने परिषद्मा कुलीन तथा भूमिपति वर्गका मनोनित सदस्यहरू रहन्थे । यसप्रकार एथेन्सबाटै संसद्को थालनी भएको मान्न सकिन्छ ।

### साहित्य र दर्शन

साहित्य र दर्शनका क्षेत्रमा प्राचीन ग्रिस नगर राज्यहरूले राम्रो प्रगति गरेका थिए । होमरलाई ग्रिस साहित्यका महाकवि तथा पश्चिमी साहित्यका आदिकवि मानिन्छ । उनले "ओडिसी" र "इलियड" भन्ने महाकाव्यको रचना गरेका थिए । उनका यी कृतिहरूलाई वैदिक साहित्यका रामायण र महाभारतसँग तुलना गरिन्छ । त्यसैगरी ग्रिसका अर्का महान कवि हेसोइडले "वर्क अफ द डेज (Work of the Days) र "डिसेन्ट अफ द गड्स (Descent of the Gods)" भन्ने काव्यहरूमार्फत किसान र भगवानका चर्चा गरेका थिए । त्यस्तै एस्काइलस, युरिपिडिज आदिले नाटक



हेरोडट्स

विधामा कलम चलाए भने हेरोडट्सले इतिहास लेखेका थिए । उनले सर्वप्रथम "पर्सियन वार" (Persian War) नामक इतिहास लेखे । हेरोडट्स (Hetodotus) लाई "इतिहासका पिता" (Father of History) भनेर चिनिन्छ । उनले पहिलो पटक विश्वलाई इतिहास विषयको परिचय दिएका थिए ।

त्यसैगरी ग्रिस नगर राज्यमा ठुला ठुला दार्शनिकहरूको जन्म भएको थियो । सुकरात, प्लेटो र अरस्तु त्यहाँका प्रसिद्ध दार्शनिकहरू हुन् । उनीहरूले प्रतिपादन गरेका दर्शनका सिद्धान्तहरू आज पनि उत्तिकै सान्दर्भिक र महत्त्वपूर्ण छन् ।

सुकरात (Socrates) लाई ग्रिस दर्शनका प्रणेता मानिन्छ । उनको जन्म एथेन्सको एक साधारण परिवारमा भएको थियो । कुनै पनि कुरालाई सत्य तर्क र प्रमाणका आधारमा प्रमाणित गरिनुपर्दछ । अपव्याख्या गरेर कुनै गलत कुरालाई प्रमाणित गरिनुहुँदैन भन्ने उनको विचार थियो । उनको विचारबाट एथेन्सको ठुलो जनसमुदाय प्रभावित भएको थियो । सुकरातको विचार त्यसबेलाको एथेन्सको सरकारलाई मन परेन । त्यसैले युवाहरूलाई भड्काएको र धर्मको विरोध गरेको आरोप लगाएर उनलाई विष खुवाइयो । उनले विष पिउने बेलामा "आफूलाई चिन, म तिम्रो तरिकाबाट बाँच्नुभन्दा आफ्नो तरिकाबाट बोलेर मर्नु उचित सम्झन्छु ।" भनेका थिए ।

त्यस्तै सुकरातका चेला प्लेटो (Plato) ले "रिपब्लिक" (Republic) भन्ने किताबको रचना गरे । त्यसैका माध्यमबाट नागरिक स्वतन्त्रता र प्रजातन्त्रको व्याख्या गर्दै निरङ्कुश शासन विरुद्ध जनचेतना फैलाउने काम गरे ।

विज्ञान, तर्कशास्त्र तथा दर्शनका क्षेत्रमा समेत योगदान पुऱ्याउने अर्का बहुप्रतिभाशाली दार्शनिक अरस्तु (Aristotle) प्लेटोका चेला हुन् । उनले आफ्ना कृतिमार्फत जनचेतनाको विकास गरेका थिए ।

**मूर्तिकला र वास्तुकला**

ग्रिस नगर राज्यमा मूर्तिकला र वास्तुकलाको चरम विकास भएको मानिन्छ । फिडियाना नामक मूर्तिकारले बनाएको ४० फिट अग्लो एथिनादेवीको मूर्ति तथा फिडिस नामक मूर्तिकारले बनाएको ओलम्पियाको जियस देवताको मूर्ति त्यसबेलाका मूर्तिकलाका प्रमुख नमुना थिए । हस्तिहाड तथा सुनले सिङ्गारिएको पार्थेनियन मन्दिरलाई वास्तुकलाको उत्कृष्ट नमुना मानिन्थ्यो । ग्रिसहरूले मूर्तिमात्र नभएर अनेक किसिमका भाँडा र चित्रहरू पनि बनाउँथे ।



एथिनादेवीको मूर्ति

**आधुनिक विश्वलाई ग्रिक सभ्यताको देन**

ग्रिक सभ्यतामा दुई प्रकारको शासन व्यवस्था थियो । एथेन्समा राजतन्त्र थियो भने स्पार्टामा निर्वाचित मजिस्ट्रेटले शासन गर्दथे । वर्तमान विश्वका विभिन्न क्षेत्रमा ग्रिक सभ्यताको प्रभाव र योगदान रहेको छ । त्यसमध्ये केही प्रभाव र योगदानलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ :

- प्रजातान्त्रिक अभ्यासको थालनी यही सभ्यताको देन हो ।
- सर्वप्रथम एथेन्समा संविधानको निर्माण भएको थियो । हाल विश्वका मुलुकहरूलाई संविधान बनाउनमा यही सभ्यताले मार्ग निर्देश गरेको छ ।
- मौलिक हक तथा नागरिक हकका प्रावधानहरू यही सभ्यताका योगदान हुन् ।
- प्राचीन ग्रिस दर्शनको योगदानले गर्दा आजको विश्वमा नयाँ विचार र चिन्तनको विकास हुन गएको हो ।
- साहित्य र इतिहासको थालनी यही सभ्यताको देन हो । यही सभ्यताको योगदानका कारणले आज विश्वमा इतिहासको लेखन र साहित्य सिर्जनाको विकास भएको छ ।
- ग्रिक मूर्तिकला तथा वास्तुकलाले आजको विश्वमा नयाँ प्रकारका मूर्तिकला र वास्तुकलाका नमुना निर्माण गर्न प्रेरित गरेको छ ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) ग्रिस सभ्यताको अर्को नाम के हो ?

(ख) ई.पू.आठौँ शताब्दीलाई ग्रिस सभ्यताको पतनको युग मानिएको हो किन, कुनै एक कारण लेख्नुहोस् ।

(ग) ग्रिस साहित्यका कुन कुन कृतिहरूलाई वैदिक सभ्यताका रामायण र महाभारतसँग तुलना गरिन्छ ? नाम लेख्नुहोस् ।

(घ) इतिहासका पिता कसलाई भनिन्छ ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) प्राचीन ग्रिस नगर राज्यहरूको विकासमा समुद्रको भूमिका उल्लेख गर्नुहोस् ।

(ख) प्राचीन ग्रिसमा के कस्ता राजनीतिक पद्धतिको अभ्यास गरिएको थियो ? छोटकरीमा लेख्नुहोस् ।

(ग) "प्राचीन ग्रिसले मूर्तिकला र वास्तुकलाका क्षेत्रमा उल्लेख्य प्रगति गरेको थियो ।" यो भनाइलाई उदाहरण दिएर पुष्टि गर्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) प्राचीन ग्रिस नगर राज्य स्पार्टा र एथेन्समध्ये तपाईंलाई कुन नगर राज्यको शासन व्यवस्था मन पर्‍यो ? आफूलाई मनपर्ने शासन व्यवस्थाका विशेषताहरू उल्लेख गर्नुहोस् ।

(ख) प्राचीन ग्रिस सभ्यताको आधुनिक विश्वमा के कस्तो देन छ ? पाठ्यपुस्तकमा अध्ययन गरेका आधारमा लेख्नुहोस् ।

# पाठ २

# रोमन सभ्यता
## (Roman Civilization)



प्राचीन रोम

ग्रिस सभ्यताको पतन र रोमको सभ्यताको थालनी एउटै समयबाट भएको थियो । रोमन साम्राज्यले ग्रिक साम्राज्यको अन्त्य गरी नयाँ साम्राज्यको स्थापना गरेको थियो । त्यसैले रोमको सभ्यतालाई ग्रिस सभ्यताको निरन्तरतासमेत भनिन्छ । ई.पू. ७५३ मा रोमुलस र रोमस नाम गरेका जुम्ल्याहा दाजुभाइले हालको इटलीमा रोम नगरको स्थापना गरेका हुन् । हाल रोम इटलीको राजधानी हो र यो टाइबर नदीको किनारमा रहेको छ । यही रोम सहरमा प्राचीन सभ्यताको विकास भएको थियो । इट्रस्कन (Etruscan) जातिले यहाँ शासन गर्दथे । ई.पू. ५०९ तिर ल्याटिन जातिले इट्रस्कन (Etruscan) जातिलाई परास्त गरी गणतन्त्रको स्थापना गऱ्यो ।

इटलीमा रोम सभ्यता विकास हुँदा ग्रिस सभ्यताको पतन भएको थियो । रोमले हालका इटली, स्पेन, जर्मनी, फ्रान्स, ग्रिस, मिश्र (Egypt) तथा मेसोपोटामिया आदि स्थानहरूमाथि आफ्नो साम्राज्य विस्तार गरेको थियो । त्यस कालमा टिग्रिस र युफ्रेटस् नदीका बिचमा मेसोपोटामियाको सभ्यताको विकास भएको थियो । यो सभ्यताको विकास भएको स्थानमा हाल इराक, कुवेत, सिरिया, टर्की आदि राज्यहरू पर्दछन् ।

त्यसबेला हालको अफ्रिकाको ट्युनिसिया निकै शक्तिशाली राज्य थियो । यसलाई कार्थेज भनिन्थ्यो । कार्थेज साम्राज्यको स्थापना र विकास हालको लिबिया र मिश्रका बिचमा भएको थियो । कार्थेजले हालको इटलीको दक्षिणमा पर्ने सिसिलीमाथि समेत आफ्नो आधिपत्य कायम गरेको थियो ।

प्राचीन विश्वको इतिहासमा रोम कार्थेज युद्ध निकै चर्चित र महत्त्वपूर्ण युद्ध हो । यो युद्ध तीन चरणमा गरी ११८ वर्षसम्म चलेको थियो । यसमा धेरै ठुलो मानवीय तथा आर्थिक क्षति भएको थियो । रोम र कार्थेज दुवै साम्राज्यले आफ्नो भूमि विस्तार गर्न चाहन्थे । दुवै साम्राज्यको भूमि विस्तार गर्ने उद्देश्य नै यो युद्धको कारण थियो । रोम कार्थेज युद्धलाई प्युनिक युद्ध (Punic War) भनेरसमेत चिनिन्छ । कार्थेजमा फोनेसियन (Phoenician) वंशको शासन थियो फोनेसियन (Phoenician) लाई रोमनहरूले ल्याटिन भाषामा प्युनिसस् (Punicus) भन्ने गर्दथे । यही प्युनिसस् भन्ने शब्दबाट प्युनिक बन्न गएको हो । पहिलो प्युनिक युद्ध ई.पू. २६४ देखि २४१ सम्म जम्मा २३ वर्ष चलेको थियो । ई.पू. २४१ मा कार्थेजले रोमलाई क्षतिपूर्ति तिर्ने गरी

सन्धि भएपछि यो युद्धको अन्त्य भएको थियो ।

दोस्रो प्युनिक युद्ध (रोम-कार्थेज युद्ध) लाई हनिबल (Hannibal) युद्ध भनेर पनि चिनिन्छ । हनिबल कार्थेजका सेना नायक हुन् । उनले आइबेरिया (Iberia) माथि नियन्त्रण गरेपछि यो युद्धको थालनी भएको थियो । यो युद्ध ई.पू. २१८ देखि २०१ सम्म जम्मा १७ वर्ष चल्यो । अफ्रिकाको जामा (Zama) भन्ने स्थानमा हनिबलको पराजय भएपछि यो युद्धको अन्त्य भएको थियो । त्यसैगरी तेस्रो प्युनिक युद्ध ट्युनिसियामा भएको थियो । यो युद्ध निकै घातक भएको थियो । यसले कार्थेज सभ्यताको राजधानी सहरलाई पूर्णरूपले ध्वस्त पार्‍यो । ५० हजार कार्थेजका नागरिकहरूलाई रोमनहरूले दास बनाएका थिए भने असङ्ख्य मानिसको ज्यान गएको थियो ।

प्राचीन रोमको समाज दुई वर्गमा विभाजन गरिएको थियो । उनीहरूको वर्गअनुसारका अधिकार र कर्तव्यहरू तोकिएका थिए । पहिलो वर्गमा कुलीनहरू पर्दथे । यो विशेषाधिकार प्राप्त वर्ग भएको हुनाले राज्यका आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा यो वर्गको राम्रो पहुँच थियो । यसलाई पेट्रिसियन (Patrician) भनिन्थ्यो । त्यसैगरी विशेषाधिकार विहीन सर्वसाधारण मानिसहरू दोस्रो वर्गमा पर्दथे । यो श्रमजीवि वर्ग थियो । यसलाई प्लेबियन (Plebian) भनिन्थ्यो । दासहरू पनि यही वर्गमा पर्दथे । उनीहरूमाथि मानवीय व्यवहारसमेत गरिँदैन्थ्यो ।


जुलियस सिजरको सालिक

रोमन साम्राज्यमा विभिन्न किसिमका राजनीतिक पद्धतिहरूको अभ्यास गरिएको थियो । साम्राज्यको उच्च पदमा सम्राट रहन्थे र उनलाई सहयोग गर्नका लागि सिनेट र एसेम्ली (Senate and Assembly) नामका दुई सदनहरूको स्थापना गरिएको थियो । सिनेट पाट्रिसियनहरूको सभा थियो भने एसेम्ली प्लेबियनहरूको सदन थियो । यी दुवै सदनको अध्यक्षता सम्राटले नै गर्दथे । सिनेटलाई विशेषाधिकार प्राप्त थियो । एसेम्लीले भने सिनेटले गरेका निर्णयहरूको अनुमोदन गर्नुपर्दथ्यो । यसका सदस्यहरूमा विशेषाधिकार हुँदैनथ्यो । ई.पू. ५०९ मा रोममा गणतन्त्रको स्थापना भयो । गणतान्त्रिक शासन सञ्चालनको जिम्मेवारी कन्सुल (Consul) लाई हुन्थ्यो । कन्सुलहरू रोमका निर्वाचित पदाधिकारीहरू हुन्थे । तिनीहरूको पदावधि एक वर्षको हुन्थ्यो । कन्सुललाई निरङ्कुश बन्नबाट रोक्नका लागि ट्रिब्युनको गठन गरिएको थियो । यो एक विशेषाधिकार प्राप्त संस्था थियो ।

रोमन साम्राज्यको विस्तार हुँदै जाँदा आन्तरिक द्वन्द्वको पनि थालनी भयो । यस अवस्थामा रोममा जुलियस सिजरको उदय भयो । उनी एक कुशल तथा वीर योद्धा थिए । रोमको शासन सत्ता आफ्नो हातमा लिएपछि उनले आफ्नो साम्राज्यमा विकास निर्माण र सुधारका कार्यहरू गरेका थिए । तर त्यहाँ आन्तरिक द्वन्द्वको

अन्त्य भएको थिएन । ई.पू. ४४ मा जुलियस सिजरलाई सर्वसत्तावादी तथा निरङ्कुश प्रशासक भएको आरोप लगाई सिनेटका दुई सदस्यहरू मिलेर उनको हत्या गरे ।

जुलियस सिजरको हत्यापछि रोममा पुन: राजतन्त्रको थालनी भयो । यसपछि अगस्ट सिजर रोमको सम्राट बन्न पुगे । उनको शासन कालमा रोमन साम्राज्यको चरम विकास भएको हुनाले अगस्ट सिजरको शासन काललाई रोमको इतिहासमा स्वर्ण युग भनेर चिनिन्छ । अगस्टको पूर्णकदको शालिकको दायाँतर्फ बालक जस्तो देखिने गरी डल्फिन बनाइएको छ । यसको लाक्षणिक अर्थ समुद्री विजेता भन्ने हो ।

कालक्रमअनुसार रोममा निरङ्कुश शासकहरूको उदय पनि भएको थियो । साम्राज्यको शासन व्यवस्थालाई सुदृढ, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन लागि रोमलाई विभिन्न १४ ओटा प्रान्तहरूमा विभाजन गरी हरेक प्रान्तका लागि प्रशासक नियुक्त गरिन्थ्यो । यिनीहरू प्राय: सैनिक अधिकारीहरू नै हुन्थे । सीमाको सुरक्षा गर्ने जिम्मा पनि यिनीहरूकै हुन्थ्यो । नागरिक सेवा (Civil Service) को छुट्टै सचिवालयको स्थापना गरिएको थियो । यसको प्रमुखको नियुक्ति रोमन सम्राटबाट हुने गर्दथ्यो ।

राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना हुँदा पनि नागरिक हक अधिकारको प्रत्याभूति हुन सकेको थिएन । रोममा लिखित कानुनको व्यवस्था थिएन र अलिखित कानुनलाई विशेषाधिकार प्राप्त पाट्रिसियन वर्गले आफ्नो हित अनुकूल व्याख्या गर्दथे । समान अधिकारको माग गर्दै प्लेबियन वर्गले लामो समयसम्म आन्दोलन/सङ्घर्ष गऱ्यो । अन्त्यमा, रोममा प्रचलित विभिन्न किसिमका कानुनहरूलाई १२ समूहमा विभाजन गरी सङ्ग्रह गरियो र ई.पू. ४५० मा लिखित रूपमा प्रकाशित गरियो । यिनै लिखित कानुनहरूको संहिताहरूलाई “बाह्र बुँदे संहिता” (Code of Twelve Tables) भनिन्छ । रोमन साम्राज्यभरि नै एकै किसिमका कानुनहरू निर्माण गरी कार्यान्वयन गरियो । यी कानुनहरू देवानी कानुन, नागरिक कानुन र प्राकृतिक कानुन थिए । यसरी कानुनको निर्माण र कार्यान्वयन हुँदै जाँदा रोमबाट कुलीन वर्गको विशेषाधिकार कटौती हुँदै गयो भने सर्वसाधारण वर्ग (प्लेबियन) का अधिकारहरूको प्रत्याभूति हुँदै गयो । यसरी वर्गविहीन समाजको स्थापना सँगसँगै रोमन सभ्यतामा प्रजातान्त्रिक प्रणालीको सुरुआत भयो ।


अगस्टस सिजरको शालिक

यसप्रकार आधुनिक विश्वलाई प्राचीन रोमको सभ्यताको महत्त्वपूर्ण योगदान रहेको छ । जसलाई तलका बुँदाहरूमा उल्लेख गरिएको छ :

- वर्तमान विश्वका मुलुकहरूले लिखित कानुन बनाउने प्रेरणा रोमन सभ्यताबाट नै प्राप्त गरेका हुन् ।
- रोमनहरूले ल्याटिन भाषाको प्रयोग गर्दथे । त्यसैले युरोपभरि नै यो भाषाले आफ्नो प्रभाव फैलाउन सक्यो । कतिपय प्राविधिक शब्दहरूको उत्पत्ति ल्याटिन भाषाका शब्दहरूबाट भएको छ । अत:

भाषिक क्षेत्रमा पनि यो सभ्यताले वर्तमान विश्वलाई योगदान दिएको छ ।

- प्रजातन्त्र, गणतन्त्र, स्वतन्त्रता, नागरिकता आदि जस्ता अवधारणहरूको विकास रोमन साम्राज्यबाट भएको हो ।
- हालको विश्वमा निर्वाचनको थालनी र निर्वाचन पद्धतिको विकास रोमबाट नै भएको हो ।
- ग्रिसको सभ्यताको अन्त्यसँगै रोमन सभ्यताको उदय भएको हुनाले ग्रिस सभ्यताको विश्वव्यापीकरणमा रोमन सभ्यताकै योगदान रहेको छ ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) रोम सहरका संस्थापक को थिए ?

(ख) हालको कुन स्थानमा कार्थेजको सभ्यता विकसित भएको थियो ?

(ग) रोमको इतिहासमा कसको शासन काललाई स्वर्ण युग भनेर चिनिन्छ ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) रोमको सभ्यतालाई किन ग्रिस सभ्यताको निरन्तरता भनिएको हो ?

(ख) रोमको सभ्यताको थालनी कुन जातिले गरेको थियो र सो जातिले किन आफूले थालनी गरेको सभ्यतालाई निरन्तरता दिन सकेन ? कारण स्पष्ट पार्नुहोस् ।

(ग) गणतन्त्र भनेको कस्तो शासन व्यवस्था हो ? किन मानिसहरूले गणतन्त्रलाई मन पराउँछन् ?

(घ) प्राचीन रोमको सामाजिक अवस्था कस्तो थियो ?

(ङ) बार बुँदे संहिता (Code of Twelve Tables) को सङ्क्षेपमा परिचय दिनुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) रोम कार्थेज युद्धलाई किन प्युनिक युद्ध भनिएको हो ? यो युद्धका चरणहरूको व्याख्या गर्नुहोस् ।

(ख) रोममा प्रचलित शासन पद्धति र वर्तमान नेपालको राजनीतिक पद्धतिबिचको कस्तो सम्बन्ध छ ? शिक्षकसँग छलफल गरी लेख्नुहोस् ।

४. **तल दिएका विषयहरूको परिचय दिनुहोस् ।**

१. हनिबल २. पाट्रिसियन र प्लेबियन ३. दास

## परियोजना कार्य

युरोपको नक्सा बनाई रोमको सभ्यताले आफ्नो साम्राज्य स्थापना गरेका देशहरू देखाउनुहोस् ।

| पाठ ३ | वैदिक सभ्यता |
|---|---|

## परिचय



वैदिक सभ्यता विश्वको निकै पुरानो सभ्यता मानिन्छ । "वेद" ग्रन्थका नामबाट यो सभ्यताको नामकारण गरिएको हो । वेदको शाब्दिक अर्थ "ज्ञान" हो । ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी वेदलाई चार भागमा विभाजन गरिएको छ । संयुक्तमा यी चारै वेदलाई चतुर्वेद भनिन्छ । यिनै वेदका आदेश र उपदेशहरूका आधारमा स्थापना भई चलेका सभ्यतालाई वैदिक सभ्यता भनिन्छ । यी वेदहरूमा सर्वप्रथम ऋग्वेदको रचना भएको थियो । ऋग्वेद कालीन युगलाई पूर्ववैदिक युग मानिन्छ । ई.पू. १५००-१००० सम्मको युग ऋग्वेद कालीन युग हो । यस कालको सभ्यता पनि यही ऋग्वेद वेदमै आधारित भएकाले यो सभ्यतालाई "ऋग्वेदको सभ्यता" समेत भनिन्छ । त्यसैगरी ई.पू. १०००-५०० सम्मको युगलाई उत्तर वैदिक युग भनिन्छ । यस बेला यजुर्वेद, सामवेद र अथर्ववेदको रचना भएको थियो ।



यज्ञ कार्य

हालको युरोप, मध्य एसिया र भारतीय उपमहाद्वीपमा यो सभ्यताको विकास र विस्तार भएको थियो । यो सभ्यताको विकास आजभन्दा झन्डै ५ हजार वर्षअगाडि भएको अनुमान गरिन्छ । वैदिक सभ्यताका अनुयायीहरूले "ॐ"लाई संसारको सार र उत्पत्तिको आधार मान्छन् । वैदिक समाज वर्णाश्रम व्यवस्थामा आधारित थियो । ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी समाजमा चार वर्णहरू थिए । कतैकतै निषाद वर्णको पनि उल्लेख भएको पाइन्छ । समाजका मानिसहरूले गर्ने कामका आधारमा वर्ण व्यवस्था निर्धारित थियो । पढ्ने, लेख्ने, कर्मकाण्ड गर्ने, धार्मिक अनुष्ठानहरू गर्ने/गराउने तथा विद्याको प्रचार प्रसार गर्ने काम ब्राह्मणको थियो । क्षत्रीयहरूले सेना र प्रशासनमा काम गर्ने, न्याय र शान्ति सुव्यवस्था मिलाउने काम गर्दथे । कृषि, उद्योग, व्यापार आदि जस्ता अर्थसँग सम्बन्धित कामहरू गर्ने मानिस वैश्य थिए भने सेवामूलक काम गर्ने

जिम्मेवारी शूद्रको हुन्थ्यो । मानिसले आफ्नो कर्म र पेसा परिवर्तन गरेर एक वर्णबाट अर्को वर्ण ग्रहण गर्न सक्दथे । वर्ण, जाति वा पेसाका आधारमा यो समाजमा कुनै किसिमको भेदभाव गरिँदैन्थ्यो । वैदिक समाजमा छुवाछुत प्रथाको प्रचलन थिएन ।

**जीवन पद्धति**

वैदिक समाजमा घरमुलीले परिवारको सञ्चालन र रेखदेख गर्दथे । घरमुलीको आज्ञाअनुसार परिवारका अन्य सदस्यहरूले नियमित कामकाज गर्दथे । मानिसहरूले विभिन्न स्वादका खानाहरू खान्थे । सोमरस तत्कालीन समाजको प्रिय पेय पदार्थ थियो । यसका अतिरिक्त मानिसहरूले दुध, दही, मही तथा घिउको प्रयोग पनि गर्दथे । मानिसहरूमा धर्मप्रति अटुट विश्वास भएकाले उनीहरू धार्मिक थिए । उनीहरूले विभिन्न देवी देवता र प्रकृतिको पूजा आराधना गर्दथे । पूजाआजामा पुरुषका साथमा महिलाको पनि बराबर सहभागिता हुन्थ्यो । आफ्ना मान्य पुरुषहरूका अगाडि महिलाहरूले टाउको छोप्ने गर्दथे । मानिसहरूमा पूर्वजन्म, पितृ र परलोकमा विश्वास थियो । त्यसैले पितृ उद्दार र परलोक सुधार गर्नका लागि तीर्थब्रत र यज्ञयज्ञादि समेत गर्दथे ।

**शिक्षा र साहित्य**

यो सभ्यता शिक्षा र साहित्यको अग्रणी सभ्यता हो । चतुर्वेद स्वयम् शिक्षा, कला, दर्शन, साहित्य, सङ्गीत, काव्य तथा व्याकरण हुन् । लिपिको विकास हुनुभन्दा पहिले नै ऋग्वेदको सिर्जना भइसकेको थियो । यसका ऋचा एक व्यक्तिले अर्को व्यक्तिलाई सुनाउँदै ज्ञानको प्रचार गरिन्थ्यो । वेदका श्लोकहरूलाई ऋचा भनिन्छ । त्यसकालमा श्रुतिका माध्यमबाट ज्ञान, शिक्षा र साहित्यको आदानप्रदान गरिन्थ्यो । श्रुति भनेको सुन्ने हो र स्मृति भनेको सम्झने हो । वैदिक साहित्य र शिक्षा श्रुति र स्मृतिमा आधारित थियो । वैदिक सभ्यताको विकासका विभिन्न चरणहरूमा व्याकरण, ज्योतिष, आयुर्वेद, योगआदिको समेत रचना, अनुसन्धान र अभ्यास भएका थिए । यो सभ्यताको पछिल्लो कालमा गुरुकुल शिक्षा पद्धतिको विकास भएको थियो । विद्यार्थीहरू स्वयम् गुरुको आश्रममा गई शिक्षा लिने पद्धति गुरुकुल शिक्षा पद्धति हो ।

**आर्थिक अवस्था**

वैदिक कालका मानिसहरू कृषि, पशुपालन, उद्योग तथा व्यापार गरेर आफ्नो दैनिकी सञ्चालन गर्दथे । स्थानअनुसार विभिन्न किसिमका अन्न, सागपात, कन्दमूल, आदिको उत्पादन गरिन्थ्यो । विभिन्न प्रयोजनका लागि गाई, भैँसी, कुकुर, बाखा आदि जस्ता पशुहरूको पालिन्थ्यो । धातु तथा माटाका भाँडाकुँडा उत्पादन गर्ने, हातहतियार बनाउने, खनिज पदार्थ उत्खनन् तथा प्रशोधन गर्ने, धागो कात्ने, लुगा बुन्ने आदि यस कालका उद्योग थिए । यिनै आफ्ना उत्पादनलाई विभिन्न स्थानहरूमा लगि व्यापार गर्ने गरिन्थ्यो । त्यसबेलाको व्यापारमा वस्तुसँग वस्तु साट्ने गरिन्थ्यो । वस्तुले वस्तु साट्ने व्यापारको प्रणालीलाई "वस्तु विनिमय प्रणाली" भनिन्छ ।

**समाजमा महिलाको स्थान**

वैदिक समाजमा नारीको कदर गर्दै उच्च स्थान प्रदान गरिएको थियो । नारीहरूले शिक्षा क्षेत्रमा समेत प्रगति गरेका थिए । मदालसा, अरुन्धती, मैत्रेयी, अपाला, घोषा आदि त्यस कालका केही विदूषीहरू हुन् । उनीहरूबाहेक अन्य नारीहरूले समेत वेदका ऋचाहरूको व्याख्या गर्दथे । नारीले कलाकारिताका क्षेत्रमा समेत प्रसिद्धी कमाएका थिए । विभिन्न किसिमका श्रृङ्गारका सामग्रीहरू उत्पादन गर्ने, रङगाउने, नाच्ने, गाउने, पशुहरूको स्याहार गर्ने आदि जस्ता काम नारीले नै गर्दथे । पूजा तथा अन्य धार्मिक कार्यहरूमा नारी र पुरुषको बराबर सहभागिता रहन्थ्यो । बन्द व्यापारको काममा पनि नारीहरू सहभागी हुन्थे । तत्कालीन समाजमा सती प्रथाको प्रचलन थिएन । महिलालाई एकभन्दा बढी पटक विवाह गर्ने छुट थियो । सूर्यकी पुत्री सूर्याको चारपटक विवाह भएको उदाहरणले पनि नारीलाई विवाहमा स्वतन्त्रता थियो भन्ने कुरा पुष्टि गर्दछ । हरेक परिवार र समाजमा कन्याको पूजा गरिन्थ्यो । छोरीलाई आफूले मन पराएको केटासँग विवाह गर्ने स्वतन्त्रता थियो । छोरीको विवाहमा माइती पक्षले धन सम्पत्ति दिने चलन थियो । विवाह गरेर गइसकेपछि पतिको सम्पत्तिमा पत्नीको पनि हक लाग्थ्यो । सती प्रथा तथा घुम्टो प्रथा जस्ता प्रथाहरू वैदिक समाजमा थिएनन् । वैदिक समाज नारीप्रधान समाज थियो । नारीको स्थानका विषयमा मनुस्मृतिमा यस्तो लेखिएको छ :

> यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता : ।
> यत्रैतास्तु न पूज्यन्ते सर्बैास्तत्राफला: क्रिया: ।।
> (जुन परिवार वा समाजमा नारीको सम्मान गरिन्छ त्यहाँ देवताले वास गर्दछन् । तर नारीको तिरस्कार हुने परिवार वा समाजमा भने जस्तासुकै काम गरिए पनि ती सफल र फलदायी हुँदैनन् ।)

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) वैदिक सभ्यता कुन ग्रन्थको नामबाट नामाकरण गरिएको हो ?

(ख) वेदको शाब्दिक अर्थ के हो ?

(ग) वेदका ऋचाहरूको प्रचारप्रसार कसरी गरिन्थ्यो ?

(घ) श्रुति र स्मृतिको अर्थ लेख्नुहोस् ।

(ङ) वेदलाई किन श्रुति ग्रन्थ भनिएको हो ?

च) कस्तो शिक्षा पद्धतिलाई गुरूकुल शिक्षा पद्धति भनिन्छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) वेद र वैदिक सभ्यताको छोटकरीमा परिचय दिनुहोस् ।

(ख) वैदिक समाजका मानिसहरू पितृउद्धार र परलोक सुधारका लागि तीर्थव्रत र यज्ञहरू गर्दथे ।

अहिलेका मानिसहरूले पितृउद्धार र परलोक सुधारका लागि के कस्ता क्रियाकलापहरू गर्दछन् ? छोटकरीमा लेख्नुहोस् ।

(ग) किन वैदिक साहित्यलाई श्रुतिस्मृतिमा आधारित साहित्य भनिएको हो ? आफ्नो विचार लेख्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) वैदिक समाजमा महिलाको स्थान कस्तो थियो ? मनुस्मृतिका आधारमा चर्चा गर्नुहोस् । त्यस समाजका महिला र वर्तमान समाजका महिलाहरूको जिम्मेवारी उल्लेख गर्नुहोस् । तपाईंलाई कुन समाजका महिलाहरूको जिम्मेवारी राम्रो लाग्यो ? कारण दिँदै आफ्नो विचार सङ्क्षेपमा लेख्नुहोस् ।

(ख) वैदिक समाजका मानिसहरूका आर्थिक क्रियाकलापहरू के के थिए ? पहिलेका मानिस र अहिलेका मानिसका आर्थिक क्रियाकलापबिचका समानता र भिन्नताहरू लेख्नुहोस् ।

## परियोजना कार्य

तलको तालिकामा नेपालमा अभ्यास गरिँदै आएका कुनै ५ धर्महरू र तिनीहरूका मूल धर्मग्रन्थको नाम लेख्नुहोस् ।

| क्र.स. | धर्म | ग्रन्थ |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

# एकाइ चार

# विश्वका क्रान्तिहरू

## पाठ १

## रुसी क्रान्ति (सन् १९१७) का कारणहरू
## (Causes of Russian Revolution 1917 AD)




विभिन्न समयमा विभिन्न मुलुकहरूमा क्रान्तिहरू भएका छन् । क्रान्ति भनेको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि क्षेत्रमा गरिने आमूल परिवर्तन हो । राजनीतिक क्रान्तिले पुरानो सत्तालाई विस्थापित गरेर नयाँ सत्ता स्थापना गर्दछ । यस प्रकार शक्ति, अधिकार र सुविधाका लागि दुई पक्षका बिचमा तानातानको अवस्था उत्पन्न हुन्छ । दुवैले आफ्ना शक्तिको प्रदर्शन र प्रयोग गर्ने हुनाले राजनीतिक क्रान्तिहरू हिंसात्मक हुन्छन् । रुसी क्रान्तिले जारको शासनको अन्त्य गरी किसान र मजदुरको सरकार स्थापना गरेको थियो र साम्यवादी राजनीतिक व्यवस्थाको थालनी भएको थियो । रुसी क्रान्तिका केही महत्त्वपूर्ण कारणहरू यस प्रकार थिए :

### १. जारको निरङ्कुश शासन

रुसमा जारको शासन कायम थियो । रुसी भाषामा राजालाई जार भनिन्थ्यो । जार स्वेच्छाचारी थिए । उनले आफूलाई ईश्वरका प्रतिनिधि मान्दथे । यहाँको शासनमा जनप्रतिनिधिहरू रहँदैन्थे । जार र उनका नातेदारहरूले असीमित अधिकार प्रयोग गर्दथे भने जनतामाथि कठोर दमन थियो । नागरिकहरूलाई गाँस, वास, कपासको समस्या थियो । आफ्ना मनका कुरा अभिव्यक्त गर्ने स्वतन्त्रता थिएन । देशमा भएको अन्याय, अत्यार, भ्रष्टाचार र शोषणको विरुद्धमा आवाज उठाउनेलाई कठोर यातना दिइन्थ्यो ।


जार निकोलस द्वितीय

सन् १८९४ मा २६ वर्षको उमेरमा जार निकोलस द्वितीयले रुसको राज्यरोहण गरेका थिए । उनी आत्मनिर्णय गर्न नसक्ने र कमजोर प्रकृतिका सम्राट थिए । उनमा राजनीतिक ज्ञान थिएन । अत: उनले

हरेक कुरामा जरिनाको सहयोग र सल्लाह लिने गर्दथे । जरिना निकै जब्बर स्वभावकी थिइन् । त्यसैले जारमाथि जरिना र अन्य दरबारियाहरूको गहिरो प्रभाव रहेको थियो । त्यसबेला रुसमा रासपुटिन नाम गरेका एक जना चरित्रहीन पादरी थिए । जरिनाले उनलाई निकै मन पराउँथिन् । रुसी जनताले रासपुटिनलाई घृणा गर्दथे तर जरिनासँगको सम्पर्कले उनी नै रुसका प्रभावशाली व्यक्ति बनेका थिए । यसले गर्दा रुसी जनता दरबारको विरोधी बन्न गए ।

सन् १९०४-०५ को रुस-जापान युद्धमा रुसको पराजय भएको थियो । रुसी सेना अनुशासनहीन भएको र युद्धका बेला सेनाका लागि पर्याप्त सुविधा र हतियार नभएको हुनाले युद्धमा पराजित हुनु परेको थियो । यो पराजय हुनुमा जारको कमजोर स्वभाव र जरिना तथा रासपुटिनको स्वार्थी निर्णयहरू जिम्मेवार भएको रुसी जनताको मूल्याङ्कन थियो । यस्तो गम्भीर परिस्थितिमा पनि स्वविवेकले निर्णय लिन नसक्ने हुनाले रुसी जनता जार र राजतन्त्रका विरोधी बन्न गए ।


जार निकोलस द्वितीयको समयसम्म आइपुग्दा देशमा अत्याचारले सीमा नाघिसकेको थियो । जनताले देशको यो अवस्थामा सुधार गर्न चाहन्थे । त्यसैगरी जार निकोलस द्वितीयले आफ्नो समर्थन नगर्ने जनतामाथि कठोर दमन गर्न थाले । देशमा सैनिक कानुन (Martial Law) लगाइयो । सन् १९०५ को जनवरी २२ तारिख आइतबारको दिनमा सेन्ट पिटरवर्गमा मजदुरहरूको शान्तिपूर्ण जुलुसले जारसमक्ष आफ्ना मागहरू राख्नका लागि राजदरबारतर्फ गइरहेको अवस्थामा शाही सेना/प्रहरीले गोली चलाई धेरै मजदुरहरूको ज्यान लियो । यो घटनालाई रुसको इतिहासमा "रक्तिम आइतबार" (Bloody Sunday) भनेर चिनिन्छ । यसले रुसी जनतामा राजतन्त्रप्रति नै वितृष्णा उत्पन्न भयो ।

### २. सामाजिक भेदभाव

रुसी क्रान्ति अगिको समाज मूलतः दुई वर्गमा विभाजित थियो । तिनीहरू कुलीन वर्ग र किसान वर्ग थिए । सामन्त, उच्च पदाधिकारी, राजपरिवार र उनीहरूका नातेदारहरू कुलीन वर्गमा पर्दथे । यो वर्ग सुविधा प्राप्त वर्ग थियो । देशको प्रशासनिक, राजनीतिक तथा आर्थिक अधिकार यही वर्गमा निहित थियो । देशका उद्योग र मलिला जमिन यही वर्गको अधीनमा थिए । यो वर्गलाई राज्यले विशेष राहत र सुविधाहरू उपलब्ध गराउँथ्यो भने आफ्नो सम्पत्तिको कुनै किसिमको करसमेत तिर्नु पर्दैन्थ्यो । देशमा यो वर्गको सङ्ख्या थोरै र सीमित थियो । तर यही वर्गले देशको अधिकार तथा सम्पत्तिको ठुलो हिस्सा ओगटेको थियो ।

त्यसैगरी अर्को वर्ग किसान वर्ग थियो । यो सुविधाविहीन वर्ग थियो । देशको जनसङ्ख्याको ठुलो अंश यही वर्गको थियो । यी किसानहरू भू-दास (Serfs) थिए । भू-दास भनेको मालिकको जमिनमा खेती गरेर बस्ने मानिसहरू हुन् । यिनीहरूको आफ्नो सम्पत्ति तथा स्वतन्त्रता हुँदैन्थ्यो । आफूले उब्जाएको अन्न मालिकलाई बुझाउँनु पर्दथ्यो र मालिकले आफ्नो जमिन बेच्दा यिनीहरू पनि जमिनसँगै बेचिन्थे । यस्तो सामाजिक भेदभावको अन्त्य गर्नु जरुरी भएकाले सामाजिक भेदभाव रुसी क्रान्तिको एउटा कारण बन्न गयो । त्यस्तै पछिल्लो समयमा उद्योगको विकास भएपछि मजदुर वर्गको निर्माण भयो । यो वर्ग पनि सुविधाविहीन वर्ग थियो ।

### ३. बौद्धिक कारण



इभान तुर्गनेफ

कुनै पनि घटना घट्नका लागि बौद्धिक कारणको निकै महत्त्वपूर्ण भूमिका रहन्छ । बौद्धिकता भनेको चेतनाको विकास हो । चेतनाको विकास भएपछि मानिसले सत्य र असत्यका बिचको भिन्नता थाहा पाउँछ र सत्यको मार्ग अवलम्बन गर्दछ । यस कालका इभान तुर्गनेफ, लियो टाल्सटाय, म्याक्सिम गोर्की आदि जस्ता विद्वानहरूले विदेशी किताबको रुसी भाषामा अनुवाद गरे । यसका कारणले रुसी जनताहरूले अन्य मुलुकमा चलेको शासन व्यवस्था तथा राजनीतिक सिद्धान्तहरूको अध्ययन गर्ने र आफ्नो मुलुकको अवस्थासँग तुलना गर्न थाले । त्यसैगरी विद्वानहरूले नयाँ सिर्जनासमेत गरे । विभिन्न पत्रपत्रिकाको भूमिगत रूपमा प्रकाशन हुन थाल्यो । विद्वानहरूको यस्तो योगदानका कारणले रुसी जनताले त्यहाँको यथार्थ अवस्थाको जानकारी पाए । उनीहरू आफ्ना अधिकारको उभयोग गर्नका लागि जार शासनका विरुद्ध जागरुक हुन थाले । अत: विद्वानहरूको योगदान रुसी क्रान्तिको महत्त्वपूर्ण कारण बन्न गयो ।

### ४. ड्युमाप्रति जनताको असन्तोष

ड्युमा भनेको संसद् हो र यसका सदस्य जनप्रतिनिधिहरू हुनुपर्ने हो । रुसका जनताहरूको असन्तोष बढ्दै गएपछि उनीहरूलाई शान्त पार्ने उद्देश्यले जारले ड्युमाको निर्माण गरे । यो केवल देखावटी मात्र थियो । यसले स्वतन्त्र रूपले निर्णय गर्न सक्दैन्थ्यो । अर्कोतर्फ ड्युमाका सदस्यहरू पनि जननिर्वाचित प्रतिनिधिहरू थिएनन् । विशाल रुसको ठुलो जनसङ्ख्याको प्रतिनिधित्व हुन सकेको थिएन । यिनीहरू जारद्वारा मनोनित व्यक्तिहरू थिए र पादरी, कुलीन तथा उच्च वर्गका मानिसहरू मात्र थिए । यिनीहरूले जनताका अधिकारहरू स्थापित गर्न चाहँदैन्थे । ड्युमाले जार तथा जरिनाका इच्छाअनुसार काम गर्ने गर्दथ्यो । त्यसैले रुसका जनतामा त्यहाँको तत्कालीन ड्युमाप्रति वितृष्णा फैलिएको थियो । रुसी जनताहरू आफ्नो प्रतिनिधित्व गर्न सक्षम ड्युमाको निर्माण गर्न चाहन्थे । अत: जारको ड्युमा निर्माण गर्ने कदम पनि क्रान्तिको एउटा कारण बन्न गयो ।

### ६. रुसीकरणको नीति


मजदुर हडताल

रुसको विशाल साम्राज्यमा स्लाभ जातिबाहेक अल्पसङ्ख्यक फिन, कोल, यहुदी, पोल, जर्मन आदि जस्ता जनजातिहरूको पनि बसोबास थियो । उनीहरूका आफ्ना भाषा, परम्परा तथा संस्कृति थिए । अलेक्जेन्डर तृतीयले रुसीकरणको नीतिको कार्यान्वयन गर्दै रुसी भाषा तथा संस्कृतिलाई अनिवार्य गरे । यसको

विरोध गर्नेहरूलाई निर्ममतापूर्वक दमन गरियो । यो नीतिका कारणले अल्पसङ्ख्यकहरूको भाषा, परम्परा तथा संस्कृतिमाथि आघात पर्‍यो । उनीहरूलाई आफ्नो संस्कृतिमाथिको प्रहार मन परेन । त्यसैले आफ्नो संस्कृति तथा भाषाको रक्षा गर्नका लागि अल्पसङ्ख्यक जातिहरू जारको शासनको विरोधमा एकजुट हुन थाले ।

### ७. मजदुर वर्गको सिर्जना

रुसको अर्थतन्त्र कृषिमा आधारित भए पनि अलेक्जेन्डर तृतीयको शासन कालदेखि विदेशी लगानीमा उद्योगहरूको स्थापना भयो । उद्योगहरूको स्थापना सँगसँगै मजदुर वर्गको सिर्जना भयो । यसपछि रुसमा मालिक र मजदुरका बिचमा द्वन्द्वको अवस्था आयो । मालिकहरू लामो समयसम्म थोरै पारिश्रमिकमा मजदुरहरूलाई काम लगाउँथे । मालिकहरूले धेरै नाफा कमाउँथे र मजदुरहरूलाई थोरै दिन्थे । यसले गर्दा मजदुर वर्गको शोषण हुन गएको थियो । यही वर्गले आफ्नो अधिकारको माग गर्दै क्रान्तिको नेतृत्व गर्‍यो । जसको परिणामस्वरूप जारतन्त्रको अन्त्य भई मजदुर वर्गको सत्ता स्थापना भयो ।

### ८. राजनीतिक दलको स्थापना

रुसमा समाजवादी क्रान्तिकारी र समाजवादी प्रजातान्त्रिक गरी दुई दलहरूको भूमिगत रूपमा स्थापना भएको थियो । समाजवादी क्रान्तिकारी दलले किसानहरूलाई सङ्गठित गर्दै थियो भने समाजवादी प्रजातान्त्रिक दलले मजदुरहरूलाई सङ्गठित गरिरहेको थियो । सन् १९०३ मा भएको समाजवादी प्रजातान्त्रिक दलको अधिवेशनमा दुई धारहरू देखा परे । जुलियस मारटोभले एउटा समूहको नेतृत्व गरे यसलाई “मेन्सेभिक” भनियो । “मेन्सेभिक” को अर्थ अल्पमत हो । यो धार नरमपन्थीहरूको थियो । यिनीहरू विस्तारै समाज सुधार गर्दै जाने पक्षमा थिए । त्यस्तै भ्लादिमिर लेनिन (Vladimir Lenin) ले क्रान्तिकारी पक्षको नेतृत्व गरे । यसलाई “बोल्सेभिक” भनियो । बोल्सेभिकले क्रान्तिबाट देशमा आमूल परिवर्तन गर्ने लक्ष्य निर्धाराण गर्‍यो । यी दुवै दलहरूले जनतालाई जारको विरुद्धमा सङ्गठित गर्दै गए । अत: राजनीतिक दलहरूको स्थापना रुसको क्रान्तिको मूल कारणमध्ये एक थियो ।

### ९. तत्कालनी कारण

रुसी क्रान्तिका तत्कालीन कारणहरू प्रथम विश्वयुद्धमा रुसको पराजय तथा अनिकाल थिए । प्रथम विश्वयुद्धमा रुस पराजित हुनुको प्रमुख कारण जार शासकले रुसी सेनालाई अनुशासनमा राख्न नसक्नु र उनीहरूको राम्रो प्रबन्ध नमिलाउनु थियो । यसबाट जनता तथा सेनामा जारको शासनप्रति अविश्वास पैदा भइसकेको थियो । त्यसैगरी सन् १९१६ मा रुसी जनताले ठुलो अनिकालको सामना गर्नु पर्‍यो । खेतीपाती गर्ने किसानहरूको ठुलो समूहलाई जार शासकले युद्धमा पठाएका थिए । यसले गर्दा रुसमा खेती गर्ने मानिस भएनन् र अनिकाल पर्‍यो । यस्तो अवस्थामा जारले सेनाको मनोबल बढाउने र अनिकाल पीडित जनताहरूलाई राहत दिने कुनै किसिमकाल कार्यक्रम ल्याएनन् । सन् १९१७ को मार्च ७ मा अनिकाल पीडित मजदुरहरूले पेट्रोग्राड भन्ने स्थानमा रोटी लुटेर रुसी क्रान्तिको थालनी गरे ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) रुसी समाजमा कायम रहेका दुई वर्गको नाम लेख्नुहोस् ।

(ख) भू-दास भनेको कस्तो वर्ग हो ?

(ग) रुसमा सम्राटलाई के भनिन्छ ?

(घ) बौद्धिकता भनेको के हो ?

२. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) क्रान्तिको परिचय दिँदै राजनीतिक क्रान्ति हिंसात्मक हुनुका कारणहरू उल्लेख गरी कुनै स्थानीय पत्रिकाको लागि एक सम्पादकीय लेख्नुहोस् ।

(ख) रुसी क्रान्ति हुने समयमा रुसको समाज र वर्तमान नेपाली समाजको तुलना गर्दै यी दुई समाजका बिचमा देखिएका कुनै तीन समानता र कुनै तीन भिन्नताहरू लेख्नुहोस् ।

(ग) एक रुस, एक रुसी भाषा, एक रुसी संस्कृति" भन्ने रुसीकरणको नीति थियो । यो रुसीकरणको नीति नै त्यहाँको क्रान्तिको एउटा कारण थियो । एक देशमा बस्ने मानिसले एकै भाषा र एकै संस्कृतिको अवलम्बन गर्नु राम्रो होइन र ? यसको पक्ष वा विपक्षमा आफ्ना तर्कहरू राख्नुहोस् ।

३. **छोटो परिचय दिनुहोस् :**

(क) जार निकोलस द्वितीय (ख) जरिना (ग) रासपुटिन (घ) ड्यूमा (ङ) खुनी रविबार


## परियोजना कार्य

सन् १९१७ मा भएको रुसको क्रान्तिले त्यहाँबाट राजाको शासन अन्त्य गरेको थियो ? नेपालमा भएको २०६२/०६३ को आन्दोलनको परिणामस्वरूप राजतन्त्रको अन्त्य भएको थियो । रुसको क्रान्ति र नेपालको आन्दोलनबिचका समानता र भिन्नताहरू तालिकामा देखाउनुहोस् ।

| क्र.स. | नेपालको आन्दोलन र रुसको क्रान्तिको समानता | क्र.स. | नेपालको आन्दोलन र रुसको क्रान्तिको भिन्नता |
|---|---|---|---|
| १. | | १ | |
| २. | | २ | |
| ३. | | ३ | |
| ४. | | ४ | |

## पाठ २ रुसी क्रान्ति : घटना र परिणामहरू

### १. क्रान्तिको थालनी र जार शासनको अन्त्य


प्रिन्स ल्भोभ

भोकमरी र अनिकालले पीडित रुसी जनताहरूले पेट्रोग्राडमा ७ मार्च १९१७ का दिनमा रोटी लुटेर क्रान्तिको थालनी गरेका थिए । पेट्रोग्राड रुस साम्राज्यको राजधानी थियो । पेट्रोग्राडको अर्को नाम सेन्ट पिटरवर्ग हो । त्यसको अर्को दिन कारखानामा काम गर्ने महिला मजदुरहरूले युद्धको अन्त्य, जार शासनको अन्त्य र रोटीको माग गर्दै प्रदर्शन गरे । निरन्तर मजदुर हड्ताल र प्रदर्शनीहरू हुन लागे । मजदुरहरू कारखाना बन्द गरेर क्रान्तिमा निस्कन थालेपछि जारले मजदुरहरूलाई कारखानमा फर्कने आदेश दिए तर मजदुरहरूले यो आदेशको अवज्ञा गरे । विद्रोह दबाउनका लागि जारले प्रहरी पठाए । प्रहरीले चलाएको गोलीले केही प्रदर्शनकारीहरूको ज्यान गयो । तर उनीहरू आत्तिएनन् बरु प्रहरीबाटै हतियार खोस्न सफल भए । यसरी प्रहरी असफल भएपछि मजदुरहरूको दमन गर्नका लागि जारले सेना परिचालन गरे तर १२ मार्चमा पेट्रोग्राडमा सैनिकहरूले मजदुरमाथि गोली चलाउन मानेन् । साठी हजार सैनिकहरूले क्रान्तिकारीहरूको समर्थन गरे । १४ मार्चमा मजदुर र सैनिक प्रतिनिधिहरू सम्मिलित अस्थायी सरकार गठन गरेर जारलाई चुनौती दिइयो र "प्रिन्स ल्भोभ"लाई अस्थायी सरकारको प्रधानमन्त्री बनाइयो । देशमा यस्तो अवस्था सिर्जना भएपछि कतैबाट कुनै किसिमको सहयोग प्राप्त नहुँदा सन १९१७ मार्च १५ मा जारले सिंहासन त्याग गरे ।

जारले गद्दी त्यागेपछि केरेन्स्कीलाई सरकार प्रमुख बनाइयो । यसरी क्रान्ति सुरु भएको एक सातामानै रुसमा जारको शासनको अन्त्य भयो । यो क्रान्तिलाई मार्चको क्रान्ति भनेर चिनिन्छ ।

### २. लेनिन र बोल्सेभिक क्रान्ति


रुसी क्रान्ति

रुसका महान नेता भ्लादिमिर इलियाच लेनिनको जन्म सन् १८७० मा रुसको भोल्गा नदीको किनारमा अवस्थित एउटा गाउँको साधारण परिवारमा भएको थियो । उनी कानुनका विद्यार्थी थिए । उनका क्रान्तिकारी विचारका कारणले उनलाई साइबेरियामा निर्वासित गरी कैद गरिएको थियो । साइबेरिया चिसो ठाउँ भएकाले जार सरकारले सजाय दिनुपर्ने

मानिसलाई साइबेरियामा लगेर कैद गर्दथ्यो । सन् १९०० मा उनलाई कैद मुक्त गरी देश निकाला गरियो । त्यसपछि उनले स्विट्जरल्यान्डमा निर्वासित जीवन बिताउन लागे । उनी निर्वासित भएका बखत पत्रिकाहरू प्रकाशित गर्दथे र गुप्त रूपले रुसमा पठाउने गर्दथे । सन् १९०३ मा उनको नेतृत्वमा बोल्सेभिक दलको स्थापना भएको थियो । उनी विद्यालय पढ्दादेखि नै मार्क्सवादी विचारबाट प्रभावित भएका थिए । मार्च क्रान्ति सफल भएर जारको शासन अन्त्य हुँदा पनि लेनिनलाई सरकारले आफ्नो देशमा आउने अनुमति दिएको थिएन । सन् १९१७ को अप्रिल महिनामा लेनिन गोप्य रूपले पेट्रोग्राड आई बोल्सेभिकहरूको नेतृत्व लिए । स्टालिन र ट्राटस्कीले लेनिनका विचारको स्वागत र समर्थन गरे ।

रुसका मजदुर, किसान तथा सेनाले युद्धको अन्त्य, उद्योगको सरकारीकरण तथा भूमिहीनहरूलाई जमिनको वितरणको माग गरेका थिए । तर यो सरकार पुँजीपतिहरूको सरकार भएकाले जनताका आधारभूत कुराहरूप्रति ध्यान दिएन । त्यसैले रुसी मजदुर, किसान तथा सेना केरेन्स्की सरकारबाट सन्तुष्ट थिएनन् । यसै बखत लेनिनले बोल्सेभिकको नेतृत्व आफ्नो हातमा लिए र केरेन्स्की सरकारलाई चुनौती दिए । केरेन्स्की सरकारले बोल्सेभिकहरूलाई कारबाही गर्न थाल्यो । बोल्सेभिकले २५ हजार सशस्त्र मजदुरहरू तयार पारेको थियो, जसलाई लाल रक्षक (Red Guards) भनिन्थ्यो । ७ नोभेम्बर १९१७ मा बोल्सेभिक क्रान्ति भयो । पेट्रोग्राडको सेनाले समेत बोल्सेभिकलाई साथ दियो । केरेन्स्की रुसबाट भागे । लेनिनको अध्यक्षतामा सर्वहारा वर्गको अधिनायकवादी सरकार गठन भयो । यसलाई विश्वको इतिहासमा नोभेम्बर क्रान्तिका नामले समेत चिनिन्छ ।

### ३. रुसी क्रान्तिका परिणामहरू

विश्वको इतिहासमा बोल्सेभिक क्रान्तिलाई फरक रूपमा हेरिन्छ किनभने यो युद्धपछि संसारमा नयाँ राजनीतिक सिद्धान्तको अभ्यास भएको थियो । यसका परिणामहरूलाई निम्नलिखित बुँदागत रूपमा अध्ययन गरिन्छ :

#### (क) सर्बहारा वर्गको अधिनायकवादको स्थापना

नोभेम्बर क्रान्तिभन्दा अगाडि रुसको जमिन, उद्योग तथा अन्य कुराहरू पादरी र कुलीन वर्गको नियन्त्रणमा थिए । लेनिनले सत्ता कब्जा गरेपछि चर्चको सम्पत्ति राष्ट्रियकरण गरे। जमिनहरू भूमिहीन वर्गलाई बाँडियो । उद्योगहरू मजदुरको नियन्त्रणमा आए । सम्पत्तिको राष्ट्रियकरण गरियो । यसलाई युद्ध साम्यवाद मानिन्छ । तर यसले रुसको आर्थिक अवस्थामा ज्यादै नकरात्मक प्रभाव पार्‍यो । यसकारण सन १९२१ मा युद्ध साम्यवादलाई हटाई नयाँ आर्थिक नीति लागु गरियो । सन् १९२४ पछि पुन: स्टालिनले नयाँ आर्थिक नीतिको अन्त्य गरी राष्ट्रियकरणको नीति अपनाए ।


लेनिन

सन् १९१८ मा निर्माण गरिएको संविधानअनुरसार पादरी, जमिन्दार र भूमिपति वर्गलाई मताधिकारबाट समेत वञ्चित गरिएको थियो । यसरी लेनिन, ट्राटस्की तथा स्टालिन जस्ता व्यक्तित्वहरूको नेतृत्वमा रुसमा साम्यवादी शासनको स्थापना गरियो ।

**(ख) विश्व शक्तिको रूपमा रुसको उदय**

बोल्सेभिक क्रान्तिपछि रुसमा नयाँ आर्थिक नीति कार्यान्वयन गरियो । महिला र पुरुषबिचको भिन्नता अन्त्य भयो । स्टालिनले पञ्चवर्षीय योजना बनाई कार्यान्वयन गरे । जसको परिणामस्वरूप रुसले कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, विज्ञान आदि क्षेत्रमा उल्लेख्य प्रगति गर्‍यो । युरोपको पिछडिएको रुस केही कालमा नै विश्वको शक्तिशाली राष्ट्रका रूपमा स्थापित भयो । सन् १९२९ देखि १९३२ सम्म विश्वका विभिन्न मुलुकहरू चरम आर्थिक मन्दीको मारमा परे तर रुसमा भने आर्थिक मन्दीको कुनै प्रभाव परेको थिएन ।

**(ग) नयाँ सिद्धान्तहरूको स्थापना र साम्यवादको प्रचार**

बोल्सेभिक क्रान्तिभन्दा अगाडि विश्वका सबै मुलुकमा सामन्तवादी सिद्धान्तमा आधारित पुँजीपति तथा कुलीन वर्गको सर्वसत्तावाद स्थापित थियो । बोल्सेभिक क्रान्तिले सर्वहारा, किसान, मजदुर वर्गलाई प्राथमिकतामा राख्यो । यसरी सामन्तवादको विरुद्धमा साम्यवादी सिद्धान्तको विकास भयो । साम्यवादी सिद्धान्तमा आधारित राजनीतिक व्यवस्था तत्कालीन रुसका लागि वरदान भएको थियो । त्यसैले अन्य मुलकहरूमा समेत यो सिद्धान्तको प्रचारप्रसार गर्नका लागि थर्ड इन्टरनेसनल (Third International) को स्थापना गरियो । स्टालिनले पनि धेरै मुलुकहरूमा यसको प्रचार प्रसार गरे । विश्वका झन्डै २५ भन्दा बढी देशहरूले यो व्यवस्थाको अभ्यास गरे ।

**(घ) धार्मिक शोषणको अन्त्य**

रुसमा चर्च र पादरीहरूले जनताको शोषण गर्ने र जारको शासनलाई टेवा दिने कार्य गरेका थिए । चर्चहरू सबै अन्धविश्वासका केन्द्र थिए । यिनीहरूले जारलाई परमेश्वर हुन् भनेर प्रचार गर्दथे । बोल्सेभिक क्रान्ति भइसकेपछि पादरी वर्गलाई मताधिकारबाट समेत बञ्चित गरियो । चर्चका सम्पत्तिहरू राष्ट्रियकरण गरिए । चर्चहरूले चलाएका स्कुल बन्द गरिए । चर्चहरूलाई सङ्ग्राहलय तथा सरकारी कार्यालयका रूपमा प्रयोग गर्न थालियो ।

**(ङ) अन्य मुलुकहरूमा जागरण**

बोल्सेभिक क्रान्तिको परिणामस्वरूप रुसमा भएको परिवर्तनले विभिन्न मुलुकहरूमा प्रत्यक्ष प्रभाव पार्न थाल्यो । विभिन्न मुलुकका जनताहरू सचेत भई आफ्ना अधिकारहरूको दावी गर्न लागे । सामन्तवादी शासन चलाइरहेका राज्यका सरकारहरू आफ्नो देशमा पनि रुसमा जस्तै क्रान्ति होला कि भनेर आत्तिए । ती र ाज्यहरूले किसान तथा मजदुरको अवस्था सुधार गर्नका लागि केही योजनाहरू बनाई कार्यान्वयन गरे ।

(च) रुस विरुद्ध गठबन्धन

रुसमा साम्यवादी सरकारको स्थापना भएको कुरा युरोपका मुलुकहरूलाई मन परेको थिएन । त्यसैले साम्यवादी प्रभावलाई रोक्नका लागि युरोपेली मुलुकहरूले रुसलाई एक्ल्याउने प्रयास गरे । बोल्सेभिक विरुद्ध युरोपेली मुलुहरूले षडयन्त्र गरे पनि सफल हुन भने सकेनन् । यसरी विश्वमा एउटा पुँजीवादी र अर्को साम्यवादी गरी दुई गुटहरू देखा परे ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) जार विरुद्ध रुसमा कहिलेदेखि क्रान्ति सुरु भएको थियो ?

(ख) जार विरुद्ध पेट्रोग्राडमा निस्केको जुलुसले के गरेर क्रान्तिको थालनी गरेको थियो ?

(ग) कसलाई लाल रक्षक भनिन्थ्यो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) जारले क्रान्तिकारीहरूलाई दमन गर्न परिचालन गरेका सेना र प्रहरीले कस्ता क्रियाकलापहरू गरे ? सङ्क्षेपमा लेख्नुहोस् ।

(ख) अस्थायी सरकार भनेको कस्तो सरकार हो र रुसको क्रान्तिको समयमा कस्तो नेतृत्वमा अस्थायी सरकार गठन गरिएको थियो ?

(ग) जारको शासनको अन्त्य भई "केरेन्स्की" को नेतृत्वमा सरकार गठन भएपछि पनि किन बोल्सेभिक क्रान्ति भएको थियो ?

(घ) बोल्सेभिक क्रान्तिको परिचय दिँदै सो क्रान्तिपछि कसरी सर्वहारा वर्गको अधिनायकत्व स्थापित भयो, उल्लेख गर्नुहोस् ।

(ङ) बोल्सेभिक क्रान्तिपछि लेनिनले पादरी वर्गमाथि कस्तो व्यवहार गरे ? वर्णन गर्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) 'जनताले चाहे भने जस्तोसुकै निरङ्कुश शासनको पनि अन्त्य गर्न सक्छन्' भन्ने कुरा रुसमा जार विरुद्ध भएको सफल क्रान्तिको परिणामले बताउँछ भन्ने कुरामा आआफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।


(ख) महिला पनि पुरुषजत्ति कै क्षमतावान् छन् भन्ने कुरा प्रष्ट पार्नका लागि रुसको क्रान्ति सफल पार्न महिलाले खेलेको भूमिकाको उदाहरण दिँदै एउटा पत्रिकाका लागि समाचार लेख्नुहोस् ।

४. **टिप्पणी लेख्नुहोस् :**

(क) थर्ड इन्टरनेसनल (Third International)

(ख) लेनिन र चर्च

# पाठ ३ भारतीय स्वतन्त्रता सङ्ग्राम (सन् १९४७) का कारणहरू


महात्मा गान्धी

औद्योगिक क्रान्तिको परिणामस्वरूप युरोपमा उद्योगको प्रचुर विकास भएपछि युरोपेली राष्ट्रहरूमा बजारको अभाव भयो । आफ्नो व्यापार विस्तार गर्ने उद्देश्यले सन् १६०० को डिसेम्बर महिनामा अङ्ग्रेजहरू भारत प्रवेश गरे । दिल्लीका शासक जहाँगिरको अनुमतिले सन् १७१९ मा सुरतमा अङ्ग्रेजले कम्पनी स्थापना गरे । यसपछि विस्तारै अङ्ग्रेजले कम्पनीहरू स्थापना गरी भारतको आन्तरिक मामिलामा हस्तक्षेपको थालनी गऱ्यो । सन् १७५७ को पलासीको युद्धबाट बङ्गाललाई विजय गरी अङ्ग्रेजले आफ्नो शासनको थालनी गऱ्यो । सन् १८५८ सम्ममा सम्पूर्ण भारत अङ्ग्रेजको उपनिवेश बनिसकेको थियो ।

सन् १८८५ पछि भारतीय नागरिकहरूमा स्वतन्त्रताको आवश्यकता महसुस भयो र विभिन्न सङ्गठित पहलहरू गरे । भारतबाट अङ्ग्रेजको शासन अन्त्य गरी स्वराज स्थापना गर्नका लागि गरिएको आन्दोलनलाई भारतीय स्वतन्त्रता सङ्ग्राम भनिन्छ । भारतीय स्वतन्त्रता सङ्ग्राम केवल सन् १९४७ मात्र भएको होइन । विभिन्न समयका चरणबद्ध आन्दोलनको परिणाम स्वरूप सन् १९४७ अगस्ट १५ मा भारत स्वतन्त्र भएको हो । भारतीय स्वतन्त्रता सङ्ग्रामका प्रमुख कारणहरू यस प्रकार थिए :

### १. भारतीय नागरिकहरूमा एकता कायम हुनु

अङ्ग्रेज सरकारले भारतीय नागरिकहरूप्रति कठोर दमन गरेको थियो । यो दमनको परिणामस्वरूप भारतीयहरूमा अङ्ग्रेजका विरुद्ध एकता कायम भयो । यही एकताले नै भारतीय स्वतन्त्रता सङ्ग्राम सम्भव भयो ।

### २. अन्तर्राष्ट्रिय क्षेत्रको प्रभाव पर्नु

प्रथम र द्वितीय विश्वयुद्धपछि युरोप तथा दक्षिण अमेरिकाका विभिन्न मुलुकहरू स्वतन्त्र भए । यो स्वतन्त्रताले भारतीयहरूमा पनि स्वतन्त्रताको चाहना वृद्धि भयो । साथै एकतापूर्ण आन्दोलन गरेमा स्वतन्त्रता प्राप्त गर्न सकिन्छ भन्ने विश्वास पनि भयो । अत: यस प्रकारको अन्तर्राष्ट्रिय प्रभावले भारतीयहरूलाई राष्ट्रिय आन्दोलन गर्न प्रोत्साहन गऱ्यो ।

### ३. शिक्षा, सञ्चार तथा यातायातको विकास हुनु

अङ्ग्रेजको शासन कालमा भारतमा अङ्ग्रेजी शिक्षाको विकास भयो । भारतका विभिन्न प्रान्तहरूका भाषा फरक भएको कारणले गर्दा भारतीयहरूमा सम्पर्क स्थापित गर्न गाह्रो थियो । तर अङ्ग्रेजी भाषाको विकासका

कारणले गर्दा भारतीयहरूबिच आपसी सम्पर्कमा सहजता आयो । त्यसैगरी सञ्चारको विकासका कारणले अनुभव तथा विचारहरूको आदान प्रदान हुन गयो भने यातायातको विकासले भेटघाटमा सहजता ल्यायो । अत: शिक्षा, सञ्चार र यातायातको विकास भारतीय स्वतन्त्रता सङ्ग्रामको एउटा कारण बन्न गयो ।

**४. भारतीय नागरिकहरूप्रति अङ्ग्रेजले दुव्यवहार गर्नु**

अङ्ग्रेजहरूले आफूलाई उच्चकोटीको नागरिक सम्झन्थे र भारतीयहरूलाई निम्नकोटीका मानिस सम्झन्थे । भारतीयहरूले अङ्ग्रेजलाई सम्मान गर्नुपर्दथ्यो । त्यसैगरी अङ्ग्रेजहरूले उच्चस्तरका काम गर्दथे भने भारतीयहरूलाई निम्न तहका काममा लगाउँथे । सरकारी सेवामा समेत अङ्ग्रेजले नै प्राथमिकता पाउँथे । भारतीयहरूले रेलको पहिलो स्तरको डब्बामा यात्रा गर्न पाउँदैनथे । उनीहरूलाई सार्वजनिक स्थानहरूमा जान प्रतिबन्ध थियो । राति ९ बजेपछि उनीहरूलई बाहिर निस्कन मनाही गरिएको थियो । यसरी भारतीयहरू आफ्नै देशमा अपहेलित थिए । उनीहरूले आफ्नो इज्जत फिर्ता लिन चाहन्थे ।

**५. लर्ड लिट्टनले भारतीयहरूको अहित हुने नीति निर्माण गर्नु**

लर्ड लिट्टनले सन् १८७६ देखि १८८० सम्म भारतका लागि भाइस रायका रूपमा काम गरे । भाइस राय भनेको भातरको मामिला हेर्नका लागि इङ्ग्ल्यान्डबाट नियुक्त भई आउने अङ्ग्रेजी प्रतिनिधि हो । लिट्टन भारतीयहरूप्रति कठोर स्वभावका मानिस थिए । सकेसम्म भारतीयहरूलाई अधिकारबाट वञ्चित गरी दमन गरेर राख्न चाहन्थे । उनले भारतीयहरूलाई भारतको सरकारी सेवामा प्रवेश नगराउने उद्देश्यले निजामती सेवामा प्रवेश गर्ने उमेर १९ वर्ष बनाए । यो उमेरमा कुनै पनि व्यक्तिलाई स्नातक तह उत्तीर्ण गर्न सम्भव हुँदैन ।

त्यसैगरी यिनले हतियार कानुन पारित गरी भारतीयहरूले हतियार राख्न चाहेमा अनुमति लिनुपर्ने तर गोरा (अङ्ग्रेज) लाई भने कुनै किसिमको अनुमति नचाहिने नियम बनाए । समाचारपत्रहरूमाथि प्रतिबन्ध लगाउने नियम बनाए । यो नियमलाई भर्नाकुलर ऐन भनिन्थ्यो । त्यसैगरी न्यायसम्बन्धी “इलबर्ट बिल” पारित गरे । यो बिल/नियमअनुसार कुनै पनि भारतीय न्यायधीशले गोराहरूको मुद्दामा फैसला गर्न नपाउने भयो । लर्ड लिट्टनका यस्ता क्रियाकलापहरूले भारतीयहरूलाई अङ्ग्रेज विरोधी बनाए ।

**६. भारतीय राष्ट्रिय काग्रेसको स्थापना**

भारतीय राष्ट्रिय काङ्ग्रेसको स्थापना अङ्ग्रेज विरुद्ध अभियान चलाउने उद्देश्यले भएको थिएन । यसको स्थापनाको प्रमुख उद्देश्य भारतको शासन व्यवस्थालाई प्रभावकारी बनाउनका लागि अङ्ग्रेज सरकारलाई सुझाव दिने उद्देश्यले भएको थियो । यसको स्थापना सन् १८८५ मा अवकाश प्राप्त अङ्ग्रेज अधिकारी अलान ओक्टाभियान ह्युम (Allan Octavian Hume) को सक्रियता र सल्लाहमा भएको थियो । यसले आफ्ना अधिवेशनहरू सम्पन्न गर्दै जाँदा आफ्नो उद्देश्यमा परिवर्तन गरी भारतीय स्वतन्त्रतालाई प्राथमिकतामा राख्यो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) युरोपेली राष्ट्रहरूलाई बजारको आवश्यकता किन पऱ्यो ?

(ख) अङ्ग्रेज कुन उद्देश्यले भारत प्रवेश गरेका थिए ?

(ग) कुन घटनाले अङ्ग्रेजलाई भारतमा शासन गर्ने अवसर मिल्यो ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) भारतीय राष्ट्रिय काङ्ग्रेसको स्थापना किन अङ्ग्रेजका लागि घातकसिद्ध भयो ? यसको स्थापनाको पृष्ठभूमिका आधारमा लेख्नुहोस् ।

(ख) भारतीय स्वतन्त्रता सङ्ग्राम भनेको कस्तो आन्दोलन हो ? सङ्क्षेपमा लेख्नुहोस् ।


३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) भारतमा अङ्ग्रेजको प्रवेश र कम्पनीको स्थापनाका बारेमा समाचारपत्रका लागि एउटा सम्पादकीय लेख्नुहोस् ।

(ख) भारतमा अङ्ग्रेजहरूको प्रवेशले भारतमा के कस्तो प्रभाव परेको थियो ? सूची तयार पार्नुहोस् ।

(ग) कसैलाई दमन गर्न खोज्नु आफ्नै लागि घातक हुन्छ भन्ने विषयमा लर्ड लिट्टनले भारतीयहरूप्रति गरेको व्यवहार र त्यसको परिणामको चर्चा गर्दै दुई साथीहरूबिच संवाद लेख्नुहोस् ।

# पाठ ४ भारतीय स्वतन्त्रता सङ्ग्रामका घटनाहरू



दादाभाइ नैरोजी

भारतीय राष्ट्रिय काङ्ग्रेसको स्थापना नै भारतीय राष्ट्रिय आन्दोलनको घटक थियो । स्थापना कालमा काङ्ग्रेसका सदस्यहरूमा अङ्ग्रेज विरोधी भावना थिएन । अङ्ग्रेजका भारत विरोधी गतिविधिहरूले भारतीयहरूलाई अङ्ग्रेज विरोधी बनाइरहेको थिए । काङ्ग्रेसको स्थापनापछि भारतीयहरू आपसमा सङ्गठित हुँदै गए । राष्ट्रिय आन्दोलनको जिम्मेवारी भारतीय राष्ट्रिय काङ्ग्रेसले नै लियो । काङ्ग्रेसले गरेको राष्ट्रिय आन्दोलनलाई तीन चरणमा विभाजन गरिन्छ । पहिलो चरण काङ्ग्रेसको स्थापनादेखि सन् १९०६ सम्मको अवधि हो । यो नरमवादी आन्दोलनको युग हो । यस कालका नेताहरूले अङ्ग्रेजले भारतमा सुधार गरोस् भन्ने मात्रै चाहना राख्थे । यिनीहरूले भारतीय स्वतन्त्रताका बारेमा कुनै किसिमका आन्दोलनहरू गरेनन् । उनीहरूले केवल सुधारको मात्र माग गरे । यस कालमा दादाभाइ नैरोजी, फिरोज शाह मेहता, सुरेन्द्रनाथ बनर्जी, गोपालकृष्ण गोखले आदि जस्ता व्यक्तिहरूले काङ्ग्रेसको नेतृत्व गरेका थिए ।



लोकमान्य बालगङ्गाधर तिलक
तस्वीरः होम

भारतीय राष्ट्रिय काङ्ग्रेसको सन् १९०६ को कलकत्ता अधिवेशनले स्वराज स्थापनाका लागि अङ्ग्रेजसँग सङ्घर्ष गर्ने निर्णय गऱ्यो । यसपछि काङ्ग्रेसको नेतृत्व आमूल परिवर्तनकारी नेताहरूले गर्न लागे । यो समयदेखि भारतीय राष्ट्रिय आन्दोलनको इतिहासमा उग्रवादी युगको थालनी भयो । यस कालका नेताहरू लोकमान्य बालगङ्गाधर तिलक, विपीनचन्द्र पाल, लाला लाजपत राय आदि थिए । यो समयमा काङ्ग्रेसको नेतृत्वमा स्वदेशी आन्दोलन चालु भयो । यसका प्रमुख चार उद्देश्यहरू थिए । ती हुन :

(क) अङ्ग्रेजी सामान बहिष्कार गर्ने

(ख) अङ्ग्रेजी भाषामा भाषण नगर्ने

(ग) सरकारी पदहरूबाट त्यागपत्र दिने

(घ) विदेशी सामान खरिद गर्नेलाई सामाजिक बहिष्कार गर्ने ।

यसका विरुद्ध अङ्ग्रेज सरकारले धरपकडका गतिविधि चलायो भने काङ्ग्रेसले पनि बङ्गाल, पञ्जाब, मद्रास, महाराष्ट्र आदि स्थानहरूमा गोरा अफिसरहरू माथि हिंसात्मक आक्रमण गर्ने र ज्यान लिनेसमेत क्रियाकलाप गऱ्यो ।

यो उग्रवादी आन्दोलनले अङ्ग्रेज नराम्रोसँग तर्से पनि यसलाई दमन गर्न सफल भयो । प्रभावकारी सङ्गठन हुन नसक्नु, जनताको समर्थन र सहभागिता कम हुनु तथा प्रयाप्त हतियार र योद्धाहरू नहुनु यो आन्दोलनको असफलताका केही कारणहरू थिए ।

भारतीय राष्ट्रिय आन्दोलनको इतिहासमा सन् १९१९ पछि गान्धी युगको थालनी भयो । यस कालमा भएका केही आन्दोलनका घटनाहरू यस प्रकार छन् :

### १. जालियावाला बाग काण्ड

सन् १९१९ को अप्रिल १२ मा अङ्ग्रेज सरकारको दमनका कारण पञ्जाबमा १० जना व्यक्तिहरूको ज्यान गयो । यसको विरोध गर्नका लागि काङ्ग्रेसले अमृतसरको जालियावाला बाग (बगैँचा) मा एक विरोध सभाको आयोजना गऱ्यो । काङ्ग्रेसका नेता तथा कार्यकर्ता र स्वतन्त्रताप्रेमी नागरिकहरू बगैँचामा भेला भएपछि अङ्ग्रेजले बिना चेतावनी गोली चलायो । यसमा करिब ३८० जना भारतीयहरूको ज्यान गयो भने १२ सयभन्दा धेरै मानिसहरू घायल भए ।


जलियावाला बाग हत्याकाण्ड

### २. असहयोग आन्दोलन

जालियावाला बागको दु:खद् घटनापछि भारतीय राष्ट्रिय काङ्ग्रेसले अङ्ग्रेज विरुद्ध असहयोग आन्दोलन गर्ने निर्णय गऱ्यो । सन् १९२० को डिसेम्बर महिनाबाट यो आन्दोलनको थालनी भयो । सरकारबाट प्राप्त मानपदवी र पद त्याग गर्नुपर्ने, कुनै पनि सरकारी समारोहमा भाग नलिने, सरकारी स्कुलहरू बहिष्कार गरी राष्ट्रिय स्कुलमा आफ्ना छोराछोरीलाई भर्ना गर्नुपर्ने, अङ्ग्रेजको न्यायालय बहिष्कार गर्ने, विदेशी वस्तु बहिष्कार गर्नुपर्ने, घरेलु उद्योगको विकास गर्नुपर्ने, छुवाछुतको भावना त्याग्नु पर्ने जस्ता आन्दोलनका कार्यक्रमहरू थिए । यो कार्यक्रमको दौरानमा भारतभरिनै सरकारी स्कुल तथा विदेशी सामानहरूको बहिष्कार गरियो । काङ्ग्रेसले ४० लाख स्वयम्सेवक उत्पादन गऱ्यो । २० हजार चर्खा बनाइए । गान्धीले अङ्ग्रेजले दिएको “केसर हिन्द” को उपाधि त्याग गरे । आन्दोलन निकै चर्केपछि सरकारले गान्धीबाहेक काङ्ग्रेसका प्राय: सबै नेताहरूलाई गिरफ्तार गरी कैदमा राख्यो । यो आन्दोलनमा देशभरिमा झन्डै २० हजारभन्दा ज्यादा आन्दोलनकारीहरू गिरफ्तार गरिए ।

### ३. चौरीचौरा कान्ड

असहयोग आन्दोलन चलिरहेको बेला सन् १९२१ मा आन्दोलनकारीहरूले गोरखपुरको चौरीचौरामा प्रहरी ठानामाथि हमला गरे । करीब ३ हजार जतिको सङ्ख्यामा आन्दोलनकारीहरू थिए । उनीहरूले

ठानालाई आफ्नो कब्जामा लिई २१ जना सिपाहीको हत्या गरे । आन्दोलन हिंसात्मक हुन गएकाले गान्धीले असहयोग आन्दोलन फिर्ता लिए । यसपछि अङ्ग्रेज सरकारले गान्धीलाई गिरफ्तार गरी ६ वर्षको कारबासको सजाय दियो ।

### ४. साइमन कमिसनको विरोध


लाला लाजपत राय

भारतीयहरूको विरोधका कार्यक्रम बढ्दै गएपछि अङ्ग्रेजले भारतीयहरूलाई थामथुम पार्ने उद्देश्यले जोन साइमनको अध्यक्षतामा एउटा आयोगको गठन गऱ्यो । यसैलाई साइमन कमिसन भनिन्छ । यसको उद्देश्य भारतमा अङ्ग्रेज शासनको प्रभावकारिता र सुधार गर्नुपर्ने कुराहरूको अध्ययन गर्नु थियो । यो कमिसनमा एक जना पनि भारतीयहरूलाई समावेश गरिएको थिएन । काङ्ग्रेसले यो कमिसनलाई बहिष्कार गर्ने निर्णय गऱ्यो । सन् १९२८ मा यो कमिसन बम्बई पुग्दा साइमनलाई कालो झन्डा देखाई "साइमन गो ब्याक" का नारा लगाइयो । अङ्ग्रेजको लाठी प्रहारका कारण नेता लाला लाजपत रायको मृत्युसमेत भयो ।

### ५. सविनय अवज्ञा आन्दोलन

अङ्ग्रेज सरकारले भारतीयहरूका लागि बनाएका नियम कानुन उलङ्घन गर्नका लागि सविनय अवज्ञा आन्दोलन गरिएको हो । सन् १९३० को मार्च १२ देखि गान्धीले आफ्ना ७८ जना सहयोगीहरूका साथ सावरमतिबाट २४० माइल (३४६ कि.मी.) टाढा समुद्री किनारामा रहेको दाँडीसम्मको पैदल यात्राको थालनी गरे । उनले अप्रिल ६ मा समुद्रबाट नुन झिकेर अङ्ग्रेजको नुन करसम्बन्धी कानुन भङ्ग गरे । गान्धीको यो अभियानलाई दाँडी यात्रा भनेर चिनिन्छ । यसपछि भारतीयहरूले अङ्ग्रेजका कानुन, शिक्षा, सम्मान, पद, पदक, मानपदवी आदिको बहिष्कार गरे । यो आन्दोलनबाट आत्तिएर सरकारले यो आन्दोलनको नेतृत्व गरिरहेका गान्धीलगायत कैयौँ भारतीय नेताहरूलाई गिरफ्तार र कैद गऱ्यो । गान्धीलाई कैद गरेपछि दिन प्रतिदिन आन्दोलन अझै तीव्र हुँदै गयो ।

### ६. कुटनीतिक पहल


सुवासचन्द्र बोस

भारतमा चर्केको आन्दोलनलाई अन्त्य गर्नका लागि अङ्ग्रेजले बेलायतमा गोलमेच सम्मेलन गर्ने, भारतीयहरूसँग विभिन्न किसिमका सन्धि सम्झौता गर्ने र भारतका लागि अधिनियमहरू निर्माण गर्ने काम गऱ्यो । भारतीयहरू अङ्ग्रेजले बनाएका नीति नियमहरूबाट सन्तुष्ट हुन सकेनन् । त्यसैले आन्दोलन चर्किरह्यो । यसैबिच सन् १९३९ देखि दोस्रो विश्वयुद्धको थालनी भयो । यसबेला अङ्ग्रेजले काङ्ग्रेससँग सल्लाह नगरीकन भारतीयहरूलाई युद्धमा संलग्न गरायो । यसले गर्दा भारतीयहरू अङ्ग्रेजसँग रिसाए । यस युद्धमा जर्मनीले सफलता प्राप्त गर्दै जाँदा अङ्ग्रेज आत्तिएका

थिए । सुवासचन्द्र बोसले यो परिस्थितिलाई भारत र भारतीयहरूको पक्षमा सदुपयोग गर्न चाहन्थे तर गान्धी भने यो दु:खद घडीमा अङ्ग्रेजलाई धोका दिन चाहँदैन थिए । भारतलाई फकाउनका लागि अङ्ग्रेजले सन् १९४० को अगस्टमा एउटा प्रस्ताव राख्यो । जुन प्रस्तावअनुसार युद्ध सकिएपछि भारतीयहरूलाई केही राजनीतिक सुविधा दिने भनिएको थियो । तर भारतीय राष्ट्रिय काङ्ग्रेस र अल इन्डिया मुस्लिम लिगले यो प्रस्ताव अस्वीकार गरे । यस प्रस्तावलाई भारतको इतिहासमा "अगस्ट प्रस्ताव" भनेर चिनिन्छ । यस्ता पहलहरू सफल हुन नसकेपछि काङ्ग्रेसले आफ्नो सविनय अवज्ञा आन्दोलनलाई निरन्तरता दियो ।

### ७. काङ्ग्रेस विभाजन र आजाद हिन्द फौजको स्थापना

सन् १९३० को दशकमा काङ्ग्रेस पार्टीमा मतान्तर भयो । गान्धीले स्वायत्तताको प्रस्ताव राखेका थिए तर सुवासचन्द्र बोस र जबाहरलाल नेहरूले गान्धीको कुरालाई खण्डन गर्दै स्वतन्त्रताको प्रस्ताव अगाडि बढाए । पार्टीमा दुई धार देखापरेपछि सुवासचन्द्र बोस काङ्ग्रेसबाट अलग्गिएर "फरवार्ड ब्लक" नामको अर्कै दलको स्थापना गरे । सुवासचन्द्र बोसले युवाहरूलाई सम्बोधन गर्दै भारतीय युवाहरूलाई भनेका थिए-"मलाई रगत देऊ, म तिमीलाई स्वतन्त्रता दिने छु ।" सन् १९४१ मा सुवासचन्द्र बोस जापान र जर्मनीको सम्पर्कमा गए । यी राष्ट्रहरूले अङ्ग्रेजको विरुद्धमा युद्ध गरिरहेका थिए । वर्मा र मलायाको युद्धमा जापानले अङ्ग्रेजलाई हराएपछि भारतीय सेनाहरू जापानको बन्दी बनेका थिए ।

सुवासचन्द्र बोसले यिनै बन्दी भारतीयहरूलाई लिएर "आजाद हिन्द" फौजको स्थापना गरे । यो फौजले जापानसँग मिलेर अङ्ग्रेजको विरुद्ध युद्ध गर्न थाल्यो । सन १९४५ मा जापानको पराजयसँगै आजाद हिन्द फौज पनि पराजित भई अङ्ग्रेज सामु आत्मसमर्पण गऱ्यो । सुवासचन्द्र बोसको हवाई दुर्घटनामा ज्यान गएको खबर फैलियो ।

### ८. भारत छोड आन्दोलन

सन् १९४२ अगस्ट ९ बाट अङ्ग्रेज विरुद्ध महात्मा गान्धीको नेतृत्वमा "भारत छोड" आन्दोलनको थालनी भयो । एकातिर दोस्रो विश्वयुद्ध र अर्कोतिर भारतीय आन्दोलनका कारणले अङ्ग्रेज नराम्रोसँग आत्तिए । आन्दोलन दमन गर्नका लागि सरकारले महात्मा गान्धी, उनकी पत्नी कस्तुरबा र निजी सचिव महादेव भाइ देसाईलाई आन्दोलन सुरु हुने दिनमै गिरफ्तार गरी पुनेको आगा खान दरबारमा बन्दी बनायो । बन्दी अवस्थामै कसतुरबा गान्धी र महादेव भाइ देसाईको मृत्यु भएपछि सन् १९४४ मा गान्धीलाई जेलमुक्त गरियो ।



आगा खान दरबार, पुने । तस्बिर: होम

यसैबिच सन् १९४५ मा इङ्ग्ल्यान्डमा सरकार परिवर्तन हुँदा क्लेमेन्ट रिचार्ड एट्ली (Clement Richard Attlee) त्यहाँका प्रधानमन्त्री भए । उनले सन् १९४८ सम्ममा भारतलाई स्वतन्त्रता दिने घोषणा गरे । यही घोषणाबमोजिम सन् १९४७ को जुलाइ १ मा इङ्ग्ल्यानडको संसद्ले

भारतीय स्वतन्त्रता बिल पास गऱ्यो र भारतलाई सत्ता हस्तान्तरणको विशेष व्यवस्था मिलाउनका लागि लर्ड लुइस माउन्ट बेटन (Lord Louis Mountbatten) लाई भाइसराय (Viceroy) नियुक्त गरी पठायो ।

यसैबिच मोहमद अलि जिन्नाको नेतृत्वको मुस्लिम लिगले मुसलमानहरूका लागि छुट्टै राज्य पाकिस्तानको माग गरी हिंसात्मक आन्दोलन सुरु गऱ्यो । परिणामस्वरूप १४ अगस्ट सन् १९४५ मा भारतको विभाजन गरी पाकिस्तानको निर्माण भयो । सन् १९४७ अगस्ट १५ मा भारत स्वतन्त्र भयो । यसरी सन् १८८५ मा भारतीय राष्ट्रिय काङ्ग्रेसको स्थापनाको समयदेखि सुरु भएको भारतीय स्वतन्त्रता आन्दोलनले यस दिनमा आएर पूर्णता पायो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) राष्ट्रिय आन्दोनको जिम्मा कसले लिएको थियो ?

(ख) भारतीय राष्ट्रिय काङ्ग्रेसको स्थापनादेखि स्न १९०६ सम्मको समयलाई किन नरमवादी आन्दोलन भनिन्छ ?

(ग) स्वराज आन्दोलन असफल हुनुको कुन एक कारण लेख्नुहोस् ।

(घ) सन् १९१९ पछिको भारतीय राष्ट्रिय आन्दोलनको समयलाई किन गान्धी युग भनिएको हो ?

(ङ) साइमन कमिसनलाई भारतीय राष्ट्रिय काङ्ग्रेसले बहिष्कार गर्नुको एउटा कारण लेख्नुहोस् ।

(च) "मलाई रगत देऊ, म तिमीलाई स्वतन्त्रता दिने छु । " यो कसको भनाइ हो ?

(छ) लर्ड लुइस माउन्ट बेटन को हुन् ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) भारतीय राष्ट्रिय काङ्ग्रेसको कलकत्ता अधिवेशनले निर्णय गरेको स्वराज आन्दोलनका प्रमुख उद्देश्यहरू के के थिए ?

(ख) जालियावाला बाग कान्ड र चौरीचौरा कान्डमा के के भएका थिए ? छोटकरीमा लेख्नुहोस् ।

(ग) आजाद हिन्द फौजको परिचय दिँदै यो फौजले अङ्ग्रेजका सामु आत्मा समर्पण गर्नुको कारण लेख्नुहोस् ।

(घ) भारतीय स्वतन्त्रता सङ्ग्राममा धेरै नेता तथा कार्यकर्ताको योगदान थियो । तर महात्मा गान्धीलाई भारतका राष्ट्रपिता मानिनुको कारण के हो ? स्पष्ट पार्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) सन् १९०६ को स्वराज आन्दोलन र सन् १९२० को असहयोग आन्दोलनका समानताहरू उल्लेख गर्दै तपाईंका साथीलाई एउटा इमेल वा चिठी लेख्नुहोस् ।

(ख) भारतीय राष्ट्रिय आन्दोलन र नेपालमा भएको वि.स. २०४६ सालको जनआन्दोलनमा के कस्ता भिन्नताहरू थिए ? पाठ्यपुस्तकका आधारमा चर्चा गर्नुहोस् ।

(ग) भारतीय स्वतन्त्रता सङ्ग्रामका विभिन्न आन्दोलनहरूमध्ये "भारत छोड" आन्दोलन किन सबैभन्दा महत्त्वपूर्ण थियो ? यो आन्दोलनको परिचय दिँदै यसको परिणाम लेख्नुहोस् ।

# पाठ ५ भारतीय स्वतन्त्रता सङ्ग्रामका परिणामहरू


सन् १६०० मा व्यापारका लागि भारत प्रवेश गरेका अङ्ग्रेजले सन् १७५७ बाट भारतमा आफ्नो साम्राज्य स्थापनाको थालनी गरेको थियो । यो शासन सन् १९४७ सम्म करिब १९० वर्ष कायम रह्यो । भारतीय राष्ट्रिय काङ्ग्रेसको पहलमा भारत स्वतन्त्र भयो । यो स्वतन्त्रता सङ्ग्रामका परिणामहरू यस प्रकार थिए :

## १. अङ्ग्रेजी शासनको अन्त्य

सन् १८८५ मा भारतीय राष्ट्रिय काङ्ग्रेसको स्थापना कालबाट भारतीय राष्ट्रिय आन्दोलन सुरु भएको हो । सन् १९४२ बाट थालनी गरिएको "भारत छोड" आन्दोलन सन् १९४७ मा सफल भयो । यसको परिणामस्वरूप भारतबाट अङ्ग्रेजी शासन सधैँका लागि समाप्त भयो ।

## २. पाकिस्तानको निर्माण

भारतीय स्वतन्त्रता सङ्ग्रामको अर्को परिणाम भारतको विभाजन हो । वास्तवमा भारतका लागि यो राम्रो कुरा थिएन । यो कार्य अङ्ग्रेजको स्वार्थअनुसार भएको थियो । यसरी यो विशाल भारतलाई टुक्राएर स्वतन्त्रता दिँदा भविष्यमा भारतले अङ्ग्रेजलाई कुनै किसिमको चुनौती दिन सक्दैन भन्ने विश्वास अङ्ग्रेजहरूको थियो । भारतीय स्वतन्त्रता सङ्ग्रामपछि इस्लामिक पाकिस्तान र धर्मनिरपेक्ष हिन्दुस्तानको निर्माण भयो । पाकिस्तानको नामाकरण क्याम्ब्रिज विश्वविद्यालयका छात्र चौधरी अहमत अलीले गरेका हुन् । सन् १९४० मा "अखिल भारतीय मुस्लिम लिग" ले मुसलमानहरूको छुट्टै राज्य निर्माणको मागलाई अगाडि बढायो । यसका अध्यक्ष कायद-ए आजम मुहम्मद अली जिन्हा थिए । १४ अगस्ट सन् १९४७ मा पाकिस्तानको स्थापना भयो र कायद-ए आजम मुहम्मद अली जिन्हा स्वतन्त्र पाकिस्तानको गभर्नर भए । सन् १९४८ मा उनको मृत्यु भयो ।



मुहम्मद अली जिन्हा

## ३. संविधान सभाको गठन र नयाँ संविधानको निर्माण

सन् १९५० जनवरी २६ बाट स्वतन्त्र भारतमा नयाँ संविधानको कार्यान्वयन भयो । डा. भीमराव आम्बेडकरको सभापतित्वमा सन् १९४७ अगस्ट २९ मा "संविधान मस्यौदा समिति" को गठन भयो । सन् १९४७ नोभेम्बर २६ मा संविधानसभाले यो मस्यौदाको अनुमोदन गऱ्यो । डा. राजेन्द्रप्रसादको सभापतित्वमा संविधान सभाको गठन गरिएको थियो । सुरुमा यो संविधानमा ३९५ धारा २२ भाग र ८ अनुसूची थिए । तर यसको संशोधन भई हाल ४४८ धारा २५ भाग र १२ अनुसूची रहेका छन् । भारतको संविधान विश्वको सबैभन्दा लामो संविधान हो ।

### ४. सार्वभौमसत्ता सम्पन्न गणराज्यको स्थापना

अङ्ग्रेजको शासनको अन्त्य भएपछि भारतमा भारतीयहरूको सार्वभौमसत्ता स्थापना भयो । अङ्ग्रेजको शासनकालमा भारतीय नागरिकहरू समेत इङ्ग्ल्यान्डको राजसंस्थाप्रति बफादार रहनु पर्दथ्यो । भारतको सार्वभौमसत्ता अङ्ग्रेजको हातमा थियो । स्वतन्त्रतापछि भारतमा कुनै पनि राजाको शासन रहेन र कुनै र ाजतन्त्रप्रति बफादार पनि हुनु परेन । देशको सर्वोच्च स्थानमा राष्ट्रपति रहने भयो । भारत गणराज्यको रूपमा स्थापित भयो ।

### ५. संसदीय प्रजातन्त्रको स्थापना

सन् १९४७ पछि भारतमा संसदीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना भयो । सङ्घीय संसद्मा राज्यसभा र लोकसभा गरी दुई सदनहरू रहने भए । राज्य सभा एक स्थायी सभा हुने भयो जसमा २५० जना सदस्यहरू रहने भए । लोकसभाको गठन ५ वर्षका लागि हुने भयो । यसका ५४३ जना जनप्रतिनिधिहरूको निर्वाचन वालिग मताधिकारका आधारमा हुने भयो । राज्य सभालाई माथिल्लो सदन र लोक सभालाई तल्लो सदन भनिन्छ । हाल नेपालको सङ्घीय संसद्मा पनि राष्ट्रिय सभा र प्रतिनिधि सभा गरी दुई सदनहरू छन् । नेपालमा राष्ट्रिय सभालाई माथिल्लो सदन र प्रतिनिधि सभालाई तल्लो सदन भनिन्छ ।

### ६. नागरिकका मौलिक अधिकारहरूको प्रत्याभूति

अङ्ग्रेजले भारतीय नागरिकहरूप्रति दुर्व्यवहार गर्दथ्यो । उनीहरूका मौलिक अधिकारहरूमा कुनै किसिमको प्रत्याभूति थिएन । भारतको संविधानले समानताको अधिकार, स्वतन्त्रताको अधिकार, शोषण विरुद्धको अधिकार, धार्मिक स्वतन्त्रताको अधिकार, संस्कृति तथा शिक्षाको अधिकार, सम्पत्तिको अधिकार र संवैधानिक उपचारको अधिकार गरी सात किसिमका मौलिक अधिकारहरूको प्रत्याभूति गर्‍यो । कसैको अधिकार हनन् भएमा सर्वोच्च अदालतमा अपिल गरी हनन् भएका अधिकारको प्रचलन गराउन पाउने व्यवस्था भयो ।

### ७. विधिको शासनको थालनी

देशका प्रशानिक क्रियाकलापहरू नियमअनुसार सञ्चालन हुने र कानुनको सर्वोच्चता कायम हुने अवस्थालाई विधिको शासन भनिन्छ । भारतको स्वतन्त्रतापछि जनचाहनाअनुरूपको संविधानको निर्माण भयो । देशका सबै गतिविधिहरू यही संविधानका प्रावधानअनुसार सञ्चालन हुन लागे । त्यसैगरी सङ्घीय तथा प्रान्तीय संसद्ले आवश्यक नीति निर्धारण गर्ने प्रावधान बन्यो । भारतमा प्रान्तीय संसद्लाई विधान सभा भनिन्छ । सङ्घीय संसद्ले आवश्यक नीति निर्धारण तथा संविधानको संशोधन गर्ने कार्य गर्न थाल्यो ।

### ८. राष्ट्रपति संवैधानिक राष्ट्रप्रमुख

भारतका राष्ट्रप्रमुख जनताद्वारा अप्रत्यक्ष निर्वाचित हुने प्रावधान बन्यो । राष्ट्रपतिको चयनका लागि एउटा निर्वाचक मण्डलको गठन गरिन्छ । निर्वाचक मण्डल भनेको कुनै प्रतिनिधिको निर्वाचन गर्नका लागि गठन गरिएको विशेष व्यक्तित्वहरूको समूह हो । भारतीय राष्ट्रपतिको चयनका लागि लोकसभा र विधान सभाका

सदस्यहरू रहेको निर्वाचक मण्डलको गठन हुने प्रावधान रहेको छ । राष्ट्रपति नै भारतको राष्ट्रप्रमुख हुने संवैधानिक प्रावधान रहेको छ ।

### ९. प्रधानमन्त्री कार्यकारी सरकार प्रमुख

अङ्ग्रेजको शासनकालमा इङ्ग्ल्यान्डबाट नियुक्त भई आएको भाइसराय नै भारतको सरकार प्रमुख हुने प्रावधान थियो । तर भारतीय स्वतन्त्रता सङ्ग्रामपछि जननिर्वाचित प्रतिनिधि भारतको प्रधानमन्त्री बन्ने, प्रधानमन्त्रीले मन्त्रिपरिषद्को गठन गर्ने, मन्त्रिपरिषद्मा देशको कार्यकारी अधिकार रहने, मन्त्रिपरिषद् संसद्प्रति जबाफदेही रहने तथा प्रधानमन्त्री नै सरकारको प्रमुख रहने संवैधानिक व्यवस्था भयो । लोकसभामा बहुमत प्राप्त दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री र प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिमण्डलको गठन हुने प्रावधान बन्यो ।

भारतीय स्वतन्त्रता सङ्ग्रामपछि माथिका कुराहरूबाहेक धेरै कुरामा परिवर्तन भयो । स्वतन्त्र न्यायपालिकाको स्थापना, धर्म निरपेक्षता, राष्ट्रपतिमा निहित आपत्कालीन अधिकार, आर्थिक व्यवस्था आदि भारतीय स्वतन्त्रता सङ्ग्रामका अन्य केही परिणामहरू हुन् ।

## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) भारतमा कतिवर्षसम्म अङ्ग्रेजको शासन कायम रह्यो ?

(ख) कस्तो आन्दोलनले अङ्ग्रेजलाई भारत छोड्न बाध्य पाऱ्यो ?

(ग) पाकिस्तानको स्थापनाको माग कुन दलले गरेको थियो ?

(घ) नेपालमा राष्ट्र प्रमुख को हुने प्रावधान रहेको छ ?

**२. तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) संविधान सभा भनेको कस्तो सभा हो ? भारतमा संविधान सभाको गठनको चर्चा गर्नुहोस् ।

(ख) धारा, भाग र अनुसूचीका आधारमा नेपाल र भारतको संविधानको तुलना गर्नुहोस् ।

(ग) गणराज्य भनेको कस्तो राज्य हो ? नेपाल गणराज्य हो कि होइन, स्पष्ट पार्नुहोस् ।

(घ) भारतमा मन्त्रिपरिषद् गठनको प्रक्रिया उल्लेख गर्नुहोस् ।

**३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) विधिको शासनको परिचय दिनुहोस् । नेपालमा विधिको शासन छ कि छैन ? कारणसहित स्पष्ट पार्नुहोस् ।

(ख) पाकिस्तानको निर्माण कहिले र कसरी भयो वर्णन गर्नुहोस् ।

(ग) संरचना र सदस्य सङ्ख्याका आधारमा नेपाल र भारतका सङ्घीय संसद्को तुलना गर्नुहोस् ।

## परियोजना कार्य

तलको जस्तै तालिका बनाई भारतीय र नेपाली नागरिकका मौलिक अधिकारहरूको सूची बनाउनुहोस् । ती मौलिक अधिकारहरूमध्ये कुन कुन अधिकारहरू समान र कुन कुन फरक छन् छुट्याई कक्षाकोठामा टाँस्नुहोस् ।

| क्र.स. | नेपाली नागरिकका मौलिक अधिकार | भारतीय नागरिकका मौलिक अधिकार | समान अधिकारहरू | फरक अधिकारहरू |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| | | | | |

## पाठ ६ चीनको जनवादी क्रान्ति (१९४९) का कारण र परिणाम

### पृष्ठभूमि

सन् १९४९ मा चीनमा जनवादी क्रान्ति सफल भयो । तर यो सफलता एक वा दुई वर्षको क्रान्तिबाट प्राप्त भएको होइन । यसका कारण र घटनाहरू चिङ वंशको स्थापनासँग जोडिन्छन् । सन् १६४४ मा मन्चुरियाका चिङ वंशले पूरानो मिङ वंशलाई हटाई आफ्नो साम्राज्य स्थापना गऱ्यो । यो वंशलाई मञ्चु वंश भनेर पनि चिनिन्छ । सन् १६८५ मा क्यान्टुन बन्दरगाह हुँदै अङ्ग्रेजले चीनमा प्रवेश गरी कम्पनी मेत स्थापना गऱ्यो । यसपछि चीनमा जापान, अमेरिका तथा फ्रान्सको समेत हस्तक्षेप हुँदै गयो । यसले चीनको आर्थिक, सामाजिक, धार्मिक तथा राजनीतिक अवस्था दिन प्रतिदिन बिग्रँदै गयो । देश एक किसिमले विदेशीहरूको बन्धकीमा परेर जीर्ण हुँदै गयो । यो अवस्थामा सुधार गर्नका लागि चिनियाहरूले चिङ वंशको अन्त्य गरी गणतान्त्रिक राज्य व्यवस्थाको स्थापना गर्नु आवश्यक सम्झे ।

### चीनको गणतान्त्रिक क्रान्ति



ली युआन हङ

सन् १९११ को अक्टोबर १० मा हेनकाउको रुसी बस्तीमा एउटा विस्फोट भयो । यो विस्फोट गणतान्त्रिक क्रान्तिको थालनीको पूर्वसूचना जस्तो भयो । शाही सरकारले यस घटनाका बारेमा छानबिन गर्दा शाही सेना नै यो विस्फोटमा संलग्न देखिए । सरकारले यो विस्फोटमा संलग्न शाही सेनालाई कारबाही गर्न सुरु नगर्दै कर्णेल "ली-युआन-हङ" को नेतृत्वमा क्रान्तिकारी सैनिकहरू सङ्गठित भए । १२ अक्टोबरदेखि "बुचाङ" भन्ने स्थानबाट औपचारिक रूपमा क्रान्तिको थालनी भयो । २२ अक्टोबरको दिनमा क्रान्तिकारीहरूले "ली-युआन-हङ" को नेतृत्वमा साङ्घाइमा गणतान्त्रिक सरकारको गठन गरे । क्रमश: अन्य प्रान्तहरूमा समेत गणतान्त्रिक सरकार गठन हुँदै गयो । डा. सन यात्सेन "तुङ मिङ हुई " नामको पार्टीका अध्यक्ष थिए । यो पार्टी पनि गणतान्त्रिक क्रान्तिमा संलग्न थियो । विभिन्न प्रान्तहरूमा गणतान्त्रिक सरकार गठन भएपछि ती गणतान्त्रिक प्रान्तहरूको परिषद् गठन गरी डा. सन यात्सेनलाई परिषद्को अध्यक्ष बनाइयो । क्रान्तिले गति लिन थालेपछि शाही सरकार आत्तियो र क्रान्ति दबाउने उद्देश्यले "युआन-सिह-काई"लाई प्रधानसेनापति तथा प्रधानमन्त्री नियुक्त गऱ्यो । तर शक्तिको प्रयोग गरी क्रान्ति दमन गर्न नसकेपछि मंचु सरकारले "युआन-सिह-काई" लाई क्रान्तिकारीहरूसँग वार्ता गर्ने प्रतिनिधि तोक्यो । यिनी महत्त्वाकांक्षी स्वभावका मानिस थिए । परिषद् अध्यक्ष डा. सन यात्सेन र "युआन-सिह-काई" बिच वार्ता भयो । "युआन-सिह-काई" लाई गणतान्त्रिक चीनको राष्ट्रपति बनाउने सहमति भएपछि उनले शाही सरकारलाई धोका दिए । सन् १९१२ को फेब्रुअरी १२ मा सम्राट "पु यी" ले गद्दी त्याग गरे । फलस्वरूप २६८ वर्ष लामो मन्चु वंशको शासन अन्त्य भयो र

चीनमा गणतन्त्रको स्थापना भयो ।

**गणतान्त्रिक चीन**



डा. सन यात्सेन

सन् १९१२ फेब्रुअरी १२ मा मन्चु वंशको अन्त्य र गणतान्त्रिक व्यवस्थाको थालनी भएपछि युआन-सिह-काई देशको राष्ट्रपति बने । गणतन्त्रको स्थापनापछि पनि देशको अवस्थामा खासै परिवर्तन भएन । युआन-सिह-काईले तानाशाहका रूपमा देशको शासन चलाउन लागे । उनी निकै ठुलो धोकेवाज र स्वार्थी व्यक्ति थिए । उनले आफैँलाई चीनको सम्राट घोषणा गर्ने योजनासमेत बनाए । तर यो योजना सफल हुन भने सकेन । राजनीतिक स्थिरता कायम गरी सार्वभौमसत्ता जनतामा हस्तान्तरण गर्नु देशको प्रमुख आवश्यकता थियो । त्यसैले डा. सन यात्सेनले तुङ मिङ हुईलाई समेत मिलाएर "कोमिन्ताङ" भन्ने अर्को पार्टीको स्थापना गरे । यता युआन-सिह-काईको सर्बैसत्तावाद विरुद्ध आन्दोलनको थालनी गरे । सन १९२१ मा पेकिङ राष्ट्रिय विश्वविद्यालयका १२ जना विद्यार्थीहरू मिलेर "कुङ चाङ तन" को स्थापना गरे । "कुङ चाङ तन" भनेको चिनिया कम्युनिस्ट पार्टी हो र यो साम्यवादी दल थियो । यी १२ जनाहरूमध्ये माओत्से तुङ पनि एक थिए । उता डा. सन यात्सेनले रुसका शासक लेनिनसँग सम्पर्क गरेर कोमिङताङलाई साम्यवादी सिद्धान्तकै पार्टीमा परिणत गरे र "च्याङ -काइ-सेक"लाई "लाल सैनिक" को सङ्गठन गर्ने जिम्मेवारी दिए । सन् १९२५ मा डा. सन यात्सेनको मृत्युपछि कोमिङताङको जिम्मेवारी च्याङ काई सेकको काँधमा आयो । चिनिया कम्युनिस्ट पार्टी र कोमिङताङको संयुक्त पहलमा सन १९२६ मा सैनिक शासकलाई पराजित गरियो र च्याङ काई सेकले चिनिया सरकारको नेतृत्व गरे । यसै समयबाट चीनमा जनवादी क्रान्तिको पनि थालनी भयो र सन् १९४९ मा यो क्रान्ति सम्पन्न भयो ।

**जनवादी क्रान्तिका कारणहरू**

देशको प्रगति एक व्यवस्थाको अन्त्य र अर्को व्यवस्थाको थालनीले मात्र नहुने रहेछ । देशको प्रगतिका लागि असल योजना र योजनाकारको आवश्यकता पर्दछ । गणतन्त्रको स्थापना भएर पनि चीनमा राजनीतिक स्थायित्व कायम हुन सकेन । फलतः चिनिया कम्युनिस्ट पार्टीले जनवादी क्रान्तिको थालनी गऱ्यो । जसका कारणहरू तल दिइएको छ :

१. **च्याङ काई सेकको नीति**


च्याङ काई सेक प्रभावशाली, महत्त्वाकांक्षी, अवसरवादी, विश्वासघाती र अदूरदर्शी नेता थिए । यिनले अरूको सल्लाह स्वीकार गर्दैनथे । यिनले सुधारका कामहरू गर्नुभन्दा पनि विरोधीहरूलाई शक्तिको भरमा दमन गरेर मनपरि शासन चलाउन चाहन्थे । उनी सत्तमा आएपछि कोमिङताङलाई साम्यवादी विरोधी दलका रूपमा विकास गरे र साम्यवादी विचारका मानिसहरूलाई कारबाही गर्न सुरु गरे । सन् १९२७ मा उनले चिनिया कम्युनिस्ट पार्टीमाथि प्रतिबन्धसमेत लगाए ।

## २. चिनिया कम्युनिस्ट पार्टीको भूमिका



च्याङ काई सेक

च्याङ काई सेकको दमन सुरु भएपछि सन् १९२६ को मार्च महिनादेखि चिनिया कम्युनिस्ट पार्टीले हेनकाउबाट क्रान्तिको थालनी गऱ्यो । सन् १९२७ मा च्याङ काई सेकले प्रतिबन्ध लगाए पनि चिनिया कम्युनिस्ट पार्टीले भूमिगत रूपमा किसान, मजदुर र लाल सैनिकको व्यवस्थित सङ्गठन गर्दै आफ्ना गतिविधिहरूलाई अगाडि बढायो । सन् १९३१ मा चिनिया कम्युनिस्ट पार्टीको अधिवेशनले माओत्से तुङलाई आफ्नो पार्टीको अध्यक्ष बनायो । माओत्से तुङको नेतृत्वमा पार्टीले "क्याङ्सी"लाई आफ्नो आधार इलाका कायम गरी देशको झन्डै ८ प्रतिशत भूभागमा जनसरकार गठन गऱ्यो । लाल सेनाको आधार इलाका ध्वस्त पार्ने उद्देश्यले राष्ट्रिय सेनाले क्याङ्सीमाथि ३ पटकसम्म हमला गऱ्यो । तर यसमा राष्ट्रिय सेनाले नै क्षति बेहोर्नु पऱ्यो । सन् १९३४ को अक्टोबरमा १० लाखको सङ्ख्यामा रहेको राष्ट्रिय सेनाले क्याङ्सीलाई घेरा हाल्यो । यस बेला लाल सेनाको पराजय हुने निश्चित थियो । तर संयोगवश लाल सेना त्यहाँबाट भाग्न सफल भयो । यो सेनाले १२ प्रान्त, १८ पहाड र १४ ओटा नदीहरू तरेर १० हजार कि.मि. को दुरी पार गर्दै सन् १९३५ को अक्टोबरमा सैन्सी"भन्ने स्थानमा एकत्रित भयो । यसलाई चीनको इतिहासमा लामो कदम (Long March) भनेर चिनिन्छ । यसबेला क्याङ्सीबाट हिँडेका १ लाख लाल सेनामध्ये २० हजार मात्र सैन्सी पुग्न सफल भएका थिए । सन् १९३६ मा च्याङ काई सेकले लाल सेनाउपर कारबाही गर्नका लागि राष्ट्रिय सेनालाई सैन्सी पठाए । तर राष्ट्रिय सेनाले लाल सेनाउपर कुनै किसिमको आक्रमण गरेन । यसरी हेर्दा च्याङ काई सेकबाट राष्ट्रिय सेना पनि सन्तुष्ट थिएन । अतः यो पनि चीनको जनवादी क्रान्तिको एउटा कारण र चरण बन्न गयो ।




लाल सेनाको महाप्रस्थान

## ३. जापानसँगको युद्धमा पराजय

चीनमा पहिलेदेखि नै विदेशी हस्तक्षेप कायम थियो । च्याङ काई सेकले अमेरिकीहरूको सहयोग लिएका हुनाले जापान चीनसँग रुष्ट थियो । यसै बखत सन् १९३७ मा जापानले मन्चुरियामाथि आक्रमण गऱ्यो । द्वितीय विश्वयुद्ध कायम रहेसम्म नै यो युद्ध कायम रह्यो । यस बखत लाल सेना र राष्ट्रिय सेना संयुक्त रूपमा जापान विरुद्ध युद्धमा सहभागी भए । चिनिया जनताहरू यो युद्धमा आफ्नो पराजयले निराश भए । यस वेला

चिनिया कम्युनिस्ट पार्टीले राष्ट्रिय सेना तथा जनसाधारणमा आफ्नो सङ्गठन र प्रभाव विस्तार गर्ने अवसर पनि पायो । यो युद्धको पराजयको दोष च्याङ काई सेक र उनको कोमिन्ताङ पार्टीमाथि लगाइयो । अतः यो पनि चिनिया जनवादी क्रान्तिको एउटा कारण बन्न गयो ।

### ४. मुद्रास्फिती र महङ्गी

मुद्रास्फिती भनेको अन्तर्राष्ट्रिय बजारमा कुनै देशको मुद्राको मूल्य घट्नु हो । जापानसँगको युद्धपछि चिनिया सरकार अमेरिकी सरकारमा आश्रित भयो । यस बेला अन्तर्राष्ट्रिय बजारमा चीनको मुद्राको मूल्य नराम्रोसँग घट्यो भने महङ्गी त्यस्तै गतिमा बढ्दै गयो । सरकारले मुद्राको अवस्था सुधार्ने र महङ्गी नियन्त्रण गर्ने कुरामा ध्यान दिएन । राष्ट्र सेवक कर्मचारी, किसान, मजदुर तथा अन्य तल्लो तहका नागरिकहरूको जीवनस्तर निकै कष्टकर बन्न गयो । यसले गर्दा किसान, मजदुर तथा राष्ट्रसेवक कर्मचारीमा सरकारप्रति वितृष्णाको भावना विकास भयो । उनीहरू सरकारका विरोधी बन्न गए । अतः यो पनि चिनिया जनवादी क्रान्तिको एउटा कारण बन्न गयो ।

### ५. भ्रष्टाचार र कालोबजारी

च्याङ काई सेक सरकारको शासनकालमा देशमा भ्रष्टाचार निकै बढ्न गयो । ठुलो स्तरका कर्मचारीहरू यसैलाई आफ्नो आम्दानीको प्रमुख स्रोत मान्थे । त्यसैगरी व्यापारीहरूले दैनिक उपभोग्य सबै सामानहरू लुकाउँथे र बजारमा कृत्रिम अभावको सिर्जना गर्दथे । यसले गर्दा सर्वसाधारण वर्ग निकै आत्तिएको थियो । च्याङ काई सेकको सरकार यिनै ठुलो व्यापारी र कर्मचारीको आडमा चलेको हुनाले भ्रष्टाचार र महङ्गी निन्त्रण गर्नेतर्फ कुनै सोच नै बनाउँदैन्थ्यो । अतः जनताले यो सरकारको विकल्प खोज्न थाले । यसरी यो पनि क्रान्तिको कारण बन्न गयो ।

### ६. निश्चित वर्गको एकाधिकार

एकाधिकार भनेको कुनै एक व्यक्ति वा वर्गसँग विभिन्न क्षेत्रमा प्रतिस्पर्धा गर्ने व्यक्ति वा वर्ग नहुनु र एक व्यक्ति वा वर्गले मात्रै कुनै क्षेत्रमाथि आफ्नो नियन्त्रण कायम गर्नु हो । यस कालमा चीनमा कालोबजारीको विकास भएको थियो । कालोबजारी भनेको कुनै पनि वस्तुलाई आफूखुसी मूल्यमा किनबेच गर्नु हो । देशको प्रशासन, न्याय, उद्योग तथा व्यापारमा च्याङ, कुङ, सुङ र छेन वर्गका मानिसको मात्र हाली मुहाली थियो । चीनको अर्थतन्त्र यिनै पूँजीपतिहरूको नियन्त्रणमा थियो । च्याङ काई सेकले यिनीहरूकै सहयोगमा शासन टिकाइ राखेका हुनाले यिनीहरूको एकाधिकार नियन्त्रणमा चासो देखाउँदैनथे ।

### ७. माओत्से तुङको नेतृत्व र चिनिया कम्युनिस्ट पार्टीको कार्यक्रम

चिनिया कम्युनिस्ट पार्टीको स्थापना सन् १९२१ मा भएको हो । माओत्से तुङ यसका संस्थापक सदस्यसमेत रहेका थिए । यिनको जन्म सन् १८९३ मा हुनान प्रान्तको मध्यम वर्गीय किसान परिवारमा भएको थियो । उनले डा. सन यात्सेनलाई आफ्नो आदर्श व्यक्ति मान्दथे । सन् १९११ मा उनले आफ्नो अध्ययनलाई रोकेर सेनामा

भर्तीसमेत भएका थिए तर एक वर्षमै सेनाको जागिर छाडेर आफ्नो अध्ययनलाई निरन्तरता दिए । "साम्यवादको घोषणापत्र" को अध्ययन गरेपछि उनले आफूलाई पूर्णतः साम्यवादीमै समर्पित गरे ।



माओत्से तुङ

सन् १९३१ मा चिनिया कम्युनिस्ट पार्टीको अध्यक्ष भएपछि उनी पार्टी सङ्गठनमा लागे । उनको सफल नेतृत्वमा लाल सेना, किसान तथा मजदुरको सङ्गठन खडा गरियो । केन्द्रीय तहदेखि स्थानीय तहसम्म पार्टीका सङ्गठनहरू निर्माण गरिए ।

यस बेला देशमा अत्याचार, कालो बजारी, महङ्गी, विदेशी हस्तक्षेप आदि जस्ता समस्याहरू थिए । सरकारले यी कुराहरू मिलाउन सकेको थिएन । चिनिया कम्युनिस्ट पार्टीले विभिन्न स्थानहरूमा जनसरकार गठन गर्दै अत्याचार, कालो बजारी, महङ्गी आदि जस्ता समस्याहरूको समाधान गऱ्यो । त्यतिमात्र नभई विदेशी हस्तक्षेप विरुद्ध जनचेतना फैलाउने काम पनि गऱ्यो । माओत्से तुङको नेतृत्व र कार्यशैलीबाट चीनका जनताहरू प्रभावित र आशावादी भई उनलाई सहयोग गर्न थाले । यसप्रकार माओत्से तुङको नेतृत्व नै चिनिया क्रान्तिको महत्त्वपूर्ण कारण थियो ।

### ८. लाल सेनामाथि राष्ट्रिय सेनाको आक्रमण

सन् १९२६ देखि नै क्रान्तिका रूपमा गृहयुद्धको थालनी भएको थियो । सन् १९४८ मा राष्ट्रिय सेनाले मन्चुरियामा लाल सेनामाथि गरेको आक्रमण नै क्रान्तिको तत्कालीन कारण बन्यो । पछि यो युद्ध नै निर्णायक बन्न गयो । सुरुको अवस्थामा राष्ट्रिय सेनाले उत्साहजनक विजय प्राप्त गऱ्यो । लाल सेनाले गुरिल्ला रणनीति अवलम्बन गरे । यसले राष्ट्रिय सेनामा ठुलो क्षति हुन गयो । लाल सेनाको पहिलो पटकको गुरिल्ला हमलामा ३ लाख राष्ट्रिय सेनाले आत्मसमर्पण गरी लाल सेनालाई आफ्नो हतियार बुझायो भने सन् १९४८ को डिसेम्बरमा सुन्चो भन्ने स्थानमा भएको युद्धमा ५ लाख राष्ट्रिय सेनाको ज्यान गयो । यसै पटक लाल सेनाले पेकिङसमेत आफ्नो नियन्त्रणमा लियो । सन् १९४९ अक्टोबर १ मा माओत्से तुङले जनवादी गणतन्त्र चीनको घोषणा गरे ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) चीनको जनवादी क्रान्ति कहिले सफल भएको थियो ?

(ख) चीनमा चिङ वंशले जम्मा कति वर्ष शासन गऱ्यो ?

(ग) चिङ वंशलाई किन मन्चु वंश पनि भनिएको होला ?

(घ) सन् १९११ को गणतान्त्रिक क्रान्तिको थालनी कुन वर्गले गरेको थियो ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) सन् १९११ को क्रान्ति हुनु अगाडि चीनको अवस्था कस्तो थियो ? सङ्क्षेपमा लेख्नुहोस्

(ख) गणतान्त्रिक क्रान्ति भनेको कस्तो क्रान्ति हो ? सन् १९११ को गणतान्त्रिक क्रान्तिपछिको चीनको अवस्थाको चर्चा गर्नुहोस् ?

(ग) युआन सिह काईको योजना के थियो, सो योजना किन सफल हुन नसकेको होला ? आफ्नो विचारका आधारमा एक अनुच्छेद लेख्नुहोस् ।

(घ) च्याङ काई सेकको कस्तो नीतिका कारणले गर्दा चीनमा जनवादी क्रान्तिको थालनी भएको थियो ?

(ङ) लामो कदमको परिचय दिँदै यसले चिनिया कम्युनिस्ट पार्टीमा के कस्तो सकारात्मक प्रभाव पाऱ्यो ? शिक्षकसँग छलफल गरी लेख्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) डा. सन यात्सेनलाई “चीनका संस्थापक पिता” भनेर चिनिनु उचित छ ? उनको योगदान र तपाईंको विचार समेटेर एउटा लेखको नमुना बनाउनुहोस् ।

(ख) कोमिङताङ पार्टीको नेतृत्व च्याङ काई सेकको जिम्मेवारीमा जानु चीनका लागि दुर्भाग्यपूर्ण परिस्थिति थियो भन्ने कुरामा तपाईं सहमत हुनुहुन्छ कि हुनुहुन्न ? कारण दिँदै स्पष्ट पार्नुहोस् ।

(ग) चिनिया जनवादी क्रान्तिका कुनै ६ कारणहरू लेख्नुहोस् र लाल सेनामाथि राष्ट्रिय सेनाको आक्रमणको चर्चा गर्नुहोस् ।

# पाठ ७ चीनको जनवादी क्रान्ति (सन् १९४९) को सफलता र परिणाम



चिनिया कम्युनिस्ट पार्टीको झन्डा

देशमा भएको अत्याचार, निश्चित समूहको एकाधिकार, विदेशी हस्तक्षेप, निरङकुशता आदि जस्ता कारणले कोमिङताङ पार्टीभित्रै च्याङ काई सेकको चर्को आलोचना भइरहेको थियो । यसैबखत लाल सेनासँग राष्ट्रिय सेनाको लज्जास्पद हार भएपछि उनले राष्ट्रपति पदबाट राजिनामा दिए । राष्ट्रपतिको जिम्मेवारी सम्हाल्दै उपराष्ट्रपति "ली सुङ जुङ" ले चिनिया कम्युनिस्ट पार्टीलाई वार्तामा आउन आह्वान गरे । उनको आह्वानमा चिनिया कम्युनिस्ट पार्टीले निम्न सर्तहरू प्रस्तुत गऱ्यो :

(क) च्याङ काई सेक र ली सुङ जुङलाई पदबाट बर्खास्त गर्ने

(ख) देशबाट पुँजीवादको अन्त्य गर्नका लागि साम्यवादी सिद्धान्तमा आधारित भूमि, र सैनिक नीति लागु गर्ने

(ग) विदेशीसँग भएका सबै सन्धि सम्झौता रद्द गर्ने

(घ) युद्ध बिराम गर्ने आदि ।

चिनिया कम्युनिस्ट पार्टीले राखेका सर्तहरूलाई नानकिङ सरकारले अस्वीकार गऱ्यो । च्याङ काई सेकले नानकिङमा राजधानी बनाई देशको शासन चलाएको हुनाले यो सरकारलाई नानकिङ सरकार भनिएको हो । कुनै पनि देशका सरकारलाई राजधानीको नामबाट सम्बोधन गरिने चलन अहिले पनि छ । नानकिङ सरकारले लाल सेनाका सर्तहरू अस्वीकार गरेपछि लाल सेनाले आफ्ना गतिविधिहरूलाई अझै तीव्र बनाउँदै लग्यो । सन् १९४९ को अप्रिलमा नानकिङ र साङ्घाई पनि लाल सेनाको नियन्त्रणमा आए । लाल सेनाले देशका विभिन्न स्थानहरूमा जनसरकार गठन गर्दै गयो । च्याङ काई सेक फारमोसा भन्ने टापुमा भाग्न सफल भए । फारमोसा टापुलाई हाल ताइवान भनिन्छ । हाल ताइवान एक स्वतन्त्र राज्य हो ।

माओत्से तुङले १ अक्टोवर १९४९ मा नयाँ सरकार गठन गर्दै जनवादी गणतन्त्र चीनको घोषणा गरे । यसप्रकार झन्डै २३ वर्षसम्मको युद्ध पनि समाप्त भयो । जनगणतन्त्रवादी चीनलाई सर्वप्रथम रुसले मान्यता दियो । यो क्रान्तिले चीनमा सकारात्मक तथा नकारात्मक प्रकृतिका परिणामहरू निम्त्यायो । त्यसमध्ये केही परिणामहरू यसप्रकार रहेका छन् :

## १. राजनीतिक परिवर्तन

सन् १९१२ मा चीनबाट मन्चु वंशको शासन अन्त्य भएको थियो । तर पनि देशमा चीनमा स्थिर राजनीतिक अवस्थाको सिर्जना हुन सकेको थिएन । मन्चु वंशको अन्त्यपछि युआन सिह काईको निरङ्कुश शासन चल्यो भने सन् १९२६ बाट च्याङ काई सेकको एकाधिकार कायम भयो । जनवादी क्रान्तिको सफलतापछि सामन्तवादी राज्य व्यवस्थाको अन्त्य भयो र जनवादी गणतान्त्रिक शासन व्यवस्थाको थालनी भयो । यो समाजवाद उन्मुख व्यवस्था थियो ।



चिनियाँ क्रान्ति

## २. राजनीतिक संयन्त्रको निर्माण

देशको शासन व्यवस्थालाई सुचारु रूपमा सञ्चालन गर्नका लागि ५६ सदस्यीय केन्द्रीय जनसरकार परिषद्को गठन गरियो । यो सरकारमा गैरकम्युनिस्टहरूलाई समेत समावेश गरिएको थियो । तर सरकारको नेतृत्व चिनियाँ कम्युनिस्ट पार्टी र यसका अध्यक्ष माओत्से तुङले गरेका थिए । यसैगरी १२ सय सदस्य रहेको जनकाङ्ग्रेसको स्थापना भयो । यो नै चीनको संसद् हो । यसको अधिवेशन प्रत्येक वर्ष बस्ने नियम बन्यो । राष्ट्रिय जनकाङ्ग्रेसको पदावधि ४ वर्ष कायम गरियो । त्यसबैला चीनका विभिन्न प्रान्तहरूमा प्रादेशिक शासन व्यवस्था थियो । यो व्यवस्थाको अन्त्य गरी २६ ओटा प्रान्तहरूमा केन्द्रीय शासन लागु गरियो ।

## ३. भूमिसुधार योजना कार्यान्वयन

सन् १९५० जुनमा चीनमा कृषि सुधार कानुनको घोषणा गरी भूमि सुधार योजनाको कार्यान्वयन भयो । चीनमा हजारौँ वर्षदेखि जनसङ्ख्याको सानो हिस्साले भूमिको ठुलो हिस्सा ओगटेको थियो । हजारौँ किसानहरू त्यही मालिकको भूमिमा काम गर्दथे र आफूहरू भूमिहीन थिए । सरकारले भूमिपतिहरूको भूमि खोसेर भूमिहीन किसानहरूलाई वितरण गरेपछि सबै जना आफ्नो जमिनका मालिक बन्न गए । यसरी व्यक्तिगत रूपमा वितरण गरिएको जमिनलाई सन् १९५३ मा सामूहिकीकरणमा रूपान्तरण गरियो । यसको साथै देशबाट सामन्ती प्रथाको पनि अन्त्य भयो । भूमि सुधार योजनाको कार्यान्वयन गर्ने क्रममा कैयौँ भूमिपतिहरूलाई मृत्युदण्ड दिइएको थियो ।

## ४. संविधानको निर्माण

सन् १९५३ मा माओत्से तुङको अध्यक्षतमा गठित “विधान समिति” ले संविधानको मस्यौदा तयार पऱ्यो । सन् १९५४ सेप्टेम्बर २० मा राष्ट्रिय जनकाङ्ग्रेसले यो मस्यौदालाई अनुमोदन गऱ्यो । यो संविधानमा प्रस्तावना, सामान्य सिद्धान्त, नागरिक हक, नागरिक कर्तव्य तथा राज्य संरचना गरी जम्मा ५ भागहरू थिए ।

## ५. आर्थिक सुधार

जनवादी क्रान्तिभन्दा अगाडि चीनको आर्थिक अवस्था निकै नाजुक भइसकेको थियो । चीनमा जनशक्ति, स्रोत र साधनहरू भएर पनि त्यसको परिचालन हुन सकेको थिएन । रुग्ण भइसकेका उद्योग व्यवसाय, रेलमार्ग, सडक आदिको जीर्णोद्धार र निर्माणको गतिले तीव्रता पायो । मुद्रास्फितीको चर्को समस्या समाधानका लागि पिपल्स बैङ्क अफ चाइनाको स्थापना गरियो । यसले मुद्रास्फितीको अवस्थामा सुधार ल्यायो । उद्योगहरूको राष्ट्रियकरण गरी मजदुरहरूको सुविधा वृद्धि गरियो, जसले गर्दा उत्पादनमा वृद्धि हुन गयो र भ्रष्टाचार नियन्त्रण भयो । योजनाबद्ध विकासका लागि पञ्चवर्षीय योजनाहरूको थालनी गरियो । सरकारका योजनामा सहयोग नगर्नेहरूलाई मृत्युदण्डसमेत दिइयो ।

## ६. महिला सशक्तीकरण

सामाजिक सुधारको क्षेत्रमा यो निकै महत्त्वपूर्ण र सकरात्मक कदम थियो । सन् १९५० को विवाह कानुनले महिलालाई विवाहसम्बन्धी निर्णय गर्ने अधिकार दियो । यसले चीनको परम्परावादी पारिवारिक संरचनामा फेरबदल गऱ्यो । चीनमा बहुविवाह, बाल विवाह, अनमेल विवाह, विवाहका लागि छोराछोरीको किनबेच र जबरजस्ती विवाहको परम्परा थियो । यी कुरामा पूर्ण बन्देज लगाइयो । महिलाले सम्बन्ध विच्छेद गर्न पाउने अधिकार भयो । यो कानुनको धारा ५ ले विवाहका लागि केटी २० र केटा २२ वर्षको हुनुपर्ने नियम बनायो । यसले गर्दा बालविवाहको अन्त्य भयो ।

## ७. धर्मनिरपेक्ष राज्यको निर्माण

जनवादी क्रान्तिको सफलतापछि धर्म र धार्मिक संस्थाहरूमाथि प्रहार गर्न थालियो । धर्म भनेको अन्धविश्वास र भ्रम हो भन्दै धार्मिक संस्था र मन्दिरहरू भत्काउने, मूर्तिहरू फुटाउने र धार्मिक ग्रन्थहरू जलाउने गरियो । कतिपय मन्दिरहरूलाई जनवादी शिक्षाका केन्द्रका रूपमा परिणत गर्न थालियो । सानो रातो पुस्तकलाई निकै महत्त्वपूर्ण मानियो । सांस्कृतिक क्रान्तिको बेला त सबैले यो किताब आफूसँग राख्नुपर्ने अनिवार्य नियम बनाइयो । सानो रातो पुस्तक भनेको माओत्से तुङका भनाइ र आदेशहरूको सङ्कलन हो ।

## ८. शिक्षा र साहित्य

शिक्षा र साहित्यको विकास जनवादी क्रान्तिको एउटा उपलब्धि हो । किसान, मजदुर, सर्वसाधारण र केटाकेटीलाई जनवादी शिक्षा दिइयो । यही शिक्षालाई चीनभरि नै अनिवार्य गरियो । साहित्य र कलालाई पनि साम्यवादसँग जोडियो । स्वतन्त्र लेखकहरूमाथि भने अनेक किसिमका कारबाही र सजायहरू गरियो ।

## ९. सांस्कृतिक क्रान्ति

सांस्कृतिक क्रान्ति चीनको वियोगपूर्ण घटना हो । साम्यवाद विरोधीहरूलाई दमन गर्नका लागि माओ स्वयम्ले यो क्रान्तिको सञ्चालन र नेतृत्व गरेका थिए । यो क्रान्ति सन् १९६६ देखि १९७६ सम्म जम्मा १० वर्ष चलेको थियो । यसबेला माओले लाल सेनाको परिचालन गरेका थिए ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) जनवादी गणतन्त्र चीनको घोषणा कहिले गरिएको हो ?

(ख) लाल सेनाले नानकिङ र साङ्घाइमा कसले अधिकार गऱ्यो ?

(ग) जनवादी गणतन्त्र चीनलाई सर्वप्रथम कुन देशले मान्यता दिएको थियो ?

(घ) जनवादी क्रान्तिको सफलतापछि चीनमा कस्तो राज्य व्यवस्थाको स्थापना भयो ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) च्याङ काई सेकले राष्ट्रपति पदबाट राजिनामा दिनुका कारणहरू लेख्नुहोस् ।

(ख) चिनिया कम्युनिस्ट पार्टीले कोमिन्ताङ पार्टीसँग वार्ताका लागि के कस्ता सर्तहरू राखेको थियो ? बुँदागत रूपमा लेख्नुहोस् ।

(ग) नानकिङ सरकार भनेको कस्तो सरकार हो ?

(घ) जनवादी क्रान्तिको सफलतापछि चीनमा कस्तो राजनीतिक संयन्त्रको निर्माण गरियो ? सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) "चीनमा जनवादी क्रान्तिको सफलता" शीर्षकमा दुई साथीहरूका बिचमा भएको एउटा संवाद लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) चीनको भूमिसुधार नीति तथा सांस्कृतिक क्रान्तिको परिचय दिँदै यसका सकारात्मक र नकारात्मक पक्षहरू लेख्नुहोस् ।

## परियोजना कार्य

जनवादी क्रान्तिपछि चीनमा महिला सशक्तीकरणका लागि कार्यान्वयन गरिएका प्रावधान र हाल नेपालमा महिला सशक्तीकरणका लागि कार्यान्वयन गरिएका प्रावधानहरूको तालिका बनाई तुलनात्मक अध्ययन गरी आआफ्नो तर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

एकाइ
५

# विश्वयुद्ध

## पाठ १ द्वितीय विश्वयुद्धका कारणहरू

सन् १९१९ जुन २८ मा भएको भर्सेलिज सन्धिपछि प्रथम विश्वयुद्ध समाप्त भएको मानिन्छ । आगामी दिनमा विश्वमा शान्ति स्थापनाका कार्यहरू गर्ने उद्देश्यले राष्ट्रसङ्घको स्थापना भयो । प्रथम विश्वयुद्धका विजेता राष्ट्रहरूले अब पराजित राष्ट्रहरूले यस्ता युद्धमा सामेल हुने आँट नगर्लान् भन्ने सोचेका थिए । तर भर्सेलिज सन्धि भएको २० वर्षपछि सन् १९३९ को सेप्टेम्बर १ मा जर्मनीले पोल्यान्डमाथि आक्रमण गरेर द्वितीय विश्वयुद्धको थालनी गर्‍यो । यो युद्धका कारणहरू यस प्रकार थिए :

### १. भर्सेलिज सन्धिको दुष्परिणाम



हिटलर

प्रथम विश्वयुद्धका इङ्ल्यान्डको नेतृत्वका विजेता मित्रराष्ट्रहरूले जर्मनीलाई दमन गर्नका लागि जबरजस्ती यो सन्धिमा हस्ताक्षर गराएका थिए । यो सन्धिको भूमिसम्बन्धी सर्तअनुसार जर्मनीले आफ्नो कुल भूभागको १३ प्रतिशत जमिन र २५ प्रतिशत जनसङ्ख्या छाड्नुपर्ने भयो । सैनिक दृष्टिले पनि जर्मनीमाथि न्यायपूर्ण व्यवहार गरिएन । जर्मनीले आफ्नो विशाल सैन्यशक्तिमा कटौती गरी जम्मा १ लाखमा सीमित गर्नुपर्ने भयो । जर्मनीसँग भएका सम्पूर्ण युद्ध सामग्रीहरू मित्रराष्ट्रहरूलाई सुम्पनुपर्ने वा नोक्सानी गर्नुपर्ने सर्तमा जर्मनीलाई हस्ताक्षर गर्न बाध्य पारियो । त्यसैगरी प्रथम विश्वयुद्धको क्षतिपुर्ति स्वरूप जर्मनीले मित्रराष्ट्रहरूलाई ठुलो धनराशि क्षतिपुर्ति दिनुपर्ने भयो । युद्धका समयमा जर्मनीले विभिन्न देशहरूबाट कब्जा गरेका समानहरू फिर्ता गर्नुपर्ने र नोक्सानी भएका वस्तुहरूको क्षतिपुर्ति दिनुपर्ने भयो । प्रथम विश्वयुद्धको दोषी जर्मनीलाई ठहर गरी त्यहाँका सम्राट विलियम द्वितीयसहित अन्य १२ जनालाई अन्तर्राष्ट्रिय न्यायालयमा मुद्दा चलाउने निर्णय भयो । वास्तवमा भर्सेलिज सन्धि केवल फ्रान्सको हितलाई ध्यानमा राखेर गरिएको थियो । जर्मनीमाथि गरिएको यसप्रकारको दमनपूर्ण सन्धिको कतै पनि स्वागत गरिएन । यो सन्धि गराउन सक्रिय फ्रान्स, इङ्ल्यान्ड र अमेरिकाका राष्ट्रप्रमुखहरू विरुद्ध उनीहरूकै देशमा समेत आवाज उठेको थियो । भर्सेलिज सन्धि वास्तवमा सन्धि नभएर जित्नेले हार्नेलाई गरेको दमन जस्तो थियो भन्ने इतिहासकारहरूको विचार छ । यसले जर्मनीलाई नराम्रोसँग दबाएका थियो । यसरी दबिनु पर्दा हरेक जर्मन नागरिकको मनमा यो सन्धिप्रति नकारात्मक र प्रतिशोधको


जोसेफ स्टालिन

भावना विकास भएको थियो । उनीहरूले यो सन्धिको विरुद्ध बदला लिन र यसका प्रावधानहरूलाई अमान्य गराउन चाहन्थे । त्यसै हुनाले यो सन्धि द्वितीय विश्वयुद्धको एउटा कारण बन्न गयो ।

## २. अधिनायकवादको उदय




मुसोलिनिल

अधिनायकवाद भनेको देशको शासनसत्ता कुनै एक व्यक्तिले आफ्नो इच्छाअनुसार चलाउने, उसले गरेका विभिन्न क्रियाकलापमा त्यस देशका जनताले प्रतिरोध गर्न नपाउने तथा शासकका आदेशलाई अनिवार्य रूपले मान्नुपर्ने व्यवस्था हो । यस्तो व्यवस्थाको सञ्चालन गर्ने व्यक्तिलाई अधिनायकवादी भनिन्छ । प्रथम विश्वयुद्धपछि जर्मनीमा हिटलरले “नाजी” पार्टीको स्थापना गरी अधिनायकवादको स्थापना गरे । नाजी पार्टीको यस्तो अधिनायकवादी शासनलाई विश्वभरि नै “नाजीवाद” भनेर चिनिन्छ । हिटलरले भर्सेलिज सन्धिका सर्तहरू विपरीत जर्मनीमा अनिवार्य सैनिक शिक्षा सुरु गरे र राइन प्रदेशमा आफ्ना सेना पठाए । राइन प्रदेश जर्मनीको पश्चिमी भूभाग हो । भर्सेलिज सन्धिअनुसार यो प्रदेशमा १५ वर्षका लागि मित्रराष्ट्रका सेनाहरू राखिएको थियो । जर्मनीलाई यसको ३० माइलसम्म किल्लाबन्दी गर्न प्रतिबन्ध लगाइएको थियो । त्यसैगरी इटलीमा मुसोलिनीले “फासियो” भन्ने पार्टी स्थापना गरेका थिए । यसको अधिनायकवादलाई “फासिस्ट” भनेर चिनिन्छ । यिनै शासकहरूको घमण्ड तथा प्रतिशोधको भावनाका कारण द्वितीय विश्वयुद्ध हुन गएको थियो ।

## ३. गठबन्धन

द्वितीय विश्वयुद्धको अर्को कारण राष्ट्रहरूबिचको गठबन्धन थियो । यसले गर्दा युरोपमा दुई परस्पर विरोधी समूहको विकास भयो । यी समूहहरूले आपसमा विभिन्न किसिमका सन्धिहरूसमेत गर्दथे । जापान रुस र यहाँको साम्यवादी व्यवस्थाको विपक्षमा थियो भने जर्मनी पनि साम्यवाद विरोधी थियो । त्यसैले सन् १९३६ मा जापान र जर्मनीबिच साम्यवाद विरोधी सम्झौता (Anti Commitern Pact) भयो । इटली प्रथम विश्वयुद्धमा मित्र शक्तिको पक्षबाट सहभागी भएको थियो । यो युद्धमा विजय भएपछि विभिन्न प्रदेशहरू आफ्नो नियन्त्रणमा आउँछन् भन्ने आशा थियो । तर युद्धको समाप्तिपछि पेरिस शान्ति सम्मेलनबमोजिम इटलीले आफूले दाबी गरेका भूमिको सानो अंश मात्र प्राप्त गर्न सक्यो । यसले इटली मित्र शाक्तिसँग असन्तुष्ट भयो । त्यसैले इटली पनि जापान र जर्मनीकै समूहमा संलग्न भयो । फलस्वरूप सन् १९३७ मा यी तीन राष्ट्रहरूबिच एउटा सन्धि भयो जसलाई रोम-बर्लिन-टोकियो धुरी भनिन्छ । त्यसैगरी सन् १९३९ को अगस्ट २३ मा नाजी-सोभियत सन्धि (Naazi-Soviet Pact) मा हस्ताक्षर भयो । यो एक अनाक्रमण सन्धि थियो । अनाक्रमण सन्धि भनेको एक राष्ट्रले अर्को राष्ट्रउपर आक्रमण नगर्ने सन्धि हो । इटली, जर्मनी र जापानले एउटा समूह बनाए भने फ्रान्स, इङ्ग्ल्यान्ड, रुमानिया, चेकोस्लोभाकिया, युगोस्लाभिया, अमेरिका आदि मिलेर अर्को समूहको निर्माण गरे । पहिलो समूहका राष्ट्रहरूलाई धुरी शक्ति भनिन्थ्यो भने दोस्रो समूहलाई मित्र शक्ति भनिन्थ्यो । यी दुई समूहबिचको प्रतिस्पर्धा र गठबन्धनका कारणले द्वितीय विश्वयुद्ध हुन गयो ।

यो गठबन्धनलाई यसप्रकार हेर्न सकिन्छ :




### ४. आर्थिक मन्दी र गरिबी

प्रथम विश्वयुद्धको समयमा धेरै धन खर्च भएको हुनाले युरोपका प्राय: राष्ट्रहरूमा आर्थिक सङ्कटको सिर्जना भएको थियो । त्यहाँका कृषि र उद्योगहरूको अवस्था नाजुक भएको थियो । यस्तो आर्थिक सङ्कटको समयमा पनि युरोपका कतिपय राष्ट्रहरू हतियारको होडबाजीमा लागेका थिए । कुनै पनि राष्ट्रले अर्को मुलुकका उद्योग, व्यापार, कृषि आदि क्षेत्रहरूमा आफ्नो नियन्त्रण कायम गरी आफ्नो राष्ट्रको आर्थिक सङ्कट समाधान गर्न चाहन्थ्यो । यसले गर्दा आपसमा आर्थिक हस्तक्षेप हुन लाग्यो । युरोपमा बेरोजगार युवाहरूको सङ्ख्या बढ्दै गयो । ती बेरोजगार र असन्तुष्ट युवाहरूमा विद्रोही भावना विकास हुन गयो । यसको फलस्वरूप विभिन्न उग्रवादी सङ्गठनहरूको स्थापना भयो । हिटलर तथा मुसोलिनी जस्ता व्यक्तिहरू तिनै बेरोजगार युवाहरूको सहयोगमा अधिनायकवादी समेत बन्न गए । अत: यस बेलाको आर्थिक सङ्कट पनि द्वितीय विश्वयुद्धको कारण बन्न गयो ।

### ५. राष्ट्रसङ्घको असफलता



राष्ट्रसङ्घ

प्रथम विश्वयुद्धको अन्त्यपछि सन् १९२० जनवरी १० का दिन राष्ट्रसङ्घको स्थापना भएको थियो । यसको उद्देश्य भविष्यमा यस्ता युद्ध हुन नदिनु र विश्व शान्ति स्थापना गर्नु थियो । तर राष्ट्रसङ्घका सदस्यहरूबिचको आपसी प्रतिस्पर्धा र गुटबन्दीका कारणले राष्ट्रसङ्घले सफलतापूर्वक आफ्नो काम गर्न सकेन । यसको संस्थापक राष्ट्रमध्येको एक राष्ट्र अमेरिकाले यसको सदस्यता समेत लिएन । त्यसैगरी जापान, इटली र जर्मनीले राष्ट्रसङ्घको बडापत्र विपरीत नै काम गर्दथे । जापानले मन्चुरिया, इटलीले इथियोपिया, जर्मनीले अष्ट्रिया र चेकोस्लोभाकिया तथा रुसले फिनल्यान्डमाथि आक्रमण गरे । यो अवस्थामा राष्ट्रसङ्घले ती राष्ट्रहरूउपर नियन्त्रण कायम गर्न सकेन । अर्कोतर्फ राष्ट्रसङ्घको नेतृत्व गर्ने इङ्गल्यान्ड, फ्रान्स र रुसका बिचमा पनि आपसी मनमुटाव भएको हुनाले यिनीहरूले राष्ट्रसङ्घलाई प्रभावकारी रूपमा लैजाने कुरामा समेत चासो दिएनन् । इङ्गल्यान्डले

रुसमा स्थापना भएको कम्युनिस्ट व्यवस्था विरुद्ध जर्मनीलाई शक्तिशाली बनाएर साम्यवादलाई नियन्त्रण गर्न चाहन्थ्यो । इङ्गल्यान्डको यो नीतिलाई तुष्टीकरणको नीति (Policy of Appeasement) भनिन्छ । तुष्टीकरण भनेको एकले अर्कोलाई खुसी पार्नका लागि कार्यान्वयन गरेको नीति हो । अतः राष्ट्रसङ्घले प्रभावकारी रूपले काम गर्न नसक्नाले द्वितीय विश्वयुद्ध हुन गयो ।

### ६. साम्यवाद र पुँजीवादको प्रतिस्पर्धा

सन् १९१७ मा रुसमा बोल्सेभिका क्रान्ति भयो । यो क्रान्तिले रुसबाट जार शासनको अन्त्य गऱ्यो भने देशमा साम्यवादको स्थापना गऱ्यो । देशमा आर्थिक न्याय स्थापना गर्नका लागि उत्पादनका साधनहरूको समान वितरण गर्ने र देशका सबै नागरिकको आर्थिक तथा सामाजिक अवस्था समान किसिमको बनाउने राजनीतिक विचारधारा साम्यवाद हो । रुसले विश्वका अन्य मुलुकहरूमा साम्यवादको विस्तार र स्थापना गर्न चाहन्थ्यो । तर युरोपका अन्य मुलुकहरूले पुँजीवादी राज्य व्यवस्थाको अभ्यास गर्दथे । उनीहरूले अन्य मुलुकमा समेत पुँजीवादको विस्तार गर्न र साम्यवादलाई रोक्न चाहन्थे । पुँजीवाद भनेको व्यक्तिगत रूपमा सम्पत्ति आर्जन र परिचालन गर्न पाउने आर्थिक अवस्था हो । यी दुई परस्पर विरोधी आर्थिक नीति पनि द्वितीय विश्वयुद्धका कारण बन्न गए ।

### ७. तत्कालीन कारण

कुनै पनि घटनाको पछाडि विभिन्न कारणहरू तयार भएर रहेका हुन्छन् । आपसी मतभेद, गुटबन्दी, सैनिकीकरण र द्वन्द्वको अवस्थाले हरेक राष्ट्रलाई युद्धको तयारीमा पुऱ्याइसकेका थियो । केवल युद्धको थालनी हुन मात्र बाँकी थियो । तत्कालीन कारण भनेको घटनाको थालनी हो । द्वितीय विश्वयुद्धको तत्कालीन कारण जर्मनीको पोल्यान्डउपरको आक्रमण थियो । सन् १९३४ मा जर्मनीका हिटलरले पोल्यान्डसँग अनाक्रमण सन्धि गरेका थिए । तर हिटलरले यो सन्धि केवल देखावटीका लागि मात्र गरेका थिए । सन् १९३९ को अप्रिल महिनामा हिटलरले डेन्जिङ्ग बन्दरगाह आफूलाई फिर्ता गर्न र पोलिस कोरिडर भएर सडक तथा रेलमार्ग बनाउनका लागि पोल्यान्डसँग माग गरे । तर पोल्यान्डले हिटलरको यो मागलाई अस्वीकार गऱ्यो । हिटलरलाई पोल्यान्डमाथि आक्रमण गर्न एउटा बहानामात्र चाहिएको थियो । यही बहानामा सन् १९३९ को सेप्टेम्बर १ मा जर्मनीले पोल्यान्डमाथि आक्रमण गरेर द्वितीय विश्वयुद्धको थालनी गऱ्यो ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) भर्सेलिज सन्धि कहिले भएको थियो ?

(ख) राष्ट्रसङ्घको स्थापना केका लागि भएको थियो ?

(ग) कतिओटा राष्ट्रहरूका मिलेर धुरी शक्ति निर्माण भएको हो ?

(घ) द्वितीय विश्वयुद्धको थालनी कुन देशले गरेको थियो ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) प्रथम विश्वयुद्धपछि जर्मनीमाथि गरिएको दमनको कारणले नै द्वितीय विश्वयुद्ध हुन गएको हो भन्ने कुरालाई भर्सेलिज सन्धिका आधारमा पुष्टि गर्नुहोस् ।

(ख) अधिनायकवाद भनेको के हो ? द्वितीय विश्वयुद्धका बेला कहाँ कहाँ अधिनायकवादको उदय भएको थियो ? उदाहरण दिएर लेख्नुहोस् ।

(ग) नाजी र फासियोको परिचय दिँदै यिनीहरूका दुई दुईओटा समानता लेख्नुहोस् ।

(घ) राष्ट्रसङ्घ सबै राष्ट्रहरूको साझा संस्था भएर पनि किन आफ्नो कार्यमा असफल भएको होला ? स्पष्ट पार्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) द्वितीय विश्वयुद्धका कारणहरू लेखी कुनै चार कारणहरूको चर्चा गनुहोस् ।

(ख) साम्यवादी र पुँजीवादी व्यवस्थाको परिचय दिनुहोस् । यी दुई आर्थिक नीतिहरूमध्ये तपाईंलाई मनपर्ने आर्थिक नीतिका फाइदाहरू उल्लेख गर्नुहोस् ।

# पाठ २ द्वितीय विश्वयुद्धका घटनाहरू

द्वितीय विश्वयुद्ध ५ वर्षभन्दा लामो समयसम्म कायम रह्यो । यो युद्धमा युरोप, अमेरिका तथा एसियाका धेरै मुलुकहरू प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले सहभागी भए । सन् १९३९ को सेप्टेम्बर १ मा जर्मनीले पोल्यान्डमाथि आक्रमण गरेर यो युद्धको थालनी गरेको थियो । यसको दुई दिनपछि इङ्ग्ल्यान्ड र फ्रान्सले समेत जर्मनी विरुद्ध युद्धको घोषणा गरे तर सेना भने परिचालन गरेनन् । जर्मनीले करिब २ हजार हवाईजहाज र ३ हजार ट्याङ्कको प्रयोग गरी लगातार ३ हप्तासम्म पोल्यान्डमाथि आक्रमण गऱ्यो । यो भिषण आक्रमणबाट पोल्यान्डको पतन भयो । पोल्यान्डको पतनपछि २८ सेप्टेम्बर १९३९ को दिनमा जर्मनी र रुसले सम्झौता गरी पोल्यान्डको विभाजन गरे । यो सम्झौतापछि रुसले फिनल्यान्डमाथि आक्रमण गरी आफ्नो अधिकार कायम गऱ्यो । उता सन् १९४० को जुन महिनासम्ममा जर्मनीले हल्यान्ड, बेल्जियम र डेनमार्कमा आफ्नो अधिकार कायम गरी फ्रान्समाथि आक्रमण गऱ्यो । सन् १९४० जुन १६ मा जर्मन सेनाले पेरिसमा आफ्नो नियन्त्रण कायम गऱ्यो । सन् १९४० जुन २२ मा जर्मनी र फ्रान्सबिच कोम्पिन भन्ने स्थानमा एउटा सन्धि भयो । यसलाई कोम्पिन सन्धि भनेर चिनिन्छ । यस सन्धिका सर्तहरू निम्नानुसार छन् :

१. फ्रान्सले आफ्ना सबै समुद्री बन्दरगाह जर्मनीलाई दिनुपर्ने
२. फ्रान्सको सेनालाई नि:शस्त्रीकरण गर्नुपर्ने
३. फ्रान्सले आफ्ना सबै युद्ध सामग्रीहरू जर्मनीलाई दिनुपर्ने ।

यता जर्मनीले फ्रान्समाथि आक्रमण गरिरहेका बखत सन् १९४० को जुन १४ मा इटलीले समेत इङ्ल्यान्ड र फ्रान्स विरुद्ध युद्धको घोषणा गऱ्यो । जर्मनीसँग आत्तिसकेको फ्रान्सले इटलीसँग पनि सन्धि गर्न बाध्य भयो ।


फ्रान्सको समेत पतन भएपछि जर्मनी निकै शक्तिशाली भइसकेको थियो । युरोपमा इङ्ल्यान्ड झन्डै एक्लो भएको थियो । यसै अवस्थामा जर्मनीले पटक पटक लन्डनमाथि हवाई आक्रमण गरिरह्यो । सन् १९४१ सम्ममा जर्मनीले ग्रिस र युगोस्लाभियामा समेत अधिकार कायम गऱ्यो ।

युरोपको यति ठुलो भूमिमाथि जर्मनीले अधिकार कायम गर्न सफल भयो । तर पनि हिटलरको मनमा भर्सेलिज सन्धिप्रतिको वितृष्णा शान्त भएको थिएन । उनको मनमा बदला र प्रतिशोधको भावना अझै बढिरहेको थियो । बदला र प्रतिशोधको भावनाबाट कुनै पनि समस्याको समाधान हुँदैन । यस्तो भावनाले समस्या बढाउँदै लैजान्छ । समस्याको समाधान केवल समझदारीबाट मात्र सम्भव छ भन्ने कुरालाई हिटलरले मान्न तयार थिएन । युरोपको ठुलो भू-भागमाथि आफ्नो अधिकार कायम गरेपछि उनले आफूलाई निकै शक्तिशाली


पर्लहार्वरमाथि जापानको आक्रमण

भएको सोच्न पुगे । हिटलरको यही अहङ्कारी भावना नै उनको पतनको कारण बन्न गयो । सन् १९४१ को जुन २१ मा जर्मनीको विशाल सेनाले रुसमाथि आक्रमण गऱ्यो । यसरी आक्रमण गर्दा जर्मनीले रुस विरुद्ध युद्धको घोषणा गरेन । जर्मन सेनाले रुसको ठुलो भूभागमाथि नियन्त्रण कायम गर्दै अगाडि बढ्यो । यस बखत रुसी सेनाले जर्मन सेनामाथि प्रतिआक्रमण नगरी आफ्नो शक्ति सञ्चय गर्ने रणनीति अवलम्बन गऱ्यो । तर सन् १९४२ को जनवरीमा रुसमा हिउँ परेका कारणले जर्मन सेना आपत्मा पऱ्यो । यसैबखत रुसले पनि जर्मन सेनामाथि भयाङ्कर आक्रमण गरेको हुनाले जर्मन सेनाले रुसी सेना सामु आत्मसमर्पण गर्न बाध्य भयो ।

अमेरिका त्यसबेलाको शक्तिशाली मुलुक भएकाले यसले आफू तटस्थ रहने नीति लिएको थियो । तर सन् १९४१ बाट आफ्नो तटस्थताको नीति परित्याग गरी युद्धमा सहभागी भयो । यसैबिच ७ डिसेम्बरमा जापानले युद्धको घोषणा नै नगरी अमेरिकाको पर्लहार्वरमाथि आक्रमण गऱ्यो भने इटली र जर्मनीले पनि अमेरिका विरुद्ध युद्धको घोषणा गरे । जापान एसियातर्फ अगाडि बढ्यो र बर्मा, मलाया, इन्डोनेसिया, फिलिपिन्स आदि क्षेत्रहरूमाथि आफ्नो अधिकार कायम गऱ्यो । सन् १९४२ सम्म आइपुग्दा धुरी शक्तिले युरोप र एसियाको ठुलो भू-भागमा विजय प्राप्त गऱ्यो । तर यही सालदेखि भने धुरी शक्तिको पतनको समयको पनि थालनी भयो । यसैसाल मित्र शक्तिले इटलीमाथि प्रवेश गऱ्यो । सन् १९४३ को सेप्टेम्बर ३ मा इटलीले बिनासर्त मित्र शक्तिसामु आत्मसमर्पण गऱ्यो । फ्रान्समाथि जर्मनीकै अधिकार थियो । तर सन् १९४४ सेप्टेम्बर १५ मा जर्मन सेना फ्रान्स छोड्न बाध्य भयो । मित्रराष्ट्रहरूको संयुक्त फौजले विभिन्न स्थानबाट जर्मनीलाई पछि हट्न बाध्य पाऱ्यो । २ मे १९४५ मा रुसी सेनाले जर्मनीको राजधानी बर्लिन कब्जा गरेपछि जर्मनीले बिनासर्त आत्मसमर्पण गऱ्यो । जापान भने भारत प्रवेश गर्ने तयारीमा थियो । यसले इङ्ग्ल्यान्डको शक्तिलाई कमजोर पार्ने अवस्था आइपरेको थियो । यसै बखत अमेरिकाले सन् १९४५ को अगस्ट ६ र ९ मा क्रमशः जापानका हिरोसिमा र नागासाकी सहरमा अणुबम प्रहार गऱ्यो । आफ्ना यी दुई सहरमा भएको जनधनको अपार क्षतिले आत्तिएर सन् १९४५ को १४ अगस्टमा जापानले आत्मसमर्पण गऱ्यो । जापानको आत्मसमर्पणसँगै द्वितीय विश्वयुद्धको पनि अन्त्य भयो ।



नागसाकी सहरमा अणुबम प्रहार

यसअघि नै इटलीका शासक मुसोलिनीलाई सन् १९४५ को अप्रिल २८ मा मृत्युदण्ड दिइएको थियो भने जर्मनीका शासक हिटलरले अप्रिल ३० मा आत्महत्या गरेका थिए ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) द्वितीय विश्वयुद्ध जम्मा कति वर्ष, कति महिना र कति दिनसम्म चल्यो ? युद्ध सुरु र अन्त्य भएको वर्ष, महिना र गते हिसाब गरी लेख्नुहोस् ।

(ख) जर्मनीले पोल्यान्ड विरुद्ध के कति शक्ति प्रयोग गरेको थियो ?

(ग) जर्मनी र रसियाबिच कहिले सम्झौता भयो ?

(घ) द्वितीय विश्वयुद्धको अन्त्य कहिले भयो ? पूरा मिति लेख्नुहोस् ।

(ङ) कोम्पेन सम्झौता भनेको के हो ? यसका सर्तहरूको सूची बनाउनुहोस् ।

(च) कुनै पनि समस्याको समाधान प्रतिशोध र बदलाको भावनाबाट हुन सक्दैन । केवल समझदारी मात्रै समस्याको समाधान हो भन्ने विषयमा द्वितीय विश्वयुद्धमा धुरी शक्तिको पराजयको उदाहरण दिँदै दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।

# पाठ ३ द्वितीय विश्वयुद्धका परिणामहरू

युद्धहरू आफैँमा भयानक र क्षतिपूर्ण हुन्छन् । द्वितीय विश्वयुद्ध आधुनिक विश्वका युद्धहरूमध्ये सबैभन्दा भयानक युद्ध थियो । यो युद्धमा मित्र राष्ट्रहरूको विजय र धुरी राष्ट्रहरूको पराजय भएको थियो । इङ्ग्ल्यान्ड, फ्रान्स, अमेरिका र रुस गरी यी चार राष्ट्रहरूले जर्मनी र धुरी राष्ट्रहरूलाई आफ्नो नियन्त्रणमा राख्न सफल भएका थिए । यो युद्ध जर्मनीको विभाजन हुनुको एउटा कारणसमेत थियो । यो युद्धका तत्कालीन र दुरगामी परिणामहरूमध्ये केही परिणामहरूको तल चर्चा गरिने छ :

### १. जनधनको क्षति

दोस्रो विश्वयुद्धमा के कति मानिसहरू प्रभावित भए र कति धनको क्षति भयो भन्ने कुराको स्पष्ट तथ्याङ्क प्राप्त हुन सकेको छैन । यसमा रसायनिक हतियारहरूको समेत प्रयोग भएको हुनाले पहिलो विश्वयुद्धमा भन्दा यसमा ठुलो क्षति भएको थियो । यो अवधिमा कैयौँ कलकारखानाहरू ध्वस्त भएका थिए । मलिला र उब्जाउ भूमि मरुभूमिमा परिणत भएका थिए भने असङ्ख्य मानिस घरबारविहीन टुहुरा तथा विधवा भएका थिए ।

### २. स्वतन्त्रताको लहर

द्वितीय विश्वयुद्धपछि विभिन्न मुलुकहरूमा स्वतन्त्रता आन्दोलनहरू हुन थाले । भारत, बर्मा, मिश्र आदि जस्ता देशहरू अङ्ग्रेजका उपनिवेशबाट स्वतन्त्र भए । नेपालमा राणा शासन विरोधी क्रान्ति भयो । चीनमा चियाङ-काई-सेकको सर्वसत्तावादी शासनको अन्त्य भई जनवादी गणतन्त्रको स्थापना भयो ।

### ३. विश्वशक्तिका रूपमा अमेरिका र रुसको उदय



वार्सा सन्धि सङ्गठनको प्रतीक

द्वितीय विश्वयुद्धभन्दा अगाडि इङ्ग्ल्यान्ड सैनिक शक्ति तथा अर्थतन्त्रमा विश्वको पहिलो राष्ट्र थियो भने यससँग प्रतिस्पर्धा गर्ने मुलुक फ्रान्स थियो । तर द्वितीय विश्वयुद्धपछि यी दुई राष्ट्रहरूको स्थितिमा परिवर्तन आयो । यो युद्ध अमेरिकी भूमिमा नभएको हुनाले उसका कुनै पनि पूर्वाधारहरूको क्षति भएन । युरोपमा युद्ध भएका वेला अमेरिकामा विभिन्न किसिमका हतियारहरू उत्पादन तथा वैज्ञानिक परीक्षण भयो । अमेरिकाले मित्रराष्ट्रहरूलाई आवश्यक पर्ने हतियारहरू उत्पादन तथा बिक्री गर्दा प्रयाप्त आर्थिक लाभ भयो । आणविक हतियारको समेत अमेरिकामा नै उत्पादन भएकाले सैनिक दृष्टिले पनि विश्वमा यसले आफ्नो पहिचान बनाउन सफल भयो । त्यसैगरी यो युद्ध रुसका लागि पनि निकै महत्त्वपूर्ण र फाइदाजनक भयो । सुरुमा जर्मनीको हिटलरसँग मिलेर रुस धुरी शक्तिका पक्षबाट युद्धमा सामेल भयो । यसबेला धुरी शक्तिले ठुलो भूभागमाथि अधिकार गर्दा रुसलाई आर्थिक रूपले राम्रो

फाइदा भयो । सन् १९४१ को जुन २१ मा जर्मनीले रुसमाथि आक्रमण गऱ्यो । त्यसपछि रुस धुरी शक्ति छाडेर मित्र शक्तिको पक्षबाट युद्धमा समावेश भयो । अन्ततः युद्धमा मित्र शक्तिकै विजय भयो । यसप्रकार रुस दुवै पक्षबाट युद्धमा सामेल भयो र दुवै पक्षबाट युद्ध जित्यो । यो विजयले रुसलाई आर्थिक, राजनीतिक तथा सैनिक दृष्टिले निकै फाइदा भयो । यो युद्ध र आफ्नो विजयको परिणामस्वरूप रुस विश्वको शक्तिशाली देशको रूपमा स्थापित भयो ।

३. गुटबन्दी र शीतयुद्ध

प्रथम तथा द्वितीय विश्वयुद्धका कारणहरूमध्येको एउटा कारण गुटबन्दी पनि थियो । यो युद्धको अन्त्य भएसँगै अर्को गुटबन्दीको थालनी भयो । द्वितीय विश्वयुद्धपछि पुनः विश्व दुई गुटमा विभाजित भयो । एउटा गुटको नेतृत्व रुसले गऱ्यो भने अर्काको अमेरिकाले गऱ्यो । रुस र अमेरिकाले फरक फरक किसिमका आर्थिक तथा राजनीतिक सिद्धान्तहरूको अभ्यास गर्दथे । रुसमा साम्यवादको अभ्यास गरिन्थ्यो भने अमेरिकामा पुँजीवादको अभ्यास गरिन्थ्यो । साम्यवादको अभ्यास गर्ने राष्ट्रहरूले रुसको नेतृत्वमा गुटबन्दी गरे । यी राष्ट्रहरूले पोल्यान्डको राजधानी वार्सामा एउटा सन्धिमा हस्ताक्षर गरी "वार्सा सन्धि सङ्गठन" को स्थापना गरे । यो सङ्गठनको उद्देश्य विश्वमा साम्यवादको विकास र विस्तार गर्नु थियो ।

उत्तर एटलान्टिक सन्धि सङ्गठनको प्रतीक

त्यसैगरी पुँजीवादी व्यवस्थाको अभ्यास गर्ने राष्ट्रहरू अमेरिकाको नेतृत्वमा सङ्गठित भए । यी राष्ट्रहरूले "उत्तर एटलान्टिक सन्धि सङ्गठन" को स्थापना गरे । यसलाई छोटकरीमा "नाटो" भनिन्छ । यो सङ्गठनको उद्देश्य विश्वमा साम्यवादको विस्तारमा रोक लगाउनु हो । यसप्रकार विश्व दुई शक्तिशाली गुटहरूमा विभाजित भयो र शीत युद्धको थालनी भयो । शीतयुद्ध भनेको एक राष्ट्र वा सङ्गठनले अर्को राष्ट्र वा सङ्गठनका विरुद्ध हतियारको प्रयोग नगरी आर्थिक तथा प्राविधिक रूपले नाकाबन्दी गर्नु र असज परिस्थितिको सिर्जना गर्नु हो ।

४. रुसी र अमेरिकी आर्थिक योजनाको कार्यान्वयन

वार्सा र नाटो सन्धि सङ्गठनको स्थापनापछि रुस र अमेरिकाले आर्थिक योजनाहरूसमेत निर्माण र कार्यान्वयन गरे । वास्तवमा द्वितीय विश्वयुद्धका कारण युरोपमा ठुलो क्षति भएको थियो । त्यहाँका पूर्वाधारहरूको विकास र पुनःनिर्माणका लागि रुस र अमेरिकाले छुट्टाछुट्टै योजनाहरू बनाई कार्यान्वयन गरेका थिए । रुसका विदेशमन्त्री मोलोटोभको नेतृत्वमा निर्मित योजनालाई मोलोटोभ योजना भनिन्छ । यसलाई कोमेकोन (COMECON, Council for Mutual Economic Assistance) योजना पनि भनिन्छ । त्यसैगरी अमेरिकाका विदेशमन्त्री मार्सलको नेतृत्वमा निर्माण गरी लागु गरिएको योजनालाई मार्सल योजना भनिन्छ ।

कोमेकोन योजना रुसका समर्थक तथा साम्यवादी व्यवस्थाको अभ्यास गर्ने मुलुकहरूमा कार्यान्वयन गरिएको थियो । अमेरिकाका समर्थक तथा पुँजीवादी व्यवस्थाको अभ्यास गर्ने मुलुकहरूमा मार्सल योजनाको कार्यान्वयन गरिएको थियो ।

### ५. साम्यवादको प्रचार

उत्पादनका वस्तुहरूको समान र न्यायोचित वितरण गर्ने र वर्गविहीन समाजको सिर्जना गर्ने आदर्शवादी आर्थिक तथा राजनीतिक व्यवस्था साम्यवाद हो । साम्यवादमा कुनै व्यक्तिको व्यक्तिगत सम्पत्ति हुँदैन । सबै नागरिकको जिम्मेवारी राज्यले लिन्छ । कुनै किसिमको धार्मिक सङ्गठनहरू हुँदैनन भन्ने विश्वास गरिन्छ । द्वितीय विश्वयुद्धभन्दा अगाडि रुसले मात्र साम्यवादी व्यवस्थाको अभ्यास गर्दथ्यो । तर द्वितीय विश्वयुद्धपछि युरोप तथा एसियाका धेरै मुलुकहरूमा साम्यवादको प्रचार र अभ्यास हुन थाल्यो । पछि पोल्यान्ड, पूर्वी जर्मनी, चेकोस्लोभाकिया, चीन, उत्तर कोरिया, भियतनाम आदि मुलुकहरूले यो राजनीतिक तथा आर्थिक व्यवस्थाको अभ्यास गर्न सुरु गरे ।

### ६. संयुक्त राष्ट्रसङ्घको स्थापना

द्वितीय विश्वयुद्धपछि विश्वमा स्थायी शान्ति कायम गर्नु आवश्यक ठानियो । प्रथम विश्वयुद्धपछि स्थापना गरिएको राष्ट्र सङ्घले विश्वमा शान्ति स्थापना गर्न सकेन । द्वितीय विश्वयुद्धमा घातक आणविक हतियार हरूको समेत प्रयोग भयो । यस्ता अस्त्रशस्त्रहरूको पुनः प्रयोग भएमा मानव सभ्यतालगायत प्रकृतिमाथि नै सङ्कट आइपर्ने खतरा देखियो । अतः आगामी दिनमा यस्ता युद्धहरू रोक्ने प्रमुख उद्देश्यका साथ सन् १९४५ को अक्टोबर २४ मा संयुक्त राष्ट्र सङ्घको स्थापना गरियो ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) द्वितीय विश्वयुद्ध हुनुभन्दा ठिक अगाडिका दुई ठुला गुटहरू के के थिए ?

(ख) द्वितीय विश्वयुद्धमा धुरी राष्ट्रहरूको समूहलाई नियन्त्रणमा राख्न सफल चार राष्ट्रहरूको नाम लेख्नुहोस् ।

(ग) मोलोटोभ योजनाको एक वाक्यमा परिचय दिनुहोस् ।

(घ) मार्सल योजना कसले बनाएका थिए ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) द्वितीय विश्वयुद्धपछि स्वतन्त्रताका लागि के कस्ता प्रयासहरू भए, लेख्नुहोस् ।

(ख) द्वितीय विश्वयुद्धपछि अमेरिका शक्तिशाली राष्ट्रमा रूपमा विकसित हुनुका कारणहरू के के

होलान् ? कुनै चार बुँदामा लेख्नुहोस् ।

(ग) शीतयुद्ध भनेको कस्तो युद्ध हो र द्वितीय विश्वयुद्धपछि कुन कुन राष्ट्रहरूका बिच शीत युद्ध भयो ?

(घ) नाटो र वार्सा सन्धि सङ्गठनका बिचको भिन्नता लेख्नुहोस् ।

(ङ) साम्यवादको परिचय दिँदै यो व्यवस्थाको अभ्यास गर्ने कुनै चार राष्ट्रहरूको नाम लेख्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) द्वितीय विश्वयुद्धपछि इङ्ग्ल्यान्ड, फ्रान्स, अमेरिका तथा रुसमाथि परेका आर्थिक तथा सैनिक प्रभावको चर्चा गर्नुहोस् ।

(ख) द्वितीय विश्वयुद्धपछि विश्वमा के कस्ता गुटहरूको स्थापना भयो ? यी गुटहरूका सकारात्मक पक्षहरू समावेश गरी एउटा पत्रिकाका लागि समाचार लेख्नुहोस् ।

एकाइ
६

# विश्वव्यापी सङ्गठनको अवधारणा

## पाठ १ संयुक्त राष्ट्रसङ्घको स्थापना

प्रथम विश्वयुद्ध पछि १० जनवरी सन् १९२० मा राष्ट्रसङ्घको स्थापना भएको थियो । यसले विश्वशान्ति स्थापना गर्न असफल भएपछि १ सेप्टेम्बर १९३९ मा दोस्रो विश्वयुद्धको सुरु भयो । यस युद्धमा आधुनिक हतियारका अलावा अणुबमसमेत प्रयोग हुँदा अपार जनधनको क्षति भयो । यो दु:खद अनुभवले गर्दा विश्वमा मानव जातिको धनजनको रक्षाका लागि शान्ति अनिवार्य भएको महसुस भयो । विश्वमा शान्ति कायम गर्न र भविष्यमा यस्ता विध्वंशकारी युद्ध रोक्न एउटा अन्तर्राष्ट्रिय सङ्गठन निर्माणको आवश्यकता देखी २४ अक्टोबर सन् १९४५ मा संयुक्त राष्ट्र सङ्घको स्थापना गरिएको हो ।

### पृष्ठभूमि

संयुक्त राष्ट्र सङ्घको स्थापनाभन्दा अगाडि द्वितीय विश्वयुद्ध चलिरहेको समयमा १२ जुन सन् १९४१ मा बेलायत, क्यानडा, अस्ट्रेलिया, न्युजिल्यान्ड र दक्षिण अफ्रिकाका प्रतिनिधिहरूले इङ्ग्ल्यान्डको राजधानी लन्डनमा भेला भएर विश्वशान्ति कायम राख्न एउटा अन्तर्राष्ट्रिय संस्था स्थापना गर्ने आवश्यकता दर्शाउदै अन्तर्राष्ट्रिय सहयोग र शान्तिका बारेमा एउटा घोषणा गरे । त्यसलाई लन्डन घोषणा भनिन्छ ।


संयुक्त राष्ट्र सङ्घको प्रतीक

१४ अगस्ट सन् १९४१ मा इङ्ग्ल्यान्डका प्रधानमन्त्री विन्स्टन चर्चिल (Winston churchill) र अमेरिका राष्ट्रपति फ्रेङ्कलिन डेलाने रुजबेल्ट (Franklin Delano Roosevelt) ले एटलान्टिक महासागरमा एउटा पानीजहाजमा विश्वशान्ति स्थापनार्थ आठ बुँदे घोषणपत्रमा हस्ताक्षर गरी जारी गरे । त्यसलाई एटलान्टिक घोषणा भनिन्छ । यसमा कुनै देशको क्षेत्र नहड्प्ने, जनताको इच्छा विपरीत क्षेत्रीय परिवर्तन नगर्ने, सरकार चुन्न जनताको स्वतन्त्र अधिकार हुनुपर्ने, साना ठुला जुनसुकै राष्ट्रहरूले आवश्यक व्यापार र कच्चा पदार्थ प्राप्त गर्ने समान सुविधा पाउने, सबै देशहरूमा आर्थिक सहयोग बढाउने, सबै देशका मानिसहरू भय र युद्धबाट मुक्त भएर आफ्नो जीवन व्यतित गर्न पाउनुपर्ने, सबै देशका जहाजहरू समुद्रमा आवागमनका लागि स्वतन्त्र हुने र सबै देशहरूले शक्तिको प्रयोग परित्याग गरी नि:शस्त्रीकरणलाई जोड दिनुपर्ने कुरा उल्लेख थियो ।

१ जनवरी सन् १९४२ मा इङ्ग्ल्यान्ड, अमेरिका, चीन र रुसलगायत २७ देशका प्रतिनिधिहरू अमेरिकाको वासिङ्टनमा भेला भएर एटलान्टिक घोषणाका सिद्धान्तहरूलाई मान्यता दिँदै एउटा घोषणा पत्रमा हस्ताक्षर गरे त्यसलाई संयुक्त राष्ट्र घोषणा भनिन्छ ।

३० अक्टोबर सन् १९४३ मा रुसको राजधानी मास्कोमा भेला भएर मास्को घोषणा, १ डिसेम्बर सन् १९४३ मा चर्चिल, रुजबेल्ट र स्टालिन तेहरानमा भेला भएर छलफल गरी विश्वशान्तिका लागि अन्तराष्ट्रिय सङ्गठनको आवश्यक्ता दर्साउँदै तेहरान वक्तव्य जारी भयो ।


यसैगरी २१ अगस्टदेखि ७ अक्टोबर सन् १९४४ मा अमेरिकाको वासिङ्टनस्थित डम्बर्टन ओक्स सम्मेलनले संयुक्त राष्ट्र सङ्घको प्रारूप तयार पार्‍यो भने ४-११ फेब्रुवरी सन् १९४५ मा रुसको क्रिमिया प्रदेशको याल्टा सम्मेलनले सुरक्षा परिषद्सम्बन्धी निर्णय गर्‍यो ।

२५ अप्रिल सन् १९४५ मा अमेरिकाको सानफ्रान्सिस्को सहरमा सुरु भएको ५० देशहरूको सम्मेलनमा २६ जुनमा संयुक्त राष्ट्र सङ्घको बडापत्रमा हस्ताक्षर गरे । यसरी २४ अक्टोबर सन् १९४५ देखि संयुक्त राष्ट्र सङ्घले विधिवत रूपमा आफ्नो कार्य थालनी गर्‍यो ।

स्थापनाकालका यसका उद्देश्यहरू यस प्रकार थिए :

१. अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्नु
२. समान अधिकार र जनताको आत्मनिर्णयका आधारमा सबै मुलुकहरूका बिचमा मित्रता कायम गर्नु
३. आर्थिक, समाजिक, सांस्कृतिक र अन्य मानवीय समस्याहरूको समाधानका लागि अन्तर्राष्ट्रिय सहयोगको लेनदेन गर्नु
४. मानव अधिकारको संरक्षण गर्नु
५. माथिका उद्देश्यहरू पूरा गर्नका लागि राष्ट्रहरूका बिचमा समन्वय गर्नु ।

**संयुक्त राष्ट्र सङ्घका अङ्गहरू**



१. **महासभा :** महासभा संयुक्त राष्ट्र सङ्घको व्यवस्थापकीय अङ्ग भएकाले विभिन्न प्रस्तावहरूमा छलफल गर्ने तथा नीति नियम निर्धारण गर्ने यसको प्रमुख जिम्मेवारी हो । संयुक्त राष्ट्र सङ्घका सबै सदस्य राष्ट्रहरू महासभाका सदस्य हुन्छन् । हाल यसको सदस्य ङ्ख्या १९३ रहेको छ । यसको प्रधान कार्यालय अमेरिकाको न्युयोर्कमा छ । यसको बैठक प्रत्येक वर्ष सेप्टेम्बर महिनाको तेस्रो मङ्गलबारदेखि डिसेम्बरको मध्यसम्म चल्छ । कुनै महत्त्वपूर्ण विषयमा छलफल गर्नुपर्ने भएमा बहुसङ्ख्यक सदस्यहरूको अनुरोधमा अन्य समयमा पनि यसको बैठक आह्वान गर्न सकिन्छ । यस बैठकमा सहभागी हुनका लागि प्रत्येक सदस्य राष्ट्रहरूले आफ्नो देशबाट ५ जनासम्म प्रतिनिधिहरू पठाउन पाउँछन् । तर मताधिकार भने एउटा मात्र रहन्छ । महासभाको बैठका विभिन्न विषयमा छलफल गरी साधारण अवस्थामा साधारण बहुमतले निर्णयहरू पारित गरिन्छ भने जटिल प्रकृतिका निर्णयहरू भने दुई तिहाइ बहुमतका आधारमा गरिन्छ । महासभाका कार्यहरू गर्नका लागि विभिन्न सातओटा समितिहरू गठन गरिएको छन् । ती यस प्रकार छन् :

- राजनीतिक तथा सुरक्षा समिति
- आर्थिक समिति
- सामाजिक, मानवीय तथा सांस्कृतिक समिति
- प्रशासकीय तथा बजेट समिति
- जिम्मा जमानी समिति
- कानुनी समिति
- विशेष राजनीतिक समिति

२. **सुरक्षा परिषद् :** यो परिषद्मा चीन, फ्रान्स, रुस, बेलायत र संयुक्त राज्य अमेरिका गरी पाँच स्थायी र अन्य दश राष्ट्र अस्थायी सदस्य रहन्छन् । यी दश जना प्रत्येक दुई वर्षका लागि महासभाबाट निर्वाचन गर्ने व्यवस्था छ । प्रत्येक विषयको निर्णय सामान्यतया सहमतिमा गरिन्छ तर विवाद भएमा पन्ध्रमध्ये नौ सदस्य राष्ट्रहरूको सहमतिमा हुन्छ । तर स्थायी सदस्य राष्ट्रहरूलाई विशेषाधिकार (भिटो) प्रयोग गर्ने अधिकार पनि छ ।

३. **आर्थिक र सामाजिक परिषद् :** संयुक्त राष्ट्र सङ्घको महासभाले ५४ राष्ट्रहरू सदस्य रहेको आर्थिक तथा सामाजिक परिषद्को गठन गर्दछ । यसका सदस्य राष्ट्रहरूको पदावधि ३ वर्षको हुन्छ । यसका उद्देश्यहरू अन्तर्राष्ट्रिय स्तरमा आर्थिक तथा सामाजिक विकास गर्ने, मानव अधिकारको रक्षा गर्ने, विभिन्न किसिमका संस्कृतिको संरक्षण गर्ने र शिक्षा तथा स्वास्थ्यको विकास गर्ने आदि रहेका छन् ।

४. **संरक्षण परिषद् :** सुरक्षा परिषद्का स्थायी सदस्य नै यसका पनि सदस्य हुन्छन् । यसको काम असहाय

र कमजोर राष्ट्रलाई आफ्नो वा अन्य कुनै राष्ट्रको संरक्षणमा राख्नु हो ।

५. **अन्तर्राष्ट्रिय न्यायालय** : पन्ध्र जना न्यायाधीस रहने यो न्यायालयले अन्तराष्ट्रिय न्यायसम्बन्धी सुनुवाइ गर्दछ ।

६. **सचिवालय** : यसमा एक जना महासचिव र अन्य कर्मचारीहरू हुन्छन् । यसले संयुक्तराष्ट्र सङ्घको प्रशासकीय उत्तरदायित्व बहन गर्दछ ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) राष्ट्र सङ्घको स्थापना कहिले भएको थियो ?

(ख) १ सेप्टेम्बर सन् १९३९ मा कुन युद्ध सुरु भएको थियो ?

(ग) केको प्रयोगले द्वितीय विश्वयुद्धमा जनधनको क्षति भयो ?

(घ) १२ जुन सन् १९४१ मा के घोषणा भयो ?

(ङ) एटलान्टिक घोषणामा कहिले हस्ताक्षर भयो ?

(च) तेहरान वक्तव्य कहिले जारी भयो ?

(छ) संयुक्तराष्ट्र सङ्घको कतिओटा अङ्गहरू छन् ?

(ज) सुरक्षा परिषद्सम्बन्धी निर्णय कहाँ भएको थियो ?

(झ) संयुक्तराष्ट्र सङ्घको वडा पत्रमा कहाँ हस्ताक्षर भयो र कति देशले हस्ताक्षर गरेका थिए ?

(ञ) संयुक्तराष्ट्र सङ्घको स्थापना कहिले भयो ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) कुन कुन कुराले संयुक्तराष्ट्र सङ्घको आवश्यक्ता महसुस भयो, लेख्नुहोस् ।

(ख) लन्डन घोषणामा कुन कुन देशका प्रतिनिधिहरूले भाग लिएका थिए ? छलफल गरी लेख्नुहोस् ।

(ग) एटलान्टिक घोषणामा उल्लेख भएका कुराहरू लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

(घ) संयुक्त राष्ट्रहरूको घोषणामा के कुरा उल्लेख थियो, लेख्नुहोस् ।

(ज) कक्षामा आफ्ना साथी समूहसँग छलफल गर्दै संयुक्त राष्ट्र सङ्घका अङ्गहरूको टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(च) कक्षामा भएका साथीहरू विभिन्न समूहमा विभाजितभै छलफल गरेर संयुक्तराष्ट्र सङ्घका उद्देश्यहरूको सूची तयार गरी शिक्षकलाई देखाउनुहोस् ।

(छ) संयुक्तराष्ट्र सङ्घको स्थापना किन गरिएको होला ? आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

# पाठ २ संयुक्त राष्ट्रसङ्घको योगदान

संयुक्त राष्ट्र सङ्घले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्नु, सदस्य राष्ट्रहरूमा आपसी सहयोगलाई बढावा दिनु र अन्तर्राष्ट्रिय विकासमा जोड दिनु जस्ता मुख्य योगदान रहेका छन् । यसले आफ्ना विशिष्ट संस्थाहरूमार्फत कामहरू गरेको छ, जुन यस प्रकार छन् :

१. अन्तर्राष्ट्रिय श्रम सङ्गठनमार्फत संसारभरिका कामदारहरूलाई सामाजिक न्याय प्रदान गर्न कामदारहरूको जीवनस्तर उठाउन विभिन्न नीति तथा योजनाहरू तर्जुमा गरी अन्तर्राष्ट्रिय श्रमको स्तर निर्धारण गर्दछ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन

२. खाद्य तथा कृषि सङ्गठनमार्फत सदस्य राष्ट्रहरूका मानिसहरूको जीवनस्तर र पोषणको स्तर बढाउनु, उत्पादनमा वृद्धि गर्नु, उत्पादित वस्तुको बजारको व्यवस्था मिलाउनु, खेती, वन तथा मत्स्यशालाबाट उत्पादित चीज वस्तुहरूको उपयुक्त वितरण व्यवस्था मिलाउनु र गाउँमा बस्ने मानिसहरूको जीवनस्तर उकासी भोकबाट मुक्ति दिलाउने कार्य गर्दछ ।

युनेस्को

३. संयुक्त राष्ट्र सङ्घ शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठनले सदस्य राष्ट्रहरूबिचमा वैज्ञानिक तथा प्राविधिक शिक्षा, संस्कृतिको मूल्य वृद्धि, सांस्कृतिक सम्पदाको सुरक्षा, मानव अधिकार, न्याय र शान्तिलाई अभिप्रेरित गर्नुका साथै प्राथमिक शिक्षालाई सर्वसुलभ बनाई निरक्षरता उन्मूलन गर्ने तथा शिक्षक, शिक्षा योजनाविद् र प्रशासकलाई तालिम प्रदानका साथसाथै विद्यालयको भवन निर्माण र शैक्षिक सामग्री उपलब्ध गराउँछ ।

४. अन्तर्राष्ट्रिय नागरिक उड्यन सङ्गठनले सुरक्षित र भरपर्दो नागरिक उड्यनको व्यवस्था मिलाउनु, शान्तिपूर्ण उद्देश्यको निमित्त हवाईजहाज निर्माण र सञ्चालन गर्नु, हवाई यातायातलाई नियमित, छिटो र सस्तो साधनका रूपमा विकसित गर्नु आदि जस्ता कार्य गर्दछ ।

५. विश्व स्वास्थ्य सङ्गठनले सदस्य राष्ट्रहरूका मानिसहरूमा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्य राखेको छ । आधारभूत स्वास्थ्य, शिक्षा, पोषणयुक्त तथा उपयुक्त खाद्य वितरण, शुद्ध खानेपानी, शौचालय, मातृशिशु कल्याण, परिवार नियोजन, रोग विरुद्धको खोप, सरुवा रोगको रोकथाम, घाउ र रोगको उपचार र आवश्यक औषधीको व्यवस्था गर्दछ ।

विश्व स्वास्थ्य सङ्गठन

६. विश्व बैङ्कले सहुलियत दरमा ऋण उपलब्ध गराएर विकास निर्माणका काममा सहयोग गर्दछ ।

७. अन्तर्राष्ट्रिय मुद्रा कोषले अन्तर्राष्ट्रिय मुद्राको विषयमा सुझाव दिने, संयुक्त लगानीको अवसर प्रदान गर्ने, बेरोजगारी हटाउन उत्पादनशीलतामा वृद्धि गर्ने, मुद्राकोषको आचरणसम्बन्धी कानुन बनाउने, मुद्रा विनिमय दर निश्चित गर्ने र चालु खाताको सञ्चालनमा रोक लगाउन नदिने आदि कार्य गर्दछ ।

८. विश्व हुलाक सङ्घले हुलाक सेवालाई विकसित र सुरक्षित बनाउनु, हुलाक सेवाको प्राविधिक, सञ्चालन र हुलाक सेवासम्बन्धी आर्थिक पक्ष अध्ययन र विचार प्रस्तुत गर्दछ ।

९. अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घले दूरसञ्चारको विकास, दूरसञ्चार सेवा सबैलाई समान रूपबाट उपलब्ध गराउनु, दूरसञ्चारका आधारभूत नीति, क्षेत्रीय तथा विश्वव्यापी समाधान गर्ने र सन्धि सम्झौताहरूलाई स्वीकृति प्रदान गर्ने कार्य गर्दछ ।

१०. विश्व जलवायु विज्ञान सङ्घको मूख्य उद्देश्य विश्वलाई जलवायुसम्बन्धी सूचना बेलैमा प्रवाह गर्नु र विश्वलाई प्राकृति प्रकोपबाट हुन सक्ने खतराबाट बचाउन हो । विश्वलाई जलवायुसम्बन्धी ज्ञान गराएर मानव समुदायलाई प्राकृतिक प्रकोपबाट बचाउन विभिन्न कार्यक्रम बनाएर जलवायुसम्बन्धी तथ्याङ्क राख्ने, कार्यक्रमको कार्यान्वयन पक्षलाई हेर्ने र जलवायुसम्बन्धी अनुसन्धान गर्ने कार्यहरू गर्दछ ।

११. अन्तर्राष्ट्रिय सामुद्रिक सङ्गठनले अन्तर्राष्ट्रिय व्यापारमा संलग्न पानीजहाजका सम्बन्धमा सरकारका बिचमा सूचना तथा प्रविधि हस्तान्तरण गर्नु, जहाजको सुरक्षा, छिटो छरितो सामुद्रिक मार्गको व्यवस्था, पानीजहाजबाट हुन सक्ने सामुद्रिक प्रदुषण नियन्त्रण र रोकथाम आदि कार्य गर्दछ ।

१२. विश्व बौद्धिक सम्पत्ति सङ्गठनले विश्वभरिका बौद्धिक सम्पत्तिको सम्मान वृद्धि गर्नु, प्रविधि हस्तान्तरणको सुविधा र साहित्यिक तथा कलात्मक कृतिका माध्यमबाट सिर्जनात्मक गतिविधिको विकास गर्ने आदि कार्य गर्दछ ।

१३. अन्तर्राष्ट्रिय कृषि विकास कोषले खाद्य उत्पादनमा वृद्धि गर्न स्रोतको परिचालन गर्ने, विकासोन्मुख देशका कम आय भएका जनतालाई पोषणयुक्त खाद्य पदार्थ दिने कार्य गर्दछ । गरिब देशका साना किसान, भूमिहीन, सुकुम्बासी, माछा मार्ने माझी र गरिब ग्रामीण महिलाहरूको आवश्यक्ता पूरा गर्ने कुरामा ध्यान दिएको हुन्छ ।

१४. संयुक्त राष्ट्र सङ्घ औद्योगिक विकास सङ्घले विकासोन्मुख देशहरूलाई औद्योगिक विकासका निमित्त सहयोग पुऱ्याउने र उत्साहित गर्ने कार्य गर्दछ । प्राविधिक सहयोग, तालिम, सल्लाहकार सेवा, निष्पक्ष रूपबाट आर्थिक सहयोग र सूचना प्रदान गर्दछ । विकसित तथा स्तरयुक्त औद्योगिक तथ्याङ्कहरूको सङ्कलन, विश्लेषण र प्रकाशन गर्दछ ।

१५. भन्सार महसुल र व्यापारसम्बन्धी सम्झौता सङ्गठनले अन्तर्राष्ट्रिय व्यापार, भन्सारको स्तर कायम गर्नु र व्यापारमा देखा परेका विरोधलाई हटाउने प्रयास गर्दछ ।

१६. अन्तर्राष्ट्रिय आणविक उर्जा संस्थाले विश्वव्यापी रूपमा आणविक उर्जाको विकास र विस्तार शान्ति, स्वास्थ्य र सम्मृद्धिका लागि गर्ने र सैनिक उद्देश्य पूरा गर्न आणविक उर्जाको प्रयोग गर्न नदिने कार्य गर्न प्रयास गर्दछ ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) अन्तर्राष्ट्रिय श्रम सङ्गठनको कुनै एक काम के हो ?

(ख) खाद्य तथा कृषि सङ्गठनमा कति सदस्य राष्ट्रहरू समावेश छन् ?

(ग) अन्तर्राष्ट्रिय नागरिक उड्यन सङ्गठनको मुख्य एक काम के हो ?

(घ) विश्व स्वास्थ्य सङ्गठनमा कति सदस्य राष्ट्रहरू छन् ?

(ङ) विश्व बैङ्कले कसरी सहयोग गर्दछ ?

(च) विश्व हुलाक सङ्घले के काम गर्दछ ?

(छ) अन्तर्राष्ट्रिय सामुन्द्रिक सङ्गठनको मुख्य काम के हो ?

(ज) विश्व बौद्धिक सङ्गठनको मुख्य काम के हो ?

(झ) भन्सार महसुल तथा व्यापार संझौता सङ्गठनले गर्ने कुनै एक काम के हो ?

२. **तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

(क) संयुक्तराष्ट्र सङ्घ शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठनको कामहरू उल्लेख गर्नुहोस् ।

(ख) दायाँ बायाँका साथिहरूसँग छलफल गरी विश्व स्वास्थ्य सङ्गठनको कामहरू लेखेर प्रस्तुत गर्नुहोस् ।

(ग) अन्तर्राष्ट्रिय मुद्राकोषका कामहरू उल्लेख गर्नुहोस् ।

(घ) अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घले के के काम गर्दछ, समूह छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ङ) विश्व जलवायु विज्ञान सङ्घले के के कामहरू गर्दछ, लेखेर साथीहरूबिच एक आपसमा देखाउनुहोस् ।

(च) अन्तर्राष्ट्रिय कृषि विकास कोषले गर्ने कामहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(छ) समूहमा छलफल गरी संयुक्त राष्ट्र सङ्घ औद्योगिक विकास सङ्घले के के काम गर्दछ, लेखेर शिक्षकलाई देखाउनुहोस् ।

(ज) अन्तराष्ट्रिय आणविक उर्जा संस्थाले के के काम गर्दछ, सूची बनाएर कक्षामा प्रस्तुत गर्नुहोस् ।

(झ) संयुक्त राष्ट्र सङ्घको योगदानका बारेमा तपाईंको आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

## समूह छलफल कार्य

संयुक्त राष्ट्र सङ्घको योगदान विषयमा साथीहरूको समूहमा छलफल गरी तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ ३ संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिका

नेपाल १४ डिसेम्बर १९५५ मा संयुक्त राष्ट्र सङ्घको सदस्य भयो । नेपालले संयुक्त राष्ट्र सङ्घको घोषणा पत्रमा सधैँ विश्वास गर्दछ र पूर्ण सहयोग पनि गर्दै आएको छ । नेपालले विश्व शान्ति र सुरक्षाका सबालमा संयुक्त राष्ट्र सङ्घले गरेका निर्णयहरू र प्रस्तावहरूको समर्थन गर्दै आएको छ । एसिया र प्रशान्त महासागरीय क्षेत्रमा शान्ति र नि:शस्त्रकीरणका लागि काठमाडौँमा संयुक्त राष्ट्र सङ्घको क्षेत्रीय कार्यालय राख्न दिएको छ । नेपालले साना भूपरिवेष्टित र विकासशील भूपरिवेष्टित राष्ट्रहरूको अधिकारका लागि सधैँ आवाज उठाउँदै आएको छ ।

नेपालले सन् १९५८ देखि नै संयुक्त राष्ट्र सङ्घ शान्ति अभियानमा आफ्ना सुरक्षाकर्मीहरू पठाएर सहयोग गर्दै आएको छ । विशेष गरी नेपाल प्रहरी र नेपाली सेना पठाएर गृह युद्ध भएका देशहरूका विद्रोही समूहहरूको सुरक्षा, शान्ति स्थापना, खाद्य सामग्री पुऱ्याउने, विष्फोटक पदार्थहरू (Mines) र लुकाएर राखिएका विस्फोटक धरापहरू (Ambush) हटाउने, संयुक्तराष्ट्र सङ्घले गरेका निर्णहरूको कार्यान्वयन र सुपरीवेक्षण गर्ने तथा निर्वाचनहरू गराउने कार्यमा सहयोग गर्दै आएको छ ।

नेपाल सन् १९५८ मा संयुक्त राष्ट्र सङ्घ महासभाको उपाध्यक्ष र विभिन्न समयमा सदस्यसमेत भएर योगदान गरेको छ । नेपालका कुलचन्द्र गौतम संयुक्त राष्ट्र सङ्घको उपमहासचिव पदमा नियुक्त हुन सफल भएका थिए । उनले विश्वका विभिन्न देशमा शान्ति स्थापनार्थ महत्त्वपूर्ण काम समेत गरेका थिए ।

**संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिकाहरू**

१. नेपालले संयुक्त राष्ट्र सङ्घको घोषणा पत्रलाई पूर्ण समर्थन गर्दै संयुक्त राष्ट्र सङ्घका कार्यहरूमा सामेल भएको छ ।

२. नेपालले शान्तिलाई प्यारो मान्छ । नेपालले संयुक्त राष्ट्र सङ्घ शान्ति स्थापनार्थ नेपाली सेना र प्रहरी पठाएर सहयोग गरेको छ । शान्ति अभियानमा सबैभन्दा धेरै सहयोग गर्ने राष्ट्रहरूमध्ये नेपाल पाँचौँमा पर्दछ ।

३. शान्ति, सुरक्षा र नि:शस्त्रीकरणमा प्रतिबद्ध हुदै रासायनिक, जैविक र आणविक जस्ता आम विनाशकारी हतियारहरूको उन्मूलनका लागि संयुक्त राष्ट्र सङ्घमा आवाज उठाउँदै आएको छ ।

४. सन् १९६९-७० र १९८८-८९ मा सुरक्षा परिषद्को अस्थायी सदस्य भएर जिम्मेवारी वहन गरेको छ ।

५. सुरक्षा परिषद्लाई प्रतिनिधिमूलक, पारदर्शी र बढी प्रजातान्त्रिक बनाएर उत्तर र दक्षिणको क्षेत्रीय सन्तुलन कायम राख्न संयुक्त राष्ट्र सङ्घमा सुधारको आवश्यकता औँल्याएको छ ।

६. विश्व शान्ति र सुरक्षाका खातिर संयुक्त राष्ट्र सङ्घले पारित गरेका निर्णय र प्रस्तावनाहरूलाई सधैँ

समर्थन गर्दै आएको छ ।

७. मानव अधिकारको सुरक्षा र प्रवर्धन गर्न विश्वव्यापी मानव अधिकार घोषणा पत्रमा हस्ताक्षर गरी मानव अधिकारका लागि प्रतिबद्धता जनाएको छ ।

८. एसिया र प्रसान्त महासागरीय क्षेत्रमा शान्ति र नि:शस्त्रीकरणका लागि संयुक्त राष्ट्र सङ्घको क्षेत्रीय केन्द्र नेपालको राजधानी काठमाडौँमा स्थापना गर्न दिएको छ ।

९. साना भूपरिवेष्ठित र भूपरिवेष्ठित विकासशील देशहरूको अधिकार सुरक्षित गर्न संयुक्त राष्ट्र सङ्घका सभाहरूमा आवाज उठाउँदै आएको छ ।

१०. नेपाल सन् १९५८, १९६७,, १९७०, १९७४, १९८३, १९८८ र २००१ मा संयुक्त राष्ट्र सङ्घ महासभाको उपाध्यक्ष भयो ।

११. सन् २००४ मा निशस्त्रीकरण आयोगको उपाध्यक्ष भइसकेको छ ।

१२. नेपालका कुटनीतिज्ञ कुलचन्द्र गौतमले संयुक्त राष्ट्र सङ्घको उपमहासचिव भएर विश्व शान्ति कायम राख्ने कार्यमा महत्त्वपूर्ण योगदान गर्नु भएको छ ।

संयुक्त राष्ट्र सङ्घले पनि नेपालमा शिक्षा, स्वास्थ्य, अर्थ, खाद्य, यातायात, सञ्चार, सूचना प्रविधिलाई शिक्षामा समावेश, विकास निर्माण, सुरक्षा आदि कार्यमा सहयोग गर्दै आएको छ । विशेष गरेर माओवादी सशस्त्र युद्धलाई शान्ति प्रक्रियामा ल्याउन संयुक्त राष्ट्र सङ्घ शान्ति अभियान सञ्चालन गरेर विद्रोही र सरकारका बिचमा मध्यस्थता गरेर शान्ति स्थापना गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याएको थियो । संयुक्त राष्ट्र सङ्घले नेपालमा विभिन्न कार्यालयहरू खोलेर सहयोग गर्दै आएको छ ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) नेपाल कहिले संयुक्त राष्ट्र सङ्घको सदस्यता लिएको थियो ?

(ख) संयुक्त राष्ट्र सङ्घको क्षेत्रीय कार्यालय कहाँ छ ?

(ग) नेपालले संयुक्त राष्ट्र सङ्घले के कुरामा विश्वास राख्छ ?

(घ) नेपालले संयुक्त राष्ट्र सङ्घले गरेका के कुरामा समर्थन गर्दै आएको छ ?

(ङ) नेपालले के अधिकारका लागि आवाज उठाउँदै आएको छ ?

(च) नेपालबाट संयुक्त राष्ट्र सङ्घको उपमहासचिव पदमा कुन व्यक्ति नियुक्त भएका थिए ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर लेख्नुहोस् :**

(क) नेपालले संयुक्त राष्ट्र सङ्घ शान्ति अभियानमा कसरी सहयोग गर्दै आएकोछ ? लेखेर शिक्षकलाई देखाउनुहोस् ।

(ख) संयुक्त राष्ट्र सङ्घले नेपाललाई के के कुरामा सहयोग गरेको छ ? छलफल गरी समूहगत रूपमा कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ग) संयुक्त राष्ट्र सङ्घमा नेपालले खेल्दै आएको भूमिकाहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(घ) संयुक्त राष्ट्र सङ्घले नेपाललाई थप के के सहयोग गर्दा राम्रो हुन्छ, तपाँइको विचार प्रस्तुत गर्नुहोस् ।

एकाइ
७

# प्रयोगात्मक क्षेत्र

पाठ १

## ऐतिहासिक खोज

इतिहास भनेको विगतमा घटेका घटनाहरूको तथ्यपूर्ण विवरण हो । जुन देशको इतिहास छैन त्यो देशको कल्पना पनि गर्न सकिन्न । इतिहास लेखन कार्य एक जटिल कुरा हो । किनकि कुनै कल्पनामा इतिहास लेख्न सम्भव छैन । सत्य तथ्य विवरणबिना इतिहास लेख्न सकिँदैन । इतिहासलाई सत्य तथ्य बनाउनका लागि प्रमाणहरूको आवश्यक्ता पर्दछ । प्रमाणहरूका आधारमा लेखेको इतिहास मात्र वैज्ञानिक बन्छ ।

कुनै पनि देशको निर्माण हुँदा थुप्रै मानिसहरूले योगदान दिएका हुन्छन् । उनीहरूको योगदानको गाथा लेख्न सके मात्र वास्तविक इतिहास लेखिन्छ । केवल नेतृत्व गर्नेहरूको योगदान मात्र इतिहासले समेटेमा इतिहास अधुरो हुन्छ । इतिहासका निर्माताहरूलाई ओझेलमा पारेर लेखिएको इतिहास वास्तविक र सत्य इतिहास होइन । त्यो केवल शक्तिशाली व्यक्तिहरूको गाथामा आधारित हुन्छ ।

नेपालमा इतिहास लेख्ने चलन धेरै पहिलेदेखि भए पनि केन्द्रमा रहने व्यक्ति वा स्थान विशेषको मात्र इतिहास लेख्ने गरिन्थ्यो । अझ भनौँ राजा, महाराजा, उच्च अधिकारीहरूको गाथालाई नै इतिहास भनिन्थ्यो । त्यसले इतिहासलाई साँघुरो घेरामा मात्र सीमित गरिएको थियो । जसले गर्दा इतिहास सबैको रुचिको विषय बनेको थिएन ।

जहिले पनि इतिहास लेखनलाई फराकिलो बनाउनुपर्दछ । वास्तविक इतिहास निर्माताहरूको इतिहास लेखिनुपर्दछ । इतिहास निर्माणमा योगदान गर्ने व्यक्ति, क्षेत्र, वर्ग, लिङ्ग, जातजाति सबैको इतिहास लेख्नुपर्दछ भन्ने धारणा व्यापक भएको छ । इतिहास स्थानीय तहदेखि केन्द्रमा बस्ने सबैको हुन्छ । सबैको इतिहास लेखेमा स्वतन्त्र पाठक, पढाउने शिक्षक, पढ्ने विद्यार्थी सबैलाई रुचिकर हुन्छ ।

नेपालको इतिहास लेखनमा धेरै व्यक्ति, स्थान र क्षेत्रहरू ओझेलमा परेका छन् । वास्तवमा इतिहासका निर्माता तथा विभिन्न क्षेत्रहरूको इतिहास लेखिनु आवश्यक छ । त्यसैले इतिहासमा सोध खोजको अत्यन्त ठुलो आवश्यक्ता छ । इतिहासको लेखन तथा सोधखोज गर्ने कार्यमा इतिहासकार र इतिहासका विद्यार्थीहरूलाई राम्ररी परिचालन गरेमा मात्र हामीले हामी सबैको इतिहास लेख्न/देख्न सक्छौँ । सबैको इतिहास लेख्न सकेमा मात्र इतिहासप्रति सबैको अपनत्व हुन्छ । देश निर्माणमा सबैको योगदान रहेको हुन्छ । जसले देश निर्माणमा योगदान गरे उनीहरूको गाथालाई समेट्न सकेमा मात्र वास्तविक इतिहास लेखन हुन्छ ।

प्राकृतिक रूपमा बनेका, हाम्रा पुर्खाहरूले निर्माण गरेका वस्तुहरू तथा पुरातात्त्विक वस्तुहरूले पनि देशको गौरव बढाउँछन् । त्यस्ता वस्तुहरूलाई विश्व अभिलेखमा दर्ता गर्ने चलन पनि छ । हामीले त्यस्ता वस्तुहरूको

खोज अनुसन्धान गरेर बाहिर ल्याउन सकेमा विश्वका मानिहरूले तिनीहरूको महत्त्व थाहा पाउँछन् र तिनको अवलोकन तथा अध्ययन/अनुसन्धानका लागि नेपाल आउँछन् । यही इतिहासले नेपाललाई विश्व प्रसिद्ध बनाउन सक्छ । विदेशी मुद्रा आर्जन गरी देशको विकासमा टेवा पुऱ्याउन र देशको गौरव बढाउनसमेत मदत पुग्छ । हामी पनि तल उल्लेख भएका विषयहरूको आआफ्नो इतिहास लेखौँ ।

ऐतिहासिह वस्तुहरूको खोज गर्दा सत्य तथ्यको उजागर गर्नुपर्दछ । त्यसका लागि अध्ययन अनुसन्धान गर्नुपर्दछ । अनुसन्धान गर्दा निम्नलिखित प्रक्रिया अपनाउन सकिन्छ ।

अध्ययनको शीर्षक :

पृष्ठभूमि :

उद्देश्यहरू :

अध्ययनको सीमा :

अध्ययन विधि :

सूचना सङ्कलन विधि :

विषयवस्तुको प्रस्तुतीकरण र विश्लेषण :

प्राप्ति :

निष्कर्ष :

## अभ्यास

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) तपाईंको क्षेत्रमा भएका कुनै दुई ऐतिहासिक वस्तुहरूको खोज गरी माथि उल्लिखित ढाँचामा एउटा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । आवश्यक परे शिक्षकको सहयोग लिनुहोस् ।

(ख) आफ्नो क्षेत्रमा उपलब्ध कुनै एक पुरातात्त्विक,/ऐतिहासिक/धार्मिक/सांस्कृतिक वस्तुको खोज गरी माथिको प्रक्रिया अपनाएर एउटा प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ग) संयुक्त राष्ट्र सङ्घले शान्ति स्थापनाका लागि गरेका कार्यहरूको तस्बिर/चित्रहरू/पत्रिकाका कटिङहरू वा इन्टरनेटबाट तस्विरहरू सङ्कलन गरी एउटा तस्बिरहरू टाँसिएको कापी (Scrap Book) तयार गरी वर्णन गर्नुहोस् ।

(घ) हाम्रो देशको सङ्घीय ढाँचालाई प्रवाह चार्टमा देखाउनुहोस् ।

(ङ) आफ्ना हजुरबुबा, हजुरआमा, आमाबुबालाई सोधेर वंशावली चार्ट तयार गर्नुहोस् ।

## पाठ २ देशका विभिन्न घटनाक्रमहरूको सङ्कलन

कुनै पनि देश, स्थानमा विभिन्न घटनाक्रमहरू हुन्छन् । ती घटनाक्रमहरू पनि इतिहासका विषयवस्तु हुन् । समाजिक, धार्मिक, जातीय, लैङ्गीक, क्षेत्रीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय घटनाक्रहरू, राजनीतिक आन्दोलनहरू सबै विभिन्न कारणहरूबाट घट्ने गर्दछन् । त्यस्ता घटनाक्रमहरूका कारणहरू, घटना विवरण र त्यसका प्रभावहरू हुन्छन् । त्यस्ता घटनाक्रमहरूले दूरगामी असरहरूसमेत पार्दछन् । त्यसकारण त्यस्ता घटनाक्रमहरूको सत्य तथ्य उजागर गर्नुपर्दछ अन्यथा त्यसको नकारात्मक असर पर्दछ । बेलैमा सही कुरा बाहिर ल्याएमा विभिन्न भ्रमहरूको समयमा निराकरण भई सही सूचना प्रवाह हुन जान्छ ।

समसामयिक घटनाक्रमहरूले त झन जनमानसमा भ्रमहरू उत्पन्न भई समुदाय, समाज र देशमै उथल पुथलसमेत पार्दछन् । पहिले घटेका घटनाको अध्ययनले भविष्यमा त्यस्ता घटना नदोहोरिउन भनेर चनाखो हुन मदत गर्दछन् । वर्तमानमा घटेका घटनाहरूको तत्काल अध्ययनले वर्तमानमै समस्याको समाधान गर्नुका साथै भविष्यमा पनि त्यस्ता घटना नदोहोरिन मत गर्दछन् । हामी पनि हाम्रो वरिपरि पहिले नै घटेका र वर्तमानमा घटेका घटनाक्रहरूको अध्ययन गरौँ । घटनाक्रमहरूको अध्ययन गर्दा तलको तालिका उपयोगी हुन्छ ।

| घटनाको मिति | घटनाका कारणहरू | घटना विवरण | घटनाको परिणामहरू | जानकारीका स्रोतहरू | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

### अभ्यास

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) माथिको तालिका प्रयोग गरी तपाईंको स्थानमा घटेका कुनै दुई सामाजिक घटनाक्रमहरूको विवरण तयार गर्नुहोस् ।

(ख) तपाईंको इलाकामा घटेको कुनै एक घटनाक्रमको विवरण तयार गर्नुहोस् ।

# पाठ ३ समय रेखा निर्माण र प्रयोग

समय रेखा भनेको घटनाक्रमहरूलाई दर्शनीय प्रक्रियामा तिथि मितिअनुसार क्रम मिलाएर प्रदर्शन गरिने समय र घटना उल्लेख गरिएको मानचित्र हो । महत्त्वपूर्ण बुँदाहरूलाई रेखाचित्रका माध्यमबाट सजिलो तरिकाले प्रदर्शन गरी देख्न र बुझ्न यसको प्रयोग गरिन्छ ।

समय र घटनाको संयोजनबाट मात्र इतिहास बन्छ । स्थिति, समयको दुरी, समयको अवधि र रूपान्तरता समय ज्ञानका आवश्यक तत्त्वहरू हुन् । इतिहासका मुख्य घटनाक्रमहरूलाई एउटा रेखामा क्रमबद्ध रूपले मिलाएर प्रस्तुत गरिन्छ जसले घटनाक्रहरूलाई दर्शनीय रूपमा प्रदर्शन गर्न र बुझ्न सजिलो पार्दछ । यसमा अमूर्त घटनाक्रमहरूलाई मूर्त रूपमा देखाइन्छ ।

समय रेखाले ऐतिहासिक घटनालाई बुझ्न सजिलो बनाइदिन्छ । समय रेखाले घटना कति समय अघि र कति पछि घटे भन्ने कुरा थाहा पाउन मदत पुऱ्याउँछ । यसले ठाउँका साथै समयको क्रम र दुरीको धारणा विकसित पार्न मदत पुऱ्याउँछ । समय रेखामा समयलाई ठाडो वा तेस्रो रेखामा अङ्कित गरेर समय र घटनालाई एकअर्काबाट सम्बन्धित बनाइन्छ । समय ज्ञानको लागि समय रेखा महत्त्वपूर्ण हुन्छ ।

यो सरल शैक्षिक सामग्री हो । समय र घटनाका बिचमा सम्बन्ध देखाउने हुनाले विद्यार्थीहरूले दुवै बीचको सम्बन्धलाई सजिलैसंग बुझ्न सक्दछन् । इतिहासमा सबैभन्दा गाह्रो पक्ष समय ज्ञान गर्नु हो । समय धारणा विकसित गर्न निकै कठिन हुने हुनाले समय-रेखाले यसलाई सरल बनाइदिन्छ ।

इतिहास विषयमा तिथि मिति वा समय महत्त्वपूर्ण हुन्छ तर यसले इतिहासलाई निरस बनाउँछ भन्ने धारणा पाइन्छ । तर समय रेखाका माध्यमबाट इतिहासको सिकाइ मनोरञ्जनपूर्ण र रोचक बन्छ । समय रेखा निर्माण गर्दा ऐतिहासिक समयको बढी अभ्यास हुन्छ र समयबाट भाग्ने होइन समयको नजिक पुगेर ऐतिहासिक घटनालाई बुझ्ने मौका मिल्छ ।

समय रेखा सादा कागजमा ठाडो वा तेर्सा रेखा कोरेर त्यसलाई बराबर खण्डमा वा भागमा बाडिन्छ । विभिन्न खण्डहरूमा विभक्त समय रेखालाई विभिन्न घटना र समयका आधारमा प्रस्तुत गरिन्छ । दुई समानान्तर रेखा कोरेर तुलनात्मक अध्ययन पनि गर्न सकिन्छ । कम्प्युटरको सहयोगले आकर्षक रूपमा समय रेखा तयार पार्न पनि सकिन्छ । समय रेखाका विकासान्मुख, परावर्तित, चित्राङ्कित र तुलनात्मक गरी चार प्रकारले बनाउन सकिन्छ तर विकासोन्मुख तथा परावर्तित समय रेखाको प्रयोग बढी मात्रामा गरिन्छ ।

### विकासोन्मुख समय रेखा


यस प्रकारको समय रेखामा फेदमा प्रारम्भिक घटनादेखि क्रमश: टुप्पोमा समाप्तिको समयमा मिलाएर प्रस्तुत गरिन्छ । बिगतमा घटेका घटना र वर्तमानमा घटेका घटनाहरूलाई विकासक्रममा मिलाएर राखिन्छ ।

### परावर्तित समय रेखा

परावर्तित समय रेखामा वर्तमानमा घटेका घटनादेखि विगतमा घटेका घटनाहरूलाई क्रमश: मिलाएर प्रस्तुत


गरिन्छ । वर्तमानमा घटेका घटनामा सबैको रुचि बढी हुन्छ त्यसकारण रुचि भएका घटनाहरू पहिला राखेर त्यसपछि विगतका घटनाहरू राखेर समय रेखा तयार गरेमा घटनाहरूको बारेमा जानकारी राख्न सरल हुन्छ । विकासोन्मुख र परावर्तित समय रेखाहरूको उदाहरण तल दिइएको छ :

**संयुक्त राष्ट्र सङ्घ स्थापना**
**विकासोन्मुख समय रेखा**



स्केल : एक कोठा बराबर १ वर्ष र एक लाइन बराबर १ महिना

## संयुक्त राष्ट्र सङ्घ स्थापना
### परावर्तित समय रेखा




स्केल : एक कोठा बराबर १ वर्ष र एक लाइन बराबर १ महिना

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) समय रेखा भनेको के हो ?

(ख) समयरेखा किन बनाइन्छ ?

(ग) समय रेखा किन महत्त्वपूर्ण हुन्छ ?

(घ) समय रेखाले के सरल बनाइदिन्छ ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) समय रेखाको प्रयोगले अमूर्त कुरालाई मूर्त बनाई सिक्न सहयोग गर्दछ, भन्ने कुरालाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(ख) समय रेखा सरल शैक्षिक सामग्री पनि हो भन्ने कुरामा तपाईंको विचार प्रस्तुत गर्नुहोस् ।

(ग) समय रेखा कसरी तयार गरिन्छ, छलफल गरेर लेख्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) समय रेखा कति प्रकारका हुन्छन् उल्लेख गरी कुनै दुईओटाको वर्णन गर्नुहोस् ।

## समूह कार्य

कक्षाकोठामा भएका साथीहरूलाई विभिन्न समूहमा विभाजन गरी विकासोन्मुख र परावर्तित समय रेखाको नमुना बनाएर कक्षामा प्रस्तुत गर्नुहोस् ।